CC-0. In Public Domain. Digitization by eGangotri

ॐकार सन्देश

अङ्क–४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



प्रज्ञाप्रतिष्ठान नेपालका उप कुलपति डा. जगमान गुरुङद्वारा सम्पादक भीमलाल लामिछाने सम्मानित हुँदै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्था दता नं.: ३३८/०६०/०६१-जिप्रका.काठमाडौं

धार्मिक, सामाजिक, चारित्रिक एवम् नैतिकवान समाजको उत्थान हाम्रो अभियान

ॐकार सन्देश- (प्रथम वार्षिक) अङ्क ४

विश्व हिन्दु महासङ्घ, कास्कीको त्रैमासिक चौथो मुखपत्र - २०७६

प्रधान सम्पादक :
भीमलाल लामिछाने
९८४६१०९८९९

सम्पादक:
जगन्नाथ कोइराला
९८५११९५४४४

सम्पादक:
मुक्तिप्रसाद ढकाल
९८४६५८८१६७

सम्पादक:
सरिता धिमिरे
९८५६०३३०६३

सम्पादक:
मेनुका बराल
९८५६०१४६११

संरक्षक:
जिल्ला अध्यक्ष
पार्वती पौडेल
९८५६०५८०७४

वरिष्ठ सल्लाहकार:
डा. नारायणप्रसाद अधिकारी
९८५६०३१८८८

सल्लाहकार
केन्द्रीय उपाध्यक्ष
शङ्कर खराल
९८५६०५९१७७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ	:	ॐकार सन्देश
प्रकाशक	:	विश्व हिन्दु महासङ्घ कास्की
प्रकाशन वर्ष	:	२०७६ कार्तिक
संस्करण	:	चौथो
प्रकाशित सङ्ख्या	:	१२०० प्रति
सर्वाधिकार	:	प्रकाशकमा
कम्प्युटर सेटिङ	:	गोविन्दप्रसाद रेग्मी, पोखरा
मूल्य व्यक्तिगत रु.	:	१५०/-
मूल्य वार्षिक	:	५००/-
मूल्य संस्थागत रु.	:	३००/-
मूल्य संस्थागत वार्षिक रु.	:	१,०००/-
संस्थाको	:	सर्म्पक नं.०६१-५४०६७१
भाषा सम्पादन	:	भीमलाल लामिछाने
मुद्रण	:	बन्धु अफ्सेट प्रेस,पोखरा-९, नयाँबजार
फोन नं.	:	०६१-५३२३४४
इमेल	:	bandhupress@gmail.com
ISBN	:	978-9937-0-5523-9

सूचना ◆ कतिपय लेखहरू स्थानाभावका कारण यस अङ्कमा समावेश हुन सकेका छैनन् , तिनलाई अर्को अङ्मा प्राथमिकताका साथ प्रकाशित गरिने छ । साथै यस अङ्मा प्रकाशित लेख रचनाहरू सम्बन्धित लेखकका नीजि अध्ययन, अनुसन्धान, अनुभव र विचारका आधारमा तयार गरिएका हुन् । आ-आफ्ना लेखको जवाफदेहिता सम्बन्धित लेखकहरू नै हुनुहुनेछ ।

◆ यसग्रन्थमा प्रकाशनका लागि प्राप्त भएका लेख रचनाहरूमध्ये कुनै लेख अथवा कुनै भाग केही अंश वा वाक्य हटाउन आवश्यक देखेमा सम्पादक मण्डलले हटाउन सक्ने छ ।

\- प्रधान सम्पादक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभाशंसा

श्री १००८ स्वामी रमणानन्द गिरीजी महाराज

महर्षि पतञ्जलिले ओङ्कारलाई ईश्वरको वाचक शब्दको रूपमा उल्लेख गर्नुभएको छ-तस्य वाचकः प्रणवः (यो.सू.) । माण्यूक्योपनिषद्, प्रश्नोपनिषद्, छान्दोग्योपनिषद् आदि अनेकौं उपनिषद्हरूमा प्रणवजप र प्रणवाथचिन्तनको प्रतिपादन गरिएको छ । वैदिक वाङ्मयको चिन्तनअनुसार भूत, भविष्य र वर्तमान गरी तीन कालमा सीमित भएको जगत् र कालातीत पर मात्मसत्ता पनि सबै प्रणव नै हुन् (भूतं भवद्भविष्यदिति सर्वमोङ्कार एव यच्चान्यत् त्रिकालातीतं तदप्योङ्कार एव (माण्डूक्योपनिषद्, १) । यसरी सनातन धर्ममा ओङ्कारको महत्त्व वर्णनातीत छ ।

प्रणव ध्यानावस्थामा योगीहरूले साक्षात्कार गर्ने अनाहत ध्वनि हो । वैदिक धर्मबाहेक आर्यावर्तका अन्य रैथाने धर्मशाखाहरू बौद्ध र जैन परम्परामा पनि प्रणवको सर्वोपरि महत्त्व छ । अतः हामीहरू यी सबैलाई ओङ्कार परिवार भन्दछौं । अझै गहिरिएर विचार गर्दा ओङ्कारकै अनुकरणमा आमीन भन्ने ईसाइ र आहम् भन्ने इस्लाम परम्परा पनि ओङ्कार परिवारभित्रकै हुन् । किनभने जुनसुकै देश, काल र परम्पराका जुनसुकै साधकले पनि साक्षात्कार गर्ने अनाहत ध्वनि प्रणव नै हो । भलै ती देशी-विदेशी सम्प्रदायहरूले सर्वप्रथम ओङ्कारको साक्षात्कार गर्ने वैदिक सनातन धर्मको विरोध नै किन नगरुन् । ओङ्कारको यही विश्वव्यापी मान्यता र त्यस सम्बन्धमा **सनातन धर्मको योगदानलाई उजागर गर्ने दिशामा ओङ्कार सन्देश त्रैमासिक लागिरहोस् र विश्वहिन्दु महासङ्घ कास्कीले अझै उत्तरोत्तर वैदिक धर्मको आराधना गर्न सकोस् भनी भगवान् विद्येश्वरसँग प्रार्थना गर्दै विराम लिन्छु । ॐ तत्सत् ।**

पीठाधीश

महेश–संन्यास–आश्रम

देवधाट तनहुँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व हिन्दु महासङ्घ, नेपाल
केन्द्रीय कार्यकारिणी समिति, काठमाडौं
शुभकामना

शङ्कर खराल

नेपालको जीवन्त संस्कृति र मौलिकता पहिचान गराउने विश्व प्रसिद्ध, वैज्ञानिक जीवनोपयोगी र साक्षात् (भगवान्) देवताहरूबाट प्राप्त दैवी भक्तिले हाम्रा ऋषिमूनिहरूबाट प्रतिपादित हिन्दु धर्मप्रति भावी पुस्तालाई आकर्षित गराउनका लागि राजनैतिक दलहरूले आफ्नो दलगत स्वार्थभन्दा माथि उठेर काम गर्नु पर्ने भएको छ । राजनैतिक विचारधारा जे भएपनि हाम्रो संस्कृति, परम्परा, धर्मलाई अक्षुण्ण राख्ने विषयमा एकजुट भई विदेशी प्रभाव पार्न नदिन सबै कटिवद्ध हुनुपर्ने आवश्यकतामा जोड दिनु पर्दछ ।

धर्म परिवर्तन रोक्ने उपाय भनेको धर्म सम्बन्धी शिक्षा र जागरण ल्याउनु हो । धर्मको सही शिक्षा र स्वधर्मको महत्त्व वुझाउन नसक्नुको कारण अशिक्षित , अज्ञानी र धर्मविमुख व्यक्तिहरू नै धर्मान्तरणको फन्दामा परेकाहुन् । श्रीमद्भागवद् गीतामा श्रीकृष्णले 'स्वधर्मे निधनं श्रेय : परधर्मो भयावहः' अर्थात् यदि स्वधर्मको पालना गर्दागर्दै मृत्युमा पुगेपनि परधर्मको इन्कार गरी स्वधर्म मै रहेर मर्न श्रेष्ठकर हो । जसरी पानीमा रहेको माछो तेलमा गयो भने उसको मृत्यु निश्चित छ , त्यसै प्रकार यदि स्वधर्म छोडेर अधर्ममा जानुपनि मृत्युमा जानु सरह हो । हिन्दुत्त्व कुनै सङ्कीर्ण रूढिवादिताको मार्ग होइन, हिन्दुत्त्व एक उदार सर्वसमावेशी, अनेकतामा एकताको अनुभूति गराउने दर्शन हो ।

विविध भाषाभाषी, जातजाती, मतसम्प्रदायका भएतापनि हिन्दु सबै एकै आमाका सन्तान हुन् । जुनसुकै अवस्थामा पनि हिन्दु पतित हुनै सक्तैन । हिन्दु धर्ममा नै त्यो वुद्धिमत्ता सन्निहित छ, जुन आजको विश्वको निम्ति अत्यावश्यक छ । अनेकतामा एकता भन्ने सूत्र नै संसारको निम्ति हिन्दु धर्मको प्रमुख सन्देश हो । यही कुरालाई स्थापित गर्न विश्व हिन्दु महासङ्घ नेपाल कास्कीद्वारा ॐकार सन्देश नामक ग्रन्थ प्रकाशनलाई निरन्तरता दिनुभएकोमा हार्दिक धन्यवाद ।

केन्द्रीय उपाध्यक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यक्षको कलमबाट-

पार्वती पौडेल

हिन्दु धर्म विश्वको सबैभन्दा प्राचीन मूल धर्म हो । जुन धर्मले मानिसलाई सर्वाङ्गीणरूपले अघि पढ्ने प्रक्रिया बताउँछ त्यहि धर्म नै हिन्दु धर्म हो । हिन्दु धर्मलाई पछिल्लो समयमा जन्मिएका भुराभुरी धर्महरूसँग तुलना गर्नु भनेको ठूलो भुल हो । आफूलाई अन्धकारमा धकेल्नु हो किनभने हिन्दुधर्म एउठा सभ्यता हो, जो आध्यात्मिक विज्ञान र दर्शनको बारे मा मात्र चर्चा गर्दैन, साहित्य, सङ्गीत, कला, रसायन, ज्योतिर्विद्या, पदार्थ विज्ञान आदिलाई लिएर प्रोढ्कला चौंसट्ठी विद्याको चर्चा गर्छ । अङ्ग्रेज इतिहासकार आनोल्ड टोयन्वी भन्नुहुन्छ- आजको भ्रान्तपूर्ण विश्व बाच्ने हो भने हिन्दुको आदर्शपूर्ण मार्गबाहेक अन्य कुनै वाटो छैन । साच्चीकै भन्ने हो भने युरोपियनहरू वैदिक सनानत धर्म र हिन्दु संस्कृतिको इतिहासप्रति लालयित छन् । आफ्नो ठाउँमा संस्कृत विद्यालय सञ्चालन गरी पठन पाठन सुरु गरी धेरै अगाडि बढि- सकेको हामीले सामाजिक सञ्जालमार्फत् यत्रतत्र सर्वत्र रूपमा पाएका छौं । त्यहाँका नागरिकहरू गीता, रामायण, वेद, उपनिषद्जस्ता धार्मिक पुस्तकहरू अध्ययन गरी सामुहिक वाचन गरेको दृष्य देख्दा हामीहरू लोभिने वातावरण बनिसकेको छ । यता हाम्रो शासन सत्तामा रहेका सत्ताधारीहरूले यति क्रुरताको व्यवहार गरे कि विद्यालयबाट नैतिक र संस्कृत शिक्षाको उन्मुलन नै गराए तत्पश्चात यहाँका नागरिकहरू सव्य र नैतिकवानबाट चुक्दै गएका छन् । यी सत्ताधारीहरू कुन मङ्गल ग्रहबाट आएका हुन् थाहा छैन । यिनिहरूलाई आफ्नो यति धेरै शक्तिशाली स्वधर्म प्रति किन यति वितृष्णा ? उधैं गति उधैं मतिको अवधारणा अपनाइरहेको हामीलाई महसुस भएको छ ।

नेपाल प्राचीनकाल देखिनै हिन्दु राष्ट्र हो । यस सत्यलाई हामी अस्वीकार गर्न सक्दैनौ । यहाँको जनसङ्ख्या, शिक्षा, भाषा, संस्कृत धर्म, आचार, आचरण, रितिरीवाज, सत्प्रतिशत हिन्दु नै हो भन्ने कुरा सर्वविदितै छ ।सत्यलाई स्विकार गर्नु नै वुद्धिमान हो र अन्त्यमा सत्यकै जय हुन्छ । जबसम्म नेपालमा हिन्दुराष्ट्र घोषित हुँदैन, तबसम्म नेपालको अस्तित्व जोगिनेवाला छैन, समयमै सचेत हुन आवश्यक छ ।

पश्चिमाहरूको नियोजित आक्रमण र हाम्रो देश चलाउने सत्ताधारीहरू विकावटले पछिल्लो समयमा दिनानुदिन घर घरमा अशान्ति तीव्र गतिले बढि रहेको छ । चर्च त खुलेका थिए थिए, भएन भनेर चर्चकै दोस्रो रूप हामी पनि हिन्दु हौं भनी जनतालाई भ्रममा पारी सञ्चाइ नामक संस्थाहरूले गल्ली गल्लीमा डेरा जमाउन सुरु गरेका छन् । त्यहाँ सिर्फ वाइवल मात्र पढ्ने पढाउने गरिन्छ अनि भ्रम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छरिन्छ, सिन्दुर टीका लगाउन हुन्छ, पूजा गर्नु हुन्छ, तपाई विरामी भए अस्पताल धाउनु पर्दैन । मुटु, क्यान्सरजस्ता रोग सञ्चो हुन्छ, गोप्यदान गरेपछि तपाईले सोचेको सबै पुग्छ भनेर झुक्याउँदा कतिले सम्पत्ती नै सर्वनास पारेका छन् त कतिले अकालमै ज्यान गुमाएका छन् । यस्तो दुर्दशा हुँदासमेत प्रशासन मौन छ ।

धर्म परिर्वतन गराउने र प्रचार गर्नेलाई पाँच वर्ष जेल सजायँ भनेर कानूनमा उल्लेख गरिए तापनि कार्यान्वयन नभएको हामीले महसुस गरेका छौं । राष्ट्र, राष्ट्रियता, संस्कार, संस्कृति बचाउँन सक्यौं भने मात्र हामी गर्वका साथ नेपाली हौं भन्न पाउँछौं, हैनभने नेपाल आमा रोइरहेकी छन्, सम्पूर्णमा यो अपील गर्दछु कि अनादि कालदेखि मानिदै आएको हाम्रो वलवान शक्तिशाली वैदिक सनातन धर्म र हिन्दु संस्कृतिप्रति कटिवद्ध हौं, जहाँ गएपनि कर्मसँगै जान्छ भन्ने युक्तिलाई प्रयोग गरौं, हाम्रो स्वधर्ममा अडिक रहौं र आफ्नो अस्तित्वको पहिचान गरौं ।

हिन्दु धर्म र संस्कृतिको विकासमा संस्कृत शिक्षा र नैतिक शिक्षाको महत्त्व वैदिक सनातन धर्मको इतिहास र यसका शक्तिका पारेमा प्रष्ट जानकारी पाउनका लागि विश्व हिन्दु महासङ्घ नेपाल कास्कीले विगत केही समय अगाडिबाट संस्थाका निवर्तमान अध्यक्ष केन्द्रीय उपाध्यक्ष शङ्कर खरालज्यूको सक्रियतामा ॐकार सन्देश नामक पुस्तक त्रैमासिक रूपमा प्रकाशन गर्दै आइरहेको छ । यस पटक यो पुस्तक चौथो अङ्कका रूपमा प्रकाशन हुन लागेको जानकारी गराउन चाहन्छु । यस पुस्तकका प्रधान सम्पादक प्राज्ञीक व्यक्तित्व आदरणीय भीमलाल लामीछाने बुबा हुनुहुन्छ । यस पुस्तक प्रकाशन गर्नका लागि हाम्रो आग्रहलाई स्वीकार गरेर अत्यन्तै गहन विचार समावेश गरी लेख रचना उपलब्ध गराउनुका साथै उत्कृष्ट सुझाव सल्लाह दिएर महत्वपूर्ण योगदान पुऱ्याउनु हुने सम्पूर्ण प्राज्ञ व्यक्तित्वज्यूहरूमा हार्दिक आभार व्यक्त गर्दछु । साथै यस पुस्तक प्रकाशनको सम्पादन मण्डलको प्रधान सम्पादक आदरणीय भीमलाल लामिछाने तथा अन्य सम्पदाक मण्डल सदस्यहरू समेतले गर्नुभएको अतुलनीय मेहनत र क्रियाशीलताको लागि उच्च सम्मान अपर्ण गर्दछु । साथै प्रकाशनमा जुट्नु हुने बन्धु अफसेट प्रेसका प्रबन्धक गोबिन्दप्रसाद रेग्मीज्यूप्रति विषेश आभार व्यक्त गर्दछु । अन्त्यमा यो पुस्तक पढिसकेपछि पुस्तकको सदस्यसमेत बनेर यसलाई परिस्कृत र परिमार्जित गर्नका लागि यहाँहरूको अमूल्य सुझावको प्रतिक्षामा रहने जानकारी गराउँदछु ।

धर्मो रक्षति रक्षितः

जिल्ला अध्यक्ष, कास्की

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीयः

नेपालमा धार्मिक युद्धको सम्भावना

भीमलाल लामिछाने

नेपालको शिरमा पूर्वदेखि पश्चिमसम्म हिमाल परिवेष्ठित छ । यसैले नेपाललाई हिमालयको देश भनिएको हो । यही हिमालयको काखमा तपोभूमि बनाएर बसेका ८८ हजार शौनकादिसमेतका ऋषिमुनिहरूले प्रतिपादन गरेको वैदिक सनातन हिन्दु धर्म नेपालको राष्ट्रिय धर्म हो । यही हिन्दु धर्मका नीति नियमहरूको आधारमा हाम्रो समाज परिचालित छ । बच्चा जन्मिदा उसको नामकरण गर्ने, सुतक बार्ने, बच्चासहित सुत्केरीको शुद्धिकरण गर्ने, मृत्यु हुँदा दाहसंस्कार गर्ने, जुठो बार्नेसमेतका १६ संस्कार सम्बन्धी नीतिनियम हामीले आफूखुसी बनाएका होइनौं, यिनै हिमालयको काखमा वर्षो-वर्षसम्म तपश्या, साधना, योग तथा ध्यान गरेर बसेका ऋषिमुनिहरूले प्राप्त दैवीशक्तिको माध्यमबाट बनाएका हुन् । हाम्रो समाज अहिलेसम्म पनि यिनै ऋषिमुनिहरूले बनाएको नीतिनियमले सञ्चालित छ । यही नीति नियमलाई वैदिक सनातन हिन्दु धर्म भनिन्छ ।

यसरी नेपालमा अनादि कालदेखि चलिआएको वैदिक सनातन हिन्दु धर्म हुँदाहुँदै नेपाल सङ्घीय र गणतन्त्तमा प्रवेश गरेपछि सत्तासीन र प्रतिपक्षमा रहेका केही सिमित शीर्ष नेताहरूले विदेशी प्रभुको प्रभावमा परेर नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरे । नेपालमा ॐकार परिवारको प्रतिशत ९४ रहेको छ । यी ९४ प्रतिशत जनताको दिलमा चोट पुग्ने गरी नेपाललाई धर्मनिरपेक्ष राष्ट्र भनी घोषणा गर्नु भनेको नेपालमा धार्मिक युद्ध निम्त्याउनु हो । त्यसैले अव नेपाललाई सरकारले पुनः हिन्दु राष्ट्र भनी घोषणा नगर्ने हो भने ९४ प्रतिशत ॐकार परिवार र विदेशीको प्रभावमा चुर्लुम्म डुवेर धर्मनिरपेक्षवादी अर्थात् नेपाललाई इसाईकरण गर्न चाहने गैरॐकार परिवारको बीचमा धार्मिक युद्ध हुने प्रवल सम्भावना रहेको छ ।

श्रीमद्भगद्गीताको ३/३५ मा भगवान् श्रीकृष्णले धनुर्धारी अर्जुनलाई धर्मको व्याख्या, मानवको कर्तव्य र जीवनको सारको बारेमा सटिक व्याख्या गर्नु भएको छ । यसमा अर्काको धर्ममा लागेर अर्काको नियन्त्रणमा बस्नुभन्दा अथवा परधर्मको पालना गर्नुभन्दा बरू मर्नु परेपनि अथवा जति दुःख र सङ्कट परेपनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा जस्तो आपद् आइपरेपनि आफ्नै धर्ममा रहनु श्रेयस्कर हुन्छ । परधर्ममा रहनु श्रेय हुँदैन, हानीकारक हुन्छ, खतरा हुन्छ, अपमानबोधजन्य हुन्छ भनिएको छ। किनभने जसरी अर्काको सन्तान राम्रा र ज्ञानी भएपनि तथा आफ्ना सन्तान नराम्रा र अज्ञानी भएपनि हामीले आफ्नै सन्तानको स्याहार-सुसार र पालना गर्नु हितकारी हुन्छ । भोलि अन्तिम अवस्थामा तिनै आफ्नै सन्तानले हाम्रो स्याहार-सुसार र पालनतालन गर्दछन् । अर्काका राम्रा देखिएका र ज्ञानी भएका सन्तानले गर्दैनन् । त्यस्तै अर्काको धर्म राम्रो लागे पनि अन्तिम अवस्थामा आफ्नै धर्मानुसार अन्तिम संस्कार गर्दछन् । इसाई र मुसलमानले जस्तो मृत्युपछि खाल्टो खनेर गाड्दैनन् । नदीको किनारामा लगेर दागवत्ती दिएर चितामा राखेर दाहसंस्कार गर्दछन् । यसो नगरेर इसाई र मुसलमानले जस्तै खाल्टो खनेर गाडिएमा त्यो परिवारलाई समाजले बहिस्कार गर्छ। यस्तो सामाजिक बहिष्कार एक दुई पुस्तासम्म मात्र होइन, पुस्तौं-पुस्तासम्म पनि समाजमा जरो गाडेर बसिरहन्छ । त्यस्ता परिवारका सन्तानलाई सधैं हीनताबोध भइरहन्छ। यसै कारण धर्मका विषयमा आफ्ना कुल परम्परानुसारको संस्कार, संस्कृति र सामाजिक मान्यतानुसार चल्नु पर्छ । विदेशीहरूको लहैलहैमा लागेर एक छिनको सुविधामा भुलेर आफ्नो समाजमा कलङ्कित भएर नरहन सबै राजनैतिक नेतासहित आमजनजनमा विश्व हिन्दु महासङ्घ अपील गर्दछ।

मनुष्यका मूल पुरुष मानिने ब्रह्माजीका मानसपुत्र मनुद्वारा रचित मनुस्मृति भन्ने ग्रन्थको १०/९७ मा पनि स्वधर्मको बारेमा मनुले आफ्नो धर्म कमजोर भए पनि अर्काको धर्ममा लाग्नु हुँदैन भनेका छन् । किनभने अर्काको धर्ममा लाग्नु भनेको आफ्नो जातिबाट पतित हुनुजस्तै हो भन्ने आदिमानव मनुको मत रहेको छ। धर्मका बारेमा यस्ता गहन परिभाषा र व्याख्या हुँदाहुँदै पनि नेपालका सीमित शीर्ष नेताहरू पश्चिमाको प्रभावमा परेर आफ्नो पवित्र धर्मलाई विस्थापित गरेर नेपाललाई धर्म निरपेक्ष कायम गरिनु निन्दनीय एवं दुःखदायी कार्य हुन गएकोले यसलाई सच्याएर पुनः वैदिक सनातन हिन्दु राज्य कायम गरी धार्मिक युद्ध हुनबाट रोक्न सम्मानित नेताहरूसँग विश्व हिन्दु महासङ्घ जोडदार माग गर्दछ। अस्तु ।

प्रधान सम्पादक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूचि

धर्मनिरपेक्षता के हुन सक्ला ?	-स्वामी चन्द्रेश	१
हिन्दु धर्म, नेपालको झन्डा र हिन्दु राष्ट्रको महत्त्व	-डा.रामचन्द्र अधिकारी	६
ईश्वरको स्मरण गर्दैमा ईश्वरलाई जानिने होइन	-डा.गोविन्द टण्डन	८
एकता आजको आवश्यकता	-डा.चिन्तामणि योगी	१५
जानौं आफ्नो विलक्षण विगत	-डा. बाबुराम ज्ञवाली	१८
पुराणको सन्देश	-डा. नवराज कट्टेल	३२
धर्मका लागि मर्न होइन, बाँच्न सिकौं	- आचार्य लक्ष्मण भण्डारी	४०
वेद हाम्रो जीवन- पद्धतिको महत्वपूर्ण आधार हो	पं केदारनाथ उपाध्याय	
तिमिल्सिना-अन्तर्वार्ताकार	- माधव वियोगी	४४
चाडपर्वको महत्त्व र महङ्गी	- हरिप्रसाद सोडारी	५८
धर्मनिरपेक्ष राज्यको अर्थ र सनातन ...	-प्रा. भवानीप्रसाद खतिवडा	६६
धर्म र धर्माभास	-फणिनारायण सिग्देल	७३
के हो हिन्दु धर्म, कुन ग्रन्थमा के लेखिएको छ ?	-अनलाइनखबरबाट	७७
वैदिक सनातन धर्ममा आद्यगुरु शङ्कराचार्य ...	- कुलप्रसाद भण्डारी	८७
सहअस्तित्व आजको अपरिहार्यता	- रबीन्द्र माकाजू	९२
धर्म र संस्कृतिको संरक्षण	-वेदनिधि शर्मा अधिकारी	९६
"धर्मको लक्षण" हिन्दु धर्मको खोज अनुसन्धान	- इन्द्रबहादुर गुरुङ	१०२
नारी शक्ति	-जगन्नाथ तिवारी	१०४
हिन्दु धर्ममा गङ्गाको महत्त्व	-भीमलाल लामिछाने	१०७
विश्व हिन्दु महासङ्घ नेपालका केन्द्रीय गतिविधिहरू -		१११
विश्व हिन्दु महासङ्घ कास्कीका गतिविधिहरू -		११६
जिल्ला कार्यसमिति कास्कीको नामावली-		११९
पोखरा महानरनगर समितिको नामावली-		१२०
पोखरा महानगर महिला समितिको नामावली-		१२१
विश्व हिन्दु महासङ्घ कास्कीको जिल्ला युवा समिति नामावली-		१२२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



धर्मनिरपेक्षता के हुन सक्ला ?

✍ स्वामी चन्द्रेश

निरपेक्षताको शाब्दिक अर्थ हो- वास्ता नगरी तटस्थ अवस्थामा रहनु । धर्मलाई उपेक्षा र बेवास्ता गरी यो मरणशील पृथ्वीमा मनुष्यका लागि जीवनधारण गर्न असम्भव हुन जान्छ, किनभने यो जगत्कै नियम हो । यहाँ मानवमात्रै नभई प्रत्येक प्राणी तथा वस्तुले आ-आफ्नो धर्म अर्थात् स्वभावलाई प्रकाशित गरेर नै अस्तित्व जोगाउनु पर्छ ।

अतः हामीलाई निरपेक्षताको तात्पर्य खोज्न अर्कोतिर नजर दिनुपर्छ । त्यस हिसाबले यदि कुनै राष्ट्र धर्मनिरपेक्ष भनी घोषित हुन्छ भने त्यसको मतलब त्यस राष्ट्रमा जति किसिमका आगन्तुक धर्मसम्प्रदायहरू छन्, ती सबैको त्यो राष्ट्रमा प्रशासनिक सत्तादेखि लिएर हरेक कुरामा बराबर अधिकार हुन पर्‍यो । विश्वको विभिन्न प्रान्तमा हालसालमा उत्पन्न भएका विविध धर्ममतहरू राष्ट्रको प्राचीन परम्परासित मेल खान्छन् कि खाँदैनन् ? त्यो कुरा विचारमा नराखीकन फेरि कुनै ठोस कारण नै नभई आफ्नो सत्ता अर्काको हातमा छोडिदिनु निरपेक्षताको अर्थ हो भने राष्ट्रका प्रति त्यो कत्तिको न्यायसङ्गत हुन्छ भन्नेकुरा सोच्ने विषय हो । जब मनुष्यले आफ्नो अधिकार का लागि विश्वभरि सङ्घर्ष गर्दै छ, त्यस अवस्थामा आफ्नो अधिकार बेफजुल अर्काको हातमा छोड्ने प्रयासले असजिलोपन र गुलामीलाई निम्त्याउँछ भन्ने कुरामा शङ्का छैन । त्यो पनि राष्ट्रको मूलधर्मअन्तर्गत जनतासित सल्लाह नै नगरीकन एकाएक घोषणा गरिहाल्नु कत्तिको युक्तिसङ्गत होला !!!

संस्कृति र परम्परागत दृष्टिबाट हेर्ने हो भने हरेक राष्ट्रको जसरी एउटा राजनैतिक इतिहास हुन्छ, त्यस्तै उसको धर्मीय, सांस्कृतिक र सामाजिक इतिहास पनि हुने गर्छ । राष्ट्रको धर्म र परम्परा पनि इतिहासभन्दा बाहिर हुन

✍ लेखक भारतको बङ्गालमा जन्मेर २०२५ सालमा नेपालमा प्रवेश गर्नुभई तीन वर्षसम्म नेपालको पूरै भ्रमण गरी २२ वर्ष शिवपुरी आश्रममा तपश्यामा लीनरही हाल बूढानीलकण्ठ आश्रममा गुरुकुल सञ्चालन तथा हिन्दु धर्मको अभियन्ता हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्दैन। वस्तुतः उसको धर्मीय र सांस्कृतिक इतिहास राजनैतिक इतिहासभन्दा अनेकौं गुणा पुरानो होला । सूर्यचन्द्र, ग्रहनक्षत्र, आकाशबतास, मेघबादल आदि व्यक्तिगत या सामाजिक अधिकारमा ल्याउन नसकिने प्राकृतिक तत्त्वहरू बाहेक यो जगत्मा जेसुकै कुरामाथि मनुष्यले आफ्नो अधिकार जमाइसकेको हुन्छ। व्यक्ति या एक गोष्ठी मानवको अधीनस्थ संसारको कुनै पनि तत्त्वहरूमा यो निरपेक्षता भन्ने विशेषण प्रयुक्त हुन सक्दैन। वरिपरिको जुनसुकै प्राकृतिक कुरा या राष्ट्रको भौगोलिक आयतन कुनै न कुनै विशेष धर्म, संस्कृति, गोष्ठी या समाजको नियन्त्रणमा हुनु नै पर्छ। वस्तुतः निरपेक्षता र साम्यवाद यी दुबै कुरा विचार गर्दा अव्यावहारिक र अप्राकृतिकजस्ता लाग्दछन्। कुनै घर, जग्गा, परिवार, अर्थ जसरी सय पचासजनाको अधिकारको विषय हुन सक्दैन, त्यसै गरी विश्वको कुनै राष्ट्र व्यवहारिक रूपले धर्मनिरपेक्ष तथा संस्कृति, साहित्य, सङ्गीत र भाषा निरपेक्ष हुन सक्दैन । आफ्नो धर्म र संस्कृतिको अस्तित्व जोगाउन तथा पहिचान बचाउनका लागि पनि यस्तो निरपेक्ष भन्नेकुरा कुनै काम लाग्ने पक्कै देखिँदैन, बरू भविष्यमा विषजस्तो खतरनाक नै भएर निस्कन्छ।

विश्वका विभिन्न धर्म र संस्कृति भएका मानिसहरूले प्रवासीका रूपमा यो राष्ट्रमा निवास गर्न पाउनु कुनै अयोक्तिक या अपराधजस्तो देखिंदैन । तर, देशको आफ्नो धर्म र संस्कृतिलाई इज्जत दिएर मात्रै हो, देशलाई नै निरपेक्ष बनाएर होइन। उदाहरणस्वरूप इङ्ग्ल्याण्ड एक क्रिश्चियन देश हो, जहाँ लाखौं हिन्दु, मुसलमान र बौद्ध निश्चिन्त भएर निवास गर्दछन्। त्यस्तै साउदी अरेबिया, इजिप्ट, इरान मुसलमान देश भए तापनि लाखौं भिन्न धर्मावलम्बीहरूलाई काम गर्ने र निवास गर्ने मौका दिइरहेको छ। त्यसमा केही बाधा पनि छैन। एवंप्रकारले विश्वको एकमात्र हिन्दु देश नेपालको इतिहास हेऱ्यो भने यहाँ कहिले पनि हिन्दु धर्मबाहेक अन्य कुनै धर्मावलम्बीहरूले यो देशलाई शासन गरेको भन्ने देखिँदैन । गुरु गोरखनाथको चेला राजा पृथ्वीनारायण हिन्दु हुनुहुन्थ्यो र उहाँको आदेशबमोजिम चल्नुहुन्थ्यो । गोरखनाथ र उहाँका गुरु मच्छेन्द्रनाथको प्रभाव समग्र भारतवर्षमा भए तापनि नेपालमा नै उहाँहरूको विशेष प्रभाव रहेको पाइन्छ। परापूर्व कालदेखि नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल महान् हिन्दु ऋषिहरूको तपोभूमिका रूपमा परिचित भएर आइरहेको छ। नागार्जुनको दुई सय वर्षको आयुमा धेरै वर्ष उहाँले काठमाडौंको नागार्जुन डाँडामा बिताउनुभयो र उहाँका चौबीस हजार चेलाहरू थिए भन्नेकुरा सुनिन्छ। स्वयं त्रैलङ्ग स्वामीको जीवनकालमा पनि उहाँ नेपालमा आएर तपस्या गर्नुभएको कुरा पाइन्छ। साक्षात् ज्ञानावतार शङ्कराचार्यको पनि यहाँ पदार्पण भएको भन्नेकुरा सबैलाई विदित नै छ। अयोध्यामा राम जन्मिनुभएको थियो भने नेपालमा नै सीताको जन्म भएको हो। एवंप्रकारले निरन्तर यो देशमा हिन्दु ऋषि र राजाहरूको परम्परा चल्दै आइरहेको छ। भगवान् बुद्ध जन्मिएको कुरा त उल्लेख गर्नु नै पर्दैन।

हिन्दु र बौद्ध यी दुई प्राचीन धर्म सम्प्रदायमा गरिबगुरुवालाई अर्थको लोभ देखाएर उसको धर्मपरिवर्तन गर्ने प्रवृत्ति बिल्कुल नै देखिँदैन। अस्त्र तथा राजनैतिक बलले पनि मानिसलाई त्रसित गराएर जबरजस्ती धर्मपरिवर्तन गर्ने इतिहास पनि यिनीहरूसित छैन। यतापट्टि क्रिश्चियन र मुसलमान धर्मले मानिसलाई धर्म र आध्यात्मिकतामा मद्दत गर्नेभन्दा पनि हिंसात्मक र विवादस्पद राजनीतिमा उल्झाइदिन्छ। यी धर्महरूको उत्पत्ति नै सङ्घर्षबाट भएको छ भन्नेकुरा अरब र युरोपको इतिहासले स्पष्ट रूपले बताइरहेको छ। मक्कामा मोहम्मद जन्मिए तापनि आफ्नै बहु देवदेवी पूजा गर्ने समाजविरुद्ध पटकपटक सशस्त्र सङ्घर्ष गरी त्यसलाई दबाएर उहाँले आफ्नो मोहम्मदीय धर्ममत प्रतिस्थापित गर्नुभयो। कुनै दर्शन र ज्ञानको प्रभावद्वारा जनतालाई प्रभावित पारेर होइन। वस्तुतः मुसलमान धर्ममा कुनै दार्शनिक तत्त्व नै देखिंदैन। विश्वभरि जहाँजहाँ मुसलमान धर्म फैलियो, सबै अस्त्रका बलले नै हो। यो कुरा इतिहास पढ्ने सबै विद्यार्थीलाई थाहा छ। हिन्दुस्तानमा भएका गरिब हिन्दुहरू मुसलमान बनेका पनि अस्त्रको भय र त्रासले नै हो। एवंप्रकारले इजरायलबाट युरोपमा सबभन्दा पहिला क्रिश्चियन धर्म भर्खरै पसेका बेलामा जुनजुन व्यक्तिले क्रिष्टधर्म ग्रहण गरेका थिए, तिनीहरूमाथि निर्मम अत्याचार र हिंसाहत्या हुन गयो। विस्तारै तलतल क्रिश्चियन धर्म फैलिइसकेपछि जो जो क्रिश्चियन बन्न खोज्दैनथे या यिशुको निन्दाचर्चा गर्दथे, तिनीहरूलाई जिउँदै जलाउने, तरवारले घोची घोची

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मार्ने तथा जनसमक्षमा नै गिलोटिनमा राखी गर्दन काट्ने आदि अत्याचार हुन गयो। भ्याटिकन, इङ्ल्याण्ड आदिआदि युरोपका धर्मसंस्थाहरूले जुन भयावह तरिकाले देशवासीको धर्मपरिवर्तन गराए, त्यसको चर्चा गर्दा स्वयं युरोपीयनहरू नै त्रसित र लज्जित हुन जान्छन् । मैले इटालीकी एकजना महिलासित चर्चा गर्दा यो अत्याचार साँचो हो भनी स्पष्टै बताइन् र **आचार्य चतुर्सेनको सोना और खून भन्ने हिन्दी किताब पढ्दा यसबारेमा व्यापक इतिहास भेटिन्छ ।**

यता क्रिश्चियन र मुसलमानहरूको निरन्तर झैझगडा भइरहनुको कारण खोज्दा पुरानो बाइबलले अहिले पनि त्यसको प्रमाण दिन्छ। आब्राहमलाई क्रिश्चियन र मुसलमान दुवैले मान्छन् । क्रिश्चियनले उहाँलाई आब्राहम भन्छन् भने मुसलमानले इब्राहिम भन्ने गर्छन् । आब्राहमका दुई पत्नीहरू थिए साराह र हाजार। यी दुईका बीच अत्यन्त वैमनश्यता उत्पन्न भयो। यी दुईका सन्तानबाट नै क्रिश्चियन र मुसलमान धर्म उत्पन्न भएका हुन् ।

हाजारको पुत्र इस्माइलका वंशमा मोहम्मद उत्पन्न हुनुभएको र साराहको पुत्र आइज्याकको वंशमा यिशु उत्पन्न हुनुभएको हो । वस्तुतः हाजार आब्राहम त साराहकी नोकर्नी नै थिइन् । हाजारसित साराहको झगडा सुरु भएपछि आब्राहमले साराहकै कुरा सुनेर हाजार र उसको शिशु पुत्रलाई मरुभूमिका निर्वासनमा पठाइदिए । यी सौतेनी आमाहरू बीचको झगडा मुसलमान र क्रिश्चियनहरूमा आजसम्म चलिरहेको मात्र होइन, बढ्दै गयो र भयावह रूप पनि लिँदै गइरहेको छ।

कुनै समयमा यहुदी धर्मावलम्बीहरूले यिशु र उनका अनुयायीहरूलाई खिष्ट धर्मको प्रारम्भिक अवस्थामा निर्मम अत्याचार र हत्या आदि गरेका थिए भने परवर्तीकालमा जर्मनी आदि देशमा क्रिश्चियन धर्मले यहुदीहरूलाई नृशंस रूपले निर्मूल गरेर प्रतिशोध लिन खोजेको कुरा सबैलाई विदित छ। यतापट्टि मोहम्मदले तरबारको बलले नै मक्का तथा वरिपरिका ठाउँलाई जितेर मुसलमान धर्मको प्रतिष्ठा गर्नुभयो। अतः क्रिश्चियन र मुसलमान दुवै धर्मलाई धर्मका नाममा राजनैतिक झैझगडा उत्पन्न गर्ने र एक किसिमले साम्राज्यवादी भन्दा पनि अत्युक्ति हुँदैन । निरपेक्षताको मौका लिएर फेरी त्यही राजनैतिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलह र सङ्घर्ष यो शान्तिपूर्ण देशमा उत्पन्न हुँदैन भन्नेकुरा हामी भन्न सक्दैनौं ।

यस विषयमा सन्देह छैन कि तथाकथित निरपेक्षताको निहुँ लिएर यिनीहरू नेपालको धर्म, संस्कृति र शान्ति सबै कुरामा नै अधिकार जमाउन खोज्छन् र परिणाममा देशलाई एउटा सङ्घर्षको अशान्तमय रणभूमिमा परिणत गर्न जान्छन् । यिनीहरूमा धर्मसहिष्णुता पनि छैन । येनकेन प्रकारले अर्को धर्मको मानिसलाई आफ्ना धर्ममा परिवर्तन गर्नु नै यिनीहरूको खास उद्देश्य हो । यसबाट कस्तो अशान्ति उत्पन्न हुन सक्छ, त्यसको प्रत्यक्ष उदाहरण हामी भारतका विभिन्न प्रान्तहरूमा पाउँछौं । खास गरी कश्मिर, आसाम, मुर्सिदावाद, गुजरात, बम्बै, कलकत्ता, हैदरावाद, वनारस आदि स्थानहरूमा । **अतः धर्मनिरपेक्षताको यो भयावह राजनैतिक चाल र जालबाट समयमै नेपालको हिन्दु समाजलाई जोगाउनुपर्छ । सिधासादा बलिको बोकाजस्तो भई हेरेर बसिरहनु उचित हुँदैन । जाग्नुपर्छ, उठ्नुपर्छ र सक्षम प्रतिवाद गर्नुपर्छ । आफ्नो धर्ममाथि खतरा आउने सम्भावना देख्दादेख्दै बसिरहनु मानिसको लागि महापाप हो ।**

स्रोतः

शङ्खघोष, स्वामी चन्द्रेश, बूढानीलकण्ठ, काठमाडौं ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दु धर्म, नेपालको झन्डा र हिन्दु राष्ट्रको महत्त्व

✍ डा.रामचन्द्र अधिकारी

हिन्दु सबैको साझा र सनातन धर्म हो, सम्प्रदाय हैन । यस्ले संसारका सबै मानवलाई आफ्नै मान्छ, पराइ ठान्दैन, घृणा गर्दैन । "बसुदैब कुटुम्बकम् " यस्को मुल आदर्श हो । हिन्दुले परोपकारलाई पुण्य र परपीडालाई पाप ठान्दछ । यस्ले कोहीमाथि भेदभाव गर्दैन । सबैलाई समान मान्दछ । छुवाछुतका कुरा हिन्दु धर्मको अङ्ग होईन, पछि सृजना भएको विकृति हो । त्यसलाई हटाउन हामी प्रतिबद्ध छौं ।

हाम्रो झन्डाः

हिन्दु राष्ट्र हटाएर नेपाललाई धर्म निरपेक्ष बनाइयो । यस्मा हाम्रो घोर आपत्ति छ। हिन्दु धर्म र हिन्दु राष्ट्र हटाउने हो भने नेपाल राष्ट्रको अस्तित्त्व रहँदैन । चन्द्र सूर्य अङ्कित नेपालको राष्ट्रिय झन्डा हाम्रो राष्ट्रको बिशिष्ट परिचय हो, यो संसार कै जेठो झन्डा हो । यो झन्डासँग हाम्रो राष्ट्रियता कसरी जोडिएको छ, त्यो बुझौं । 'अग्नि



✍ लेखक विश्व हिन्दु महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वमात्मकम जगत्' अर्थात् तातो र चिसोको सन्तुलनबाट यो जगत्को सृष्टि हुन्छ । तातो मात्र भए जल्छ, चिसो मात्रले बरफ बन्छ, त्यसैले सृष्टि कायम राख्न तातो र चिसोको सन्तुलन आबश्यक पर्छ। तातोको स्रोत सूर्य हो, चिसोको चन्द्रमा, सिङ्गो सृष्टि सन्तुलन राख्ने चन्द्र सूर्यको प्रतीक हाम्रो राष्ट्रिय झन्डा हो ।

ने मुनिद्वारा नेपाल राष्ट्रको नामकरणसँगै प्रचलनमा आएको राष्ट्रिय झन्डा आजपर्यन्त नेपाली आकाशमा फहराइ रहेको छ । गोपाल, किंरात, लिच्छवी, मल्ल, शाह जति बंशले राज्य गरेपनि यो झन्डा कहिल्यै फेरिएन, सधैं अटल रहयो । यो राष्ट्रका जरा कसरी उत्पति भए, अब यो कसो गर्दा टिकिरहन्छ, यस्तो गम्भीर बिषयमा नेपालको नाम र झन्डा दुबै फेर्नु पर्छ भन्ने बिदेशीका दासहरूलाई के चिन्ता ? यस्तो सम्बेदनशील बिषयमा किन चासो लिन्थे तिन्ले ।

हिन्दु राष्ट्र नेपाल

चन्द्र सूर्यको महत्त्व बुझियो, व्याकरण भन्छ 'ह' भनेको सूर्य 'इन्दु' भनेको चन्द्रमा। ह + इन्दु = हिन्दु हुन्छ। सूर्य चन्द्रको अस्तित्त्वसँग जोडिएको छ हिन्दु धर्म। नेपालको राष्ट्रिय झन्डा र हिन्दु धर्म एक अर्काका परिपुरक हुन्। त्यसैले चन्द्र सूर्य रहेसम्म यो धर्म रहिरहन्छ। हिन्दु धर्म रहेन भने नेपाल राष्ट्रको अस्तित्व रहँदैन। राष्ट्रलाई माया गर्ने देश भक्तहरू रहँदैनन्। हिन्दु राष्ट्र हाम्रो माग हैन, नेपाली जनताको जन्मसिद्ध अधिकार हो । त्यसैले जतिसक्दो छिटो हिन्दु राष्ट्र घोषणा गर्ने हाम्रो सङ्कल्प छ । यस माहान कार्यमा संसारभरका हिन्दु धर्मप्रती आस्था राख्नेहरूको साथ हामीलाई मिल्ने छ भन्ने विश्वाश लिएका छौ ।

जय हिन्दु राष्ट्र नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वरको स्मरण गर्दैमा ईश्वरलाई जानिने होइन



✍ डा.गोविन्द टण्डन

धेरैजसो मानिसहरू त्यसमा पनि उमेर ढल्कदै गएपछि ईश्वरको बारेमा, भगवान्को बारेमा, गड, अल्लाहको बारेमा निकै चर्चा गर्न मन पराउछन् । कैयनको पेशा नै यही हुन्छ, जो जीवनभर यसै विषयमा अनेक रूपले लागेका हुन्छन् । केटाकेटी, विद्यार्थीहरूमा चाहिँ कुनै धार्मिक मत, वादमा नलागीकन यस्ता विषयमा प्रवेश गरेको विरलै पाइन्छ । यस्तै प्रयोजनका लागि संसारभर विभिन्न नामले मन्दिर बनेका छन्, गुम्वा, विहार, गिर्जाघर, मस्जिद बनेका छन्, सिनेगार बनेका छन् । यिनै परिवेशमा आ-आफ्ना अनेक कर्मकाण्ड, विधिविधानमा उनीहरू चुर्लुम्म डुबेका हुन्छन् ।

कसैले मानोस् या नमानोस् संसार धर्ममा अडेको छ । सूर्यले ताप र प्रकाशलाई छोडिदियो भने संसारको अवस्था के होला ? चन्द्रमाले आफ्नो शीतलतालाई त्यागिदिइन् भने के होला ? आगोले आफ्नो स्वरूपलाई छोडेर न्यानो-तातो दिन छोड्यो भने संसार कस्तो होला ? पानीले आफ्नो धर्म छाड्यो भने के होला ? मानिसले बुध्दि-विवेक छाड्यो भने के होला ? यी उदाहरणहरूको प्रसङ्गमा धर्म भनेको उनीहरूको मूल अस्तित्व हो भने मानिसको प्रसङ्गमा चाहिँ धर्म भनेको मानिसमा हुनु पर्ने असल गुणहरूको धारण र मानवताप्रतिको लगाव नै मानिसको लागि अत्युत्तम धर्म हो ।

मानिस कुरा गर्न त त्याग र वैराग्यको कुरागर्छ, पूजा-पाठमा बिहान-बेलुका आ-आफ्नो समय दिएर आत्मशान्तिको लागि प्रयत्न गरिरहेको हुन्छ । यसै गरी कैयन् प्रकारका धार्मिक अनुष्ठानहरूमा मानिस सहभागी भइरहेको हुन्छ । यस अवस्थामा मानिसहरू धर्म या ईश्वरविषयक धारणाहरूले

✍ लेखक पशुपतिक्षेत्र विकासकोषका पूर्व सदस्य सचिव तथा पशुवली निषेध चेतनाको अभियन्ता हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ओतप्रोत हुन्छन् । यसरी 'धर्म' र 'ईश्वर'शव्दलाई मानिसले बराबर स्मरण गरिरहेको हुन्छ । तर हामी कत्तिको याद गर्छौं कि तपाईं-हामीले गर्ने सबै कर्म ईश्वरीय भएका छन् ? यद्यपि ईश्वरको सेवा भन्छौ, पूजा, उपासना भन्छौं, व्रत, ध्यान भन्छौ तर जीवनशैली, व्यवहार, क्रियाकलाप, विचार, चिन्तन, धारणा ईश्वरीय हुँदैनन्, धर्मले लबालब भएको हुँदैन । यहींनिर अधिकांश मानिसहरू चुकेका हुन्छन् ।

धर्म पनि मान्दिनँ, ईश्वर पनि मान्दिनँ भन्नेले त जे पनि गर्न सक्छन्, जे पनि भन्न सक्छन् । यो कुनै आश्चर्यको कुरा होइन । यो पनि हुन सक्छ कि उसले गर्ने अनेक क्रियाकलापहरूबाट आफूलाई, परिवारलाई, समाजलाई, राष्ट्रलाई र विश्वलाई पनि दिग्भ्रमित तुल्याइरहेको हुन सक्छ । तर जो धर्म मान्छु, ईश्वर मान्छु भन्नेहरूले पनि जे मन लाग्यो त्यही गर्छन्, जथाभावी गर्छन्, गर्न नहुने काम गर्छन्, मौका पाउँदा अरूको शोषण गर्छन्, अरूलाई दुःख दिन्छन्, पीडा दिन्छन् र त्यसमै रमाउँछन् भने कहाँ धर्म गरेको, ईश्वरको नाम जपेको काम लाग्यो ? कहाँ धार्मिक भइयो ? आफूले आफैलाई सूक्ष्मतामा गई नियालेर हेरौँ त सही जवाफ पाउन गाह्रो पर्दैन । सबैभन्दा पहिले त आफूले आफैलाई परख गर्नुपर्छ । हरेक दिन आफूले आफैलाई जाँच्नुपर्छ, हेर्नुपर्छ, कतै धर्मको विरुध्दका कुनै काम त भएका छैनन् भनेर आफूले आफैलाई सोध्नुपर्छ । यस्तो बानी कतिको होला मलाई थाहा छैन । तर अरूलाई भन्दा पहिले आफूलाई चिन्ने नै यसरी हो ।

अर्काको धन-सम्पत्ति पाउँदा रमाउने, पाए अर्कालाई उठिवास गर्न पछि नपर्ने, सके सरकारी, गैरसरकारी जागिर छ भने कतातिरबाट फोकटको रूपैयाँ पैसा पाइन्छ, घुसखोरी, भ्रष्टाचार गर्न पाइएला भनेर मौका कुरेर कोही बस्छ भने कहाँ ईश्वरको नाम लिएको काम लाग्यो ? अझ हातमा मालाको फेरो लगाइरहनु हुन्छ, चिन्तन पुग्छ कता-कता स्वार्थमा, जालझेलमा भने कहाँ ईश्वरको नाम लिएको काम लाग्यो ? म यो धर्मको वा ऊ धर्मको भनेको कहाँ काम लाग्यो?

यस्तै गरी अनेक संस्कार, परम्परा, संस्कृति, धर्मको नाउँमा यस्ता- यस्ता कार्य गर्न पुग्छौं कि जुन कर्म सोह्रै आना धर्म हो भन्न मिल्ने हुँदै हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तै पनि तिनै परम्पराको बन्धनमा बाँधिएर त्यस्ता कर्मलाई निरन्तरता दिइरहन्छौं भने कहाँ ईश्वरलाई बुझ्यौं ? कहाँ धर्म गऱ्यौं ? धर्म भनेको, ईश्वर भनेको या त समग्रमा मानिसले बुझ्केको छैन, या कसैको लहैलहैमा हिँडिरहेको छ। शान्ति, समुन्नति र आनन्द प्राप्ति गर्ने हो भने पाइला-पाइलामा असल कर्ममय जीवन बाँच्नको लागि चेष्टा गर्दै त्यसैमा रमाउन सक्नुपर्छ। संस्कृतमा एउटा अति प्रसिध्द उक्ति छ- 'आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्', अर्थात् आफूलाई प्रतिकूल लाग्ने र हुने कार्य अरूलाई नगर्ने। यसको अर्थ हुन्छ - मलाई दुख्छ भने अरूलाई पनि मन, वचन, कर्मको तीखो प्रहारले दुख्छ। त्यसैले यस्तो कर्म अरूमाथि नगर भन्ने शास्त्रीय वचन हो। सन्त, महापुरुषहरूले यसैको सेरोफेरोमा आफ्नो कार्य गर्न मन पराउँछन् र त्यसैलाई प्रोत्साहित तुल्याइरहेका हुन्छन्।

ईश्वर घटघटबासी छन्, हर जीवमा ईश्वर छन्, तिमीमा भएको ईश्वर र अरू जीवमा भएको ईश्वरमा कुनै फरक छैन। शास्त्रले भन्छ- जबसम्म मानिसले अरू जीवमा भएको ईश्वर तत्त्वलाई चिन्न, बुझ्न सक्तैन, तबसम्म उसले ईश्वर तत्त्वलाई बुझ्नै सक्तैन। सृष्टिका सबै प्राणीमा जबसम्म - 'म उही हुँ, ऊ मै हो' भन्ने एकत्त्व भाव मानिसमा आउँदैन तबसम्म आत्म साक्षात्कार हुनै सक्तैन। एउटालाई माया, अर्कोलाई दुत्कार भावले निष्ठामा द्वैत भाव जन्माई रहन्छ, जुन आत्म साक्षात्कारको बाधक बन्न पुग्छ। आत्म साक्षात्कार कुनै व्याकरण, साहित्य, मीमांसा, नव्यन्याय, श्रीमद्भागवत, उपनिषद् वा गीताको पुस्तक कण्ठ गर्दैमा प्राप्त हुने विषय होइन। त्यसो हुन्थ्यो भने देववाणी संस्कृत पढेकाहरू सबै ऋषि-मुनि, महर्षि, ब्रह्मर्षि हुन्थे ! यी त व्यवहार जगत्मा आचरण र दैन्दिनी जीवनमा देखिने र प्रकट हुने कुरा हुन्।

धेरैजसो धर्म-सम्प्रदायमा लागेका मानिसहरू धर्म, ईश्वर, भगवान् भन्यो कि मठ-मन्दिर, पुस्तक र कर्मकाण्डका कुरालाई अघि सार्छन्। मानौं तिनको नाम लिनासाथ जे गरे पनि हुन्छ, जसो गरे पनि हुन्छ। हो, ती विषयहरू धर्मको मुख्य आधारहरू हुन्। फरक पर्छ तिनको अवलम्वनमा माथि भनेजस्तो। तपाईंहरू भन्ने गर्ने हुन्छ - 'म त फलानो पुस्तक पाठ नगरीकन चियासम्म पनि पिउँदिन', 'पूजा नगरीकन खाना खाने गरेको छैन' आदि-आदि। जब खान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्नु हुन्छ के खाने गर्नु भएको छ ? ओहो ! कति मानिसले खाने कुरा त त्यो मानिसले खाइरहेको छ कि राक्षसले खाएजस्तो लाग्ने । राजसी र तामसी खानेकुरा हुन्छन् । भक्ष्य र अभक्ष्य अर्थात् खान हुने र खान नहुने जे पनि हसुरिरहेका हुन्छन् भने ईश्वरको नाम जपेर केही काम लाग्यो ? बिहान-बिहान सधैँ गीता, भागवत, कुरान, जिन्दअवेस्ता, बाइबल, गुरुग्रन्थसाहिव पाठ गरेको केही काम लाग्यो ? हातमा माला फेरेको केही काम लाग्यो ? संसार यसै गरी अलमलमा रुमल्लिएको छ र पतनको दिशामा गइरहेको छ । ईश्वर, भगवान् देखाउनलाई, ढाकछोप गर्नलाई मात्र तपाईं-हामी प्रयोग गरिरहेका छौं । यथार्थमा उहाँप्रतिको श्रध्दा, भक्ति, आदर गर्ने मानिसहरू थोरै मात्र छन् । उहाँको नाम लिएर वा नलिएर एक-एक वटा वाद, सम्प्रदाय जन्माइदियो । आफू गुरुको आसनमा बसिदियो । बस् । भगवान्भन्दा गुरु ठूलो भनेर "गुरुस्त्रोत्र' रच्यो, त्यसैलाई आफ्ना शिष्य-प्रशिष्यलाई जप्न लगायो । गजधम्म गुरुको आसनमा बस्यो, मेवा-मिष्ठान्न शिष्य-प्रशिष्यबाट प्राप्त गऱ्यो । घर त छोड्यो तर अझ विशाल आश्रम र कुटी तयार गरेर अनेक व्यापार-धन्दा गऱ्यो, गर्न हुने र गर्न नहुने अनेक काममा फस्यो, हिजोआज यहीँ भइरहेको तपाईंहरूले देख्नु भएकै होला । विभिन्न समाचारपत्र र टेलिभिजनमा आएका समाचारहरू प्रति अनभिज्ञ जरुर हुनु हुन्न होला ! यस्तो अवस्थाले नयाँ पुस्तामा धर्मको नाउँबाट के हस्तान्तरण गर्नु हुन्छ ? धर्म भनेको के यिनै गोरखधन्दा हुन् ?

तपाईंहरूको आ-आफ्नै ईश्वर छन्- हिन्दु, मुस्लिम, इसाई, बहाई, यहुदी आदि- इत्यादि । ईश्वर पनि धर्मपिच्छे नै फरक हुन्छन् र ? वेदले स्पष्ट रूपमा घोषणा गरेको छ - 'एकं सद्विप्रा वहुधा वदन्ति' अर्थात्, ईश्वर एउटै छ, सत्यद्रष्टाहरू विभिन्न नामले सम्वोधन गर्छन् । ईश्वर एउटै छ, नाम विभिन्न हुन सक्छन् ।

तपाईं मन्दिर बनाउनु हुन्छ आफ्नै स्वार्थका लागि, चर्च, मस्जिद, गिर्जाघर, सिनेगार बनाउनु हुन्छ आफ्नै स्वार्थका लागि । अझ कतिपय त्यस्ता स्थललाई माग्ने भाँडो, ठग्ने स्थल, लुट्ने स्थल बनाउनु हुन्छ । म कुनै धर्मको आलोचना गरिरहेको छैन । यथार्थ कुरालाई तपाईंहरू सामु स्पष्ट पार्न खोज्दैछु । नहास्नुस्, तपाईं जति धनी हुनु भयो त्यति मन्दिर, गिर्जाघर, मस्जिद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउने सङ्कल्प गर्नु हुन्छ । कोही यसैका लागि धनी बन्नुपर्छ भनेर रात-साँझ बिहान लाग्छन् । जे गरेर भए पनि धन कमाउनु पर्छ र लुटेको पैसाले यसो स-साना साधनाका स्थल बनाइदियो बाँकी धन चोखिइहाल्यो भन्ने सम्झने पनि धेरै हुन्छन् । तपाईंहरू कसैलाई मैले दोष थोपरेको होइन । यो यथार्थ कुरा यहाँहरू समक्ष राखेको मात्र हुँ ।

थोरै मानिस यस्ता छन् जो धर्म भनेको मन्दिर, गिर्जा घर, मस्जिद, चर्च बनाउनु मात्र होइन, सेवा गर्नुपर्छ भनेर विभिन्न सेवाका कार्यहरूमा निस्वार्थ ढङ्गले रातदिन लागेका हुन्छन् । धर्म भनेको अरूलाई ठग्नु होइन, अरूलाई दुःख दिनु होइन, अर्काको हत्या-हिंसा गर्नु होइन भनेर भित्रैदेखि लागेका हुन्छन् । भ्रष्टाचार गर्नु हुन्न । घुस खानु हुन्न, सदाचार र शुध्द आचरणमा बस्नुपर्छ भनेर लाग्ने थोरैमात्र हुन्छन् । ईश्वरको नाम लिँदै रहने अनि अनेकथरि चाहिँदो र नचाहिँदो काम कसैबाट भइरहन्छ भने त्यो कहाँ ईश्वरलाई सम्झेको भयो ? यो त ईश्वरको नामलाई भजाएर आफ्नो स्वार्थ पूर्तिमा लागेको भएन र ? विचार गर्नु होस्, एकछिन आँखा चिम्लेर सबै छर्लङ्ग हुन्छ ।

अहिलेको अवस्था यस्तो कहालिलाग्दो छ कि भगवान्‌को नाम पनि लिँदै रहने अनि गर्न हुने र गर्न नहुने जे-जति दुष्कृत्य छन् त्यसलाई पनि गर्दै रहने अनि भगवान्‌लाई पनि यसो सम्झी टोपल्नेहरूको जमात बढ्दै गइरहेको देखिदो छभन्दा अत्युक्ति हुँदैन । यसलाई तपाईं के भन्नु हुन्छ ?

ईश्वर र धर्मकै नाममा मानिस अनेकथरि वाद, मत, सम्प्रदाय र मजहवमा लागेका छन् र एक-आपसमा पाखुरा खैंचेर, लडाईं-झगडा र अनेक युध्दमा धकेलिएको देख्दा तपाईंलाई कस्तो लाग्छ ? अङ्ग्रेजीमा यसलाई हिपोक्रेसी भन्छन् । नेपालीमा भन्नु पर्दा आडम्वर, देखावटी भन्दा हुन्छ । यसलाई छोप्न र ढाक्न अनेकथरि रूप र परिधानको सहारा लिने गरेको पनि देख्न पाइन्छ । श्रध्दा, विश्वास र आदरका साथ तिनको प्रयोग गर्ने त अब औंलामा गन्न सकिने अवस्थामा गइरहेको देख्दा अत्यन्त दुःख लाग्छ ।

कति जना निधारमा टीकाको सहारा लिएर धर्मात्मा हुन खोज्छन् । कोही दाह्री-जुङ्गा पालेर, कोही अनेकथरि रङ्गका परिधान लगाएर मानिसलाई अल्मल्याइरहेका छन् । यस्तो स्थिति अहिले पाइला-पाइलामा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

के तपाईंले यस्ता क्रियाकलापलाई राम्ररी हेर्न पाउनुभएको छ ? पत्र-पत्रिकाका पृष्ठहरू यस्तै भेषधारी, नामधारी साधु, बाबा, सन्त, महात्माका रूप वा पादरी, मौलानाहरूबाट भएका कुकृत्यहरूको घिनलाग्दा समाचारहरू आउँदा युवापुस्ता वा भावी पुस्ताले के सम्झलान् ! यस परिस्थितिमा अब विचार गर्नु पर्ने बेला आइसकेको जस्तो लाग्दैन तपाईंलाई ?

मनोवैज्ञानिकहरू भन्छन्-स्वार्थको अघिल्तिर मानिस निरीह बन्छ र झण्डै ९४ प्रतिशत मानिस मूर्खजस्तो बन्न पुग्छन् । त्यसैको फाइदा नानाथरि आडम्वरी मानिसले उठाइरहेका छन् । अहिले संसारमा एकातिर भौतिकताको उत्कर्षले मानिसहरू ठगिरहेका छन् भने अर्कोतिर तथाकथित धार्मिक भनाउँदा मानिसहरूको कारण ठगिइरहेका छन् । केही न केही दुःख नपर्ने मानिस को छ संसारमा ? कसै न कसैलाई पीडा नभएको को छ विश्वमा ? यसैबाट भरपुर फाइदा लिइहेका हुन्छन् आडम्वरी व्यक्तिहरूले विभिन्न परिधान र पोशाकको करतुतबाट । आ-आफ्नो कमजोरी र स्वार्थकै कारण धेरै मानिस दिग्भ्रमित भइरहेको अवस्था आइरहेको पनि सत्य हो । जानु पर्ने बाटो एउटा हुन्छ, अलमलिरहेका हुन्छन् देखावटी आडम्वरमा, अहिले यस्तैले बजार चुटिरहेका छन् ।

ईश्वरमाथि विश्वास छ भने साच्चिकै ईश्वरीय गुणहरूले भरपुर हुन सक्नुपर्छ । बोली र व्यवहार फरक हुनु पटक्कै भएन । जब बोली र व्यवहार फरक हुन्छ भने त्यो आडम्वर भएन र ? यसको लागि आफैंले आफैंलाई राम्ररी आत्मालोचना गर्न सक्नुपर्छ । आत्मपरिशोधन गर्नुपर्छ, आत्मचिन्तन गरिरहनुपर्छ । प्राणीहरूमध्ये सर्वोत्कृष्ट प्राणी भएर मनुष्य जन्मेको हुनाले उसले गर्ने कर्महरू पनि सर्वोत्कृष्ट हुन सक्यो, बोलाइ, हिँडाइ, कर्म गराइ सबै सर्वोत्कृष्ट किसिमको भयो, कसैको दुःख देख्दा दुःखित हुने, कोही भोको, रोगी छ भने उसलाई त्यसबाट मुक्त गराउन खाना दिने, औषधोपचार गरेर सहयोग पुऱ्याउने कर्ममा प्रवृत्त हुन पाइयो भने बल्ल ईश्वरको सेवा गरेको ठहर्छ । 'आफू पनि बाँचौं, अरू पनि बाँचून' भन्ने सिध्दान्तलाई अवलम्बन गर्दै प्राणीमात्रमा उनै ईश्वर छन्, रूप, रङ्ग र स्वरूप फरक देखिए पनि जात, वर्ण, सम्प्रदाय, मत, वादभन्दा माथि उठी हामी सबै एउटै ईश्वरका सन्तान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हौं भन्ने भावनालाई अङ्गिकार गर्‍यौं भने हामीमा 'वसुधैव कुटुम्वकम्' को उच्च आदर्श समेटिन पुग्छ, जसको कारणले शान्ति, समुन्नति र मानवताको प्रवर्धदनमा सहयोग पुग्न जान्छ। वास्तवमा भन्ने हो भने दया, माया, करुणा, अहिंसा, न्याय, इमान्दारी, सत्य, आत्मीयता र सद्भाव नै यस्ता गुणहरू हुन् जसको अवलम्बनबाट व्यक्ति, व्यक्तिमा आनन्द, परिवारमा शान्ति, समाज र राष्ट्रमा समुन्नति र विश्वमा मैत्रीभावको बढोत्तरी हुन सक्छ। अन्तत्तोगत्वा त्यसले विश्व ब्रह्माण्डकै कल्याण गर्ने हुन्छ। हृदयमा यिनै भावहरूलाई ओतप्रोत हुन दिएर सुकर्ममा लाग्ने हो भने विश्वमा आज देखिएका अनेकौं कल्मषहरूलाई हटाउन सकिन्छ। धर्म भनेको कुनै सम्प्रदाय, मत वा वाद होइन। धर्म भनेको यिनै मानवीय गुणहरूको अवलम्बन व्यक्ति-व्यक्तिले गर्ने कुराको नाम हो। आज तिनै कुराहरू हराउँदै जान लागेकाले, आफ्नो स्वार्थपूर्तिको लागि जे पनि गर्न मनुष्य तयार हुनाको कारणले गर्दा मानवता भनेको के होला ? भन्नु पर्ने स्थिति चारैतिर बढ्दै गइरहेको देखिँदैछ। यो कुनै पनि हालतमा मनुष्यताको लागि लाभकारी हुँदै होइन र छैन। यदि यसो नहुँदो हो त मानिसदेखि मानिसै डराउनु पर्ने अवस्थाको सूत्रपात हुने थिएन। ईश्वर र धर्मको नाम कतै आफ्नै स्वार्थपूर्तिको अभिलिप्साले भजाउने काम त गरिरहेका छैनौं ? विचार गरौं, राम्ररी चिन्तन गरौं। सोचौं, धेरै पटक सोचौं।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकता आजको आवश्यकता

✍ डा.चिन्तामणि योगी

कुनै पनि कुराको निर्माणको आधार हो - एकता, मात्र एकता। घरको निर्माण ढुङ्गा, सिमेन्ट, बालुवा, छड आदिको एकताले हुन्छ। समाजको निर्माण विभिन्न जाति, समुदाय, सम्प्रदाय र समूहको एकताले हुन्छ। परिवारको निर्माण आमाबुवा, दाजुभाइ, दिदीबहिनीको एकताले हुन्छ। जब एक-एक र अनेक जोडिइन्छन् तब मात्र एकता हुन्छ।

एकता मूलतः के हो ? बाह्य प्रक्रिया ? वा आन्तरिक प्रक्रिया ? हात खुट्टा, आँखा, नाक, कान आदि विभिन्न अङ्गहरू जोडिंदैमा जीवको निर्माण हुन्छ ? वा यी सबै शरीरका अङ्गहरू बीच एकत्वभाव र एकानुभूतिका आधारमा जीवको निर्माण हुन्छ ? मूलतः एकता विभिन्न वस्तु, व्यक्ति र अङ्गहरू आदिको सङ्ग्रह होइन, अपितु समष्टिभाव हो। समन्वय, सद्भाव र समष्टिभाव नै एकताको आधार हो।

एकताको मूल जग भनेको सद्विचार नै हो, सामूहिक भाव नै हो, पारस्परिक सद्भाव नै हो। बसमा यात्रा गर्ने यात्रीहरूले एकै प्रकारको भाषा,भूषा र वेषको प्रयोग गरे तापनि त्यहाँ एकता छ भन्न मिल्दैन। सिनेमा हलमा बसेका मानिसहरू एउटै जाति, समुदाय, क्षेत्रका भए तापनि त्यहाँ एकता छ भन्न मिल्दैन। हो, त्यहाँ पनि एक प्रकारको समझदारी हुन्छ, लोकमर्यादा अनुसारको शिष्टता पनि हुन्छ, तर त्यसका बाबजुद पनि त्यहाँ एकता छ भन्न मिल्दैन। त्यहाँ सबै आ-आफ्नो स्वार्थले डोरिएका हुन्छन्, आ-आफ्नो चाहनाअनुसार मोडिएका हुन्छन् र आ-आफ्नो लक्ष्यका लागि कुदिरहेका हुन्छन्।

एकताका लागि अनेकता परिपूरक नै हुन्छ। अनेकतामा एकता नेपालीको विशेषता भनेको पनि यही नै हो। एकताले अनेकतालाई र अनेकताले एकतालाई बल प्रदान गरिरहेको हुन्छ, परिपूरकको भूमिका निर्वाह गरिरहेको हुन्छ। एउटै भाषा बोलिंदा, एउटै पोशाक लगाइँदा, एउटै खाले रहनसहन हुँदा र एकै प्रकारको शारीरिक बनौट हुँदा मात्रै एकता हुन्छ भन्नु मूर्खता हो, किनकि एकता विचार

✍ लेखक हिन्दु विद्यापीठ नेपालका प्रमुख हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मा अडेको हुन्छ न कि अनुहारमा । एकता एकत्वानुभूतिमा अडेको हुन्छ न कि युनिफर्मिटीमा ।

हाम्रो देश आज एकताको अभावमा दिनानुदिन दुर्बल बन्दैछ । एकताका नारा दिने नेताहरू धेरै भए, तर तदनुरूप व्यवहार गर्नेहरू थोरै । विभिन्न मुलुकबाट आयात गरिएका एकताका सिद्धान्तहरू, वादहरू फलाक्ने धेरै भए, तर आफ्नै माटोमा रोपिएका एकताका मौलिक बिरूवाहरूलाई स्वीकार्नेहरू थोरै । चर्का र चमत्कारी भाषण गर्नेहरू धेरै भए, तर आफ्नै सनातनकालीन एकताका सन्देशहरू- **सहनाववतु सहनौ भुनक्तु सह वीर्यं करवावहै तेजस्विनावधीतमस्तु मा विद्विषावहै**-लाई स्वीकार्नेहरू थोरै ।

कुनै एक व्यक्ति असल छ भने ऊ सबैको लागि प्रेरणाको स्रोत बन्न सक्छ र आदर्श बन्न सक्छ, तर उसले पनि एकताबिना केही निर्माण भने गर्न सक्दैन । आफू असल बन्नका लागि सुचरित्र एवं सुसंस्कार चाहिन्छ, तर समाज निर्माणका लागि भने एकता नै चाहिन्छ । सुनीति र सुदृष्टि भएका व्यक्तिहरूको एकता भएमा मात्र समाजको वा राष्ट्रको निर्माण हुन्छ । वेदमा भनिएकोछ -**समानी वः आकूतिः समानाः हृदयानि वः समानं अस्तु वो मनो यथा वः सुसहासति** अर्थात् यस्तो समान मन, विचार र भाव भएका व्यक्तिहरू अब कहाँ पाउने ?

राष्ट्रियताको कुरा सबैले गर्छन् तर आफ्नो दलको वा समूहको वा सम्प्रदायको स्वार्थभन्दा माथि उठ्न सक्दैनन् । कस्तो दुर्भाग्य ! राजनीति त गर्छन् तर राष्ट्रनीति र धर्मनीतिलाई भुलेर । राष्ट्रनिर्माणको कुरा त गर्छन् तर विद्वेष र विनाशको कित्तामा टेकेर । सङ्घीयताको कुरा त गर्छन् तर भाषा, जाति, लिङ्ग, समुदाय र क्षेत्रको नाममा देशलाई टुक्रा टुक्रा पारेर । कसरी हुन्छ निर्माण ? आफ्नै गोरुको बाह्रै टक्का भनेर ? कसरी बन्छ नेपाल ? नेपालीलाई नै वर्ग, वर्ण, भाषा र क्षेत्रमा टुक्र्याएर ।

वृक्ष भन्नासाथ हाँगा, पात, डाँठ, जरा आदिको समष्टि भाव हो र शरीर भनेको पनि आँखा, कान, हात, मुख, कलेजो, मुटु आदिको एकत्व भाव हो । यसै गरी घर भनेको पनि विभिन्न कोठा, बरण्डा, कौसी, आँगन आदिको सम्मिश्रित रूप हो । तर दुर्भाग्य ! आज हाम्रो देशमा राष्ट्र भनेको अचम्मको भकुण्डोजस्तो भएकोछ, सबैले गोल गर्न खोज्ने । दलपिच्छे राष्ट्रका परिभाषा फरक फरक भएका छन् । हरेक जाति, समुदाय र क्षेत्रका वासीहरूले आ-आफ्नो ढङ्गले राष्ट्रलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिनाउने दुष्प्रयास गरिरहेका छन् । राष्ट्र के हो ? भनेर कोही बुझ्न चाहँदैनन्, तर मेरो दल, समुदाय वा जातिको हितको लागि 'राष्ट्र यस्तो हुनुपर्छ' भनी लुट्नका लागि सबै तँछाड मछाड गरिरहेका छन् । अन्धाहरूले हात्तीका विभिन्न अङ्गलाई छामेर 'हात्ती भनेको त खम्बाजस्तो हुँदोरहेछ वा नाङलोजस्तो हुँदो रहेछ' भनेजस्तै आज हामी पनि आफ्नो अत्यन्तै तुच्छ स्वार्थका लागि राष्ट्रको परिभाषा गरिरहेका छौं । हाम्रा महापुरुषहरू, तपस्वीहरू, बलिदानी शहीदहरूको सपना र भावनालाई चकनाचुर पारिरहेका छौं ।

राष्ट्रकवि माधव घिमिरेले पनि भनेका छन् -

खेलेर ऐरा मृग एक मारी
बाँडी कलेजो जति छन् शिकारी
बिलो लिए झैं शरमा उनेर
यो राज्य बाँड्ने चिज हैन हेर

हामीले प्रत्येक भाषाको रक्षा गर्नुछ, तर राष्ट्रभाषालाई उच्चस्थानमा राखेर । प्रत्येक जातिको उत्थान गर्नुछ, तर सिङ्गो राष्ट्रलाई मुटुमा राखेर । प्रत्येक क्षेत्रको विकास गर्नुछ, तर नेपालको गरिमा र महिमालाई कायम राखेर । प्रत्येक संस्कृतिको संरक्षण गर्नुछ तर राष्ट्रिय संस्कृतिलाई मूल ध्येयबिन्दु मानेर । प्रत्येक नेपालीलाई उठाउनुछ, तर नेपाल आमाको शिर सधैं उच्च राखेर ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानौं आफ्नो विलक्षण विगत



✍ **डा. बाबुराम ज्ञवाली**

असीमित सुखसयलको उपलब्धि प्राप्त भएको आजको समयमा आफ्नो समृद्ध विगतको कुरा गर्दा वर्तमान पुस्तालाई अस्वाभाविक लाग्ला । तर संस्कृत भाषामा उपलब्ध साहित्यको गहन, यथातथ्य र अनभिनत विश्लेषण गर्नेहरूले पूर्ण आत्मविश्वासका साथ के भन्दछन् भने हाम्रा पुर्खाहरूले खोजी र अध्ययन नगरेको कुनै क्षेत्र छैन । उनीहरूले आध्यात्मिक, भौतिक, पराविद्या (आध्यात्मविद्या), अपराविद्या (भौतिक विद्या), दर्शन, धर्मशास्त्र, अर्थशास्त्र, कामशास्त्र, राजकाज, भौतिक विज्ञान, रसायन विज्ञान, वातावरण, मनोविज्ञान, साहित्य, र व्याकरण सबै क्षेत्रमा गहन र तथ्यपूर्ण विश्लेषण गरेका छन् । प्रस्तुत छन् केही शीर्षकहरू -

१. भाषा, साहित्य, सङ्गीत र कला :

संस्कृत भाषा ज्यादै समृद्ध छ । विश्वभरमा बोलिने भए तापनि अङ्ग्रेजीका देशै पिच्छेका शब्दकोश छन्, किनभने यसका अनेकौं भाषिकाहरू छन् । अमेरिकन र ब्रिटिश अङ्ग्रेजीमा समेत अन्तर छ । संस्कृत मात्र एक यस्तो प्रमाणित भाषा हो, जुन हरेक देशका मानिसहरूले एउटै उच्चारण र विन्यासका आधारमा प्रयोग गर्छन् ।

विश्व साहित्यमा पनि संस्कृतको प्रभाव देख्न सकिन्छ । टी एस इलियट र डब्लु बी इट्स्ले आफ्ना कविताहरू संस्कृत साहित्यबाट प्रभावित भएको कुरा गौरवसाथ उल्लेख गरेका छन् । टाल्स्टायका कथाहरू पढ्दा पुराण कथाको आनन्द प्राप्त हुन्छ । यस कारण संसारका अन्य भाषाभन्दा संस्कृत भाषा पूर्ण वैज्ञानिक र उच्चकोटीको छ ।

क) वेद र उपनिषद् : भोल्तेयरले भनेका छन्- "मानव समाजका लागि वेदभन्दा उत्कृष्ट अर्को उपहार छैन । वेद विश्वको सबभन्दा प्राचीन साहित्य हो । यी चारवटा छन्, ऋक्, यजु, साम, र अथर्व । **ऋग्वेद सबभन्दा पुरानो हो । यसको प्राथमिक ऋचा कम्तीमा १० हजार वर्ष पुरानो मानिन्छ । यसको सबभन्दा**

✍ लेखक त्रि.वि.वि.काठमाडौंमा प्राध्यापन गर्नुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन पाण्डुलिपि नेपालमा रहेको मानिएको छ । वेद मानव मात्रलाई उपलब्ध प्राचीनतम साहित्य एवं ज्ञान विज्ञानको अभिलेख हो । वि.सं.२०६४ मा विश्व सांस्कृतिक सम्पदा सूचीमा ऋग्वेदलाई सं.रा.सं.ले दर्ता पनि गरिसकेको छ। **कुलचन्द्र गौतम प्रतिष्ठानले प्रकाशित गरेको ऋग्वेद हाल उपलब्ध संस्करणहरूमा शुद्धतम मानिन्छ** । वेद र वेदमूलक स्मृतिहरूको अध्ययनबिना हामी आफ्ना आचार, विचार, धार्मिक, आर्थिक र सामाजिक मान्यता, र परम्परागत आस्था बुझ्न सक्दैनौ ।" साहित्य, सङ्गीत, कला, विज्ञान, अर्थशास्त्र आदि विषयको विकास बुझ्न पनि वेद नै सहायक छन् । वेदबाट नै उपनिषद् निकालिएको भनिएको छ । सङ्ख्या २,००० भन्दा बढी भनिएको भएतापनि १०८ उपनिषद् युगनिर्माण योजना मथुराले प्रकाशित गरेको छ । यी मध्ये १० वटालाई मुख्य मानिन्छ । **पहिलो उपनिषद् लगभग ३,००० वि.पू. रचना भएको अनुमान छ** । उपनिषद् विशेष साहित्य हो । यिनको रचना पद्धति अवैयक्तिक (इम्पर्सनल) एवं दार्शनिक छ । उपनिषद्लाई मानव मनको सर्वोच्च चिन्तनको रूपमा स्वीकार गरिएको छ। **वृहदारण्यक उपनिषद्को रचना मिथिलामा भएको मानिन्छ** । डा. प्रपन्नाचार्यको वेदमा के छ भन्ने पुस्तक वैदिक साहित्यबारे जानकारी दिने सबभन्दा राम्रो पुस्तक हो । यस कारण विश्व साहित्यमा वेद र उपनिषद् प्राचीनतम र उत्कृष्ट मानिएका छन् ।

ख) रामायण : रामायण सबैभन्दा पुरानो काव्य हो । यसको रचना वाल्मीकिले गरेका हुन् । **सर मोनयिर विलियम्सले रामायणको रचनाकाल ३०० वि.पू. अनुमान गरेका छन् भने कीथले ६०० वि.पू. अनुमान गरेका छन्** । **फादर कामिल बुल्केले प्रचलित ३०० प्रकारका रामायणको सङ्कलन गरेका छन्** । रामायणमा इक्ष्वाकु वंशका राजाहरूको कथा छ । पुत्र, पति, दाजु, युवराज वा राजा जुनसुकै रूपमा पनि रामलाई प्रकाशस्तम्भको रूपमा वर्णन गरिएको छ । रामको चरित्रलाई उच्चता दिन जनकनन्दिनी सीताको ठूलो योगदान छ । जानकीको जन्म जनकपुरमा भएको र वाल्मीकि आश्रम नवलपरासीमा रामायण लेखिएको अनुमान गरिएको छ । हिन्दु जीवन पद्धति बुझ्न र आजको नेपाली संस्कृतिको आधार बुझ्न रामायण महान स्रोत ग्रन्थको रूपमा रहेको छ । नेपाली भाषासमेतमा रामायणका अनेक संस्करण छन् । जसमा भानुभक्तीय रामायण प्रसिद्ध छ । पश्चिम नेपालमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकतारे भाकाको रविकृत रामायण निकै लोकप्रिय छ । अतः रामायण विश्वको पहिलो र उत्कृष्ट आध्यात्मिक काव्य प्रमाणित भएको छ ।

ग) महाभारतः महाभारत एक लाख श्लोक भएको विशाल महाकाव्य हो । विश्वमा यसको बराबरकै अर्को काव्य छैन, यसभन्दा ठूलोको के कुरा ? लगभग १५० वि.पू. यसको अधिकांश भाग निश्चित भइसकेको थियो भनी विद्वान्‌हरूले बताएका छन् । **खप्तड बाबाले महाभारतको रचना ३,१०० वर्षअघि भएको अनुमान गरेका छन् ।** महाभारतका मूल रचयिता कृष्णद्वैपायन व्यासलाई मानिएको छ । यो भरत वंशको कथा हो । यसमा दुष्यन्त शकुन्तलाको सन्तान भरतदेखि राजा परीक्षितसम्मको कथाको वर्णन छ । यसमा आधारित नेपाली काव्य शाकुन्तल समेत उत्तिकै लोकप्रिय छ । गीताजस्तो महान दार्शनिक ग्रन्थ यसको एक भाग हो ।

अर्थ, काम, र धर्मको बारेमा जुन कुरा महाभारतमा छ, त्यो मात्र अन्यत्र छ र जुन महाभारतमा छैन, त्यो अन्यत्र कहीं पनि छैन भनी रचनाकार स्वयंले यस पुस्तकलाई विश्वकोशको रूपमा प्रस्तुत गरेका छन् । जुन अतिशयोक्ति लाग्दैन । सवा शय वर्षअघि यसको सङ्कलन भण्डारकर ओरिएन्टल पुस्तकालयले गरेको हो । सो आधिकारिक प्रकाशनमा नेपालबाट पनि केही पाण्डुलिपिहरूको सहयोग लिइएको थियो । गीताप्रेस गोरखपुरले यसमा अझ परिष्कार गर्दै वर्तमान स्वरूप प्रकाशित गरेको छ । नेपालीमा चक्रपाणि चालिसेको सङ्क्षिप्त भारतमा महाभारतको सार प्रस्तुत गरिएको छ । यस कारण महाभारत विश्वकै सबैभन्दा ठूलो र आध्यात्मिक महाकाव्य हो ।

घ) पुराणः "कथाद्वारा नैतिक उपदेश दिनका लागि पुराणहरूको रचना गरिएको छ । अठार पुराण र दुईवटा उपपुराण गरी जम्मा सङ्ख्या २० मानिन्छ" ब्रह्म, पद्म, विष्णु, शिव, भागवत, वायु, नारदीय, अग्नि, ब्रह्मवैवर्त, वराह, स्कन्द, मार्कण्डेय, वामन, कूर्म, मत्स्य, गरूड, ब्रह्माण्ड, देवीभागवत, लिङ्ग, भविष्य । भागवत पुराण एक प्रसिद्ध पुराण हो, जसमा महाभारतको समानान्तर कथा छ, जुन कृष्ण चरित्रमा आधारित छ । वराह पुराणमा नेपालका नदी र तीर्थहरूको वर्णन छ । मत्स्य पुराणमा नेपाल कम्बलको वर्णन छ । अग्नि पुराणमा शालग्रामको महत्त्व वर्णन गरिएको छ । नेपालमा श्रद्धापूर्वक पढिने स्वस्थानी कथा स्कन्दपुराणमा आधारित बताइन्छ । पुराणहरूको खोजी र प्रकाशन कार्य काशी नरेशले गरेका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ङ) व्याकरण र अन्य साहित्यः वेदका कठिन शब्दहरूको सङ्कलन र त्यसको व्याख्यालाई निघण्टु अर्थात् वैदिक शब्दकोश भनिन्छ । निघण्टुको पहिलो व्याख्याता यास्क हुन् । भाषाकोशको सम्बन्धमा सबभन्दा पहिलो कोश अमरकोश (पहिलो शताब्दी) हो र यसका रचनाकार अमरसिंह काठमाडौं निवासी मानिएको छ । यसको नेपालीमा पहिलो व्याख्या पं. कुलचन्द्र गौतमले गरेका हुन् । व्याकरणसम्बन्धी अर्को महत्त्वपूर्ण ग्रन्थ अष्टाध्यायी हो । यसका रचनाकार पाणिनिले अर्घाखाँचीको पणेनामा ४०० वि.पू.मा रचना गरेको मानिन्छ । वैयाकरणहरू के मान्दछन् भने भाषाशास्त्रमा यो बेजोडको ग्रन्थ हो ।

भरत मुनिको नाट्यशास्त्र र भामहको काव्यालङ्कार बेजोड ग्रन्थ हुन् । राजशेखर, भोज, क्षेमेन्द्र, जयदेव, विश्वनाथ, जगन्नाथ आदि संस्कृत साहित्यमा विशेष योगदान गर्ने व्यक्तिहरू हुन् । कालिदास (वि.पू. पहिलो शताब्दी) लाई विश्वको सर्वश्रेष्ठ नाटककार मानिन्छ । छैठौं शताब्दीका प्रसिद्ध कवि भर्तृहरिले सिद्धबाबा धाम बुटवलमा शतकत्रय रचना गरेको बताइन्छ । बैताल पच्चीसी ग्रन्थका केही कथाहरूमा नेपालका विभिन्न स्थानको विवरण प्राप्त हुन्छ ।

च) कलाः "मानवीय मनको उत्कृष्ट अभिव्यक्ति नै कला हो ।" चित्रकारिता, गीतसङ्गीत, नृत्य, मूर्तिकला, अभिनय, सौन्दर्यशास्त्र, आभूषणकला, र प्रणयकला यस अन्तर्गत पर्दछन् । न्यातपोल मन्दिर एउटा उदाहरण हो ।

विष्णुधर्मोत्तर पुराणमा चित्रकारिताको बारेमा विस्तृत विवरण पाइन्छ । उर्वशी नाम गरेकी अप्सरा चित्रबाट उत्पत्ति भएको बताइएको छ । जुन उसको सुन्दरताका लागि वर्णन गरिएको उत्कृष्ट उदाहरण हो । ऋषि नारायणले कलाको शिक्षा विश्वकर्मालाई दिएको बताइएको छ । यसमा श्वेत, कृष्ण, रक्त, पीत, र हरितलाई आधारभूत रङ बताइएको छ । यसका अतिरिक्त तोकिएको अनुपात मिलाएर विभिन्न रङ बनाउने विधिसमेत वर्णित छ । कलाकारमा हुनपर्ने विशेष गुणको वर्णनसमेत त्यसमा उल्लेख छ । सफा जमिनमा धूलीचित्र (रेखी) हाल्ने काम ऋग्वेदमा नै प्रारम्भ भएको मानिन्छ । यसलाई रङ्गावली पनि भनिन्छ । कामसूत्रमा चामलको रङ्गावली (तण्डुलकुसुमावली) लाई ६४ कलामा समावेश गरिएको छ । त्यसै गरी पोशाक लगाउनु, माला बनाउनु, केश शृङ्गार लगायतलाई प्रायः सबै स्मृतिहरूमा कलामा समावेश गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ) सङ्गीत: सङ्गीतको प्राचीनतम ग्रन्थलाई गान्धर्ववेद भनिन्छ। यो सामवेदको उपवेद हो। गान्धर्ववेदका चार आचार्य प्रसिद्ध छन् : सोमेश्वर, भरत, हनुमत् र कल्लिनाथ। सङ्गीतमा नारदको नाम बारम्बार आउने गर्छ। थोरै धेरै भए तापनि गान्धर्ववेदको निरन्तरता कायम छ। सङ्गीतशास्त्रका लगभग पाँच दर्जन ग्रन्थहरू उपलब्ध छन्। भरतमुनिको नाट्यशास्त्र आजभन्दा २,१०० वर्ष पूर्व रचना गरिएको मानिन्छ। यसमा सङ्गीत शास्त्रको विधिपूर्वक विवरण दिइएको छ। शास्त्रीय गीत, सङ्गीत, र नृत्य आज पनि संसारमा विख्यात छन्। ऋषिहरूले ध्वनि प्रतिध्वनि, स्वर, व्यञ्जनको उपयोगका विधि बनाए। सात सुरको विकास गरे। नृत्यकलाको ज्ञान नटराज शिवबाट प्राप्त भएको मानिएको छ। नेपालमा रेडियो नेपालको स्थापना देखि गीत सङ्गीतको विकास तीव्र भएको देख्न सकिन्छ। सङ्गीत प्रवीण नरराज ढकाल, गायिका मेलवादेवी, तारादेवी आदिले शास्त्रीय र आधुनिक सङ्गीतमा योगदान दिएका छन्।

प्रणयकलाका लागि साधारण अधिकरण, सांप्रयोगिक, कन्यासंप्रयुक्त, भार्याधिकारिक, पारदारिक, वैदेशिक आदि दुई दर्जन ग्रन्थको नाम पाइन्छ। त्यसमा वात्स्यायनको कामसूत्र सबभन्दा विस्तृत छ। बृहदारण्यक उपनिषद्मा काम सम्बन्धी सूक्ष्म अवधारणा पाइन्छन्।

२. वास्तुशास्त्र:

हुनत, मत्स्य पुराणमा वास्तुशास्त्रका प्रणेताहरूमा भृगु, अत्रि, वसिष्ठ, विश्वकर्मा, मय, नारद, नग्नजित्, भगवान् शङ्कर, इन्द्र, ब्रह्मा, कुमार, नन्दी, शौनक, गर्ग, वासुदेव, अनिरुद्ध, शुक्र, र बृहस्पति गरी १८/१९ जनाको नाम उल्लेख छ, तर वास्तुशास्त्रका आधिकारिक ऋषि विश्वकर्मा र वास्तुशिल्पी मय नाम गरेका असुर हुन्। वास्तु पूजा गर्नु पर्ने कारण पनि सो पुराणमा उल्लेख गरिएको छ। विश्वकर्माले रचना गरेको ग्रन्थ स्थापत्यवेद हो। स्थापत्य वेदमा वास्तुपुरुषको कल्पना गरिएको छ। यस आधारमा घरको डिजाइन गरिन्छ। शिल्पशास्त्रलाई यसरी परिभाषित गरिएको छ

प्रासादप्रतिमाऽऽरामगृहवाप्यादिसत्कृतिः।
कथिता यत्र तच्छिल्पशास्त्रमुक्तं महर्षिभिः ॥ शुक्रनीति ४.३.५६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तु पुरुष :

वास्तुशिल्पका अनेक प्राचीन उदाहरण छन् । त्यस बेला मूर्ति बनाउने काम माटो, ढुङ्गा, र काठमा गरिन्थ्यो । नेपाली मन्दिरहरू काठका टुडाँल, झ्याल र ढोकामा कुँदिएका कलाकृतिका लागि विशेष प्रसिद्ध छन् । बौद्ध स्तूप वास्तुकलाका अनुपम नमुना मानिन्छन् । मन्दिर र स्तूपका गजुरहरूमा विशेष शिल्प र नियम पाइन्छन् । **भक्तपुरको न्यातपोल मन्दिर त्यसमध्ये एक उत्कृष्ट नमुना हो । यो विशाल संरचना जम्मा २१० दिनमा तयार भएको हो ।**

३. पोषण: पोषण मानवका तीन आधारभूत आवश्यकतामध्ये एक हो । पोषणको आधार अन्न हो । अन्न शब्द संस्कृतको अद् धातुबाट बनेको छ । अद्यते अस्मै इति अन्नम् । ऋग्वेद अन्न सूक्तमा अन्नको प्रशंसा गरिएको छ । किनभने यसले सन्तुष्टि र पोषण दिन्छ । ब्राह्मण ग्रन्थहरूले अन्नका विषयमा विविध दृष्टिले विचार गरेका छन् । अन्नलाई संस्कृतमा ओषधि पनि भनिन्छ । छान्दोग्य उपनिषद्ले शरीर मात्र होइन, मन निर्माणको आधार अन्न हो भनेर व्याख्या गरेको छ । बृहदारण्यक उपनिषद्ले भोजनमा केवल मेरो मात्र अधिकार छ भनी सोच्ने पापी हो भनेको छ । तैत्तिरीय उपनिषद्ले अन्नं बह्म भनेको छ । गीताले सात्विक, राजस्, र तामस् तीन किसिमका भोजनको व्याख्या गरेको छ । भोजनको शुद्धतालाई सर्वत्र सर्वोच्च महत्त्व दिइएको छ । महाभारतमा राजा नललाई यन्त्रशास्त्र र पाकविद्याका विशेषज्ञ बताइएको छ । मानसोल्लास भन्ने ग्रन्थमा अन्न भोगको एक अलग अध्यायमा विस्तृत वर्णन छ । जसमा भोजनका प्रकार, शाकाहारी तथा मांसाहारी भोजनका विधिहरूको व्याख्या छ । यसमा मुख्यतः दक्षिणभारतको पाकविद्याको वर्णन छ । बौद्ध साहित्यसमेतमा ८४ व्यञ्जनको उल्लेख बारम्बार आउँछ । खानाको स्वच्छता, पोषण, र शारीरिक मानसिक स्वास्थ्यमा यसको प्रभावबारे अनेक ग्रन्थहरूमा विवरण पाइन्छ । हिन्दु दर्शनले भोजनलाई हमेशा बाँडेर खानु पर्छ भन्ने सिद्धान्त प्रतिपादन गरेको छ ।

४. योग र चिकित्सा :

आयुर्वेदको प्रारम्भ ऋषि धनवन्तरिबाट भनिएको छ । अश्विनीकुमार लाई पनि आयुर्वेदको च्यवनप्राशलगायत अनेक औषधिका आविष्कर्ता मानिन्छ । तर २,५०० वर्ष पूर्व चरकले आयुर्वेदको विधिवत विकास प्रारम्भ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका हुन् । पाँचौं छैठौं शताब्दीबाट यसको विकास तीव्र भएको बुझिन्छ । सातौं देखि १५ औं शताब्दीसम्म यसको निरन्तर विकास भएको देखिन्छ । चिकित्साका अनेक शीर्ष ग्रन्थहरू छन्, जसमा मानव स्वास्थ्य, पशु स्वास्थ्य र बोट बिरूवाको स्वास्थ्यबारे व्याख्या छ । यी सबैलाई आयुर्वेद, वृक्षायुर्वेद, पशु आयुर्वेद भन्ने प्रचलन छ । यसमा कायचिकित्सा, बालचिकित्सा, सर्जरी, भूतविद्या, रसायन (फार्मेसी) जस्ता अनेक शाखाहरूको विकास गरिएको छ । आयुर्वेद विषयहरूमा सर्वप्रथम शोधका विधिहरू (तन्त्रयुक्ति) को प्रयोग गरिएको देखिन्छ । त्यसपछि सामाजिक विषयहरूमा पनि तर्कशास्त्रका विधिहरू प्रयोग गरिएको पाइन्छ ।

चरक संहिता, सुश्रुत संहिता आदि मानव चिकित्साका ग्रन्थ हुन् । सुश्रुत संहिताको मूल पाण्डुलिपि नेपालमा मात्र रहेको बताइएको छ । चरक संहितामा आयुर्वेदलाई यसरी परिभाषित गरिएको छ :

हिताहितं सुखं दुःखमायुस्तस्य हिताहितम् ।
मानं च तच्च यत्रोक्तमायुर्वेदः स उच्यते ॥ चरक १.४०॥

हित-आयु, अहित-आयु, सुख-आयु र दुःख-आयुका बारेमा वर्णन गर्ने शास्त्र आयुर्वेद हो । सूश्रुतसंहितामा स्वास्थ्यलाई निम्नलिखित प्रकारले परिभाषित गरिएको छः

समदोषः समाग्निश्च समधातु मलक्रियः ।
प्रसन्नात्मेन्द्रियमनाः स्वस्थ इत्यभिधीयते ॥ सूश्रुतसंहिता॥

जसका तीन दोष (वात, पित्त र कफ) सन्तुलित छन् । जठराग्नि असन्तुलित (मन्द वा तीव्र) छैन, शरीरका सात धातु (रस, रक्त, मासु, मेद, अस्थि, मज्जा र वीर्य) समानुपातिक छन् । मल मूत्र विसर्जन उचित हुन्छ र सम्पूर्ण इन्द्रियसहित त्यसको मालिक मन भित्रैदेखि प्रसन्न हुन्छ, त्यसलाई स्वस्थ भनिन्छ ।

चरकले स्वास्थ्यका तीन आधार बताएका छन्ः आहार, निद्रा र ब्रह्मचर्य । गीतामा पनि युक्त आहार विहार, युक्त कर्म, उचित शयन र जागरण गर्नेको मात्र योग सफल हुने कुरा बताइएको छ ।

योगले यस जीवनलाई न प्रथम ठान्छ न अन्तिम नै मान्छ । शाश्वत प्रवाहको एक कालिक अभिव्यक्ति मात्र मान्दछ । हाम्रो यो वर्तमान जीवन सम्पूर्ण जीवनको परिणाम पनि हो र आगामी जीवनको प्रस्तावना पनि । यो त्यो खेतजस्तै हो जहाँ विगतमा रोपिएको बाली थन्क्याउने काम पनि भइरहेको छ र सँगै नयाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाली लगाउने काम पनि भइरहेको छ। अब आउने जीवनलाई निर्धारित गर्ने पूर्ण स्वतन्त्रता मानव मात्रलाई प्राप्त छ।

स्वास्थ्यका लागि योगको महत्त्व आज विश्वमा स्वीकार गरिसकिएको छ। **सं.रा.सं.ले २१ जूनलाई विश्व योग दिवसको रूपमा घोषणा गरेको छ। यस दिवसको प्रस्तावक देश भारत र समर्थक देश नेपाल हो।** वर्तमान समयमा आयुर्वेद चिकित्सालाई आधुनिक स्वरूप प्रदान गर्नुमा डाबर, वैद्यनाथ, पतञ्जलि योगपीठको विशेष योगदान छ। नेपालमा सिंहदरबार वैद्यखानाले आयुर्वैदिक औषधिको निर्माण गर्छ।

५. दर्शन :

पाश्चात्त्य र हिन्दु चिन्तनमा एक भिन्नता के छ भने युरोपेली चिन्तनमा धर्म, राजनीति, जीवन, दर्शन यी सबै भिन्न भिन्न कुराहरू हुन्। तर पूर्वीय चिन्तन के हो भने दर्शनशास्त्र सर्वत्र व्यापक हुन्छ

प्रदीपः सर्वविद्यानामुपायः सर्वकर्मणाम्।
आश्रयः सर्वधर्माणां शश्वदान्वीक्षकी मता ॥ कौ.अ.१.१॥

दर्शनले सबै विद्याहरूलाई उज्यालो गर्छ। यो सबै कार्यको साधन र सबै धर्मको आश्रय मानिएको छ। दार्शनिक विवेचनाका दृष्टिले प्राचीनकालमा ज्यादै गहन विश्लेषण भएको कुरा विभिन्न दर्शनहरूको अध्ययनले स्पष्ट गर्दछ। मध्वाचार्यले सर्वदर्शन सङ्ग्रहमा आफ्नो समयसम्म प्रचलित सबै दर्शनलाई सङ्ग्रह गरेर हामीलाई ऋणी बनाएका छन्। अध्ययनका दृष्टिले ती सबैलाई आस्तिक र नास्तिक दर्शनको रूपमा विभाजन गरिन्छ। आस्तिक दर्शनमध्ये गौतमको न्यायशास्त्र (वि.पू.६००), कपिलको साङ्ख्यशास्त्र (वि.पू.४००), जैमिनिको मीमांसा (वि.पू. २००), कणाद्को वैशेषिक (वि.पू.२००), पतञ्जलिको योग दर्शन (वि.पू.२००) र वेदान्त दर्शन (वेदव्यासदेखि शङ्कराचार्य ८०० वि.सं.सम्म) प्रमुख छन्। शङ्कराचार्यले अद्वैत दर्शनको प्रारम्भ गरेका हुन्। यस पछि द्वैतवाद, विशिष्टाद्वैत, द्वैताद्वैत, शुद्धाद्वैत इत्यादि शाखाहरू विकसित भएका छन्।

यसका अतिरिक्त लोकायत, माध्यमिक, योगाचार, सौत्रान्तिक, वैभाषिक र आर्हत दर्शन पनि छन्। यी दर्शनलाई नास्तिक दर्शन भनिन्छ। यसमध्ये लोकायत (चार्वाक) दर्शनबाहेक अन्य दर्शनहरूको विकास बौद्ध र जैन दर्शनअन्तर्गत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको छ। चार्वाक दर्शनको पनि स्वतन्त्र ग्रन्थ पाईंदैन । सर्वदर्शन सङ्ग्रहको सानो सङ्कलन नै यसको वर्तमान आधार हो ।

६. राजधर्म :

राज्य सञ्चालनका नियमहरू बताउने विषयलाई राजधर्म भनिन्छ । यस सम्बन्धमा रामायण, महाभारत, मनुस्मृति, कौटिलीय अर्थशास्त्र, राजनीति रत्नाकर जस्ता अनेक ग्रन्थ उपलब्ध छन् । महाभारतको शान्ति पर्वको सम्पूर्ण सामग्री राजधर्म हो । यसमा राजाका कर्तव्य, मन्त्रीपरिषद्का काम, शान्ति सुरक्षाका नियमहरू, असजिलो समयका नीति र उन्नतिका नियमहरू बारे विस्तारमा उल्लेख गरिन्छ । यस सम्बन्धी सबै शास्त्रले आश्रम, वर्ण, र पुरुषार्थको वर्णन गर्दछन् । हजारौं वर्ष वनमा तपस्या गर्ने ऋषिले जति फल पाउँछन्, शान्ति सुरक्षा कायम गर्ने शासकले त्यो भन्दा बढी फल प्राप्त गर्छ भनिएको छ । यस नीतिलाई दण्डनीति पनि भनिएको छ। दण्डनीतिलाई चार भागमा विभाजन गरिएको छः साम, दाम, दण्ड, र भेद । यसमध्ये सुरुका दुईवटा नरम नीति र पछिल्ला दुई नीतिलाई कडा नीति भनिन्छ। दण्डनीतिको महत्त्वलाई यसप्रकार व्याख्या गर्न सकिन्छ ।

चतुर्वर्णाश्रमो लोको राज्ञा दण्डेन पालितः ।
स्वधर्मकर्माभिरतो वर्तते स्वेषु वेश्मसु ॥ कौ.अ.१.३॥

दण्ड व्यवस्थाले रक्षित चार आश्रम र चार वर्णको समाज आआफ्ना कर्ममा प्रवृत्त रहिरहेमा सबैको मर्यादा र उन्नति हुन्छ ।

राज्यको सप्ताङ्ग सिद्धान्तलाई सर्वत्र स्वीकार गरिएको छ । राज्यको प्रमुख लक्ष्य योगक्षेम मानिएको छ। नीतिशास्त्रमा अर्थ, काम, र धर्मको मूल राज्य हो भन्ने घोषणा गरिएको छ । राजधर्म सम्बन्धी ग्रन्थहरूको पछिल्लो रचनाक्रम चौधौं शताब्दीसम्म भएको देखिन्छ। नेपालमा राजनीति रत्नाकर ११औं शताब्दी (मल्लकाल) मा र दक्षिण भारतमा मानसोल्लास १३औं शताब्दी (चालुक्यकाल) मा भएको देखिन्छ ।

७.युद्ध-शास्त्रः युद्ध सम्बन्धी विविध तालिम र सैद्धान्तिक ज्ञान तक्षशिलामा दिइन्थ्यो भन्ने उल्लेख पाइन्छ । शिव, वैशम्पायन, वसिष्ठ र द्रोणरचित धनुर्वेदसम्बन्धी ग्रन्थहरू पाइन्छन् । परशुरामलाई शस्त्र विद्याका आचार्य भनिएको छ। उनका गुरु शिवलाई बताइएको छ। महाभारतमा अनेक प्रकारका युद्ध रणनीति, शस्त्र र अस्त्रको विवरण पाइन्छ । टाढाबाट हिर्काउने कम्तीमा २० प्रकारका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हतियारको वर्णन त्यहाँ उपलब्ध छ। योद्धाहरूलाई रथी, अतिरथी, महारथी इत्यादि वर्गीकरण गरिएको छ। प्राचीन ज्ञानमध्ये धनुर्वेद लोप हुने अवस्थामा छ। यसका ग्रन्थहरूको ज्यादै कम प्रयोग भएको र प्राचीन युद्ध शास्त्रको तुलनामा आधुनिक समयमा धेरै ठूलो उन्नति भइसकेकोले पनि यसबारेमा मानिसहरूको रुचि कम छ। त्यसैले जानकारी पनि ज्यादै न्यून छ। जे जति जानकारी प्रचलित छन्, ती देवीभागवत र महाभारतजस्ता ग्रन्थहरूले जीवित राखेका छन्।

८. ज्योतिष र खगोलविद्या :

ज्योतिषका दुई भाग छन् - गणित र फलित। दुवैको गहन अध्ययन विगतमा गरिएको छ। रामायण र महाभारतसमेतमा गणित र फलित ज्योतिषका अवधारणा स्पष्टसँग व्यक्त भएका छन्। गणित ज्योतिष ग्रह नक्षत्रको गतिसँग सम्बन्धित छ। यसबाट उनीहरूलाई ग्रहगति, सूर्य र चन्द्रग्रहणको भविष्यवाणी सम्बन्धी ज्ञान थियो भन्ने स्पष्ट हुन्छ। आज बैशाख, जेष्ठ भनिने यी महिना सुरुमा १२ आदित्यको नाममा राखिएको अनुमान छ। सौर्य गति र चान्द्रगति दुवैलाई मिलाएर बनाइएको विश्वको एक मात्र क्यालेन्डर नेपाली क्यालेन्डर मानिन्छ। याज्ञवल्क्य स्मृतिमा वारहरूको नामकरणका आधार बताइएको छ। कौटिलीय अर्थशास्त्रमा तिथिका आधारमा वर्ष गणनाको विवरण छ। यस विवरणमा वर्ष दिन ३६० नपुगेर ६ दिनको कमी हुने कुरा बताइएको छ। वराहमिहिर र आर्यभट्टले ग्रहगतिका सिद्धान्त (वि.पू.६००) र सूर्य सिद्धान्त प्रतिपादन गरेका छन्। १,४०० वि.सं.सम्म यसको विकास भएको देखिन्छ।

सूर्य, चन्द्र र अन्य नक्षत्रहरूका राम्रा नराम्रा प्रभाव हुन्छन् भन्ने आधारमा फलित ज्योतिषका ग्रन्थ रचना गरिएका छन्। उदाहरणका लागि भृगु संहिताको मूलप्रति नेपालमा नै छ। वेदको प्राचीन यस अङ्गको भने निरन्तरता रहेको देखिन्छ र आज पनि दुवै ज्योतिष प्रचलनमा छन्। ज्योतिषका अमूल्य ग्रन्थहरू नेपालमा छन् भन्ने विश्वास गरिन्छ। नेपालमा पर्वतस्थित पाङ् ज्योतिष विद्याका लागि विगतमा प्रसिद्ध स्थान मानिएको छ।

९.गणित र विज्ञान:

जसरी मुजुरको कल्की र नागको शिरमा मणि सर्वोच्च स्थानमा हुन्छन्, त्यसै गरी वेदाङ्ग शास्त्रमा गणितको स्थान सर्वोच्च हुन्छ भनिएको छ -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा शिखा मयूराणां नागनां मणयो यथा ।
तद्वद् वेदाङ्गशास्त्राणां गणितं मुर्ध्नि संस्थितम् ॥ वेदाङ्ग ५॥

प्रारम्भिक गणित भने यज्ञवेदीबाट ज्यामितिको रूपमा विकास भएको हो । त्यो स्वरूप भूमिति हो । शून्यको आविष्कार हिन्दु गणितज्ञको सबभन्दा ठूलो योगदान मानिन्छ । यसबाट पश्चिमी गणितज्ञहरूले दशमलवको विकास गर्न सकेका हुन् । ऋग्वेदको दशमिक बनावट स्वयम्मा आश्चर्यजनक तथ्य हो । महाभारतमा एक लाखका लागि भनिएको शतसहस्र र अङ्ग्रेजीमा हन्ड्रेड थाउडेन्ड्स एउटै शब्दावली हो भन्दा हामीलाई आश्चर्य लाग्न सक्छ । **पाँचौं शताब्दीमा भास्कराचार्यले पृथ्वीद्वारा सूर्यको परिक्रमा अवधि एक वर्षमा ३६५.२५८ दिन गणना गरेका हुन्** । पाइथागोरसले आफ्नो साध्यको ज्ञान बौधायनबाट प्राप्त गरेको मानिन्छ ।

आइन्स्टाइनले भनेका छन्- हामी हिन्दु ऋषिहरूप्रति ऋणी छौं, किनभने उनीहरूले गणितको विकास गरे । यसद्वारा नै आधुनिक विज्ञानको विकास गर्न सकिएको हो । परमाणु विज्ञानका पिता रदरफोर्डले विज्ञानका जटिल समस्याको समाधान उपनिषद्मा खोज्ने गरेको कुरा बताएका छन् । रबर्ट ओपेनहाइमरले भनेका छन्-आधुनिक भौतिकी वैदिक ऋषिहरूको प्राचीन ज्ञानको विकास र परिशोधन मात्र हो ।

संस्कृतमा गणित, रस शास्त्र, डिटर्जेन्ट प्रविधि, धातु प्रशोधन र विमानशास्त्र बारे ग्रन्थहरू पाइन्छन् । भारद्वाज रचित विमानशास्त्रमा आठ अध्याय र ३,००० श्लोक छन् । यसमा विमानको परिभाषा यस प्रकार छ - वेग संयत् विमानो अण्डजानाम् । पक्षीहरूजस्तो वेगवान् भएकोले यसलाई विमान भनिन्छ । विभिन्न थरि विमान बनाउने तरिका यसमा दिइएको छ ।

१०. अर्थवेद :

भौतिक समृद्धिको बारेमा व्याख्या गर्ने वेदलाई अर्थवेद (शिल्पशास्त्र) भनिएको छ। यसलाई ऋग्वेदको उपवेद भनिएको छ। अर्थवेदका ठूला ग्रन्थहरूको विवरण यस प्रकार छन्-

१. अर्थोपवेद- यसको श्लोक सङ्ख्या एक लाख बताइएको छ ।
२. अर्थवेद- यसको श्लोक सङ्ख्या ३० हजार बताइएको छ ।
३. अर्थ चन्द्रोदय- यसको श्लोक सङ्ख्या २० हजार बताइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. सम्पत्ति शास्त्र- यसको श्लोक सङ्ख्या एक लाख २० हजार बताइएको छ। यसबाहेक दुई साना ग्रन्थको उल्लेख पनि पाइन्छ। तर यी सबै ग्रन्थहरू सम्भवतः लोप भइसकेका छन्। धनुर्वेद झैं अर्थवेदको विषय वस्तु लोप प्रायः भएको त छैन तर पश्चिमा अर्थशास्त्रको प्रचारको तुलनामा यसको विषय वस्तु गौण बनेको छ। अर्थवेदको सम्बन्धमा हाल प्रचलित २८ वटा स्मृतिग्रन्थहरूलाई बुझ्नुपर्छ। किनभने अर्थशास्त्र विषयमा सबैले केही न केही उल्लेख अवश्य गरेका छन्। मुख्य स्मृतिकारहरूमा मनु, याज्ञवल्क्य, अत्रि, विष्णु, हारित, अङ्गिरा, यम, कात्यायन, बृहस्पति, पराशर, व्यास, दक्ष, गौतम, वसिष्ठ, नारद, शङ्ख आदि लिखित पर्दछन्। बार्हस्पत्य अर्थसूत्र, कौटिलीय अर्थशास्त्र, शुक्रनीति र कामन्दकीय नीतिसार मा अर्थशास्त्रको विषयमा गहन चर्चा छ।

अर्थशास्त्रका अनेक ग्रन्थ भएको विश्वास गरिन्छ। तर प्राचीन ग्रन्थमध्ये एक मात्र ग्रन्थ उपलब्ध छ- कौटिलीय अर्थशास्त्र। जसको रचना वि.पू. ३०० मा भएको अनुमान छ। यो १५ खण्ड वा अधिकरण भएको विशाल ग्रन्थ हो। यस ग्रन्थको रचना आधुनिक शोधको पद्धतिको आधारमा गरिएको देख्दा हामीलाई आश्चर्य लाग्छ। अर्थशास्त्रलाई कौटिल्यले यसरी परिभाषित गरेका छन्- मनुष्याणां वृत्तिरर्थः मनुष्यवती वृत्तिरर्थः। तस्या लाभ रक्षणोपाय शास्त्रं अर्थशास्त्रमिति। यस ग्रन्थको पुनरुद्धार श्यामशास्त्रीले बीसौं शताब्दीको सुरुमा गरेका हुन्। नेपालमा यस विषयलाई परिचित गराउने कार्य धनवज्र वज्राचार्य र नयराज पन्तले गरेका हुन्।

११. खेलकुद र मनोरञ्जन :

रामायण, महाभारत, पुराण, र अन्य प्राचीन ग्रन्थहरूमा स्वयम्वरको अवसरमा युवराजहरूले आआफ्नो क्षमता देखाउँथे भन्ने उल्लेखले त्यस समयमा आन्तरिक र बाह्य क्षमता प्रदर्शनको प्रतियोगिता हुन्थ्यो भन्न सकिन्छ। विभिन्न प्रकारका बाजाजस्तै दुन्दुभी, वीणाहरू बजाउनेमा प्रतियोगिता गरेको विवरण पाइन्छ। गीत गाउने प्रतियोगिता र मल्लयुद्ध पनि हुन्थ्यो। महाभारतमा जुआको वर्णन पाइन्छ। यसको आयोजना ठूलो तामझामसाथ गरिन्थ्यो। किनभने जुआ खेल्न राजाहरूलाई निमन्त्रणा दिने र त्यसलाई चुनौतीको रूपमा स्वीकार गरेर खेल्ने परम्परा थियो। जुआको चुनौती युद्धको चुनौतीजस्तो सम्मानको प्रश्न बनाइन्थ्यो। शकुनि, नल, युधिष्ठिर आदि यस खेलका चतुर खेलाडी थिए, तर यो खेल गान्धार मा विकसित भएको बुझिन्छ। शास्त्रहरूमा गान्धारलाई शिवको प्रिय नगरी पनि भनिएको छ। शकुनि र उसको पुत्र भने यस खेलका उत्कृष्टतम खेलाडी मानिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । यो पासाका आधारमा खेलिन्थ्यो । अहिले अमेरिकी पेटेन्ट अधिकारमा भएको साँपसिँढीको जस्तो खेल हिन्दु, जैन र बौद्ध भिक्षुहरूले खेल्ने गर्थे । जैन आश्रममा यसलाई ज्ञानको बाजी भनिन्थ्यो । चेसको खेल प्राचीन समयमा चतुरङ्ग खेलको नामले खेलिन्थ्यो । पुतली खेलहरूको प्रचलन थियो । पासा फालेर जुआ खेलिन्थ्यो । शिव पार्वतीले पासा खेलेको प्रसङ्ग स्वस्थानीमा छ । कथामा शिव पार्वतीले विभिन्न रूप राखेर मनोरञ्जन गरेको विवरण पनि छ । यसबाट त्यसबेला वेश बदल्ने प्रकृतिको कुनै खेल प्रचलनमा थियो भन्ने बुझिन्छ ।

मल्ल-युद्ध, गदा-युद्ध, तरवार सञ्चालन, धनुर्बाण प्रतिस्पर्धा इत्यादि त्यस समयका प्रतिस्पर्धी खेल थिए । जलक्रीडा अन्तर्गत पानीका केही खेलहरू थिए भन्ने अनुमान छ । अश्वारोह, हस्त्यारोह, रथ दौडका प्रतिस्पर्धा गरिन्थ्यो । डण्डी-बियो, कपर्दीजस्ता खेलहरू पनि खेलिन्थे । यसरी इनडोर र आउटडोर प्रकृतिका खेल हुने गर्थे ।

विशेष समयमा आयोजना गरिने राजकीय यज्ञमा मानिसहरू जम्मा हुने गर्थे । त्यस अवसरमा सामान्य मानिसहरूलाई नाचगानजस्ता मनोरञ्जन कार्यमा व्यस्त गरिन्थ्यो । विद्वान्हरू त्यस समयमा शास्त्रार्थ गर्दथे । अन्य बौद्धिक प्रतिस्पर्धा पनि हुने गर्थ्यो । विशेष गरी गाउँखाने कथा (प्रहेलिका) र प्रश्नोत्तर (संवाद) । प्रश्नोत्तर कुन प्रकृतिको हुन्थ्यो भन्ने कुरा बुझ्न यक्ष युधिष्ठिर संवादलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ । बैताल पच्चीसी ग्रन्थमा कथामा आधारित प्रश्नोत्तर छन् । गीत, कविता, प्रतिस्पर्धा, समस्यापूर्ति र अन्ताक्षरी कविताजस्ता बौद्धिक खेलको प्रचलन थियो ।

खेलकुदबारे सविस्तार उल्लेख गरिएको ग्रन्थ मानसोल्लास मात्र हो । यसको रचना दक्षिण भारतका चालुक्यवंशी (११-१३ औं शताब्दी) राजा सोमेश्वरदेवले गरेका हुन् । यसका पाँच मुख्य खण्ड छन् । प्रत्येक खण्डमा २० अध्याय छन् । पहिलो खण्डमा राज्य प्राप्ति (३०८ श्लोक), दोस्रो खण्डमा राज्यको स्थायित्व (१३०० श्लोक), तेस्रोमा पाकविद्या (१८२० श्लोक), चौथोमा मनोरञ्जन विधा (३२१९ श्लोक) को सविस्तार वर्णन छ । यो यस ग्रन्थको सबभन्दा ठूलो भाग हो । पाँचौंमा क्रीडा शास्त्र (श्लोक १३७५) को वर्णन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२. कर्मकाण्डः

यज्ञ-संस्कार आदि कर्मकाण्ड सम्बन्धी कृत्य ऋषि मुनिहरूका लामो शोध, प्रयोग र अध्ययनद्वारा विकसित गरिएका यस्ता असामान्य क्रिया-कृत्य हुन् , जसमा महत् चेतना र मानवीय पुरुषार्थका सूक्ष्म योगसाधनालाई श्रव्यदृश्य (अडियो भिजुअल) स्वरूप प्रदान गरिएको हुन्छ। यसमा अनुशासित स्थूल क्रियाकलापद्वारा आन्तरिक सूक्ष्म शक्तिहरूलाई जागृत र व्यवस्थित गरिन्छ । जसरी औषधि निर्माण क्रममा अनेक प्रकारका उपचार गरेर सामान्य वस्तुमा औषधि गुण उत्पन्न गरिन्छ, त्यसै गरी मानव अन्तःकरणमा सत्प्रवृत्ति, सद्भावना, सुसंस्कारको जागरण, आरोपण, विकास व्यवस्था लगायत महत् चेतनाको वर्चस्व बोध गराउन, त्यससँग सम्बन्धित छन्, उनको अनुग्रह ग्रहण गर्नेसम्मका महत्त्वपूर्ण क्रममा कर्मकाण्डहरूको निश्चित उपयोगिता छ । त्यसैले कर्मकाण्डको उपेक्षा गर्नु पनि हुँदैन र यसलाई चिन्ह पूजाजस्तो मामुली कृत्य ठानेर सस्तो पुण्य बटुल्ने कुरा पनि सोच्नु हुंदैन । कर्मकाण्ड वेदको एक भाग हो र यो पूर्व मीमांसा दर्शनमा आधारित छ ।

मानव समाज विकसित हुँदैजाँदा कर्मकाण्डका विधिहरूमा समयानुसार परिवर्तन र नयाँ विधिहरू थप हुँदै गएका छन् । जसको विकास ब्राह्मण ग्रन्थ र पुराणहरूमा देख्न सकिन्छ । संस्कारका कर्मकाण्ड लौकिक जीवनपद्धतिलाई अनुशासित र सुरुचिपूर्ण बनाउन आवश्यक छन् । उदाहरणका लागि एउटा युवा र एउटी युवतीसँग त्यत्तिकै सँगैबस्नु र विधिपूर्वक विवाह गरेर गृहस्थी सञ्चालन गर्नुमा निकै ठूलो अन्तर हुन्छ। यस अन्तरको कारकतत्त्व कर्मकाण्ड हो। वर्तमान समयमा पं श्रीरामशर्मा आचार्यले कर्मकाण्ड विधिलाई वैज्ञानिक स्वरूप प्रदान गर्न ठूलो योगदान गरेका छन् ।

संक्षेपमा, वर्तमान समयको हाम्रो ज्ञान ऋषि मुनिहरूबाट प्रतिपादित र विकसित गरिएको ज्ञानको एक निरन्तरता मात्र हो । हाम्रा पुर्खाहरूले मानवीय जीवनका विविध समस्याहरूको समाधानका लागि जेजति अध्ययन गरेका थिए, त्यो विश्लेषण गर्दा उनीहरूको दूरदृष्टिप्रति हामीलाई गर्वको अनुभूति हुन्छ । उनीहरूको सूक्ष्मदृष्टिले ज्ञानका विविध आयाम छोएको स्पष्ट देख्न सकिन्छ ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराणको सन्देश

✍ डा. नवराज कट्टेल

१. पुरोवाक्

पुराण शब्दले पुरानो भन्ने अर्थ दिन्छ। नेपाल र भारतमा पुराणको लामो परम्परा रही आएको पाइन्छ। पुराण वेदोत्तरकालमा विकसित भएको मानिन्छ। सनातन परम्परामा वेद नै ज्ञान र चिन्तनका स्रोत हुन्। वैदिक साहित्यको विशिष्ट परम्परा र प्रोज्जवल इतिहास प्राप्त छ। वैदिक साहित्यभित्र वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, वेदाङ्ग र सूत्र ग्रन्थहरू पर्दछन्। वेदसंहिता चार छन्- ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद। चार उपवेद छन्- धनुर्वेद, गन्धर्ववेद, स्थापत्यवेद र अर्थशास्त्र। वेदका षडङ्गमा व्याकरण, ज्यौतिष, कल्प, छन्द, निरूक्त र शिक्षा पर्दछन्।

वेदसंहिताका पनि सयौं शाखाभेद पाइन्छन्। तर हाल सबै उपलब्ध छैनन्। यजुर्वेदका शुक्ल र कृष्ण दुवै शाखा हाल पनि पठनपाठनमा रहेको पाइन्छ। सामवेदको सय शाखाको बयान पाइन्छ। शतपथब्राह्मण, गोपथब्राह्मण, तैत्तरीय ब्राह्मण, ऐतरेय ब्राह्मण आदि ब्राह्मण ग्रन्थ रहेका छन्। आरण्यक ग्रन्थको चर्चा कम पाइन्छ तर ती ग्रन्थहरू उपनिषद्मा समाविष्ट छन्। उपनिषद् १०८ छन्। कतै कतै त २०८ को चर्चा पनि पाइन्छ। व्याकरण ९ किसिमका उपलब्ध छन् र हाल पाणिनीय व्याकरणको पठनपाठन पाइन्छ। वेदाङ्ग ज्यौतिषको चर्चा एकातिर छ भने सिद्धान्त ज्यौतिष र फलित ज्यौतिषको अध्ययन परम्परा पनि भेटिन्छ। कल्पसूत्रमा श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र र शुल्वसूत्र रहेका छन्। वैदिक छन्द र लौकिक छन्दको व्याख्या पिङ्गलछन्दः सूत्रमा भेटिन्छ। याग्यवल्क्य शिक्षा, पाणिनीय शिक्षा, नारदीय शिक्षा आदि दर्जनौं शिक्षाग्रन्थ पनि उपलब्ध छन्। यिनै वैदिक साहित्यको पृष्ठभूमिमा पौराणिक साहित्यको विकास र विस्तार भएको पाइन्छ।

२. पुराणको प्रचीनता

पुराणलाई निकै पुरानु विधा मान्नेहरू पनि छन्। वायुपुराणमा त

✍ लेखक वाल्मीकि विद्यापीठ काठमाडौंमा प्राध्यापन गर्नुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदभन्दा पनि पुराणलाई पुरानु मानिएको देखिन्छ ।

पुराणं सर्वशास्त्राणां प्रथमं ब्रह्मणा स्मृतम् ।

अनन्तरं च वक्त्रेभ्यो वेदास्तस्य विनिर्गताः (वायुपुराण १।६१)

ब्रह्माजीले सबै शास्त्रहरूमा पहिले पुराणलाई स्मृतिमा ल्याउनुभयो र त्यसपछि अन्य वदनारविन्दबाट वेद निसृत भए । अन्यत्र पनि पुराणको प्राचीनताको उल्लेख पाइन्छ ।

ऋचः सामानि छन्दांसि पुराणं यजुषा सह ।

उच्छिष्टाज्जज्ञिरे सर्वे दिवि देवा दिवि श्रिता

ब्रह्माको उच्छिष्टबाट ऋक्, यजु, साम वेदका साथ पुराणको जन्म भयो । अन्यत्र पनि वेदलाई पञ्चमवेदको रूपमा स्थापित गरेर पुराणको प्रचीनतालाई पुष्टि गरिएको पाइन्छ। अर्को ठाउँमा वादरायणलाई नै पुराणकर्ता मानिएको छ ।

आख्यानैश्चाप्युपाख्यानैर्गाथाभिः कल्पशुद्धिभिः ।

पुराणसंहितां चक्रे पुराणार्थविशारदः ॥ (भगवान् वादरायणः) (वि.पु,अंश ३,अ..६ श्लो १५) आख्यान, उपाख्यान, गाथा, कल्पशुद्धिका साथ भगवान् वादरायणले पुराण संहिताको निर्माण गर्नुभयो । महाभारतको निम्न भनाइले पनि पुराणको प्राचीनता सिद्ध हुन्छ ।

इतिहासपुराणाभ्यांवेदं समुपबृंहयेत् ।

विभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति । महाभारत आदिपर्व ।२६७।

यस्तो वेदको प्राचीनता सिद्ध गर्ने विचार अन्यत्रापि पाइन्छ । यी भनाइहरूको विश्लेषण गर्दा पुराण निकै प्राचीन विधा रहेको स्पष्ट हुन्छ ।

३. पुराणको रचयिता, रचनाकाल र सङ्ख्या

पुराणलाई पञ्चमवेद भनिएको पाइन्छ । त्यसैले यो अनादि परम्परामा विस्तारित छ । वेद, ब्राह्मण, आरण्यक र उपनिषद्मा आएका ज्ञानराशिलाई नै पुराणले विस्तार, व्याख्या र पुनर्व्याख्या गरेको पाइन्छ । पुराणको रचयिता को हुन् ? यस विषयमा अनेक चर्चा गरिएको भेटिन्छ । पञ्चमवेद भएको हुनाले पुराणको पनि अपौरुषेयत्व सिद्ध हुन जान्छ । तर पुराणलाई रामायण र महाभारत कालपछिको रचना मानी कालावच्छिन्न ग्रन्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्नेहरू पनि छन् । यस दृष्टिबाट हेर्दा कृष्णद्वैपायनलाई नै वेद विभाजक, ब्रह्मसूत्रका रचयिता, महाभारतका रचनाकार नै पुराणका पनि रचयिता हुन् भन्ने मानिएको छ । सबै पुराण एउटै व्यक्तिका सृजना होइनन् भन्नेहरूपनि विभिन्न प्रमाण प्रस्तुत गर्दछन् । कतिपय पुराणमा प्राचीन कुरा र अर्वाचीन कुरा पनि मिसिएर आएका छन् । पश्चवर्ती घटनाहरू पनि पुराणमा वर्णित छन् । **वेदव्यासलाई सामान्यतया इसापूर्व पाँचौं शताब्दी मानिएको छ, बुद्धपूर्वका हुन् भन्ने देखिन्छ** । अपाणिनीय प्रयोग पनि उनका रचनामा भएकाले पाणिनि पूर्वका हुन् भन्ने प्रमाण प्रस्तुत गरिएको छ । तर पुराणमा बुद्धावतारको पनि उल्लेख छ । यसबाट बुद्धपछिको रचना भन्ने बुझिन आउँछ । विभिन्न विद्वान्हरूले व्यासलाई नै पुराणको रचनाकार माने पनि सबै विद्वान्हरू यसमा सहमत हुँदैनन् । पुराणमा वेददेखि १२।१३ शताब्दीसम्मका सामग्री प्रस्तुत भएको पाइन्छ । त्यसैले सबै पुराण व्यासकै रचना हुन सक्तैनन् भनेर दलील प्रस्तुत गर्नेहरू पनि छन् । त्यसैले व्यास भिन्न पश्चवर्ती रचनाकारहरूले पनि व्यासकै नाममा पुराणको रचना गर्दै गएका हुन सक्छन् ।

पुराणको रचनाकालका बारेमा पनि मतैक्य छैन । इ.पू. ३०० देखि इसाको १३०० सम्म पुराणको रचना भएको हुनुपर्छ भन्नेहरू पनि छन् र पञ्चमवेद मान्नेहरू पनि छँदैछन् । इ. पू. ५०० शताब्दी मान्नेहरू पनि छन् । यो छलफलकै विषय रहेको छ । सत्य, त्रेता द्वापर र कलियुगको गणनाका आधारमा कलिगताब्द समय ५,००० वर्ष मानिएको छ । वेदव्यासको उपस्थिति महाभारतमा पनि देखिन्छ । अतः व्यासरचित सृजना सामान्यतया पाँचहजार वर्षपूर्वको हुनु स्वाभाविक नै छ ।

पुराण सङ्ख्याका विषयमा पनि निकै छलफल भएको पाइन्छ । पुराण, महापुराण र उपपुराणको चर्चा पनि भेटिन्छ । खासमा १८ पुराण, १८ उपपुराणको बहुधा उल्लेख भेटिन्छ । कतै कतै औपपुराणको पनि उल्लेख छ । ब्रह्मापरक ६ पुराण, विष्णुपरक ६ पुराण र शिवपरक ६ पुराण रहेकाछन् । यसलाई सात्त्विक, राजस र तामस तीन किसिमको अर्को वर्गीकरण गरिएको पाइन्छ ।

१.विष्णुपुराण, २.भागवत् पुराण, ३.नारदीयपुराण, ४.गरुडपुराण, ५.पद्मपुराण,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.वराहपुराण, (ब्रह्मापरक वा सात्त्विक)

१. ब्रह्मपुराण, २.ब्रह्माण्डपुराण, ३.बह्मवैवर्तपुराण, ४.मार्कण्डेयपुराण,

५. भविष्यपुराण, ६.वामनपुराण (विष्णुपरक, राजस)

१. शिवपुराण, २.लिङ्गपुराण, ३.स्कन्दपुराण, ४.अग्निपुराण,

५.मत्स्यपुराण, ६. कूर्मपुराण (शिवपरक, तामस) (अग्निपुराणको ठाउँमा वायुपुराणको उल्लेख पाइन्छ)

देवीभागवत्मा १८ पुराणको नाम छोटकरीमा यसरी बताइएको छ :

मद्वयं भद्वयं चैव, बत्रयं वचतुष्टयम् ।

अनाप कूस्कलिङ्गानि पुराणानि पृथक् पृथक् । देवीभागवत् ।

पुराणमा रहेका अध्याय र श्लोक सङ्ख्याका विषयमा पनि छलफल भएको पाइन्छ । मूलतः दशहजार श्लोकदेखि एकाशी हजार श्लोकसम्म रहेका पुराणहरू छन् । ब्रह्मपुराण र वामनपुराणमा दश दशहजार श्लोक छन् भने स्कन्द पुराणमा ८१००० हजार श्लोक रहेका छन् । भागवत्को १८ हजार श्लोक बताइएको भए पनि त्यति श्लोक छैनन् । अनुष्टुप् छन्दको गणनाको आधारमा १८ हजार पुग्ने कुरा विद्वानूहरू बताउँछन् । नारदपुराण २५ हजार, १८ हजार ब्रह्मवैवर्त, २४ हजार वराहपुराण, ११ हजार लिङ्गपुराण, १७ हजार कूर्मपुराण, १९ हजार गरुडपुराण, २४ हजार शिवपुराण, १४ हजार मत्स्य पुराण, विष्णुपुराण २३ हजार श्लोक (हाल ६०००श्लोक रहेको विष्णुपुराण उपलब्ध रहेकाले यसको विस्तृत अध्ययन हुन जरुरी छ) रहेका छन् । यी सबै १८ पुराणका श्लोक सङ्ख्याको गणना र जोड गर्दा ४,००,००० (चार लाखश्लोक) पुगेको पाइन्छ ।

४. पुराणको उद्देश्य र सन्देश

वैदिक साहित्यको विकास, विस्तार र परिष्कार भएपछि बोधप्रक्रिया निकै जटिल बन्दै गएको देखिन्छ । समाजमा पनि परिवर्तन आएकाले पठनपाठन, यज्ञयागादि कार्यको नेतृत्व ब्राह्मण वर्गले गर्न थाल्यो । मानिसको जीवनवृत्ति कृषिमा आधारित हुन थालेपछि मानिसहरू त्यतै व्यस्त रहन पुगे । कृषिको विस्तार, वासस्थान र जीवनवृत्तिका लागि नयाँ नयाँ स्थान र प्रदेशको अन्वेषण, सम्पर्क र सम्बन्ध सेतुको अभाव, यातायातको असुविधा आदिले गर्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पठनपाठन र ज्ञान परम्परा सङ्कुचित बन्दै गएको देखिन्छ। वैदिक साहित्यको पठनपाठन ब्राह्मण वर्गमा मात्रै सीमित हुँदै गएकाले पनि र वर्णव्यवस्थाको विस्तारले पनि अन्य वर्ण पठनपाठनमा पछि पर्न थालेको देखिन्छ। ब्राह्मण वर्ग पनि सबै पाठनपाठनको क्षेत्रमा आउन सकेनन्। त्यसैले गर्दा वैदिक ज्ञानको प्रचार, हस्तान्तरण, संस्कृति सभ्यताको संरक्षण, स्वधर्म रक्षा र परिपालनका लागि पौराणिक साहित्यको विकास र विस्तार भएको देखिन्छ । वेदमा रहेका सूत्रवत् कथा, उपकथा, इतिहासलाई र वेदान्तादि दर्शनलाई पुराणमा विस्तृत रूपमा प्रतिपादन गरिएको छ। दर्शनशास्त्रलाई सजिलै बुझ्न र बुझाउन नसकिने हुनाले कथाबिम्ब खडा गरेर सरलीकरण गरिएको पाइन्छ। भक्ति, ज्ञान, वैराग्य उत्पादन गरी मुक्तिमार्गको पथप्रदर्शन गरिएको देखिन्छ। जस्तो भागवतमा आउने पुरञ्जन राजाको कथा, भवाटवी वर्णन, गजेन्द्र मोक्ष, अवतार कथा, देवासुर सङ्ग्राम, कृष्णका अनेक लीला, मार्कण्डेयको कथा आदिमा बाह्य तहमा सुन्दर कथा र आन्तरिक तहमा दर्शनको सङ्केत पाइन्छ। अनेक ज्ञानविज्ञान पनि पुराणमा सङ्कलित छन्, अग्निपुराणमा यस्तो भेटिन्छ।

सृष्टि, स्थिति र लयको बोध गराइ, आत्मा अनात्माको विवेचना गरी ब्रह्मबोध र मानवमात्रलाई मुक्तिपथमा लैजानु नै पुराणको उद्देश्य हो। श्रीमद्भागवतको पहिलो श्लोकमा 'सत्यं परं धीमहि' र अन्तिम अध्यायमा पनि 'सत्यं परं धीमहि' भनिएको छ। यसबाट पुराणले सत्यको प्रकाशन र प्रतिपादनलाई उच्च प्राथमिकता दिएको स्पष्ट हुन्छ। दोस्रो श्लोकमा ' तापत्रयोन्मूलनम्' र 'शिवदम्' शब्द आएका छन्। आदिदैविक, आदिभौतिक र आध्यात्मिक त्रिविध तापको उन्मूलन र कल्याण प्राप्ति नै पुराणको उद्देश्य रहेको पाइन्छ।

वैदिक साहित्य स्थिर, कडा नियम र अनुशासनमा आबद्ध भएपछि स्त्री, शूद्र र सामान्यजनको पहुँचभन्दा बाहिरको विषयवस्तु बन्न पुग्यो। वेद उपनयन संस्कार सम्पन्न वटुले मात्र पढ्ने व्यवस्था भएपछि स्त्री, शूद्र र सामान्यजनको पाठनपाठन र ज्ञानपरम्परा नै ठप्प भयो। वैदिक संस्कृत र लौकिक संस्कृत भाषामा पनि ठूलो परिवर्तन र अन्तर आई वैदिक साहित्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अबोधगम्य भएको अवस्था थियो । कृषि जीवनको स्थिरताले गर्दा टाढाटाढा गई पढ्ने परम्परा पनि क्षीण हुँदै गएको थियो । त्यसैले गर्दा तत्कालीन ऋषिहरूले वैदिक ज्ञान परम्परालाई अगाडि बढाउन र आर्ष संस्कृति र सभ्यताको रक्षा र विकास विस्तारको लागि पुराण संहिताको रचना र विस्तार गरेको बुभिन्छ । महाभारतमा स्त्री, शूद्र र द्विजवन्धुहरूको वेदमा अधिकार र पहुँच नरहेकाले व्यास मुनिले महाभारतको रचना गरे भनेको पाइन्छ :

स्त्रीशूद्रद्विजबन्धूनां त्रयी न श्रुतिगोचराः ।
इति भारतमाख्यानं कृपया मुनिना कृतम् ॥

धर्म, अर्थ, काम, मोक्षलाई नै आर्यहरूले जीवन पद्धति र जीवन लक्ष्य मानेका थिए । यसलाई नै पुरुषार्थचतुष्टय भनिएको छ । महाभारतमा भनिएको छ- धर्म, अर्थ, काम र मोक्षका विषयमा जुन कुरा महाभारतमा छ त्यो अन्यत्र पनि छ, जुन कुरा महाभारतमा आएको छैन त्यो अन्यत्र पनि छैन :

धर्मे ह्यर्थे च कामे च मोक्षे च भरतर्षभ ।
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत्क्वचित् ॥

महाभारतसँग सम्बद्ध यो भनाइलाई नै पुराणले पनि आफ्नो लक्ष्य बनाएको देखिन्छ । हरेक सनातन धर्मावलम्बीले धार्मिक कृत्यमा सङ्कल्प गर्दा 'धर्मार्थकाममोक्षवाप्तये' भनेको हुन्छ । त्यसैले सनातनीहरूको जन्मदेखि मृत्युसम्मका षोडश संस्कार, दैनिक कृत्य, नैमित्यकृत्य, वर्षकृत्य, यज्ञयज्ञादि कर्म सबैको लक्ष मोक्ष नै हो । यी सबै कुराको प्रतिपादन, ज्ञानविज्ञानको उपस्थापन र वरत्र एवं परत्र शिव प्राप्ति नै पुराणको ध्येय र लक्ष्य रहेको देखिन्छ ।

सर्ग, प्रतिसर्ग, वंश (चन्द्रवंश र सूर्यवंश) मन्वन्तर कथा, वंशानुचरित पाँच लक्षण पुराणका रहेका हुन्छन् :

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च ।
वंशानुचरितं चैव पुराणं पञ्चलक्षणम् ॥

अचिन्त्य, अप्रमेय, निर्गुण, अशरीरी ईश्वर वा ब्रह्मको रूप कल्पना उपासकहरूको सुगमता र सिद्धिका लागि गरिएको कुरा बताइएको पाइन्छ :

अचिन्त्यस्याप्रमेयस्य निर्गुणस्याशरीरिणः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपासकानां सिध्यर्थं ब्रह्मणो रूपकल्पना ॥

अवतारवाद वा रूपकल्पना, बाह्य र स्थूल साधना पनि पुराणको नयाँ प्रयोग र आविष्कार हो । १८ पुराण, १८ उपपुराण र १८ औपपुराण भएकाले यी ५४ पुराणमा नसमेटिएका प्राच्यचिन्तनका विषय कमै छन् । पुराणलाई आर्यावर्तको विश्वकोश पनि भनिन्छ । पुराणमा ईश्वर चिन्तन, सृष्टि चिन्तन, राजवंशको परम्परा, मनुहरूको चरित्र, विभिन्न अवतारको चर्चा, आर्य अनार्यको युद्ध, देवसंस्कृति र दैत्य संस्कृतिका बीच द्वन्द्व, पूजा संस्कृतिको बयान, तन्त्रशास्त्रको अभ्युदय, भारतवर्षका मन्दिरतीर्थ, नदीतीर्थ, तडाग वा कुण्डतीर्थ, ज्योतिर्लिङ्ग आदिको वर्णन, हिमालयका काखमा पाँच खण्डमा रहे का पाँच राज्यको विशेष वर्णन (तिनमा नेपालखण्ड, कुर्माञ्चलखण्ड, जालन्धर खण्ड, केदारखण्ड र कश्मिरखण्ड), अनेक ऋषिहरूको आश्रम, वेदवेदाङ्ग १८ विद्याको उल्लेख, विभिन्न ६४ कलाको उल्लेख, अनेक आख्यानबाट शिक्षा प्रदान, आश्रम धर्मको निरूपण, मानव धर्मको निरूपण आदि अनेक विषय पुराणमा समेटिएका छन् ।

५. निष्कर्ष

पुराणहरू ज्यादै सूक्ष्म र विस्तृत रूपमा फैलिएका छन् । सतही अध्ययन एउटा कुरा हो, तर गहिराइसम्म पुगेर अध्ययन गर्न लामो साधना र धैर्य आवश्यक छ । पुराणमा साङ्ख्य, योग र वेदान्त दर्शनको प्रामुख्य रहे पनि अन्य दर्शनहरू पनि समेटिएका छन् । तिनको प्रयोग परम्परा पनि सङ्केतित रहेको पाइन्छ । वेद परम्परालाई उपबृंहण गर्नु, सम्पोषण गर्नु, व्याख्या विवेचना गर्नु, वैदिक सङ्केतलाई विस्तार गर्नु, भारतवर्षको (दक्षिण एशिया) भूगोल, नदीनाला, समाज, जातजाति आदिको वसोवास, ऋषि आश्रम र परम्परा, विद्या परम्परा, अवतारवाद, मानवधर्म, स्थलचर, जलचर, नभचर जीवजन्तुको उल्लेख, १८ विद्या, ६४ कला आदि विषयहरू पुराणमा समेटिएका छन् । वेदको 'एकोऽहं बहुस्याम' 'एकं सद् विप्रा बहुधा वदन्ति' ' तत्त्वमसि' 'अहं ब्रह्माऽस्मि' 'अयमात्मा ब्रह्म' आदि वैदिक सूत्रहरूको कतै प्रत्यक्ष र कतै अप्रत्यक्ष, व्याख्या गर्नु, विम्ब, प्रतीक र रूपकहरू खडा गरेर दार्शनिक चिन्तनलाई आख्यानमा भन्नु पुराणको विशेषता हो । 'धर्म, अर्थ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम र मोक्ष' पुरूषार्थ चतुष्टयको उपासना, प्रयोग, प्राप्ति र सिद्धि नै पुराणको मूल सन्देश रहेको देखिन्छ।

सन्दर्भ सामग्री

ई.डब्ल्यु हाँपकिन्स, (सन् १९९८), धर्मका उद्भव और विकास, बनारस, दिल्ली, भारतीय विद्याप्रकाशन

उपाध्याय बलदेव, (विसं.२०५०), संस्कृत वाङ्मय का बृहद् इतिहास (प्रथम खण्ड) लखनऊ, उत्तरप्रदेश संस्कृत संस्थान।

उपाध्याय, बलदेव (सन् १९८०), (पञ्चम सं) वैदिक साहित्य और संस्कृति, वाराणसी, शारदा संस्थान।

चतुर्वेदी गिरिधर शर्मा, (वि.सं २०२७), पुराणपरिशीलन, पटना, विहार राष्ट्रभाषा परिषद्।

गैरोला वाचस्पति, (सन् १९७५), संस्कृत साहित्य का इतिहास, वाराणसी, चौखम्बा विद्याभवन।

दासगुप्ता, एस. एन., (सन् १९७८), भारतीय दर्शनका इतिहास,(भाग १), जयपुर, राजस्थान हिन्दी ग्रन्थ अकादमी।

दासगुप्ता, एस. एन., (सन् १९७३), भारतीय दर्शनका इतिहास,(भाग२), जयपुर, राजस्थान हिन्दी ग्रन्थ अकादमी।

द्विवेदी पारसनाथ (१९७०), वैदिक साहित्यका इतिहास, वाराणसी, चौखम्बा सुरभारती प्रकाशन।

भट्टाचार्य रामशंकर (१९६५), पुराणगत वेदविषयक सामग्रीका समीक्षात्मक अध्ययन, प्रयाग, हिन्दी साहित्य सम्मेलन।

वादरायण, श्रीमद्भागवत महापुराण, (२०५०), गीताप्रेस, गोरखपुर।

सत्यकेतु विद्यालङ्कार, (सन् २००७) वैदिक युग, नई दिल्ली, श्री सरस्वती सदन।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मका लागि मर्न होइन, बाँच्न सिकौं

✍ आचार्य लक्ष्मण भण्डारी

'मान्छे धर्मका लागि लड्छ, त्यसका लागि लेख्छ, मर्छ, सबै गर्न तयार छ तर बाँच्दैन ।' जवाहरलाल नेहरूको यो अभिव्यक्ति अत्यन्त चिन्तनीय छ । धर्म मनुष्यको नैसर्गिक व्यवस्था र आवश्यकता हो भन्ने हामी सबैलाई थाहा छ, तर त्यसको व्यवहारिकताप्रति हामी कहिल्यै सचेत बनेनौं । संसारका सबै धर्म मनुष्यको कल्याणसिवाय अरू केही चाहँदैनन् । मानिसलाई दुःख, पीर, चिन्ता, अस्थिरता र असन्तोषको अँध्यारोबाट प्रेम, करुणा, विश्वास, सेवा र सन्तोषको उज्यालोतिर अभिमुख गराउनु नै संसारका सबै धर्मको साझा उद्देश्य हो ।

संसारमा सबै धर्मका अनुयायी छन् । धार्मिक मानिसहरूको सङ्ख्या घटेको पनि देखिँदैन । प्रायः धार्मिक अनुष्ठान र सभा, प्रवचनहरू भएकै देखिन्छन् । तापनि किन मानिसमा लोभ, असन्तोष, भय, चिन्ता र असुरक्षा कायमै रहे ? किन हाम्रा आध्यात्मिक अनुष्ठानहरू मानिसमा विद्यमान ईर्ष्या, क्रोध र अहङ्कार घटाउन असफल रहे ? यी प्रश्नहरू आज हरेक धर्मप्रेमीका मनमा 'तीर' बनेर घोचिएका छन् ।

जबसम्म आदर्श र सिद्धान्तले व्यवहारिक स्वरूप ग्रहण गर्दैनन्, तबसम्म ती मृतप्रायः रहन्छन् । अनि हरेक दर्शनहरू यदि व्यवहारमा उतारिएका छन् भने मात्र ती जीवन्त बन्न सक्दछन् । धर्म र अध्यात्मका मूल्यलाई आफूखुसी व्याख्या र प्रयोग गर्ने परिपाटी आध्यात्मिक गरिमा कमजोर हुने अर्को कारण हो ।

आसक्ति हरेक पीडा र असन्तोषको सर्जक हो । संसारमा थुप्रै विनाश, ध्वंश र हिंसा पनि यही आसक्तिका परिणति हुन् । नेहरूले भनेजस्तै हामी धर्मका बारेमा बोल्न, लड्न, मर्न, लेख्न सबै कुरा गर्न तयार छौं, तर धर्मका मूल्यलाई व्यवहारमा आत्मसात् गरेर बाँच्न सकेनौं ।

आज धर्मका नाममा भएका ठूला-ठूला लडाइँ र रक्तपात हामी धर्मका लागि बाँच्न नसक्नुका परिणाम हुन् । हामी कोही हिन्दु बनेर बाँच्न चाहन्छौं, कोही इसाई

✍ लेखक चितवन निवासी आध्यात्मिक चिन्तक, रेडियो प्रवाचक, उत्प्रेरक प्रवक्ता एवम् जीवन दर्शन मासिकका सम्पादक हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनेर । कोही मुसलमान बनेर जिउन खोज्छौं त कोही बौद्ध बनेर तर हामी कोही 'धार्मिक' भएर बाँच्न खोजेनौं । यदि हामी 'धार्मिक' भएर बाँचेका हुन्थ्यौं भने हिन्दु र मुसलमान बनेर लड्ने थिएनौं, इसाई र बौद्ध बनेर मर्ने थिएनौं ।

यदि सबै धर्मको उद्देश्य मनुष्य मात्रको कल्याण हो भने हिन्दु र मुसलमानको लडाइँ कुन धर्मको उद्देश्य हो ? यदि सबै धर्मको लडाईं अहिंसाका लागि हो भने हिंसा केका लागि ? आज हरेक 'हिन्दु', 'मुसलमान', इसाई, 'बौद्ध' अनि 'जैनी' आदि धर्मावलम्बीहरू आपसमा बैरभाव र निजी स्वामित्व स्थापित गर्न तल्लीन देखिन्छन् । अर्काको अस्तित्त्व समाप्त गरी आफ्ना-आफ्ना साम्प्रदायिक मूल्यका साम्राज्य स्थापित गर्न आजका 'धार्मिक'हरू लागिपरेका लाग्दछन् ।

तर धर्मका आधारभूत मूल्य व्यवहारमा कतै लागू भएका देखिँदैनन् । यदि साँच्चै नै हामी धार्मिक हौं र धर्मकै लागि बाँच्दछौं भने अन्य धर्मको अस्तित्त्व स्वीकार्न हामीलाई कहिल्यै अप्ठेरो पर्दैन । यदि हामी 'धार्मिक' हौं र धर्मका सिद्धान्तलाई आत्मसात् गर्दछौं भने फरक-फरक धर्मका अनुयायीहरू आपसमा लड्ने र मर्ने काम हाम्रा लागि अधर्मबाहेक अरू केही हुन सक्दैन ।

हामीले धर्ममा राजनीतिलाई प्रवेश गराउने दुश्चेष्टा गर्‍यौं । हामीले आफ्नो घरलाई माया, स्नेह र ज्यादा सुरक्षा गर्ने कुरा स्वाभाविक हो, तर छिमेकीको घर भत्काउनु स्वाभाविक होइन । हाम्रो आफ्नो धर्मलाई जोगाउने र यसका मूल्यप्रति श्रद्धाभाव प्रकट गर्ने नाममा अन्य धर्म, सम्प्रदाय र सांस्कृतिक मूल्यको अवमूल्यन, अपमान गर्ने अधिकार हामीलाई छैन ।

मानिस, पशुपक्षी, जीवजन्तु र कीटपतङ्ग सबैको कल्याणसिवाय धर्मको अर्को कुनै स्वार्थ छैन । संसारका सबै धर्म, 'कल्याण'को यही धरातलमा विकसित भएका हुन् । धर्मको धरातल यति पवित्र भएर पनि यदि यही धरातलमाथि टेकेर धार्मिक बनेकाहरू स्वयम् आपसमा लड्न, मर्न र झगडा गर्न उद्यत हुन्छन् भने अनि कसरी धर्मप्रति मान्छेमा विश्वास पैदा हुन्छ ?

आज धर्मको आवरणमा अधर्म र दुराचार गर्नेहरूको बिगबिगी बढ्दो छ । धार्मिक मूल्यहरूलाई लोभ, अहङ्कार र हिंसासँग साटिँदैछ । धर्मले त सबैको अस्तित्त्व स्वीकार्दछ, अधर्मबाहेक । बिनोवा भावे भन्दछन्- 'दुई धर्मको कहिल्यै झगडा हुँदैन । सबै धर्मको केवल अधर्मसँग मात्रै झगडा हुन्छ ।' तर यदि धर्मसँगै अर्को धर्मको लडाइँ हुन्छ भने त्यसलाई धर्म कसरी भन्न सकिन्छ र ?

धार्मिक मूल्य स्खलित र जीर्ण बन्नु पछाडिको अर्को कारण यसका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुयायीहरूको द्रव्य मोह हो । हाम्रा धार्मिक अनुष्ठान, पूजापाठ, यज्ञ, सप्ताह आदि कार्यमा संलग्नहरू द्रव्य कसरी आर्जन गर्ने भन्ने चिन्तनमै मस्त देखिन्छन् । आजभोलि भागवत कथाहरू पैसा आर्जनका लागि मात्रै आयोजित हुन थाले । भागवतको अपूर्व ज्ञानगरिमा रूपैयाँसँग साटिएको अवस्था छ । त्यस्ता महायज्ञहरूमा लाखौं रूपैयाँ दिनेहरूलाई गरिने सम्मानले 'फूल र बेलपत्रको' दानको मूल्यलाई नराम्ररी गिज्याएको छ । हाम्रा भागवत कथाहरू मान्छेका घमण्ड घटाउने कथाहरू हुन् । मान्छेलाई त्याग र वैराग्यको गहन ज्ञानपीयूष पान गराइ प्रेम, भक्ति र पवित्रतातर्फ प्रेरित गर्नु नै भागवतको उद्देश्य हो । तर ५ लाख रूपैयाँ दान गरेपछि हात्तीमा चढाएर हामीले मान्छेमा रहेको अभिमान घटाउने वा बढाउने के काम गर्‍यौं ? सोच्नु पर्ने भएको छ ।

दानको मूल्य कसैलाई नबताइ, बिनाप्रचार केही दिनु वा कसैप्रति त्याग गर्नु हो । प्रचार गरिएर, हात्तीमाथि चढेर, माला लगाएर; रेडियो, टीभी र पत्रपत्रिकामा नाम छापेर गरिएको दान वास्तवमा 'दान'को मूल्यभित्र पर्दैन । किनभने त्यसरी गरिएको 'दान' वा 'त्याग'ले व्यक्तिमा प्रेम, भक्ति, मनुष्यता र पवित्रता पैदा गर्दैन, बरु अहङ्कार, अभिमान र प्रतिष्ठाको बिजारोपण गराइ व्यक्तिलाई मानवीय मूल्य र आध्यात्मिक गरिमाबाट टाढा धकेल्ने काम गर्दछ । दान विज्ञापन होइन, पवित्रताको निर्मलतम् प्रयत्न हो ।

आज यही भएको छ । भागवत कथा प्रवचनहरूमा वा धनधान्याचल महायज्ञहरूमा पैसा जम्मा गर्ने नाममा व्यक्ति-व्यक्तिलाई लडाउने र पछार्ने, नभएको पैसा 'दान' गर्न मच्चाएर जोगी बनाउने काम गरिएको छ । यो धर्म र भागवतको दुरूपयोगसिवाय अरू केही होइन । भागवतको धर्म व्यक्तिलाई मानवीय मूल्य र आध्यात्मिक सत्यको शिक्षा दिई ईश्वरीय संसारलाई प्रेरित गर्नु हो, पैसाको सगर माथा निर्माण गर्नु होइन ।

के धनधान्याचल लगायतका महायज्ञबाट विद्यालय, पाटी-पौवा वा सार्वजनिक विकासमा ठूलो टेवा पुगेको यथार्थलाई बिर्सनु हुन्छ र ? प्रश्न उठ्न सक्छ । हामीले विद्यालय किन बनाउँछौं ? मानवीय मूल्यको शिक्षा दिन अनि जीवन जिउने कला सिकाउन । त्यसो भएकाले विद्यालयका तला थपेर विशाल भवन निर्माण गरेर पनि यदि हाम्रा छात्र-छात्राले मूल्यको शिक्षा पाएनन् भने त्यसको कुनै औचित्य छ र ?

धनधान्याचल महायज्ञमा अर्काले मोटो रकम दिएको देखेर आफू ठूलो हुने होडबाजीमा बेहोस भई लाखौं रूपैयाँ बोल्नेहरू र रक्सी खाएर तथानाम बोल्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरूमा के फरक छ ? किनकि यी दुवै नशा र असामान्य संवेगमा बर्बराइ रहेका हुन्छन्, जोसँग नशापछि पश्चातापबाहेक अरू केही हुँदैन ।

आफूसँगको रकम कुनै सार्वजनिक सङ्घसंस्था वा मठ-मन्दिरको निर्माणका लागि दान गर्ने कुरा अत्यन्त स्तुत्य र बन्दनीय कुरा हो । तर प्रतिस्पर्धाको रणमैदानबाट व्यापक प्रचार-प्रसारसहित हात्ती र घोडामा बसी, बाजा र गाजाका साथ जसरी आजभोलि दान गर्ने र गर्न प्रेरित गरिदिने परिपाटी विकसित भएको छ, यसले समाजमा धार्मिक मूल्यको स्थापनाभन्दा विस्थापनमै सहयोग पुऱ्याउने निश्चित छ । यदि माटो, सिमेन्ट, बालुवा र कङ्क्रिटको थुप्रोलाई मात्रै विकास मान्ने हो भने ठीकै होला तर आन्तरिक शुद्धि, पवित्रता र सन्तोषलाई वास्तविक विकास ठान्ने हो भने हाम्रा 'वाचनशिरोमणि', 'वाचनप्रवीण', 'भागवत् भाष्कर'हरूले सोच्नै पर्छ। अन्यथा भागवतको गरिमालाई विकृत बनाइ रूपैंयाँ, पैसा र सस्तो मनोरञ्जनसँग साट्नुको परिणाम समयले कुनै दिन अवश्य प्रदान गर्नेछ ।

यसैले, धर्मको सत्य-सन्देश आत्मसात् गर्नु र जीवनलाई धन्य बनाउनु आजको आवश्यकता हो । धर्म त विकार शुद्धिकरणको परम औषधि हो । यदि यसलाई पनि विष बनाउने काम धर्मको क्षेत्रमै लागेकाहरूबाट भयो भने त्योभन्दा दुःखपूर्ण कुरा अर्को के होला ? यसर्थ पण्डित जवाहरलाल नेहरूले भनेजस्तै धर्मका लागि लड्न, मर्न, लेख्न वा सबैथोक गर्नुभन्दा केवल धर्मका लागि बाँच्ने हामी अभ्यास गरौं । धर्मका नाममा वा धर्मका नामबाट गरिने सबै प्रयासहरू मानवीय मूल्यको स्थापनामा केन्द्रित गरौं र आनन्द, शान्ति, आपसी विश्वास र ईश्वरीय प्रेम प्राप्त गरी जीवन धन्य बनाऔं ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेद हाम्रो जीवन- पद्धतिको महत्वपूर्ण आधार हो

पं केदारनाथ उपाध्याय तिमिल्सिना

✍ अन्तर्वार्ताकार- माधव वियोगी

(अग्निहोत्री वेदगुरु केदारनाथ उपाध्याय वैदिक वाङ्मयको प्रचारप्रसार संरक्षण र सम्बर्धनमा जीवनभर मन, वचन र कर्मले प्रतिबद्धताका साथ लाग्नु भएकै कारण तत्क्षेत्रमा अग्रणीमध्येका एक मानिनुहुन्छ। मूलत कास्कीको सराङकोटस्थित पोखरा चिसाखोला वेदविद्याश्रमको स्थापना र सन्चालनसँग जोडिनु हुने उहाँ एक साहसी र कर्तव्यनिष्ट सरस्वतीका वरदपुत्र मानिनु हुन्छ। हिन्दु धर्म र संस्कारको परिपालनाका निम्ति मार्गनिर्देशकका रूपमा समेत रहनुभएका उहाँ त्यस विद्याश्रममा वेदका अध्यापकसमेत हुनुहुन्छ। ९६ वर्षको उमेरमा पनि हातमा वेतको लठ्ठी धारण गरी बटुकहरूले पाठ नबुझाएमा हातमा डामै बस्ने गरी हिर्काउने र समयमा शुद्ध पाठ बुझाउनेलाई खुसी साथ आफ्नो वृद्धभत्तास्वरूप आएको रकममा अझ केही थप गरी पन्ध्र सय रूपैयासम्म पुरस्कार दिने एक उत्प्रेरक गुरु हुनुहुन्छ उहाँ। वैदिक वाङ्मयको अपार ज्ञान छ उहाँमा। उहाँको सङ्घर्ष, जीवनी, ज्ञान तथा धार्मिक कृत्यसँग सम्बद्ध रही वरिष्ठ साहित्यकार, छन्दनायक एवं जनप्रिय बहुमुखी क्याम्पसका पूर्व प्रमुख श्री माधव विमोगीले उहाँसँग मिति २०७६/४/११ का दिन आश्रममै पुगी गर्नुभएको लामो कुराकानीको सार सङ्क्षेप यहाँ प्रस्तुत गरिएको छ। प्र.सं.)

◆ **गुरु नमस्कार, आरामै हुनुहुन्छ ?**

नमस्कार बाबू, को पर्नुभयो बरु, चिन्न सकिनँ नि बाबूलाई। आराम त म आरामै छु। बिरामी त सितिमिति हुन्नँ। राम्रै छ बाबू।

◆ **म माधव वियोगी भन्ने हुँ। यस अघि पनि हजुरलाई मैले केही किताबहरू दिएको थिएँ। हजुरले मलाई टीका लगाइदिएर राम्राराम्रा किताब लेख्नु भनेर आशीर्वाद पनि दिनुभएथ्यो। हजुरले त्यो प्रसङ्ग, बिर्सनु स्वाभाविकै हो। म त हिजोका कुरा आज बिर्सने भैसके। हजुरले कसरी सम्झने ?**

ए, हो हो बल्ल सम्झें। तपाई कविता कार्यक्रममा अतिथि बनेर आउनुभएको थियो। 'छन्दमा कविता लेख्नुपर्छ भनेर आन्दोलन गरेको तपाईले नै

✍ अन्तर्वार्ताकार जनप्रिय क्याम्पस पोखराका पूर्व प्रमुख हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो नि हगि ! आज के कति कामले आउनुभयो ? भेट्न पाउँदा खुसी लागेको छ।

◆ **हजुरलाई भेटौं, आश्रमको प्रगति के कस्तो छ बुझौं, हजुरको अशीर्वाद प्राप्त गरौं भनेर आएको नि ! हजुरलाई टाठोबाठो तथा फूर्तिलो अवस्थामा पाएर मन प्रफुल्ल भएको छ । हजुर जत्तिकै भएर लामो समयसम्म बाँच्न पाए भन्ने एषणा जागृत भएको छ मलाई त । कसरी सम्भव होला ?**

धेरै बाच्न स्वस्थ रहनुपर्छ, आफू बाँचेको वातावरण शान्त हुनुपर्छ। कसै प्रति रीसराग, ईर्ष्या र कपटको भाव राख्नु हुँदैन। धेरै वर्ष बाँच्न नसके पनि 'जिमेत शरदशतम्' भने झैं सय वर्ष त बाँच्नु पर्छ। खानपानमा विशेष ध्यान दिनुपर्छ। शास्त्रको पालना गर्दै धर्ममा प्रवृत्त हुनुपर्छ। खान नहुने बस्तु खाने, जान नपर्ने ठाउँमा जाने, गर्न नहुने काम गर्ने, आफ्नो स्वास्थ्यको ख्याल नगर्ने अनि धेरै नबाँचिने भो भनेर रुनेहरू धेरै छन् बाबू ! तपाईं त त्यस्तो हुनुहुन्न होला ? सय वर्ष त बाँच्नुहुन्छ। मेरो आशीर्वाद छ। मलाई औषधि खान परेकै छैन।

◆ **हस्, हजुरको आशीर्वाद लागोस् । हजुरले आफ्नो परिचय दिनुपर्दा कसरी दिनुहुन्छ ?**

आफ्नो परिचय आफैले दिनु राम्रो होइन, यो त अरूले दिने कुरा हो। तैपनि सोधिहाल्नु भयो, लौ सुन्नोस्। मेरो नाम केदारनाथ उपाध्याय तिमिल्सिना हो। म वि.सं. १९८० मा पिता रघुनाथ उपाध्याय र माता इन्द्रछायाँको छैटौं छोराको रूपमा वाग्मती अञ्चल नुवाकोट जिल्लाको खनियाखर्क गाउँमा जन्मेको मान्छे हुँ। म बालक छँदै माता इन्द्रछाँयाको स्वर्गवास भएकाले मामाको घरमा हजुरबा हरिश्चन्द्र र हजुरआमा जानुका ढुङ्गानाका साथमा बसी हुर्के, बढें। पाँच वर्षको भएपछि पिताजीकै साथमा पुगें आफ्नै घरमा। पिताजीले घरमै पाठशाला चलाउनुभएको हुँदा मैले पनि पढ्ने वातावरण पाएँ। वेद, चण्डी, रुद्री, कौमदी, संस्कृत व्याकरण इत्यादिको अध्ययन पिताजीकै साथमा रही तारानाथ सापकोटा गुरुबाट पढें। म संस्कारयुक्त पारिवारिक वातावरणमा हुर्के बढेको हुँ। बदमासीतिर कहिल्यै ध्यान गएन। धर्म र कर्मबिना जीवनलाई सफल पार्न सकिदैन भन्ने मान्यता सानैदेखि राख्दै आएँ, म कर्तब्यबाट कहिल्यै पनि बिचलित भइन। कसैले कैल्यै नराम्रो बचन लाएन मलाई। अहिले मलाई अग्निहोत्री वेदगुरु भनेर सम्मान गर्छन्। पण्डित त म सानैदेखि बनेको हुँ। ९६ वर्षको भए र पनि लौरो टेकेर आश्रममा आउँछु र वेद र कर्मकाण्ड पढाउँछु। मसँग पढ्न साना बालक, युवक, बृद्धबृद्धा, महिला तथा सबै जातजातिका मान्छे आउँछन्। आफ्नो क्षमताअनुरूप सिकेर जान्छन्। मेरो परिचय त तपाईलाई नै बढी थाहा छ होला नि !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

◆ हजुरकै मुखबाट परिचय सुन्न पाएँ, खुसी लाग्यो । साँच्चै हजुर त नुवाकोटको हुनुहुँदो रहेछ । पोखरामा कसरी पाल्नुभयो त बसोबास गर्न ?

नुवाकोटको मान्छे म अहीले पोखरा सराङ्गकोटको स्थायी बासिन्दा बनेको छु। मेरा दरसन्तानका हाँगाबिंगा यस क्षेत्रमा फैलिएका छन् । भगवान्का कृपाले यो प्रकतिको मनोरम सुन्दर भूमिमा बसोवास र कृत्य गर्ने अवसर पाएँ। मैले आफूलाई भाग्यमानी ठानेको छु। हुन त नुवाकोट पनि राम्रो ठाउँ हो । त्यहाँ रहेको भए पनि यस्तै कर्म गर्थे होला। यस्ता काम गर्न पोखरा क्षेत्रको अलि पहिल्यै देखि नाम चलेको थियो । त्यहाँ पढ्लेख गर्न र इच्छामुताविकको काय गर्न उचित बातावरण र सङ्गत छ। नुवाकोमा पढ्दैलेख्दै र नैतिकताको पाठ सिक्तै रहेका बखत १९९७ सालतिर म १७ वर्षको थिएँ होला, गाउँका २७ जना बूढापाका र युवाहरू मुक्तिनाथ भागवान्को दर्शनार्थ जान लागेको चाल पाएपछि घरपरिवारसित आपसी सरसल्लाह गरी म पनि झोला बोकेर हिंडे । त्यही क्रममा हाम्रो बास विन्ध्यवासिनी मन्दिरको नजिकै टेकनाथ र टीकाराम रेग्मीको घरमा एक रातका लागि भयो । पोखराको प्राकृतिक र धार्मिक वातावरणले मलाई त्यसबेला निकै प्रभाव पार्‍यो । रेग्मी, अधिकारी र पराजुली लगायतका थर भएका सज्जनहरूसँग साँझपख बसेर कुराकानी गर्ने सिलसिलामा धर्म, संस्कृति र संस्कार लगायतका विषयमा गम्भीर छलफल भयो । म स्वयम् पनि बडो अभिरुचीका साथ सहभागी भएँ । बोल्न तथा तर्क गर्न म सानैदेखि चतुर नै थिएँ। त्यो रात बिताएपछि हामी मुक्तिनाथतर्फ लाग्यौं । पोखराको रमणीय परिवेश र सद्भावपूर्ण व्यवहारले मेरो अन्तरहृदयमा गहिरो छाप पारेकाले पछि पोखरा पुनः आउने र चाँजोपाँजो मिलाउन सकियो भने पोखरामै बसोवास गर्ने मनमनै प्रतिबद्धता पनि जनाएँ। मुक्तिनाथको दर्शन पश्चात हाम्रो टोली नुवाकोट फर्क्यो । मेरो मनमा पोखराले पारेको प्रभावबारे थुप्रै कुराहरू खेलिरहे । २० वर्षको उमेरमा म पुनः पोखरा आएँ। पोखरा आउनुको मेरो अभीष्ट लक्ष्य भनेको शिक्षा आर्जन गर्नु र चाँजोपाजो मिलेमा यतै बसोवास गर्ने रहेको थियो । पोखरा आएपछि नदीपुरस्थित नारायणस्थानमा रहेको लक्ष्मीनारायण मन्दिर मा सञ्चालन गरिएको गुरुकुलमा सहभागी भएँ र धमाधम अनुशासित भएर पढ्न थाले। पिताजीले नुवाकोटको घरमा सञ्चालन गर्नुभएको पाठशालामा पिताजीबाटै सिकेका विषयमा थप ज्ञान आर्जन गर्ने अवसर मैले पोखरामा पाएँ। वेद, चण्डी, रुद्री, व्याकरण र कौमुदी र तिनसँग सम्बन्धित थुप्रै विषयमा तेजोमय शिक्षा प्राप्त गरें । म मा एक प्रकारको ज्ञानशक्तिको उदय भयो । आफू निकै परिपक्व भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समेत महसूस भयो ।

◆ मैले हजुरलाई बीचमै रोकें । त्यसबेला नारायणथानको गुरुकुलमा गुरुका रूपमा को हुनुहुन्थ्यो ?

म भन्दै थिएँ । तपाईले बीचमै रोक्नुभयो । त्यस गुरुकुलमा गुरुको सङ्ख्या धेरै थियो । एउटै गुरुले त्यति धेरै विषय पढाउन सम्भवै थिएन । प्रेमचैतन्य ब्रह्मचारीको नेतृत्वमा पठनपाठन भएको थियो । उहाँको प्रभावकारी अध्यापनका कारण त्यहाँ छात्रहरूको सङ्ख्या पनि राम्रै थियो । मैले मूल गुरुका रूपमा उहाँलाई नै स्वीकारें । उहाँबाट प्राप्त ज्ञान र नैतिक अनुशासन यहाँ व्याख्या गरेर सम्भव छैन । आत्माराम पराजुली, कृषिकेशव पराजुली, टीकाराम रेग्मी, रुद्रनाथ पौडेल, मौनी ब्रह्मचारी लगायतका पण्डितहरू पनि हामीलाई पढाउन तल्लीन हुनुहुन्थ्यो । गुरु र छात्रहरू धेरै भएका कारण त्यहाँ नियमित सन्ध्यायज्ञ, अनुष्ठान सत्सङ्ग आदि धार्मिक एवं नैतिक कृत्य गर्न कठिनाइ थियो । त्यस्ता विषयमा साधना गर्न म निकै लालायित थिएँ । पछि नयाँ स्थानको खोजीको क्रममा यहाँ पढाउने गुरुहरूकै सहयोगमा वि.सं. १९९९ मा अहिले हामी रहेको यो ठाउँमा रहेको शिव मन्दिरको जीर्णोद्वार गरी अनुष्ठानका कार्य गर्ने योजना बन्यो । प्रेम चैतन्य ब्रह्मचारी गुरुदेवको नेतृत्व र भूमिकाका कारण आज यो सम्भव भएको हो माधव बाबू !

◆ अब अघिकै प्रसङ्ग आरम्भ गरौं । बसोबासको प्रबन्ध कसरी भयो त पोखरामा ?

ममा तेजोमय ज्ञान शक्तिको बृद्धि गराउने ठाउँ लक्ष्मीनारायण मन्दिरमा चलाइएको गुरुकूल नै हो । त्यै भक्तिका कारण आज म यो सुन्दर ठाउँमा रहेर पवित्र वेदविद्याश्रमको नेतृत्व गरिरहेको छु । वसोवास त मेरो दैनिकी कर्म पोखरामा भएकाले स्वाभाविक रूपमा पछि व्यवस्था गरेको हुँ ।

◆ एक्लै भागेर पोखरा आउनुभएको भन्ने सुनेको छु । परिवार र विवाहको प्रसङ्ग पनि बताइदिनु हुन्छ कि ?

पोखरा आगमनको जानकारी त मैले अघिनै दिइसकें । आफ्नो पोखरा आई पढ्ने पढाउने उद्देश्य पूरा गर्न म घरपरिवारको सल्लाहबिना नै आएको थिएँ । हाम्रो परिवार ठूलो थियो । पोखरा आउनुपूर्व नै मेरो विवाह भैसकेको थियो । सानैमा विवाह गर्ने चलन थियो । विवाहको प्रसङ्ग सोध्नुभयो । बडो दुःखको कुरा छ बाबू । नचाहँदा नचाहँदै मैले दुई विहे गर्नुपऱ्यो । घरछिमेकी इष्टमित्र र परिवारजनको दबाब परेपछि मैले गाउँमै विष्णुप्रसाद धिताल र हेमकुमारी धितालकी साहिली छोरी गृहकुमारीसँग विवाह गरें । घरजम राम्रै हुने लक्षण थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो जोडीलाई सबैले प्रशंसा गरेका थिए । तर एक वर्ष बित्न नपाउँदै उनको देहान्त भयो । मेरा आकाङ्क्षा र उनीसितका सम्बन्धका सारा तन्तु चुडिएपछि मैले सबैको चासो र सल्लाह बढ्दै गएपछि उनकै बहिनी (साली) दिव्यश्वरी धितालसँग दोस्रो विवाह गरें । मेरो आजको अवस्था ल्याउनका लागि कुशल घरायसी व्यवस्थापन गर्दै आश्रम सञ्चालन गर्न उनको भूमिका महत्वपूर्ण छ । उनी केही वर्ष पहिले मबाट बिदा भैसकिन् । दुई छोरा, ६ छोरी र २ दर्जन नातिनातिना छन् ।

◆ अहिले यो पोखरा चिसाखोला वेदविद्याश्रम राम्रै चलेको छ । नित्य हवन र पाठपूजा भएकै हो । यसको सुरुको अवस्थाबारे थप जान्ने इच्छा भयो, बताइदिनुहुन्छ कि ?

नारायणस्थानबाट मेरा गुरु प्रेमचैतन्य ब्रम्हचारीज्यूको साथमा म यो पुण्य भूमिमा आउँदा यहाँको अवस्था नाजुक थियो । घना जङ्गलयुक्त प्राकृतिक मनोरम वातावरणभित्र शिव मन्दिर, बसाहा, माताको मूर्ति आदि थिए । प्राचीनकाल देखि नै मूलत सृङगी कंश्यप ऋषिको तपोभूमिका रूपमा ख्याति पाइसकेको यो ठाउँ मणि नामले यत्रतत्र चिनिएको थियो । प्रेमचैतन्य गुरु महाराजसँगै मैले पनि यसको अवलोकन गरी सम्भाव्यता अध्ययन गर्ने अवसर पाएँ । शिव मन्दिरको मरमतसम्भार गर्दै भकारीका कुटी बनाएर बसी हामीले यस क्षेत्रलाई प्रचारमा ल्याउने काम गर्‍यौं । रुद्रीपाठ, हवन, पूजा आदिको आरम्भ भएपछि दैनिकजसो मानिसहरू धार्मिक श्रद्धाका साथ आउन थाले । सबैले यस क्षेत्रको विकासको सपना देख्न थाले । धार्मिक अनुष्ठानको लागि व्यवस्थापन भएपछि धूपधुँवार, शङ्खघण्ट, पूजापाठ आदिको प्रभाव आसपासका क्षेत्रमा पर्न गयो । हामीले कक्षा सञ्चालन गरेपछि यहाँ छात्रहरूको लहरै लाग्यो । पाठशालाको रूपमा प्रसिद्धि पाउन थाले पछि चन्दादाताहरूको मन पनि फराकिलो भयो । हालको यो पाठशाला, मन्दिर र आश्रमको अवस्था हुनुका पछाडि धेरैको सहयोग रहेको छ । म स्वयम्‌को योगदानको कुरा जान्न चाहानुभएको हो भने यस विषयमा अरूसँग सोध्नुभए वा लेखिएका विषयहरू हेर्नुभए प्रष्ट हुनेछ । त्यो सङ्घर्षको कथा सम्झदा र हालको अवस्था देख्दा अझ ९६ वर्षको उमेरसम्म पनि नेतृत्व सम्हाल्न पाउँदा मलाई गर्व लाग्छ ।

◆ साँच्चै गुरु प्रेमचैतन्यको नाम हजुरले पटक पटक लिनुभयो । उहाँको विषयमा अझै प्रष्ट पारिदिनु हुन्छ कि ?

प्रेमचैतन्य ब्रम्हचारी मेरा आराध्य गुरु हुनुहुन्छ । उहाँबाट नै प्रेरणा प्राप्त गरी शिक्षा र बौद्धिक कर्ममा सङ्लग्न हुने अवसर मैले पाएको कुरा अघि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि भनिसकेको छु । उहाँ महान सन्त हुनुहुन्थ्यो, शुद्ध नैतिक आचरणद्वारा सुशोभित उहाँको पुराणवाचनकला, मान्छेलाई असल बनाउने कला र धर्मप्रति आस्था भाव जगाउने कला अद्भूतको थियो । विशिष्ट खालको सन्त गुरुका रूपमा मैले उहाँलाई व्यहोरें । नारायणस्थानको विकास निर्माण, गुरुकुलको समृद्धि-विकास र प्रचारप्रसार आदिमा उहाँको भूमिका, सोच र चिन्तन अत्यन्त प्रभावकारी थियो । सन्त गुरु भएर पनि उहाँ जुझारु स्वभावको अत्यन्त प्रभावकारी हुनुहुन्थ्यो । कर्मकर्तव्यबाट विचलित नहुने र कसैको पनि अधिकार खोसिन नहुने विचार राख्नुहुने उहाँ राणाशासनका विरुद्ध पनि लड्नुभएको व्यक्तित्त्व हो । २००६ सालमा उहाँ पक्राउ पनि पर्नुभयो । उहाँ पक्राउमा परेपछि शिक्षक, विद्यार्थी, अभिभावक र अन्य थुप्रै पोखरेलीहरूले रिहाइका लागि ठूलै युद्ध लडेका थिए । पछि उहाँलाई छाडियो । त्यस कारणले पनि उहाँको प्रसिद्धि बढेको थियो । ब्रह्मचारी प्रेमचैतन्य भारतको उत्तराखण्ड प्रदेशको अल्मोडाबाट पोखरा आउनुभएको थियो । संस्कृत शिक्षा र हिदुधर्मको समुन्नतिको उद्देश्य बोकेर । १९९९ मा उहाँ र उहाँको चेलाको रूपमा म यस पुण्यभूमिमा आएका थियौं । साच्चै भन्ने हो भने प्रेमचैतन्यका कारण त्यस बेला चिसाखोला क्षेत्र शिक्षा, धर्म र राजनीतिको एक पोखरेली केन्द्र बनेको थियो । नागरिक अधिकार र कानूनी राज्यबिनाको विकासलाई उहाँ विकास मान्नु हुन्नथ्यो । धेरै कुरा त मैले बिर्सिसकें बाबु !

◆ हजुर प्रेमचैतन्य गुरुको उत्तराधिकारीका रूपमा हुनुहुन्छ, हैन र ?

मैले लामो समयसम्म उहाँसँग निकट रहेर काम गरें । धेरै सिकें । उहाँले सिकाउनुभयो र पो म आज पनि अरूलाई सिकाउँदैछु । मैले उहाँलाई हरकाममा विश्वास दिलाउन सकें, उहाँको विश्वास पात्र बनें । उहाँले मलाई उत्तराधिकारी बनाउनुभयो । त्यो भूमिकालाई मैले कुनै कसर बाँकी नराखी पूरा गर्दै आएको छु । असल गुरुको सङ्गतले हालसम्म असलै भएर जिएको छु । आफ्नो कुरामा प्रतिबद्धता छ ।

◆ हजुरलाई 'अग्निहोत्री' र 'वेद गुरु' भन्ने गरिन्छ, त्यो किन ?

अग्निमा नित्य होमन गरेर मात्र अन्य कार्य गर्ने, अग्नि पूजालाई नै महत्त्वपूर्ण पूजा मान्ने तथा यो कृत्यलाई लामो समयसम्म दैनिक कृत्यका रूपमा अङ्गीकार गरेकाले मलाई अग्निहोत्री भनियो । मेरो कर्मको प्रतिनिधित्व 'अग्निहोत्री' शब्दले गर्छ । गुरु चैतन्य ब्रह्मचारीले यहाँ त्यसको आवश्यकता देखेपछि त्यस निरन्तर कार्यका लागि चाहिने विधिको ज्ञान मैले गुरु प्रेमचैतन्यबाट प्राप्त गरे । उहाँले मेरो विश्वास गर्नुभयो । पत्नीसहित उक्त अग्निहोत्र यज्ञ गर्नुपर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदा मैले नुवाकोट गई आफ्नी पत्नी दिव्यश्वरीलाई लिई आएँ । अग्निहोत्रको कार्यले शान्ति र सद्भावको स्थापना गर्न तथा वातावरणलाई शुद्ध र पवित्र पार्न महत्त्वपूर्ण सावित भएको छ। म वेदको अध्यापक हुँ। मूल रूपमा वेद नै मेरो धर्म र कर्मको आधार हो। वेदको सारस्वर वचन गर्नु, शुद्ध वाचन गर्नु, देवका मन्त्रको अर्थ लगाउनु, वेदको महत्वबारे बताउनु आदि मेरा दैनिक कर्मजस्ता भएका छन्। वेद पढाउने गुरुको अभावलाई मैले पूर्ति गर्ने कोशिष गरेको छु। वेदको व्याख्या र शुद्ध वाचनमा म आफूलाई सक्षम ठान्छु। मेरो यही कर्मले मलाई वेदगुरु बनाएको हो। लौ माधवं बाबू ! अब बुझ्नुभयो होला नि ? मलाई अग्निहोत्री र वेदगुरु किन मानिएको रहेछ भनेर। अझ दुबै शब्दलाई जोडेर अग्निहोत्री वेदगुरु पनि भन्ने गरेका छन्। मेरा भक्त, छात्र र शुभचिन्तकले मलाई दिएको सम्मान हो यो। मलाई यस कृत्यमा सरिक गराउनु हुने, प्रेमचैतन्य ब्रह्मचारी गुरु मेरा लागि प्रातःस्मरणीय हुनुहुन्छ।

◆ **हुन त वेदका बारेमा माथि केही बताइ सक्नुभयो । वेद गुरुका समीपमा रहँदा वेदका बारेमा अलि विस्तृतमा जान्न मन लाग्यो । मेरो इच्छा पुऱ्याइदिनु हुन्छ कि ?**

तपाईंजस्ता विज्ञलाई वेदको बारेमा मैले बताउनै पर्ने त होइन । तर म आफ्नो कर्तब्यबाट चुक्तिनँ । वेद संसारकै उत्कृष्ट सिर्जना हो । अहिले संसार मा जे विकास भैरहेछ त्यसको आधार बेद नै हो । वेद हाम्रो जीवन पद्धतिको महत्वपूर्ण आधार हो । धर्मको मूल स्रोत पनि वेदै हो । शुक्ल यजुर्वेद र कृष्ण यजुर्वेद दुबैको अन्तरिक्ष र सूर्यसँग प्रगाढ सम्बन्ध छ। धर्म, अर्थ, काम, मोक्ष नै वेदका गन्तब्य हुन्। वेदको ज्ञान अपरम्पार छ। वेद त्यस्तो ग्रन्थ हो जो अनादि र अपौरुषेय छ। यसको रचना परमब्रह्मा परमात्माले आफ्नो निश्वासको माध्यमबाट गरेका हुन्। वेद शब्द 'विद्' धातुमा 'घत्र्' प्रत्यय लागेर बनेको हो। रचित बेदलाई ब्रह्माजी, विशिष्ट, पराशर, वेदव्यास, जैमिनी, याज्ञवल्क्य, कात्यायनी, मनु आदिले क्रमशः सुनाउदै र प्रचारप्रसार गर्दै आज यो हाम्रा सामु उही रूपमा आएको छ। वेदलाई परिभाषित गर्ने क्रममा उपनिषद्, स्मृति, पुराणलगायतका ग्रन्थ जन्मेका हुन् । धर्मशास्त्र, कर्मकाण्ड, ज्योतिष, आयुर्वेदलगायतको मूल स्रोत पनि वेद नै हो। वास्तवमा बेद मानव धर्म, संस्कृति र संस्कार एवं व्यवहारको प्राणतत्त्व हो। हाम्रा नीति कला, साहित्य, आचार-विचार विज्ञान-प्रविधि, अध्यात्म, धर्म, दर्शन सबै वेदबाटै सञ्चालित र अभिसिञ्चत छन् । सनातन वैदिक धर्मावलम्बीको मूल मन्त्र र आस्था रहेको वेदका मूलतः शिक्षा, कल्प, निरुक्त, व्याकरण, छन्द र ज्योतिष गरी ६ ओटा मूल अङ्ग छन् । यी अङ्गका बारेमा नजानी वेद जानिन्न ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुति परम्पारको वेद आज ग्रन्थका रूपमा हाम्रा सामु छ । ऋग्वेद, सामवेद, यजुर्वेद र अथर्ववेद गरी चार खण्डमा विभक्त वेदको अध्ययनले नै संसारलाई चिन्न र बुझ्न सकिन्छ, आफूलाई विद्वान र ज्ञानी तुल्याउन सकिन्छ । कति भनौं बाबू ! अब .... ।

◆ **वेदका बारेमा धाराप्रवाह यसरी बताइ दिनुभयो । मलाई त टिप्न नै कठीन भयो । वेद सम्बन्धी म अझै जान्न चाहान्छु । वेदका अङ्ग र यसका आदर्श वाणीका बारेमा पनि केही बताइ दिनु हुन्छ कि ?**

मैले माथि तपाईंलाई वेदका ६ वटा अङ्ग भने । अव ती अङ्ग के के हुन् त त्यसबारेमा पनि सुन्नोस् । आँखा ज्योतिष हो, हात कल्प हो, कान निरूक्त हो, नाक शिक्षा हो, मुख व्याकरण हो र पाद छन्द हो । तपाईं त छन्द आन्दोलनको प्रणेता, छन्द वेदको पाउ रहेछ । तपाईंले पनि वेद नजानी नहुने रहेछ । छन्द कवितामा प्रयोग गर्नु नै काव्यधर्म हो । छन्दबिना त हाम्रो व्यवहार नै चल्दैन । राम्रो हुनु, उपयोगी हुनु, सुन्दर हुनु आदि छन्द हुनु हो । छन्दका बारेमा तपाईंलाई मेले के नै भन्नुपर्छ र अर्को कुरा वेदमा महत्वपूर्ण आशीर्वचन र आदर्शवाणी छन् । जसको पालनाले हामी स्वयम् आदर्श बन्छौं । अग्नि देवता सबै प्राणीको कल्याण गर्ने यज्ञका अन्य देवतालाई रत्न आभूषणहरूले सुशोभित गर्ने देवता हुन् । यो ऋग्वेदको आशीर्वचन हो । ईश्वर सम्पूर्ण प्राणीको जीवनका आधार हुन् र उनले अन्न, बल, असलकर्म, अहिंसा, निरोगी सन्तान र यज्ञकर्ता सबैको रक्षा गर्दछन् । यो आशीर्वचन यजुर्वेदको हो । त्यस्तै गरेर अथर्व वेदको आशीर्वचनमा भनिएको छ - वरुण देवताले हामीलाई सुख शान्ति प्रदान गर्दछन् । उनी नै जीवनका आधार हुन् । अग्नि देवता अग्नि भक्षण गर्नका लागि आउँछन् र ऋत्विक होता भएर उनी आसनमा बस्छन् भनी सामवेदको आशीर्वचनमा भनिको छ । सबै मिलेर बस, मिलेर बोल प्रभुले हामीलाई सुख र कल्याणमय उत्तम सङ्कल्प, ज्ञान र कर्म गर्न प्रेरित गर, हाम्रा कानले मङ्गलकारी वाणी सुनून्, अरूको धनसम्पतीप्रति लोभ लालच नहोस्, सबैलाई मित्रवत व्यवहार गर्न सकौं, हिंसारहित यज्ञमा सत्धर्मको यज्ञमा लाग्न अग्निको प्रार्थना गरौं, वेदका मन्त्रले राम्रो संरक्षण देऊन्, ईश्वरले पापबाट मुक्त गरून्, हामी वेदको उपदेशले युक्त होऔं, हाम्रो लागि सबै कुरा कल्याणकारी बनून्, यी इत्यादि कुराहरू वेदका आदर्श वाणी हुन् माधव बाबू ! अब कुनै वेद मूलतः के छ त्यो पनि जान्नोस् । ऋग्वेदमा ज्ञानकर्मको चर्चा छ भने सामवेदमा उपासना कर्मको चर्चा छ । त्यस्तै गरेर अथर्व वेदमा गणित, विज्ञान, समाजशास्त्र, कृषि आदि विषय र यजुर्वेदमा यज्ञकर्मको विशेष चर्चा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

◆ अब यो वेदको प्रसङ्ग, यही रोकौं गुरुवेद । अघि अग्निहोत्रका बारेमा केही कुरा भए । यसको महत्त्व सम्बन्धमा छोटकरीमा अझ क्यै बताइदिनु हुन्छ कि ?

अग्निहोत्र एक परम्परा हो । यो कठिन तपस्या पनि हो । ऋग्वेदका मन्त्रहरू उच्चारण गर्दै अग्निको पूजा गर्ने परम्परा गर्ने अग्निहोत्र हो। सूर्योदय र सूर्यास्तमा अग्निलाई गाईको दूध र घिउ चढाउँदै सूर्यको उपासना गर्ने गरिन्छ । पतिपत्नी दुबै कर्ताको रूपमा रहनु अनिवार्य छ । अग्निहोत्र कर्मले वातावरण सन्तुलित राख्न तथा शान्ति र सद्भावको वातावरण बनाउन सहयोग गर्ने कुराबारे मैले अघि नै भनेको छु। तनाब व्यवस्थापनमा यस यज्ञको महत्त्वपूर्ण भूमिका छ। विचारमा प्रस्टता, जीवनको यथार्थबोध, दुर्व्यसनबाट मुक्ति, नकारात्म कताको अन्त्य, विकीरणको असर घटाउने बोटविरूवा तथा वनस्पतीलाई ऊर्जा दिने जलमा शुद्धिकरण अग्निमा पनि अग्निहोत्र यज्ञको भूमिका रहन्छ। हवनकुण्डको खरानी विभूति निधारमा लगाउनाले कतिपय रोगहरूको निदान हुन्छ। यस यज्ञ गर्ने गराउने हेर्ने आदि सबैलाई फाइदैफाइदा छ। अग्निहोत्रको महत्व धेरैले नबुझ्दा त्यस कर्ममा बाधा उत्पन्न हुने गर्छ। बुझाउने मेरो कर्तव्य हो, बुझाइरहेछु। अग्निलाई वचाउने कार्यमा पनि अग्निहोत्र सहायक महान हो।

◆ हजुरले अग्निहोत्र कर्म र वेद अध्यापनको गहन जिम्मेवारी निर्वाह गर्नुभएको छ । भावी पुस्तामा यस कर्मको हस्तान्तरण बारे के सोच्नु भएको छ ?

साह्रै मन छुने प्रश्न गर्नुभो बाबुले । अब चिसाखोलामा कहिल्यै पनि कर्मवादीहरूको कमी हुने छैन भन्ने मलाई विश्वास छ। यी कर्महरू अब निरन्तर परम्पराका रूपमा रहन्छन्। जसरी यो पाठशाला आश्रम, मन्दिर आदिको सञ्चालनको जिम्मेवारी उत्तराधिकारकि रूपमा प्रेमचैतन्य गुरु महाराजबाट मैले प्राप्त गरें, त्यसै गरी मेरा ज्येष्ठ सुपुत्र मोक्षनाथले यो जिम्मेवारी समाल्न थालिसकेका छन् । समाजसेवा तथा धार्मिक संस्कार -संस्कृतिको रक्षा र सम्बर्धनमा उनी प्रतिबद्धताका साथ खटेको लामो समय भैसक्यो। मैले जे गरेका छु त्यो गर्न उनी सक्षम भैसके का छन् । उनी पछिका पुस्ता पनि तम्तयार भैसकेका छन् । मेरा नातीहरू श्रीराम र गङ्गासागर निष्काम कर्मयोगीतुल्य भैसकेका छन् । मलाई हरकार्यमा उनीहरूले साथ दिएका छन्। कान्छो छोरा राजेन्द्रराज रोजगारीका कारण यहाँ निरन्तर रूपमा नरहेपनि उनको साथ र समर्थन बलियो छ। अन्याय नगर्नु, न्याय खोज्नु, नढाँट्नु, नचोर्नु वेद र धर्मको रक्षा गर्नु, नडराउनु, उच्चविचार लिनु, छलकपट नगर्नु, नैमित्तिक कर्ममा लाग्नु, मीठो बोल्नु, सबैलाई कदर गर्नुजस्ता क्रियाकलाप र व्यवहार जो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैले गर्दै आएको छु यी सब अब पुत्र मोक्षनाथ लगायत मेरा नातिनातिनाले सम्पूर्ण रूपमा गर्छन् । त्यो लक्षण देखा परिसकेको छ माधव बाबू ! नातिनीहरूसमेतले मेरा कार्यको अनुशरण गर्नुले निकै निकै खुसी छु ।

◆ **छ्यानब्बे वर्षको यो उमेरमा पनि अध्यापन गर्दै हुनुहुन्छ ? गाह्रो हुन्न अब अध्यापन छाडेर शिवभजनमा मात्र लाग्दा के होला ?**

अहो ! त्यस्तो के भन्नु भएको ? सकुन्जेल कर्म गर्नुपर्छ, ज्ञान बाँड्नु पर्छ । अनि मलाई यो कामले झन् उर्जावान बनाएको छ । वेद र कर्मकाण्ड, रुद्री, चन्डी पढाउँदा, छात्रसँग प्रश्नोत्तर गर्दा मलाई अपार आनन्द लाग्छ । म देखि छात्रहरू डराउँछन्, अनुशासित बन्छन् । खुट्टामै ढोग्छन् र गल्ती गरे भने आफैं क्षमा माग्न आउँछन् । यो गुरुकुलीय प्रविधि भएकाले गुरु र छात्रका बीचमा प्रेम र आदरपरक सम्बन्ध रहन्छ । मलाई भुल्ने बाटो पनि भएको छ । गुरुकुलीय नियममा पढाउँछु , वेद दैवी सम्पती हो, यसको संरक्षण गर्छु, यसलाई लिएर पनि जान पाइन्छ, आसुरी सम्पत्ती मात्र छाडेर जाने हो । वेद भनेको ब्रह्म हो, वेद पढ्न धनी - गरिब, सानो-ठूलो, महिला -पुरुष दलित - ब्राह्मण, जातभात, वर्ण आदिले छेक्तैन । त्रिपुण्ड लगाउँछु, सात्विक खाना खान्छु, नियम-धर्म छाडेको छैन, सबैले १६ वर्षे जोश भएको वृद्ध मान्छन्, कसैप्रति ईर्ष्या, डाहा र कपटपूर्ण दृष्टि छैन । चश्मा नलाई पढ्न सक्छु । कानमा समस्या छैन । सान्ध्योपासन, रुद्री, वेद जे पढाउछु त्यो निशुल्क पढाउँछु । पैसा कमाउनुभन्दा आफूले दिएको ज्ञानबाट अरू लाभान्वित भएको देख्न पाइयो भने त्यो भन्दा ठूलो आनन्द के नै हुन्छ र ? छात्रहरूलाई आफ्नो निजी रकम पुरस्कार दिएर प्रेरित गर्ने गरेको छु । म नजान्ने वा ठग्नेलाई बेसरी पिट्छु पनि । त्यसो नगरे उनीहरू झन् झन् अल्छी बन्छन् ।

◆ **वेद पढ्दाको विधि छुट्टै छ कि ? अन्य पढाइ जस्तै हो ?**

निकै उपयोगी प्रश्न सोध्नुभयो, धन्यवाद छ । वेद पढ्दा पद्मासनमा बस्नु पर्दछ । पहिले जुन गति र लयमा पढ्न सुरु गरिएको छ, अन्त्यमा पनि त्यही आसन, गति र लय यथावत रहनुपर्छ । शुद्धतामा ध्यानदिनु पर्छ । पढ्दै जादा अशुद्ध भयो भने दोहऱ्याइ तेहऱ्याइ पढ्नुपर्छ । शरीरलाई कसिलो पार्नु हुन्न, हल्का पार्नुपर्छ, मन पवित्र राखिरहनु पर्छ । अरू विषय पढेजस्तै गरी वेद पढ्नै सकिन्न ।

◆ **अरु विषय पढ्दा पनि त्यसै गर्नु हुन्न र ?**

हुन्छ, किन नहुनु ? वेद पढ्न कठिन छ भन्ने मात्र मेरो आसय हो । अन्य विषय पढ्दा पनि कठिन त हुन्छ नै । सन्ध्योपासनामा मङ्गलाचरणबाट सुरु गरी भष्मधारण मन्त्र, शिखावन्धन मन्त्र, आसन पवित्र गर्ने मन्त्र, पवित्र धारण गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्र, पवित्र गर्ने मन्त्र, आचमन गर्ने मन्त्र, आसन पवित्र गर्ने मन्त्र, सङ्कल्प मन्त्र, विसर्जन मन्त्र आदि गर्नुपर्ने हुन्छ। विनियोग मन्त्र, ध्यान, प्रार्थना, २४ मुद्रा, अष्ट मुद्रा, प्रदक्षिणा, गायत्री मन्त्र आदि जान्न कठिन छन्। कठिनाइ सबैमा छ। वेद पढ्नमा अझ बढी छ। म आशिष् मन्त्र जो शुक्लयजुर्वेदको २२ अध्यायको २२ औं मन्त्र हो। त्यो विशेष गरी सिकाउँछु। त्यसको भावार्थ सुनाउँछु, त्यो निकै उपयोगी छ। शक्तिशाली पनि छ। मलाई त्यो आशिष् मन्त्र पढ्दा र भावार्थ भन्दा १० मिनेट जति लाग्छ। त्यस मन्त्रले गुरुकुलको वातावरण निकै सकारात्मक बनाउँछ। मैले पढाएका प्रायः सबैलाई कण्ठ छ त्यो। गणेश दुर्गा, विष्णु, सूर्य, शिव देवताको तस्बिर देखाएर छात्रलाई तिनको बारेमा बताउँछु। लौ माधव बाबू! मेरो भनाइ कताकता पुग्यो आफै मिलाउनुहोस् र बुझ्नुहोस्।

◆ **हिजो आज 'धर्म' शब्द निकै व्यापक बनेको छ। सकारात्मक र नकारात्मक दुबै सन्दर्भसँग जोडिएको धर्म भनेको खास के हो ?**

'धर्म' भनेको आत्मले ग्रहण गर्ने विषय हो, जसलाई पदार्थको गुण पनि भनिन्छ। व्यक्ति, पदार्थ वा बस्तु जे होस् सबैको आ-आफ्नै धर्म हुन्छ। जे धारण गरिन्छ त्यो धर्म हो भन्न पनि सकिन्छ। धर्मबिनाको व्यक्ति, बस्तु र पदार्थको कल्पना गर्न सकिन्न। गरिने कर्मको अर्को स्वरूपलाई पनि धर्म मान्न सकिन्छ। जीवनमा धर्म र कर्म एक अर्कामा पुरक छन्। हामी मानिस जातिले मान्ने धर्म भनेको कर्मकर्तव्यप्रति सचेत रही सबैको हित हुने व्यवहार गर्नु, दुर्वाच्य नबोल्नु, सत्यको मार्ग पक्रनु, परधनमा आँखा नगाड्नु, गरिब, दुखी र असहायप्रति दया र सेवा भाव राख्नु, ठूलालाई आदर र सानालाई माया गर्नु वा राष्ट्रसमाजको हितार्थ जुट्नु धर्म हो। धर्मले अनुशासन र नैतिकता सिकाउँछ। धीरता वा धैर्यता धर्मले नै दिन्छ। विश्वासका साथ इमान्दारितासाथ, बिनाकपट, इर्ष्या, स्वार्थ र षड्यन्त्रपूर्वक कसैको हानीनोक्सानी नगर्नु धर्मको अभिप्राय हो। आफ्ना परम्परा, संस्कार र संस्कृतिको पालना गरी कुलवंशको इज्जत प्रतिष्ठा बढाउने कार्यमा लाग्नु नै धर्म हो। धर्मको अर्थ निकै व्यापक छ। पूजापाठ, धूपधुवाँर शङ्खघण्ट, मन्दिर दान, तीर्थ, व्रत आदि पनि मानव धर्मका द्योतकका रूपमा रहेका छन्। अहिले धर्म सम्प्रदाय र गुटमा सीमित भएको छ। धर्मलाई स्वार्थ सिद्धिको साधन बनाउने काम भएको छ जो राम्रो होइन। धर्मले मेलमिलाप, शान्ति सद्भाव र उच्च आचरण दिनसक्नुपर्छ।

◆ **हिन्दु अधिराज्य नेपाललाई धर्मनिरपेक्ष बनाइएको छ ? हिन्दुको मुलुकमा**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो हुनुलाई हजुरले कसरी लिनुभएको छ ।

हिन्दुधर्म समृद्ध छ । यो समातन धर्म हो । यस धर्मका आदर्श पक्ष थुप्रै छन् । हिन्दु धर्मका आदर्शलाई अन्य धर्मावलम्बीले पनि अवलम्बन गरेको पाइन्छ । हिन्दु धर्मले प्रकृतिको अस्तित्त्वलाई स्वीकार्दै आएको छ । प्रकृतिका कैयौं विषय हिन्दुधर्मका क्रियाकलापसँग मिल्छन् । यस धर्मका छत्रछहारीमा रहेर भारत र नेपालका नागरिकले जन्म धर्तीप्रति अगाध आस्था र प्रेम दर्शाएका छन् । नेपालीको चाहना धर्म सापेक्ष राष्ट्र हो तर राजनीतिले धर्मनिरपेक्ष बनायो । अचानक त्यसो गरिनुले नेपाली हिन्दुधर्मावलम्बीको मन दुखेको छ । जनता जागरुक भएभने त्यो सम्भव पनि छ । हुन त धर्मप्रति पूर्णआस्था राखी धर्मानुसारका आचरण गरेमा धर्म सापेक्ष र निरपेक्ष हुनुले फरक पर्ने होइन । धर्म किनवेच हुने सम्भावना निरपेक्षताले दिलाउँछ । अहिले अनेक किसिमले हिन्दूधर्मावलम्बीलाई अन्य धर्ममा लैजाने काम भएको छ । त्यसलाई रोक्नुपर्छ । भोलिको पुस्तालाई हामीले हिन्दुधर्म सापेक्ष उन्नत समाज बुझाउन सक्नुपर्छ ।

◆ आयुर्वेद र हाम्रो जीवनपद्धतिको सम्बन्धबारे हजुरको दृष्टिकोण के छ ?

हामीले जन्मलाई सार्थक पार्न सक्नुपर्छ । जन्म सार्थक पार्नु भनेको जीवनलाई विधि-नियममा चलाई उत्कृष्ट कर्मद्वारा सुशोभित गर्नुपर्छ भनेको हो । यजुर्वेदले जे भनेको छ त्यो हाम्रो जीवन पद्धतिको महत्वपूर्ण पक्ष भनेको छ । आयुको विषयमा यजुर्वेदमा धेरै सन्दर्भ छन् । आहार, विहार, सदाचार, दिनचर्या, रात्रिचर्याको समुचित पालना गर्नु सप्तधातुहरू सामान्य अवस्थामा रहनु, मल उत्सर्जन क्रिया नियमित हुनु, इन्द्रिय र मन प्रसन्न रहनुले नै मानिसको स्वस्थता देखाउँछ । सत्वगुणी बन्नु, असल आचरणद्वारा व्यवहारमा प्रकट हुनु, पूजापाठ गर्नु, आदरसत्कार तथा प्रेमभाव बढाउनु, शुद्ध भोजन गर्नु, क्रोधरहित हुनु, धर्मशास्त्रको अध्ययन गर्नु, ब्रह्मचर्यको पालना गर्नु, सहवासलाई सन्तान उत्पानको रूपमा मात्र लिनु, निरोगी रहनु आदिको बारेमा यजुर्वेदले जति अरू कुनै ग्रन्थले बताउँदैनन् । स्वस्थ्य, जीवनका विविध संस्कार, संस्कृतिका बारेमा पनि यजुर्वेद प्रष्ट छ । अब भन्नोस्-हाम्रो जीवन - पद्धतिका सम्बन्धमा यजुर्वेद कति महत्त्वको रहेछ । एकचोटी तपाईले यजुर्वेदका भाषाटीकाको अध्ययन गर्नोस् बाबू !

◆ हिन्दुधर्म अन्तर्गत गरिने संस्कारहरूमा धेरै विवाद देखिएका छन् । सुधारका कुरा पनि उठेका छन् । हजुरको दृष्टिकोण के छ ?

हिन्दु धर्म संसारकै उत्कृष्ट धर्म हो । उत्कृष्ट हुनुको कारण यस अन्तर्गत गरिने संस्कारको प्रभाव पनि हो । संस्कार भनेको नियमित रूपमा गरिने असल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्य हुन् । संस्कारले व्यवहारलाई सरलीकृत गर्छन् । मनमा शान्ति प्रदान गर्छन्, कर्मकर्तव्य सिकाउँछन्, परिपक्वता बढाउँछन् र जीवनयापनको शक्ति प्रदान गर्दछन् । हाम्रा संस्कारहरू हचुवाका भरमा र कल्पना गरेर बनाइएका होइनन् । समाजले लामो प्रयत्नपछि संस्कारहरू बनाइएको हो । आस्थाका रूपमा रहेका संस्कारलाई जीवनका महत्त्वपूर्ण क्रियाकलापका रूपमा लिन सक्नुपर्छ । गर्भाधान, जन्म, षष्टी, उपनयन, समावर्तन, जातकर्म, पास्नी, विवाह, मृत्यु लगायतका जेजति संस्कार छन्, तिनका विधि शास्त्रले निर्क्यौल गरिसकेकाले तिनलाई नाघेर गरिने संस्कारबाट फल पाइँदैन । ४/५ दिनमा क्रिया भ्याउने, त्यति नै दिनमा न्वारन गर्ने, एउटै पण्डितले दिनमा ५/७ ओटा श्राद्ध भ्याउने, शास्त्रका विधि पालना नगरी व्यवसायजस्तो ठानेर कमाउनतिर लाग्ने आदि गर्नुलाई म त पाप ठान्छु । संस्कार जे जसरी चल्दै आएका छन् त्यही रूपमा भावी पुस्तालाई हस्तान्तरण गर्न सक्नुपर्छ । बाबू !

◆ स्वर्ग र नर्क छन् कि छैनन् ?

स्वर्ग र नर्क दुबै छन् । यी बिना जीवन निर्वाह हुनै सक्तैन । स्वर्गलाई सुख, शान्ति, समृद्धि, सुविधा, आनन्द, पुण्य आदिका रूपमा र नर्कलाई दुःख, पीडा, अभाव, अशान्ति, अधैर्यता, अन्धकार आदिका रूपमा लिनुपर्छ । वास्तविक स्वर्ग र नर्क हाम्रो जीवनभित्रै छन् । मरेपछि पनि हामी त्यसप्रकारको अवस्थाको कल्पना, गर्नसक्छौ । राम्रो काम गरे स्वर्गमा र नराम्रो काम गरे नर्कमा पुगिन्छ भन्ने बुझ्नु नै उत्तम हो ।

◆ भूत, प्रेत, पिशाच, बोक्सी कस्ता कुरा हुन् ?

यी नराम्रा कुरा हुन् भन्ने त प्रस्टै छ । जब व्यक्तिलाई आपत्विपत् पर्छ, र उसको मन अस्थिर बन्छ तब यी कुरा उठ्छन् । मनोवैज्ञानिक असरले यी कुराले व्यापकता पाएका हुन् । भूत, प्रेत, पिशाच र बोक्सीको अस्तित्त्व नस्वीकार्दा त्यही कुराले मन प्रताडित हुन्छ । अस्तित्त्व स्वीकार्दा परम्परावादी भएको महसुस हुन्छ । भूतप्रेत, पिशाच भूतआत्मासँग सम्बन्धित छन् भने बोक्सी मूलतः जीवित नारीसँग सम्बन्धित छ । बोक्सीको आरोपमा महिलाको गाली बेइजती गर्ने, कुटपीट गर्ने, गाउँ निकाला गर्ने कार्य जो भएका छन् त्यो मानवले मानवलाई गर्न हुने कार्य होइनन् । बोक्सी प्रथा अन्त्य हुँदै गएको पाइन्छ । यो सामाजिक विकृति हो ।

◆ आजको दुनिया भौतिकवादी बन्दै जानुलाई कसरी हेर्नुहुन्छ ?

ठीक कुरा गर्नुभयो आजको दुनिया भौतिकवादी बन्दै गएको छ । आध्यारमवादी बन्नेको सङ्ख्या निकै कम छ । जीवनमा सुखसुविधा केवल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भौतिकवादबाट मात्र मिल्छ भन्ने भ्रममा दुनिया परेको छ। त्यो भन्दा बलियो आनन्द अध्यात्मवादमा छ भन्ने नबुझ्नुले नै समस्या खडा गरेको छ। त्यसले गर्दा दुराचार, भ्रष्टाचार, हिँम्साजस्ता कुकृत्य बढेका छन्, दया र प्रेम हराएका छन् र मानवत्वमा सङ्कट आएको छ। 'मै खाऊँ मै लाऊँ' को प्रवृत्ति हामीलाई हितकारक छैन। त्यै भौतिकवादले धर्म, संस्कृति र संस्कारको महत्त्व घटेको छ। भौतिक बस्तुको उपभोगबिना जीवन चल्दैन भन्ने पनि सत्य हो तर त्यसलाई निश्चित सीमासम्म उपयोग गर्न सक्नुपर्छ।

◆ **राजनीति र धर्मको के कस्तो सम्बन्ध रहन्छ ?**

राजनीति र धर्म एक आपसमा सम्बन्धित छन्। धर्म भनेको हिन्दु, मुश्लिम, क्रिश्चियन, बौद्ध आदि गुटउपगुटमा वा समूहमा लाग्नु र तत्अनुरूप भगवान्‌लाई मान्नु मात्र होइन। आफ्नो क्षेत्रको विधि, नियम, कानून, संस्कार बमोजिम काम पनि हो। राजनीतिको धर्म भनेको जनतालाई सम्पन्न पार्नु, देशको गौरव बढाउनु, दोषीलाई कारबाही गर्नु, असलकर्मीलाई पुरस्कृत गर्नु आदि हो। अझ असल सरकारले त आफ्नो परम्परागत राष्ट्रिय धर्मको रक्षार्थ काम गर्छ। राजनीतिकर्मीले राजनीतिकै धर्म मान्न राम्रो हो। विभिन्न समूहले भनेको धर्मका हस्तक्षेप गर्नुहुँदैन।

◆ **आज लामो समयसम्म हजुरजस्तो धर्म, शिक्षा र संस्कृतिको महान व्यक्तित्त्वका समीपमा रही वार्तालाप गर्ने अवसर पाएँ। आजको दिन मेरो जीवनका केही सुवर्णमय दिनमध्ये एक हुनेछ। यहाँले सुरुमै मलाई टीका लगाउँदै दिनु भएको सुख, शान्ति, निरोगिता यशकीर्ति र शत वर्षको आयु प्राप्तिका लागि दिनुभएको आशीर्वचन लागोस्। हजुर पनि अझै २०/२५ वर्ष बाँचेको र लोककल्याणकारी कार्यमा लागेको देख्न र सुन्न पाऊँ मेरो शुभेच्छा छ। अब अन्त्यमा केही भन्न पाए हुन्थ्यो भन्ने छ कि ?**

आज रेडियोले मेरो राशिफलमा अचानक एक कल्याणकारी विद्धान व्यक्तिसँग सम्पर्क हुने र दिन अत्यन्त शुभ रहने बताएको थियो। साँच्चै त्यस्तै भयो। तपांईसँग बसेर आफ्ना केही छात्रलाई साक्षी राखेर गरेको कुराकानी मेरा लागि पनि अविस्मरणीय हुनेछ। आउनुभो र मेरो जीवनकथा र व्यक्तित्त्वलाई खोतल्नु भयो, धेरै खुसी छु। नेपाली धर्म, संस्कृति संस्कार र नेपाल राष्ट्र अनि हामी सबैको भलो र कल्याण होस्। अरू के भनौं र ?

✿✿✿✿

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाडपर्वको महत्त्व र महङ्गी

✍ हरिप्रसाद सोडारी

चाडपर्वले हामीलाई संस्कारयुक्त, समभ्रुदार, सद्भाववाला बनाउँछ र उपासना, उपकार र उद्धार गर्न सिकाउँछ । यसैले देवीदेवता पूज्न, पिता पुर्खाको याद गर्न र धर्मकर्म गर्न प्रेरित गर्दछ । चाडपर्व उत्साहको जड हो, राम्रो बाटो हिंड्न सिकाउने पावन अवसर हो । अबुझहरूले यसलाई सम्पत्तिको विनाशक, समाजको विभाजक मानेको देख्दा आश्चर्य लाग्छ । वैदिक सनातन धर्मले विभिन्न चाडपर्वका माध्यमबाट मानिसलाई एकाकार गराइराखेको छ । वैदिक धर्ममा सबैभन्दा धेरै देवीदेवता, चाडपर्व, उपासना पद्धति, धार्मिक पुस्तक उपलब्ध छन् । यसैले हाम्रो धर्ममा ऋषिमुनि पनि प्रशस्त छन् । ज्ञान र विज्ञानसम्मत् जीउने भएकाले परोपकारी र सहिष्णु पनि छन् । यसले जीवनलाई सहज, संस्कृतिलाई उर्बर, समाज र समुदायलाई एकाकार, धर्मलाई प्रतिफलमुखी बनाएको छ । वैदिक धर्म र हाम्रा चाडपर्वहरू सर्वप्राचीन भएकाले सबै धर्ममा यसको धेरथोर प्रभाव देखिन्छ । चाडपर्वले संस्कृति र धर्मलाई जीवन्त राख्दछन् ।

हरेक धर्मका मूल्यमान्यताले चाडपर्वहरूलाई व्यवस्थित र लक्ष्य उन्मुख बनाउँछन् । चाडपर्वहरू धर्मका आख्यान, शास्त्रका व्याख्यान वा परम्परागत मान्यतामा आधारित हुन्छन् । चाडपर्वले इष्टदेवीदेवताको पूजा-उपासना, प्रार्थना, भजन, दान गराइ पापबाट मुक्त, असल कार्यमा प्रवृत्त, एकतामा आबद्ध, संस्कृतिमा प्रतिबद्ध, चिन्तनमा ध्यानबद्ध, गर्दै जिउने कला प्रदान गर्दछ । परं वनुते/वृणुतेति पर्व अर्थात् टाढा-टाढा बसेकालाई भेट्ने, नजिक ल्याउने अवसरलाई पर्व भनिन्छ । तिथि, मिति, पक्ष विशेषका आधारमा पर्व मनाइन्छ । भेटघाट गर्ने, सुख-दुःख आदानप्रदान गर्ने एवं देव, पितृ, अग्रजलाई स्मरण गर्ने अवसर प्रदान गर्न चाडपर्वको जन्म भएको हो । चाडपर्वले आत्मीयता सृजना गर्ने, सम्बन्ध स्थापित गर्ने भएकाले पुर्खाहरू संयुक्त परिवारमा आनन्दपूर्वक रमाउँथे । उनीहरूको सङ्गठन बलियो थियो, व्यवहार स्वच्छ थियो । चाडपर्वहरूका मूल्यमान्यताले गर्दा कुनै हजुरबुबाले वृद्धाश्रम जानु

✍ गोरखा खोप्लाङ्ग निवासी लेखक धार्मिक, सांस्कृतिक तथा अनुसन्धेता हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परेको थिएन, कुनै नातिले बालगृहमा बाल्यकाललाई खेर फाल्नु परेको थिएन, छोरी-बुहारीले आत्महत्या गर्नु परेको थिएन, कुनै पनि सासू र ससुराले एक्लो जीवन बिताउन परेको थिएन ।

हिन्दुका चाडपर्वहरू मोज, भोजमा भन्दा पनि साधना, उपासना, चिन्तन, मननमा केन्द्रित छन् । चाडपर्वका अवसरमा गरिएको साधना वा तीर्थाटनले मनोकाङ्क्षा छिटै प्राप्त हुने हुनाले असाध्यै महत्त्वपूर्ण मानिन्छ । यिनीहरूले भौतिक आनन्द, धार्मिक सुख र आध्यात्मिक उन्नतिबाट हामीलाई लाभ नै दिइरहेका थिए । प्रत्येक पर्वका आफ्नै गरिमा, महिमा, उपलब्धि, लक्ष्य र विशेषता छन् । बुबा र छोरा-छोरीबीच सम्बन्ध बिग्रिएका छन् भने पनि बुबा खुवाउने (कुसे) औंशीमा सुध्रिन्छन्, आमा र सन्तानबीचको सम्बन्ध आमा खुवाउने औंसीदेखि प्रगाढ बन्दछ, दिदीबहिनी र दाजुभाइबीचको वैमनस्य तिहारमा टुङ्गिन्छ, हजुरबादेखि नातिनातिनासम्मको सम्बन्धलाई दशैंले सफा, उज्यालो र एकत्वमा रूपान्तरण गराउँछ । श्रीमान्-श्रीमतीबीचको मनमुटावलाई तीजको व्रतले विसर्जन गराउँछ, मामा र भाञ्जा भाञ्जी बीचको कटुता जनैंपूर्णिमामा पखालिन्छ, विद्यार्थी र शिक्षकबीचको तिक्तता गुरुपूर्णिमामा मेटिन्छ, कुलाइनको पूजामा गोत्रीय बन्धुत्व भेटाइन्छ, स्वस्थानी पूजाले मितेनी आमा र मित छोराबीचको सामिप्यता बढाउँछ । पर्वले मानिसलाई भेटाउँछ, बोलाउँछ, सँगै बस्न र हिँड्न सिकाउँछ ।

विदेशिएका नेपालीहरू दशैं, तिहार, छठ, ल्होसार लगायतका चाडपर्व पारेर घर फर्कन्छन् । चाडपर्वमा एक अर्कालाई भेट्नै पर्ने भएकाले व्यवहारिक जीवनमा हुने तिक्तता र झैझगडालाई विर्सन बाध्य तुल्याइदिन्छ । बन्द भएका बाटाहरू, विग्रिएका व्यवहारहरू, रिसले टाढिएका नाताहरू खोलिदिन्छ । चाडपर्वलाई विधिसम्मत तरिकाले मनाउँदासम्म हाम्रो समाजमा सम्पत्ति, धर्म, वर्ण, क्षेत्रका नाममा झगडा थिएन । देवीदेउराली, नाग, भूमेलगायतका स्थानीयदेवी देवताको पूजा गर्दा सबै जातका मानिस जम्मा हुनुपर्दथ्यो । सिकर्मी, डकर्मी, वैश्य, शूद्र, क्षत्री, ब्राह्मण, दमाई, कामी सबै पूजामा सहभागी बन्दथे, भेटी चढाउँथे, प्रसाद ग्रहण गर्दथे, मन्दिरको मर्मत सम्भार गर्दथे । कामीले घण्टी बनाएर, डकर्मीले मूर्ति बनाएर, सार्कीले चमर, दमाईले बाजाहरू बजाएर अर्पण गर्दथे, ब्राह्मणले पूजा गर्दथे । यसले समाजलाई बाँधेर, जुटाएर राखेको थियो । मठ मन्दिर बनाउँदा ज्योतिषले साइत हेर्नुपर्छ, ब्राह्मणले मन्त्रद्वारा मूर्तिको प्राणप्रतिष्ठा गर्नुपर्छ । डकर्मी, सिकर्मी, मूर्तिकार आदिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिर एवं मूर्ति निर्माण गर्नुपर्छ । निर्माणमा जस्तै पूजामा पनि कसैले बजाएर, कसैले सफा गरेर, कसैले मन्त्र पढेर, कसैले माला गाँसेर सहभागिता जनाएकै पाइन्छ । यसरी हाम्रा मन्दिर र तीर्थस्थलले जात, भेग, क्षेत्र, वर्ग र वर्णलाई एउटै प्रवाहमा समाहित गरिरहेको छ । यसलाई नबुझेर चाडपर्व बोझ भयो, एउटा वर्गको हो भन्ने विभिषणहरू पनि देखापर्न थालेका छन् ।

पर्वकै अवसरमा बुद्ध, कृष्ण, राम, शिव, पारुहाङ, सरस्वती, लक्ष्मी लगायतका देवीदेवताहरूको पूजा, उपासना गरिन्छ र अनुष्ठानपछि टीका, चन्दन, तिलक लगाइ आशीर्वाद लिइन्छ । टीका आज्ञाचक्र (भृकुटी) मा लगाउने वैदिक चलन छ । आज्ञाचक्र त्यस ठाउँलाई भनिन्छ, जहाँ महादेवको तेस्रो आँखा देखाइएको हुन्छ । ज्ञान, बुद्धि, विवेकको ढोका खुलोस् भन्ने साङ्केतिक अर्थमा भृकुटी (आज्ञाचक्र) निर टीका लगाइ पञ्चामृत खाइन्छ । पञ्चामृतमा गाईको दूध, दही, घिउ, मह, चिनी वा सखर मिसाइएको हुन्छ । गाईको दूध स्वास्थ्यका लागि अमृत मानिन्छ । यसले विभिन्न रोगहरूको निराकरण गर्दछ । मिसावट भएन भने मह कैयौं वर्षसम्म बिग्रिदैन । पञ्चामृतमा प्रयोग गरिने प्रत्येक पदार्थहरू आफैंमा महौषधि हुन् । यसले स्वास्थ्यलाई सबल बनाउँछ अनि धर्म, संस्कृतिको संरक्षण गर्दछ । देवीदेवतालाई अर्पण गर्ने हरेक पदार्थ औषधि हुन् । प्रसादका रूपमा खाइने पदार्थले मनलाई सफा र शरीर स्वस्थ राख्ने काम गर्छ । प्रसाद नखानेहरू मनका शङ्कालु, शरीरका कमजोर र संस्कारले दुब्ला हुन्छन् । चाडपर्वले देवीदेवताको प्रसाद खाने, आशीर्वाद लिने रोग, शोक, शङ्का र सङ्कटलाई घटाउन र हटाउन सहयोग गर्दछ । यसैले चाडपर्व भारी हुँदैन तर हामीले भारीजस्तो बनाइरहेका छौं ।

असार पन्ध्रमा दहीचिउरा, साउन पन्ध्रमा खीर, पन्ध्र पुषमा लट्टे, माघे सङ्क्रान्तिमा खिचडी खाने पर्वहरू कृषिसँग सम्बन्धित छन् । साउन १ गते लुतो फाल्ने, कार्तिक शुक्ल षष्ठीमा छठ मनाउने, पूर्णिमामा चन्द्रमाको पूजा गर्ने संस्कृतिले प्रकृति प्रेमी बनाउँछ । उधौली, उभौली, ल्होसार आदिले हामी को थियौं ? भन्ने इतिहासले परिचय दिन्छ । यस्ता कर्महरूले संस्कृति, सभ्यता, संस्कारलाई जगाउन र जोगाउन सहयोग गर्दछ । मानिसलाई सही बाटोमा ल्याउँछ र इष्ट देवीदेवतालाई साक्षात्कार गर्ने मौका प्रदान गर्दछ । पर्वका अवसरमा लगाइने गहना, कपडा, पहिरिने तरिकाबाट इतिहास, कला, भाषा, संस्कृति आदिको बारेमा जान्न, बुझ्न सकिन्छ । पर्वले दानदक्षिणा दिन र लिन, तीर्थस्थलको भ्रमण गरेर आध्यात्मिक र व्यावहारिक ज्ञानार्जन गरी पर्यटन व्यवसाय बढाउन सहयोग गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाडपर्वकै अवसरमा मुक्तिनाथ, पशुपतिनाथ, वराहक्षेत्र, जनकपुर, लुम्बिनी लगायतका क्षेत्रमा भक्तहरूको घुँइचो हुन्छ । यसले आफ्नो सम्पदामाथि प्रेम बढाउँछ, श्रद्धा जगाउँछ । वेद, मुन्धुम, त्रिपिटक, कुरान लगायतका ग्रन्थ पाठबाट धर्म, संस्कृति आदिलाई संरक्षण गर्दछ । मठ, मन्दिर, गुम्बाले देशको परिचय गराउँछ, हाम्रो परिचय बढाउँछ । पशुपतिनाथ, लुम्बिनी, मुक्तिनाथ, जनकपुरले नेपालको परिचय बढाएका छन् । हिन्दुधर्मले नेपालको छुट्टै पहिचान बनाएको छ । भ्रष्ट, दुष्ट नेताका कारण राष्ट्र सबल हुन नसके पनि ऋषिमुनिको तपस्याले हाम्रो नाक ठाडो, राष्ट्रको शिर उच्च भएको छ । हिन्दु धर्मका अनेकौं पर्वले अन्तत राष्ट्रकै उन्नतिमा सहयोग पुऱ्याउँदै आएका छन् । आफन्त भेट्ने बाहना भएका छन् ।

चाडपर्वले मानिसको सम्बन्ध जनावर, वनस्पति र प्रकृतिसँग पनि नजिक बनाउँछ । तिहारका माध्यमबाट काग, कुकुर, गाई, गोरु आदि जनावरसँग आत्मीयता गाँस्न पाइन्छ । नागपञ्चमीमा सर्पको पूजा गर्दै मित्रवत् व्यवहार गर्ने ऊर्जा प्राप्त गरिन्छ, एकादशीमा तुलसी, शनिबार पीपल लगायतका बिरुवा र वृक्षसँगै भावनात्मक सम्बन्ध जोड्दछौं । आइतबार सूर्यको, हरेक दिन बिहान पृथ्वीको पूजा गरेर ग्रह, सजीव र निर्जीवसँग मित्रताको पवित्र गाँठो कस्दछौं । हिन्दुले तिथि, मिति, वारहरूलाई पर्व मानेर जीवन सरस, सरल, सहज बनाइरहेका छन् । यिनीहरूको पल-पलमा अर्थ, महत्त्व, गरिमा छन् । अरूका चाडपर्वहरू मोजका लागि, भोजका लागि, भोगका लागि हुन्छन्, जसले रोग, शोक र ऋणलाई निमन्त्रणा गरेर बिदा हुन्छन् । हिन्दुका चाडपर्वहरूले आशीर्वाद लिन-दिन, मङ्गल चिताउन, एकतामा आबद्ध हुन, धर्म-संस्कृतिको संरक्षण र जगेर्ना गर्न मलजल गरिरहेका छन् । जसको पर्व छ, संस्कृति छ त्यो समाज, त्यो धर्म, त्यो व्यक्ति कहिल्यै एक्लो हुँदैन, निरस बन्दैन । त्यसैले मानिसको जीवन एकाकी छैन जस्तो पशुपक्षीहरूका छन् । पशुको न त संस्कृति, न त धर्म, न त परम्परा, न त पर्व हुन्छन् । हरेकलाई सम्भन, मिल्न, बोल्न, सम्बन्ध स्थापना गर्न चाडपर्वले अहम् भूमिका खेल्ने हुनाले हिन्दुहरूका चाडपर्वहरू धेरै भएका हुन् । चाडपर्वले मानिसलाई अनेकतिरबाट एकतामा जोड्न सहयोग गरेका हुनाले केही बर्ष अघिसम्म बालआश्रम, वृद्धाश्रम खोल्नै परेको थिएन । जबदेखि हिन्दुधर्ममाथि नाङ्गो प्रहार हुन थाल्यो अनि चन्दा मागेर रमिता गर्न थालियो । चाडपर्व राम्रोसँग भन्ने हो भने हामी भिखारी हुँदैनौं, रोगको शिकारी हुँदैनौं, समभ्रुदार नेपाली हुन्छौं ।

पूजनीय वा योग्य व्यक्तिलाई दिइने नगद एवं जिन्सीलाई दक्षिणा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ । धार्मिक अनुष्ठानका साथै तिथि, पर्व विशेष अवसरमा पूजनीय व्यक्तिहरूलाई यथाशक्य दक्षिणा दिइन्छ । धार्मिक, सांस्कृतिक कार्य गराए बापत पण्डितको योग्यतालाई दिएको ज्याला दक्षिणा हो । मानिसको योग्यता, दक्षता, अनुभवअनुसार दिइने पारिश्रमिकको नाम फरक हुन्छ । शारीरिक बललाई सदुपयोग गरेबापत दिइने रकमलाई ज्याला (wage) भनिन्छ । शैक्षिक योग्यता, मानसिक शक्ति वा ज्ञान खर्च गरेबापत पाइने रकमलाई तलब (salary) भनिन्छ। दान, दक्षिणा, उपहार मानिसलाई दिइन्छ भने देवीदेवतालाई बलि अर्पण गरिन्छ। भगवान्‌लाई चढाएको फलफूल, पानी, द्रव्य आदि बलिका उदाहरण हुन् । जन्मदिन, पदप्रतिष्ठा बढेको अवसर, शुभकार्यका साइत लगायतका अवसरमा पूज्य वा पवित्र व्यक्तिलाई दिइने चल-अचल सम्पत्तिलाई दक्षिणा भनिन्छ । दक्षिणा लिने व्यक्ति दक्ष, सन्तोषी, संस्कारी र प्राप्त वस्तुलाई सदुपयोग गर्न सक्ने हुनुपर्छ । कर्मको अन्तमा दक्षिणाको सङ्कल्प हुन्छ । पूर्वनिर्धारण गरेअनुसार काम सकिनासाथ दक्षिणा दिए[१] भोजन गराइ बिदा गर्नुपर्छ ।

दक्षिणावतामिदमानि चित्रा दक्षिणावतां दिवि सूर्यासः ।
दक्षिणावन्तो अमृतं भजन्ते, दक्षिणावन्तः प्रतिरन्त आयुः ॥

-ऋग्वेद २।१।१०।६

अर्थात् 'दक्षिणा प्रदान गर्नेवाला चित्रा हो, दक्षिणा दिनेवाला आकाशमा सूर्यझैं चम्कन्छ, दक्षिणा दिनेवालाले अमरत्व प्राप्त गर्दछ, दक्षिणा दिनेवाला दीर्घायु भएर जीवित रहन्छ ।' दक्षिणा आफ्नो हैसियत वा क्षमताअनुसार दिइने श्रद्धेय वस्तु हो, जहाँ लिने र दिनेबीचमा कुनै सन्धि-सम्झौता वा शर्त हुँदैन । दक्षिणालाई समय, स्थान, उद्देश्य आदिका आधारमा तामसी, राजसी र सात्त्विक गरी तीन भागमा विभाजन गरिएका छन् । तिथि, स्थान, पात्रता, समय आदिलाई ध्यान नदिई आफूलाई श्रेष्ठ देखाउन वा भनाउन दिएको दक्षिणालाई तामसी दक्षिणा भनिन्छ । यसमा न त विधान हुन्छ, न त दक्षिणा लिनेले त्यसलाई सदुपयोग गर्दछ, न त प्रदान गर्ने वालाले आफ्नो कमाइ र पसिनाबाट दक्षिणा दिएको हुन्छ । मान प्रतिष्ठा बढाउन, यश र नाम कमाउन दिइने दक्षिणालाई राजसी दक्षिणा भनिन्छ । आफ्नो औकातले सकेको पदार्थ, योग्य व्यक्तिलाई, उचित स्थान र समयमा प्रदान गरिन्छ भने त्यसलाई सात्त्विक दक्षिणा भनिन्छ । प्रदानकर्ता र प्राप्तिकर्ताले दक्षिणाको विषयलाई लिएर मन खुम्च्याउने, दुःखाउने गरेमा दुवैलाई धर्मबाट च्युत

१. वामनपूराण ३१।८३–८४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराउँछ ।

ॐ व्रतेन दीक्षामाप्नोति दीक्षयाऽऽप्नोति दक्षिणाम् ।

दक्षिणा श्रद्धामाप्नोति श्रद्धया सत्यमाप्यते ॥ -शुक्लयजुर्वेद १९।३०

अर्थात्, 'व्रतले दीक्षा प्राप्त हुन्छ । दीक्षाले कार्य कुशल वा दक्ष बनाउँछ, त्यसले श्रद्धा उत्पन्न गर्दछ । त्यो श्रद्धाले नै सत्य प्राप्त गराउँछ ।' दक्षिणाले अनेक जन्मका पाप नाश गरी मुक्त गराउँछ । दान-दक्षिणा दिनु भनेको बीउ रोप्नु हो । धान रोप्नुभन्दा अगाडि व्याड (विहाड) मा बीउ राखिन्छ । भकारीको धान व्याडमा छरेको आफ्नो लागि हो कि जमिनको लागि ? धानको बीउबाट कैयौं गुणा धेरै अन्न प्राप्त हुन्छ । धान दक्षिणा हो, व्याड असल पात्र हो, फल लाग्नु पुण्य प्राप्त हुनु हो । चाडपर्वका अवसरमा दानदक्षिणा दिँदा वा असहायलाई सहयोग गर्दा पुण्य प्राप्त हुन्छ । दक्षिणा योग्य मानिसलाई दिँदा पुण्यको फल मौलाएर सामाजिक इज्जत, प्रतिष्ठामा रूपान्तरण भई दानकर्ताको स्थान उच्च, सम्मान योग्य बन्न पुग्छ । दक्षिणाकै पुण्यले विभिन्न दुर्घटना, दुःख, ताडना, यातना आदिबाट मानिसलाई बचाउँछ । यज्ञ र दक्षिणा बीचमा अन्योन्याश्रित सम्बन्ध छ । यज्ञ ह वा पुरुषः तत् पत्नी दक्षिणा तस्माद् अदक्षिणो हतो यज्ञः अर्थात् यज्ञ पुरुष, दक्षिणा पत्नीको नाम हो । जसरी पुरुष र स्त्रीबिना वंश परम्परा अघि बढ्न सक्दैन, त्यसरी नै यज्ञमा ब्राह्मण वा पूज्य व्यक्तिलाई दक्षिणा नदिँदा यज्ञको कुनै अर्थ हुँदैन । यज्ञ गराएर दक्षिणा दिएन भने त्यसको फल बलि, जेष्ठा, राक्षस लगायतका तामसी शक्तिलाई प्राप्त हुन्छ । विकृति, अधर्म, पाप र राक्षसी संस्कृतिमा सहयोग पुग्दछ । वैदिक संस्कृतिले गाँस, बास र कपास भएकाहरूले अनिवार्य दानदक्षिणा दिन अह्राएको छ ।

शतेषु जायते शुरः सहस्रेषु च पण्डितः ।

वक्ता शतसहस्रेषु दाता तु जायते वा न वा ॥

अर्थात् 'शुर वीरहरू कम्तीमा सय वर्षसम्म बाँच्दछन्, विद्वान्हरू हजार वर्ष बाँच्दछन्, कुशल वक्ताहरू सय हजार (एक लाख) वर्षसम्म बाँच्दछन्, दान दिने मानिस कुनै युगमा मर्छ कि मर्दैन भन्न सकिँदैन अर्थात् कहिल्यै मर्दैन ।' सके दैनिक नभए पनि चाडपर्वका अवसरमा दान दिनु भनेको भविष्यसम्म आफ्नो प्रतिष्ठा र यशलाई जीवित राख्नु हो । यज्ञमा शास्त्रले निर्देश गरेअनुसार दक्षिणा दिनुपर्छ । जस्तै अश्वमेध यज्ञमा पूर्वतर्फ गएका सैनिकहरूले विजय गरेको सम्पत्तिमध्ये तीन भागको एक भाग होतालाई दिनुपर्छ, दक्षिण दिशाका राजाहरूमाथि विजय प्राप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी सङ्कलितमध्येबाट तीन भागको एक भाग ब्राह्मणलाई, पश्चिम दिशाबाट प्राप्त धनको तीन भागको एक भाग अध्वर्य' र उत्तर दिशाबाट प्राप्त भएको तीन भागको एक भाग उद्‌गातालाई दिने व्यवस्था छ । यज्ञकर्ताहरू सकेसम्म कम खर्चमा पण्डितको विदाइ गर्न खोज्ने, पण्डितहरू अनावश्यक लोभमा फसेर ज्याला तोक्ने पद्धतिले गर्दा पछिल्ला समयमा यज्ञबाट कसैलाई पनि लाभ प्राप्त भएको देखिँदैन । अनावश्यक क्षेत्रमा खर्च गर्न पैसा हुने तर योग्य ब्राह्मण, वास्तविक दुःखीलाई दिन खुट्टा कमाउने, ओठ सुकाउने, खल्ती लुकाउने, दाँतबाट पसिना निकाल्ने गलत प्रवृत्तिले यज्ञहरू वैदिक पुस्तकमा मात्रै सीमित हुन पुगेका छन् । दाहिने हातले दिएको देब्रे हातले थाहा नपाओस् भन्ने मान्यता धरापमा परेको छ । पापीमनलाई धर्मीतिर डोऱ्याएर श्रद्धा जन्माउन, सामाजिक लाज बचाउन, आफ्नो यश राख्न, पापबाट बच्नका लागि पनि दान दक्षिणा दिनुपर्छ ।[२] गुरु दक्षिणाकै कारण एकलव्यका अगाडि सबैका शिर झुक्दछन्, राजा हरिश्चन्द्र आजसम्म जीवित छन्, बलिको गुणगान गाइन्छ, कर्ण अमर बने, राजा शिविको नाम श्रद्धाले लिइन्छ । वास्तवमा दानदक्षिणा दिने मानिस कहिल्यै गरिब हुँदैन । भनिएको पनि छ 'दानीलाई हानि हुँदैन' । योग्य व्यक्तिलाई दान र दक्षिणा दिनु सबै प्रकारले फाइदाजनक भएको हुनाले प्राचीनकालदेखि दक्षिणाको महत्त्व शास्त्रहरूले वर्णन गरेका हुन् ।

चाडपर्वका अवसर पारेर अखाद्य पदार्थमा लगानी गर्न रत्तिभर नसोच्ने तर उपकार एवं पुण्यमा खर्च गर्न मुटु कमाउने संस्कारले हामीलाई गाँज्दै लगेको छ । दशैं, तिहारमा यति नै दक्षिणा दिनुपर्छ भन्ने हुँदैन, आफ्नो क्षमता र मनमा भर पर्छ । आशीर्वाद र फूलमात्र दिए हुन्छ । के यति लचिलो र उदार धर्म अन्यत्र देख्न पाइएला र ? देवीलाई राँगा, बोका, हाँस नै चढाउनुपर्छ भन्ने हुँदैन, आफूसँग केही छैन भने शब्द र श्रद्धा अर्पण गरे पुग्छ । हिन्दुहरूले देवीदेवतालाई फूल, पात, फल र पानी चढाउँछन् ।[३] यी पदार्थहरू पनि छैनन् भने भावैले भावना व्यक्त गरेर आफूसँग जे छ त्यही अर्पण गर्दछन् । तर केही कालयता हिन्दुधर्मका चाडपर्वहरूलाई महङ्गो बनाउने काम भएको छ । विद्या, उपासना, ध्यान सिकाउनका लागि मूल्य तोक्ने हाम्रो परम्परा नै होइन । विश्वामित्रले भगवान् रामलाई, द्रोर्णाचार्यले

---

२ श्रद्धया देयम्, अश्रद्धया देयम्, श्रिया देयम्, ह्रीया देयम्, भिया देयम्, संविदा देयम् ।-तैत्तरीयोपनिषद्

३ पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥– गीता ९।२६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्जुनलाई सिकाउँदा कुनै रेट तोकेका थिए र ? जब हाम्रो विद्या, धर्म, संस्कार, चाडपर्वमा पश्चिमी आँखा लाग्न थाले र यहाँका केही पात्रहरूले शकुनिको भूमिका निर्वाह गर्न थाले, त्यसपछि हाम्रा चाडपर्वलाई विरूप र कुरूप बनाउने कार्य दिन दुईगुणा रात चार गुणाका दरले बढ्न थाल्यो । दशैंमा दिने आशीर्वाद हो तर यसलाई दक्षिणाको रूपमा हेर्न थालिएको छ । तिजको प्रारम्भ पहिले नै दर खाने, दशैंलाई जुवातासमय बनाउने, तिहारलाई कुन भाइले कति दिन सक्छ भनेर तुजुक देखाउने गलत क्रियाकलापका जन्म गराउने महापात्र हामी हौं, हाम्रा पुर्खा र हाम्रा परम्परा होइनन् । ऋषिमुनिले जुन गरिमा बुझेर, जसरी बनाउने गरेका थिए त्यसलाई निरन्तरता दिन सकेमात्र चाडपर्वले संस्कार, संस्कृतिलाई संरक्षण गर्छ, हामी सर्वे भवन्तु सुखिनःको सिद्धान्तलाई मजबुत बनाउन सक्छौं । चाडपर्वलाई महङ्गो होइन महान्, महनीय, महत्त्वपूर्ण, मेलमिलापको आधार बनाइ पुर्खाको विरासदलाई अक्षुण्ण राखौं । चाडपर्व धेरै होइन यसले हामीलाई धेरैपटक एकै ठाउँमा उभ्याएर एक हुन, एकतामा रमाउन, एकत्वको मर्म बुझाउन सहयोग गर्छ भन्ने तथ्यलाई जोड दिएको विषयलाई आत्मसात् गर्न सकौं ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मनिरपेक्ष राज्यको अर्थ र सनातन वैदिक धर्मको मर्म

✍ प्रा. भवानीप्रसाद खतिवडा

'वाक्यार्थ ज्ञाने पदार्थ ज्ञानं कारणं भवति' अर्थात् कुनै पनि वाक्यको अर्थ बुझ्नुभन्दा पहिला वाक्यघटक अलग अलग पदको अर्थ बुझ्नु अत्यावश्यक हुन्छ । 'धर्मनिरपेक्ष राज्य' यो पदावलीमा जम्मा तीन पद छन् - धर्म, निरपेक्ष र राज्य । जसमध्ये यहाँ धर्मनिरपेक्ष शब्द विशेषण हो भने राज्य विशेष्य हो । नेपाली बृहत् शब्दकोषअनुसार धर्म शब्दको सामान्य अर्थ हुन्छ - कर्तव्य कर्म अर्थात् गर्न लायकको असल आचरण । त्यस्तै निरपेक्ष शब्दका मुख्य चार वटा अर्थ हुन्छन् । जस्तै :

१. कुनै पनि कुराको वास्ता नगर्ने २. कुनै वस्तुको अपेक्षा नभएको
३. उपेक्षित ४. असम्बन्धित

यो राज्य शब्द पारिभाषिक शब्द हो । जसको परिभाषा उच्च कोटिका ऋषिमना, राजनीतिज्ञ, मनीषीहरूले यसप्रकार गरेका छन् :-

स्वाम्यमात्यसुहृद्‌कोषः राष्ट्रदुर्गबलानि च ।
सप्तपकृतयो हेता सप्ताङ्ग राज्यमुच्यते ॥ मनुस्मृति

राष्ट्रप्रमुख, मन्त्री, मित्रराष्ट्र, कोष, राष्ट्र (देश र जनता) दुर्ग(किल्ला) र सेना । यी सात अङ्ग मिलेर राज्य बन्दछ । राज्य भनेको पाखो,भित्तो,काठपात र ढुङ्गो माटो मात्र होइन, अपितु उपर्युक्त सात समूह नै राज्य शब्दको अर्थ हो । **यसरी पदगत अर्थानुसन्धान गर्दा धर्म निरपेक्ष राज्यको अर्थ भयो ।**

१. धर्मको वास्ता नगर्ने राज्य २. धर्मको अपेक्षा नभएको राज्य
३. धर्मद्वारा उपेक्षित राज्य ४. धर्मसँग असम्बन्धित राज्य

धर्मनिरपेक्षराज्यको यस्तो अर्थ हुने हुनाले चौरानब्बे प्रतिशत नेपाली जनताको धर्मसापेक्षताको पक्षमा अभिमत हुँदाहुँदै केबल ६ प्रतिशत जनताको मतलाई आधार मानेर यो देशका सम्पूर्ण जनसमुदाय धर्मसँग असम्बन्धित

✍ लेखक वाल्मीकि विद्यापीठ, काठमाण्डौंका पूर्व वेदान्त विभागाध्यक्ष हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्, सनातन वैदिक धर्मको वास्ता गर्दैनन् भनेर घोषणा गर्न मिल्छ ? यदि मिल्दैन भने किन चुप लागेर बसेका छौ त ? धर्मका पक्षधर नेता , सन्त, महन्त, गुरु, पुरोहित, पीठाधीश, मठाधीश, धर्माचार्य, व्यासाचार्य, मातृशक्ति तथा आम जनसमुदाय ? यो त कसैले पनि चुप लागेर बस्ने बेला होइन । धर्मको मर्म नबुझ्भी धर्मनिरपेक्ष । धर्मद्वारा उपेक्षित वा धर्मसँग असम्बन्धित राज्य हुनुपर्छ भन्ने नेताहरूलाई सोधौं । राज्यको धर्म हुदैन भनेको के हो ? के राज्य भनेको आगो, पानी, ढुङ्गो, माटो, पाखो, भित्तो, झारपात यो जडसमुदाय मात्र हो ? होइन र उपर्युक्त सप्ताङ्ग नै राज्य हो भने के सम्पूर्ण जनसमुदाय मन्त्री, सेना, मित्रराष्ट्रको के धर्म हुदैन ? हुन्छ भने राज्यको कुनै धर्म हुँदैन भनेर किन तपाईहरू तर्कहीन भ्रम फैलाइरहनु भएको छ ? आगो, पानी, ढुङ्गा, माटो, झारपात आदिको त पोल्नु, भिजाउनु, बचाउनु आदि धर्म हुन्छ भने चेतनशील प्राणीको धर्म हुदैन ? कोही कर्तव्य कर्मरूप धर्मबाट असम्बन्धित भएर रहन सक्छ ? अर्थात् रहनु हुन्छ ? र रहेको खण्डमा राज्य वा समाजको स्थिति के होला ?

१. सनातन शब्दको अर्थः

यो पनि यथार्थ हो कि धूप बत्ती बालेर घण्ट बजाउनुमात्र सनातन वैदिक धर्म होइन । किनकि सनातन शब्दको विश्लेषण गर्दा वैयाकरणहरूले भनेका छन्-सदा भव सनातन । अर्थात् सधैं भइरहने तत्व नै सनातन हो । सनातन शब्दका पर्यायवाची शब्द हुन् -शाश्वत्, ध्रुव, नित्य र सनातन । यसबाट के सिद्धहुन्छ भने सनातन भनेको त्यो शाश्वत् वस्तु हो, जसले यो विश्वलाई धारणा गरेको छ । धारणाद्धर्ममित्याहु : अर्थात् यो पीण्ड ब्रह्माण्ड सबैलाई धारण गरेको हुनाले नै त्यो नित्य शाश्वत् सदातन ब्रह्म तत्त्वलाई नै धर्म भनिएको हो । त्यसकारण धर्मका दुईटा स्वरूप छन् - एउटा साध्य रूप र अर्को साधन रूप । साधन धर्म भनेको कर्तव्य कर्म हो भने साध्य धर्म भनेको शाश्वत् ब्रह्म वस्तु नै हो । विश्वलाई धारण गर्ने ब्रह्म वस्तु पनि धर्म र ध्रियते जनै यो व्युत्पत्तिअनुसार विश्वका जनसमुदायले आचरणद्वारा धारण गरिने कर्तव्य कर्म पनि धर्म हो । यसरी विचार गर्दा अवगत हुने साध्य साधन उभयात्मक सनातन धर्मलाई छाडेर केवल रिलिजन (संस्कृति)लाई मात्र धर्म सम्झनु नै यो धार्मिक विवादको बीज हो । अतः यो भ्रमबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्त भएर-"**कर्म नै पूज ईश्वर भन्छ यो लक्ष्मीप्रसाद ।**" यो लक्ष्मीप्रसाद देवकोटाको मार्मिक वचनलाई मनन गर्दै सनातन तत्त्वमा आधारित भएर सबै मानिस कर्तव्य कर्मनिष्ठ हुने हो भने यो विवाद सदाका लागि समाप्त हुन्छ। तसर्थ यो रिलिजन नै धर्म हो भन्ने अल्पज्ञताबाट संरक्षित धर्मनिरपेक्ष शब्द सनातन धर्मावलम्बीहरूका लागि मात्र आपत्तिजनक नभएर अहिले धर्म निरपेक्षताको वकालत गर्ने धार्मिक एवं राजनीतिक सङ्घ संस्थाहरूका लागि पनि आपत्तिजनक छ। किनकि धर्मनिरपेक्ष राज्य भन्नाले कुनै पनि धर्मको अपेक्षा नभएको राज्य अर्थात् धर्मको उपेक्षा गर्ने राज्य भन्ने बुझिन्छ। कुनै पनि सभ्य समाज, राजनेता, कार्यकर्ता वा कर्मचारी के आफ्नो कर्तव्यकर्म एवं असल आचरण रूप धर्मबाट असम्बन्धित (उपेक्षित) भएर रहनु हुन्छ ? रहनु हुदैन भने नेता, कार्यकर्ता, धार्मिक परिवार तथा आम जनसमुदाय हो ! तपाईहरू पनि किन मौन अवस्थामा हुनुहुन्छ ? अव आवाज उठाउन ढिला गर्नु हुँदैन । यो धर्म निरपेक्ष शब्द त अति नै आपत्तिजनक, असान्धर्भिक र भ्रामक शब्द हो । त्यसकारण संविधानमा यो धर्मनिरपेक्षताको स्थानमा धर्मसापेक्ष शब्द राख्नै पर्छ भन्ने सवालमा हामी सबै वैदिक धर्मावलम्वीहरू एकजुट हुनैपर्दछ। यसैमा हाम्रो कल्याण छ राष्ट्रको पनि सुयश सुनिश्चित छ।

२. सनातन धर्मको मर्म

यो सनातन वैदिक धर्मले कसैलाई बहिष्कृत वा तिरष्कृत गर्दैन । यस विषयमा उदाहरणका लागि योगाभ्यास, प्राणयाम, ध्यान आदिलाई लिन सकिन्छ। यो योगाभ्यास, प्राणायाम, ध्यान, धारणा सनातन धर्मका मूल स्तम्भ हुन् तापनि के कुनै धर्म,वर्ग, लिङ्ग,जात,जातिलाई यसले शारिरीक मानसिक, आध्यात्मिक, क्षेत्रमा सन्तुलित र शान्त तुल्याउन के कसैलाई रोकेको छ ? अतः आ-आफ्नो शास्त्रीय एवं परम्परागत मर्यादामा रहेर मुस्लिम, इसाई आदि सबैलाई शिवको नाम गाई गाई हामी सबै भाइ भाइ भन्न सिकाउने विश्वमा कुनै धर्म छ भने त्यो सनातन वैदिक हिन्दु धर्म मात्र छ। अरू सवै धर्मका नाममा प्रचार गरिएका रिलिजन (संस्कृति)ले अरूको संस्कृतिलाई बढारेर मात्र आफ्नो आफ्नो संस्कृतिलाई भित्र्याउछ। तर सनातन वैदिक धर्मले त्यसो गर्दैन "वसुधैव कुटुम्बकम्"अर्थात् सम्पूर्ण पृथ्विमा विद्यमान प्राणी जगत् नै आफ्ना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिवार हुन् भन्ने नै सनातन हिन्दु धर्मको मूल मन्त्र हो । यो सनातन हिन्दु धर्मको फिलोसोफिसित पश्चिमा मुलुकका ठूला-ठूला वैज्ञानिक एवं दार्शनिक विचारकहरू सहमत भएका छन् र यसको प्रचार-प्रसार आफैंले स्वतःस्फूर्त रूपमा गरेका छन् । उदाहरणको रूपमा लिनु पर्दा आइन्स्टाइन्, म्याक्स्मूलर, टाल्सटाय, थोरो र वर्तमान परिपेक्षमा महर्षि महेशका शिष्यहरूलाई कदापि बिर्सनु हुँदैन । विश्वका रिलिजनहरू यो सनातन धर्मबाटै उत्पन्न भएका हुन् र यसैमा आधारित एवं कल्पित छन् । सनातन धर्मको मूल सिद्धान्त सर्वं खलु इदं ब्रह्म अर्थात् एकेश्वरवादलाई नै यहुदी, इस्लाम, लावोत्से, युसियस आदि सम्पूर्ण धर्महरूले सिद्धान्ततःस्वीकारेका छन् । किनकि उपर्युक्त धर्मका धर्माचार्यहरू प्रारम्भमा सनातन धर्म कै सेरोफेरोमा साधनारत थिए । यशु खिष्टले तिब्वत, भारत र नेपालमा गरी १६ वर्षसम्म रही बौद्ध तथा सनातन वैदिक संस्कृतिको अध्ययन गरेको कुरा विद्वत् वर्गले आत्मसात गरेकै छन् र वाइवल एवं कुरानबाट गीता र उपनिषद्को अंश झिकीदिने हो भने वाइवल वा कुरानको नाम निसाना नै रहँदैन । त्यसैगरी बृद्ध त झन् सनातन धर्मको आधार स्तम्भ नै हुन् भन्दा अतिसयोक्ति हुँदैन । मुस्लिम दाजुभाइहरूले मान्दै आएका मक्का र मदिनाका अधिष्ठातृ देवता शिवपार्वती कै रूप हुन् भन्ने कुरा धार्मिक इतिहासविद्हरूले नबुझेका होइनन् । तसर्थ सनातन धर्म भनेको कुनै जाति, लिङ्ग र वर्ग विशेषको मात्रै होइन । अपि तु मानव मात्रको धर्म हो । पाँच हजार वर्ष पहिले सनातन धर्म बाहेक अरू कुनै धर्म थिएनन् ।

यो सनातन धर्म अनादि कालदेखि चली आएको पुरातन धर्ममा केही विकृति, विसङ्गतिहरू नभित्रीएका होइनन् । तर विकृति, विसङ्गतिहरूलाई पन्छाउने नाममा मूलतत्त्वलाई नै समाप्त पार्नु के बुद्धिमानी हुन्छ ? राम्रा सुवर्णमय पात्रमा केही मैलो लाग्यो भने त्यो पात्रलाई सबै मिलेर सफा गर्नु बुद्धिमानी हुन्छ कि हम्मरले हानेर विरूप बनाइ फ्याक्नु बुद्धिमानी हुन्छ ? यो कुरालाई राम्ररी विचार गरौं । सनातन धर्म नरहे कसैका धर्मको धरातल पनि रहदैन र मनुष्य मात्रलाई एक सूत्रमा आवद्ध गर्ने महत्त्वपूर्ण सूत्र पनि समाप्त हुन्छ । किनकी मनुष्य मात्रलाई एक सूत्रमा आवद्ध गर्ने साधन सनातन वैदिक धर्म नै हो । अर्को शब्दमा भन्नु पर्दा तराई, पहाड तथा थारू, सतार, लिम्बू,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
राई आदि सबै जातजातिलाई दाजुभाइ भन्न सिकाउने धर्म नै सनातन धर्म हो । यस्तो पवित्र उदार धर्मभित्र रहेर व्यक्तिगत स्वार्थको शिकार बनी अपवादको रूपमा अबुझ व्यक्तिहरूले गरेका कतै कहीं केही गल्ति फेला पऱ्यो भन्दैमा त्यसैलाई निमित्तकारण बनाएर धर्मको मर्ममै राजनीति गर्नु यो महान भूल हो । यो भ्रमलाई यथार्थ भन्दै धेरै मानिसका धार्मिक धारणालाई धराशयी पारेर अधिंकाश मानिसका धार्मिक भावनामाथि मोज मजाक गर्ने मानसिकतालाई परिवर्तन गर्न धर्मनिरपेक्ष राज्य घोषणा गरेर आफूले ठूलो पुरुषार्थ गरेको भन्दै भाषण गर्दै हिड्ने आदरणीय नेताहरूमा विनम्र अनुरोध छ कि यो विश्वको एक मात्र तपोभूमि नेपाललाई वैदिक सनातन हिन्दु राज्यको रूपमा नै रहन दिनुहोस् । यसले तपाइहरूलाई केही हानी गर्दैन । अपि तु तपाई र तपाईहरूको पार्टीलाई अत्यधिक जन समर्थन प्राप्त हुन्छ ।

राजनीतिक, आर्थिक, सामाजिक,धार्मिक वा कार्यपालिका, न्यायपालिका, विधायिकाको कुनै पनि कर्तव्य कर्म अर्थात् असल आचरण रूप धर्मबाट स्वतन्त्र रहन सक्दैन र रहनु पनि हुदैंन । यदि असल आचरण रूप धर्मबाट स्वतन्त्र हुने हो भने मानिस दुई खुट्टे पशुमा परिणत हुन्छ । नीतिमा पनि भनिएको छ -'**धर्मेण हीनाःपशुभिःसमानाः**' यस विषयमा सबै जनता सशंकित छन् कि ?धर्म निरपेक्ष राज्य घोषण गरेर के सबै जनतालाई पशु तुल्य तुल्याएर डलरप्रिय केही स्वार्थी व्यक्तिहरूले अकण्टक राज्य गर्ने धृष्टता गरेको त होइन ? यदि हो भने यो दुष्साहस कदापि सफल हुन सक्दैन । किनकि तपाई आफूभन्दा माथि कसैलाई मान्नु हुन्न अर्थात् धर्म निरपेक्षताको दुहाई दिदैं जन्म दिने, बढाउने, पढाउने मात्र नभएर प्राणान्त समयमा पनि मेरो छोरो ठूलो मान्छे होस्, निरोगी होस्, कहिल्यै दुःख नपाओस् भन्दै मर्ने बाबु आमाको क्रियासम्म पनि गर्नु हुन्न भने तपाईलाई एवं तपाईका भनाइ आदेश वा निर्देशनलाई मान्नै पर्छ भन्ने के छ ? स्वतन्त्रताको नाममा कर्तव्य कर्मबाटै स्वतन्त्र हुने हो भने यो संविधान नै किन चाहियो । तसर्थ सर्वप्रथम धर्म भनेको रिलिजन हो भन्ने भ्रमबाट मुक्त भएर असल आचरण वा आफ्नो आत्मा नै धर्म हो भन्ने यथार्थलाई बुझौं । रिलिजन भनेको त संस्कृति मात्र हो । धर्म होइन सनातन धर्मबाहेक विश्वका सबै धर्म, संस्कृति परिवर्तनशील

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राई आदि सबै जातजातिलाई दाजुभाइ भन्न सिकाउने धर्म नै सनातन धर्म हो । यस्तो पवित्र उदार धर्मभित्र रहेर व्यक्तिगत स्वार्थको शिकार बनी अपवादको रूपमा अबुझ व्यक्तिहरूले गरेका कतै कहीं केही गल्ति फेला पऱ्यो भन्दैमा त्यसैलाई निमित्तकारण बनाएर धर्मको मर्ममै राजनीति गर्नु यो महान भूल हो । यो भ्रमलाई यथार्थ भन्दै धेरै मानिसका धार्मिक धारणालाई धराशयी पारेर अधिंकाश मानिसका धार्मिक भावनामाथि मोज मजाक गर्ने मानसिकतालाई परिवर्तन गर्न धर्मनिरपेक्ष राज्य घोषणा गरेर आफूले ठूलो पुरुषार्थ गरेको भन्दै भाषण गर्दै हिड्ने आदरणीय नेताहरूमा विनम्र अनुरोध छ कि यो विश्वको एक मात्र तपोभूमि नेपाललाई वैदिक सनातन हिन्दु राज्यको रूपमा नै रहन दिनुहोस् । यसले तपाइहरूलाई केही हानी गर्दैन । अपि तु तपाई र तपाईहरूको पार्टीलाई अत्यधिक जन समर्थन प्राप्त हुन्छ ।

राजनीतिक, आर्थिक, सामाजिक,धार्मिक वा कार्यपालिका, न्यायपालिका, विधायिकाको कुनै पनि कर्तव्य कर्म अर्थात् असल आचरण रूप धर्मबाट स्वतन्त्र रहन सक्दैन र रहनु पनि हुदैंन । यदि असल आचरण रूप धर्मबाट स्वतन्त्र हुने हो भने मानिस दुई खुट्टे पशुमा परिणत हुन्छ । नीतिमा पनि भनिएको छ -**'धर्मेण हीनाःपशुभिःसमानाः'** यस विषयमा सबै जनता सशंकित छन् कि ?धर्म निरपेक्ष राज्य घोषण गरेर के सबै जनतालाई पशु तुल्य तुल्याएर डलरप्रिय केही स्वार्थी व्यक्तिहरूले अकण्टक राज्य गर्ने धृष्टता गरेको त होइन ? यदि हो भने यो दुष्साहस कदापि सफल हुन सक्दैन । किनकि तपाई आफूभन्दा माथि कसैलाई मान्नु हुन्न अर्थात् धर्म निरपेक्षताको दुहाई दिदैं जन्म दिने, बढाउने, पढाउने मात्र नभएर प्राणान्त समयमा पनि मेरो छोरो ठूलो मान्छे होस्, निरोगी होस्, कहिल्यै दुःख नपाओस् भन्दै मर्ने बाबु आमाको क्रियासम्म पनि गर्नु हुन्न भने तपाईलाई एवं तपाईका भनाइ आदेश वा निर्देशनलाई मान्नै पर्छ भन्ने के छ ? स्वतन्त्रताको नाममा कर्तव्य कर्मबाटै स्वतन्त्र हुने हो भने यो संविधान नै किन चाहियो । तसर्थ सर्वप्रथम धर्म भनेको रिलिजन हो भन्ने भ्रमबाट मुक्त भएर असल आचरण वा आफ्नो आत्मा नै धर्म हो भन्ने यथार्थलाई बुझौं । रिलिजन भनेको त संस्कृति मात्र हो । धर्म होइन सनातन धर्मबाहेक विश्वका सबै धर्म, संस्कृति परिवर्तनशील

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । अपरिवर्तनीय तत्त्वता एक मात्र सनातन वैदिक धर्म नै हो । विश्वलाई धारण गर्ने ब्रह्म पनि धर्म र विश्वले आचरणद्वारा धारणा गरिने कर्तव्य कर्म पनि धर्म शब्दद्वारा नै बुझिने भएको हुनाले सामान्य अध्ययन भएका स्वल्पज्ञ व्यक्तिहरूलाई यो धर्म शब्दको विषयमा ठूलो भ्रम छ । यो भ्रमबाट माथि उठ्न धर्म शब्दको कलेवर एउटै भए तापनि धारणा धर्म र ध्रियते जनैः इति धर्मको गरिमामय पार्थक्यलाई राम्ररी बझ्न अत्यावश्यक छ । उपर्युक्त उभय व्युत्पत्तिलभ्य धर्म शब्द बुझ्न त्यति सजिलो छैन । जति सजिलो वर्तमान परिप्रेक्षमा 'जाउँला वैकुण्ठ जाउँला वैकुण्ठ, नाच्चै गाउँदै बजाउँदै जाउँला वैकुण्ठ' जस्ता भजन गाएर धर्म प्रचार गरिरहेका छौं भन्ने व्यक्तिहरूले सम्झेका छन् । धर्मको मर्म बुझ्न र बुझाउन ढ्याङ्ग्रो बजाइरहनु पर्दैन । यस प्रवृत्तिले त झन् धर्मको मर्ममा प्रहार गर्दछ । तब न महाभारतमा भनियो-**'धर्मस्य तत्त्वं निहितं गुहायां महाजनो येन गतः स पन्थाः** ।' अर्थात् धर्मको तत्त्व(पारमार्थिक) रूप अत्यन्त रहस्यमय छ । यसलाई परिवर्तशील नसम्झ । यो रहस्यमय धर्म बुझ्न महापुरूषले अपनाएको बाटो हिंड । अतःधर्मो रक्षति रक्षतः अर्थात् आफूले धर्मको रक्ष गरेमात्र आफूलाई धर्मले रक्षा गर्दछ । यसको वैज्ञानिक पक्षलाई समयमा नै बुझेका अधिकांश नेपाली जनताको संविधानतः धर्मसापेक्ष हिन्दु राष्ट्र नेपालको सभ्यतालाई सुरक्षित गर्दै सभ्य समाजको पङ्क्तिमा उभिन नेपाल स्वतन्त्र,अविभाज्य, सार्वभौमसत्ता सम्पन्न सनातन वैदिक धर्म सापेक्ष हिन्दु राज्य हुनै पर्दछ भन्ने अभिमत रहेको छ । यो चौरानब्बे प्रतिशत नेपाली जनताको आन्तरिक भावनालाई वर्तमान नेतृत्व पङ्क्तिले समयमै बुझ्नु पर्दछ । हिन्दुधर्मको पक्षमा प्राप्त चौरानब्बे प्रतिशत सुझावलाई संविधान सभाले अवमूल्यन गरेको छ । यो कुरा पनि मन परेको छैन त्यसकारण नेतृत्व पङ्क्तिमा रहेका राजनेताहरूले कुनै दुराग्रहको दृष्टिले हेर्नु हुदैंन । यस विषयलाई लिएर कवि शिरोमणि लेखनाथ पौड्यालज्यूको यो पद्य पढ्नु अनिवार्य छ -

यो विद्याले सबैको हृदय बीच ठुलो उन्नति भ्रान्ति पारी
दैवी सम्पत्ति मैत्री समदम करुणा शान्ति सन्तोष मारी ।
खित्का छोडेर गर्दा जटिल जहरिलो ग्याँसको अट्टाहास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को हेर्ने सास फेरी उस बखत कठै श्रृष्टिको सर्वनाश ॥

२. उपसंहार

आफ्नो राष्ट्रको राष्ट्रियता स्वाभिमान र गौरव विचलित हुने गरी खुलेआम धर्म परिर्वनका श्रृङ्खलाहरू नचलाउने हो भने यो शान्तिप्रिय वैदिक सनातन समाज यति दुःखी हुने थिएन। **भूकम्पको विपत्तिमा परेर आत्ति-रहेका निरीह ती गरिब जनताहरूलाई एक किलो चामल र एक पोका नुनका साथ वाइवल वितरण गर्दै हिड्नु कतिसम्मको वैदिक सनातन धर्म माथिको अन्तर्घात हो । यो कुरा आफैं विचार गरौँ । त्यसकारण धार्मिक स्वतन्त्रताका नाममा धर्म प्रेमी ॐकार परिवारलाई झुक्याएर एक पत्ता सिटामोलमा हिन्दु धर्मको खुलेआम विक्रीवितरण गर्ने वातावरण श्रृजना गर्न पाइदैंन । तसर्थ यो विषयमा राष्ट्रको राष्ट्रियता र स्वाभिमानमा आँच आउन नदिने सङ्कल्प बोकेर हिंडेका वर्तमान सरकारले ऋषिमना मनले सोच्नै पर्दछ । किनकि सबै धर्मको उदगमस्थल सनातन वैदिक धर्मलाई राष्ट्रिय धर्म मानेर पूर्ववत् आफ्नो आफ्नो संस्कार-संस्कृतिअनुसार र बाच्न र बचाउन सिकौं र सिकाऔं । यही नै वैदिक सनातन धर्मको मर्म हो ।**

॥अस्तु परिपूर्णम्॥

✿✿✿✿

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म र धर्माभास

✍ फणिनारायण सिग्देल

वस्तु वा व्यक्तिको स्वभाविक गुण नै धर्म हो । जस्तै पोल्नु, उज्यालो दिनु आगोको स्वभाव वा गुण हो । त्यस्तै मानवको गुण वा धर्म मानवता नै हो । मानवता नरहेको मानव त सिङ पुच्छर नरहेको पशु वा त्यो भन्दा पनि तल्लो स्तरको प्राणी हो । त्यो त उसको स्वभाव(धर्म)ले गर्दा दानव नै हो । यस बारेमा त मजहव र रिलीजनवादीहरूको पनि यही मत छ । तर त्यो मानव धर्मका पद्धतिका बारेमा भने उग्र विवाद छ, समस्याको मूल जरो यही हो ।

मानवमा मानवता के कसरी भर्न सकिन्छ भन्ने बारेमा पवित्र मनले चिन्तन गरेर पूर्वीय धर्म शास्त्रहरू रचिएका छन् भने आ-आफ्नो समूहको मात्र हित गर्ने उद्देश्य लिएर मजहव र रिलीजनका पुस्तकहरू लेखिएका छन् । वास्तविक गुण धर्मको चिन्तन नगरी अर्काको सर्वनाश नै गरेर भए पनि आफ्नो पक्षको पोषण गर्न लेखिएका पुस्तकअनुसार चल्ने मजहव, रिजीजनका शाखा प्रशाखाहरूसमेत धर्माभास (धर्मजस्तो देखिने नक्कली मार्ग) हुन् । धर्मकै नाममा यसरी धर्माभास पद्धतिहरूको अनुशरण बढ्नुका पनि ठोस कारण छन् । त्यसको बारेमा छोटो चर्चा गरौं -

सम्पूर्ण सृष्टि त्रिगुणमय (सत्व, रज, तम गुणवाला) हुन्छन् । जसमध्ये तत्काल आनन्द दिने तर परिणाममा घातक हुने कुराहरू तामस हुन् भने केही वर्ष आनन्द दिने तर परिणाममा शान्ति प्राप्त नहुने विषयहरू राजस हुन । यस्तै तत्कालमा पनि राम्रै अनि परिणाममा साह्रै नै हित गर्ने विषय/कर्महरू सात्विक हुन् । प्रत्येक प्राणीले सुख नै खोज्दछ, त्यसको लागि तमोगुण सेवन ओह्रालो बाटो हो भने सत्व गुण पालन उकालो बाटो हो, अर्को पद्धति तेर्सो बाटो हो । त्रिगुणको स्वरूपका वारेमा श्रीमद्भगवद्गीताका अन्तिम अध्यायहरूमा पनि राम्रो विश्लेषण गरिएको छ । यही सुरुको खोजीमा यस्ता तीन प्रकारका मार्गहरू विकसित भए, यी मध्ये सत्व मार्गबाट मात्र आफ्नो र

✍ लेखक गैंडाकोट न.पा.१, नवलपुर निवासी धार्मिक अभियन्ता हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसारकै कल्याण हुन सक्दछ । यसै सिलसिलामा देवासुर संग्राम हुने गर्दछ । यसको पनि खास रहस्य छ ।

देवता (आदित्यादि)की माता अदिती हुन् भने दैत्यहरूकी माता दिती हुन् । संस्कृत भाषाका प्रत्येक शब्दको व्युत्पित्ति हुन्छ, सो अनुसार दो अवखण्ड खण्डको (टुक्रा पार्नु)धातुबाट स्त्री लिङ्गी अर्थमा क्तिन् प्रत्यय भएर नै दिति शब्द सिद्ध हुन्छ, त्यसको अर्थ फुटाऊ र शासन गर, मोजगर हुन्छ। त्यस पद्धतिलाई आमा मानेर आदर्श र लक्ष्य ठान्ने जति सबैजना त्यस दितीका सन्तान दैत्य हुन् । जसले जाति, भाषा, रङ्ग, क्षेत्र, धर्म, पार्टी इत्यादिका नाममा जनताहरूलाई जुधाइ राति आएर आगो लगाउन लगाएर दिनमा राहत बाँडेर वा जसरी भए पनि चुनाव जितेर सत्ता सुख भोग्ने लक्ष्य लिने जति प्रत्येक व्यक्ति वास्तवमा दैत्य हुन् । श्रीकृष्ण भगवान्को समयमा पौण्ड्रक (नक्कली कृष्ण) ले श्रीकृष्णलाई नै चुनौती दिएजस्तै हाल कथित धर्माचार्यहरू पनि पौण्ड्रक नै हुन्, जसले ज्ञान यज्ञको नाममा धन यज्ञ गरेर धर्मलाई ठगी पेशा बनाएका छन् । यसबाट धर्मको मूल मर्ममाथि नै प्रहार गरिएको छ ।

धर्म त सनातन (सधै रहने तत्व) सार्वदेशिक, सार्वकालिक तत्व हो, धर्माभास सार्वकालिक र सनातन हुनै सक्दैन । त्यसैले पहिलेका दैत्यहरूले जस्तै हालका भेदवादी आततायीहरूले पनि सनातन धर्मका विरुद्ध दुष्प्रचार अभियान चलाइ रहेका छन् । एकातिर मेकाले शिक्षारूपी पुतनाले हाम्रा सन्तानहरूलाई आत्मा झिकेर सन् बनाएर हामी आफ्ना पितालाई ड्याडको भूतकालको रूपजस्तै अर्थात् मरेको सिनोजस्तै र आमालाई ममी (सुरक्षित राखिएको लाश) बनाइ रहेको छ भने अर्कोतिर पश्चिमी वातावरण रूपी तृणावर्तले सबैको सातो लिइरहेको छ। यस्तै छद्मभेषी नेता, टाठाबाठा रूपी अकासुर बकासुरहरूले हामीहरूलाई निल्दैछन् । त्यतिले नपुगेर सनातन धर्मभित्रै पनि शैव, शाक्त र वैष्णवहरूलाई परस्परमा भिडाएर सनातन धर्म रूपी कल्पवृक्षका मूल हाँगाहरूलाई नै छिन्नभिन्न पार्न लागिपरेका छन् ।

बलिप्रथाका पक्षमा शैव र शाक्तहरूलाई साम, दाम, दण्ड भेदद्वारा उचालेर तथा त्यसका विरूद्ध वैष्णव, वौद्धादिलाई त्यसै गरी उचालेर सुन्द र उपसुन्दको गतिमा पुऱ्याउदै छन् । वास्तवमा क्षत्रिय जाति र माँसाहारी जतिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
लागि बलिविधान उचित र आवश्यक नै हो भने सात्विक जनहरूले त काम क्रोध अज्ञान आदि रूपमा आफूभित्र रहेका विकारलाई त्याग गर्नु नै बलि हो । यी दुवै थरि शास्त्रीय आदेशहरू पात्र र अधिकारीका भेदले लागू हुने कुरा हुन् । जस्तै गृहस्थको पत्नीसंगम धर्म हो भने ब्रह्मचारी सन्यासीको लागि अधर्म हो ।

कर्म मुहूर्त सम्बन्धमा पनि यसै गरी प्रायोजित रूपमा विवाद चर्काइदो छ। ती पनि पूर्ववत् अधिकारी भेदले लागू हुने कुरा हुन् । कर्महरू तीन प्रकार का हुन्छन् (क) नित्य कर्म (ख) नैमित्तिक कर्म (ग) काम्य कर्म । यीमध्ये जुन कर्मले शरीर शुद्धिका साथै मनको शुद्धिमा समेत सहयोग पुग्दछ । ती नित्यकर्म आशौचादि विशेष अवस्थामा बाहेक गर्ने पर्दछ, जुन कर्म निश्चित समयमा गर्नै पर्दछ । न्वारान श्राद्धादि नित्य नैमित्तिक कर्म हुन् । यी कर्म गरे पुण्य हुन्छ, नगरे पाप लाग्दछ। त्यस्तै जुन कर्म गरेर विशेष चाहेको फल प्राप्त हुन्छ, त्यो कर्म नगर्दैमा पाप लाग्दैन जस्तै ठूला यज्ञहरू । यी मध्ये काम्य कर्मको लागि मुर्हूत जुराउनै पर्दछ भने निश्चित समयमा पर्ने दुर्गा पूजादि कर्महरू प्रथम पटक प्रारम्भ गर्दा गुरु शुक्रको उदय रहेकै हुनुपर्दछ, बालक (उदयको तीन दिन सम्म) र वृद्धले (अस्ताउनुभन्दा तीनदिन पहिलेसम्म पनि) त्यस्ता कर्म थाल्नु पर्दैन । यो सर्वमान्य सिद्धान्त हो ।

अव रह्यो पितृ पक्षमा सप्ताह पक्षाह यज्ञको कुरा । यसमा श्राद्ध नै प्रधान कर्म हुनाले त्यो भन्दा धेरै दिन चल्ने यज्ञ गौण कर्म हुन सक्तैन । अतः पितृ सूक्तका रूपमा भागवतका केही अंश सुन्नु राम्रो कुरा हो। सूक्त शब्दको व्युत्पत्ति सु + उक्त नै हो, त्यो शब्द काव्यमा सूक्तिको रूपमा छ। भागवत पनि सूक्त हो भन्ने कुरा "संछिन्नः सशयो मह्यं तव सूक्तासिना विभोया ३।७।१५ बाट पनि सिद्ध हुन्छ । जहाँसम्म सदासेवा सदासव्या श्रीमद्भागत कथा" भन्ने प्रमाण छ, त्यो कुनै पनि फलको कामना नगर्ने विरक्त सज्जनहरूका लागि हो । यो पनि पात्र भेदले हो । वैष्णव जनको लागि भागवत सुन्नु नित्य कर्म हुनाले श्राद्ध समाप्तिपछि पनि भागवत सुन्नु उचित नै हो, भागवत सुन्दा पाप लाग्छ भन्नु त विडम्वना नै हो । नित्य कर्म माने पछि विशेष फलको कामानात्मक सङ्कल्प लिन भने मिल्दैन, यस आशयको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञप्ति पञ्चाङ्ग निर्णायक समितिले प्रत्येक वर्षका पञ्चाङ्गमा लेखेर राख्नै पर्ने भयो ।

यस्तै श्राद्धका दिनमा पनि वैष्णवकै (विष्णु भगवान्को) शैवकै (शिव भगवान्को) पूजा गरेर मात्र श्राद्ध गर्नु भन्ने प्रमाण निर्णय सिन्धुमा नै पनि छन् । श्राद्धदिनमा यज्ञमय देवपूजा भव्यरूपमा नगर्नू वा नित्य देवपूजा नगर्नेले मात्र देवपूजा नगर्नू भन्ने आश्वलायन मतको आशय छर्लङ्ग बुझिन्छ ।

अर्को कुरा हरि ॐ तत्सत् ३.....बाट सङ्कल्प गरेर प्रत्येक कर्मको प्रारम्भ गरी कायेनवाचा... नारायणायेति समर्पयतत् भनी नारायण भगवान् मा प्रत्येक कर्मलाई समर्पित गर्ने सात्विकजन सम्पूर्ण नेपालीहरू वैष्णव हुन् , जसको बाहिर मठमा तुलसीको तथा भित्र शालिग्रामको पूजा हुन्छ । यस्तै वसिष्ट, बृद्ध, हारित इत्यादि स्मृति र संहिताअनुसार चल्ने वैष्णवहरू पनि स्मार्त हुन् । अतः विशाल हृदयले हेर्दा एकं सदविप्रा बहुदा वदन्ति नै हो । शङ्कर (कल्याणकारी) शिव (कल्याण) लाई वैदिक देवता तर वर्णाश्रम विरोधी भनेर कुर्लने अनि वैष्णवलाई अवैदिक धर्म वर्णाश्रमवादी भनेर कुर्लने युद्धवेत्ताहरू देखि सनातन धर्मी समाज चनाखो रही त्यस्ता अपव्याख्याको भण्डाफोर गर्नु आजको पहिलो आवश्यकता हो । यस लेखमा आवश्यक प्रमाणहरू प्रस्तुत गर्दा लेख धेरै लामो हुने हुनाले प्रमाण प्रस्तुत गरिएनन् । प्रमाणहरूका लागि प्रमाणहरूले भरिएको स्वसम्पादित र रचित चम्पू कृति "निर्णय संग्रह" लाई आवश्यकतानुसार धारवाहिकरूपमा प्रस्तुत गरिनेछ ।

अस्तु

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

के हो हिन्दु धर्म, कुन ग्रन्थमा के लेखिएको छ ?

अनलाइनखबरबाट

प्रतिक्रिया :

अधिकांश हिन्दुहरूलाई आफ्नो धर्मग्रन्थ पढ्ने फुर्सद छैन । वेद, उपनिषद् त टाढाको कुरा, उनीहरू गीतासम्म पनि पढ्दैनन्, जबकि सरसर्ती पढ्ने हो भने यसलाई एक डेढ घन्टामै पढिसकिन्छ । जबकि कतिपय अवस्थामा मानिसहरू सात सात दिनसम्म भागवत पुराण सुन्न, रामचरितमानस तथा रामायण अखण्ड पाठ गर्न वा नवाह लगाउनसमेत फुर्सद निकाल्छन् अथवा घरमा सत्यनारायण आदि पूजा तथा कथा श्रवण गर्नका लागि समय निकाल्छन् । यहाँनेर बुझ्नुपर्ने कुरा के छ भने पुराण, रामायण, महाभारत आदि हिन्दुहरूको धर्मग्रन्थ होइनन् । धर्मग्रन्थ त वेद नै हो । शास्त्रहरूलाई दुई भागमा बाँडिएका छन् । ती हुन- श्रुति र स्मृति । श्रुति भन्नाले वेद बुझिन्छ जुन हिन्दुहरूको धर्मग्रन्थ हो वा भनौं यो हिन्दुहरूको संविधान हो । स्मृतिअन्तर्गत इतिहास, पुराण, रामायण, महाभारत तथा विभिन्न स्मृतिहरू पर्दछन् । **वेदको सार उपनिषद् हो भने उपनिषद्हरूको सार गीता हो ।**

वेदमा के छ ? :

वेदमा ब्रह्म (परमेश्वर), देवता, ब्रह्माण्ड, ज्योतिष, गणित, रसायन, औषधि, प्रकृति, खगोल, भूगोल, धार्मिक नियम, इतिहास, संस्कार, रीतिरिवाज आदि लगभग सबै विषयसँग सम्बन्धित ज्ञान समाहित छ । वेद चारवटा छन् (ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) । चारै वेदका उपवेद पनि छन् । ऋग्वेदको आयुर्वेद, यजुर्वेदको धनुर्वेद, सामवेदको गन्धर्ववेद तथा अथर्ववेदको स्थापत्यवेद उपवेद हुन् । वेदका मन्त्रहरूलाई ऋचा भनिन्छ ।

ऋग्वेद :

ऋक् को अर्थ हुन्छ- स्थिति एवं ज्ञान । यसमा भौगोलिक स्थिति एवं देवताहरूलाई आवाहन गर्ने मन्त्रहरू छन् । ऋग्वेदका ऋचाहरूमा देवताहरूको प्रार्थना, स्तुति एवं देवलोकमा उनीहरूको स्थिति वर्णन गरिएको छ । यसमा जल चिकित्सा, वायु चिकित्सा, सौर चिकित्सा, मानस चिकित्सा एवं हवनद्वारा चिकित्साका विषयमा जानकारी पाइन्छ ।

यजुर्वेद :

यजुको अर्थ हुन्छ- गतिशील आकाश एवं कर्म । यजुर्वेदमा विभिन्न यज्ञ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
विधि एवं यज्ञहरूमा प्रयोग गरिने मन्त्रहरू छन् । यसमा तत्त्वज्ञान अर्थात् रहस्यमयी ज्ञानको वर्णन पनि पाइन्छ । जसअन्तर्गत ब्रह्माण्ड, आत्मा, ईश्वर एवं पदार्थको ज्ञान पर्दछन् । यो वेदका दुई शाखा शुक्ल यजुर्वेद एवं कृष्ण यजुर्वेद छन् ।

सामवेद :

सामको अर्थ हुन्छ - रूपान्तरण एवं सङ्गीत । यो वेदमा ऋग्वेदकै ऋचाहरूको सङ्गीतमय रूप पाइन्छ । यसमा सविता, अग्नि, इन्द्र आदि देवताको उल्लेख पाइन्छ । यसमा शास्त्रीय सङ्गीत एवं नृत्यको उल्लेख गरिएको छ । यो वेदलाई सङ्गीत शास्त्रको मूल स्रोत मानिन्छ । यसमा सङ्गीतको विज्ञान तथा मनोविज्ञानको वर्णन पनि पाइन्छ ।

अथर्ववेद :

थर्वको अर्थ कम्पन हो भने अथर्व को अर्थ हुन्छ - अकम्पन । यो वेदमा रहस्यमयी विद्या, जडिबुटी, जादू तथा चमत्कार, आयुर्वेद आदिको उल्लेख पाइन्छ । यसमा भारतवर्षीय परम्परा एवं ज्योतिषीय ज्ञानसमेत पाइन्छ ।

उपनिषद् के हो ? :

उपनिषद् वेदको सार अर्थात् निचोड हो । उपनिषद् भारतवर्षीय आध्यात्मिक चिन्तनको मूल आधार हो । आध्यात्मिक दर्शनको स्रोत हो । ईश्वर छ कि छैन ?, आत्मा छ कि छैन ?, ब्रह्माण्ड कस्तो छ ? आदि सम्पूर्ण गम्भीर विषय, तत्त्व ज्ञान, योग, ध्यान, समाधि तथा मोक्षको कुरा उपनिषद्मै पाइन्छ । उपनिषद्को अध्ययन गर्नु प्रत्येक हिन्दुको कर्तव्य हो । उपनिषद्को अध्ययन गर्नाले ईश्वर, आत्मा, मोक्ष एवं जगत्का विषयमा वास्तविक ज्ञान प्राप्त हुन्छ ।

उपनिषद्लाई वेदान्त पनि भनिन्छ । वेदान्तको अर्थ हुन्छ - वेदको अन्तिम भाग । उपनिषद्मा तत्त्वज्ञानको चर्चा छ । उपनिषद्को संख्या १०८ वटा भए पनि १२ वटालाई मुख्य मानिएको छ । ती हुन् - ईशावास्योपनिषद्, केनोपनिषद्, कठोपनिषद्, प्रश्नोपनिषद्, मुण्डकोपनिषद्, माण्डूक्योपनिषद्, तैत्तिरियोपनिषद्, ऐतरेयोपनिषद्, छान्दोग्योपनिषद्, बृहदारण्यकोपनिषद्, कौषीतकि उपनिषद् तथा श्वेताश्वेतरोपनिषद् ।

षड्दर्शन के हो ? :

षड्दर्शन वेदबाटै निक्लिएको हो । वेद तथा उपनिषद्हरूको अध्ययन गरेर त्यसकै आधारमा ६ जना ऋषिहरूले ६ वटा मौलिक दर्शन निर्माण गरे, जुन षड्दर्शनका रूपले चिनिन्छ । षड्दर्शन हुन् - न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र वेदान्त । वेदका अनुसार सत्य अर्थात् ईश्वरलाई कुनै एउटा माध्यमबाट मात्र जान्न सकिँदैन । यसैकारण वेदले थुप्रै मार्ग तथा माध्यमको चर्चा गरेको पाइन्छ ।

गीतामा के छ ? :

महाभारतको १८ पर्वमध्ये भीष्मपर्वको हिस्सा हो- गीता । गीतामा पनि जम्मा १८ अध्याय नै छन् । यसमा जम्मा श्लोकसङ्ख्या ७०० रहेको छ । श्रीकृष्णले वेद तथा वेदान्तको ज्ञानलाई नयाँ तरिकाले व्यवस्थित गरेका छन्, जुन गीता हो । यसकारण वेदको सर्वमान्य अर्थात् सार संस्करण हो- गीता । जोसँग वेद तथा उपनिषद्को अध्ययन गर्ने समय छैन, उनीहरू गीता पढेर मात्रै पनि हिन्दु धर्मको मूल मर्म बुझ्न सक्छन् । गीतालाई बारम्बार मनोयोगपूर्वक अध्ययन गर्नाले त्यसको वास्तविक ज्ञान खुल्न थाल्दछ । गीतामा भक्ति, ज्ञान तथा कर्म मार्गको चर्चा गरिएको छ । यसमा यम, नियम एवं धर्मकर्मका विषयमा पनि बताइएको छ । गीताले भन्छ - ब्रह्म (ईश्वर) एउटै मात्र छ । गीता त्यस्तो ग्रन्थ हो, जसको प्रत्येक शब्दमाथि फरक- फरक ग्रन्थ लेख्न सकिन्छ ।

गीतामा प्रकृति, सृष्टि, जीव विकासक्रम, हिन्दु सन्देशवाहकक्रम, मानव उत्पत्ति, योग, धर्म, कर्म, ईश्वर, भगवान्, देवी-देवता, उपासना, प्रार्थना, यम, नियम, राजनीति, युद्ध, मोक्ष, अन्तरिक्ष, आकाश, धर्ती, संस्कार, वंश, कुल, नीति, अर्थ, पूर्वजन्म, जीवन व्यवस्थापन, राष्ट्र निर्माण, आत्मा, कर्मसिद्धान्त, त्रिगुणको कल्पना, सम्पूर्ण प्राणीप्रति मैत्रीभाव आदि कुराको जानकारी पाइन्छ । गीता योगेश्वर श्रीकृष्णको वाणी हो । यसको प्रत्येक श्लोकमा ज्ञानरूपी प्रकाश छ, जुन प्रस्फुटित भएसँगै अज्ञानरूपी अन्धकार नष्ट हुन्छ । गीताले निर्दिष्ट गरेको मार्ग अनुसरण गर्ने व्यक्ति निश्चय पनि परमपदको अधिकारी हुन्छ ।

माथि उल्लेखित ग्रन्थहरूको ज्ञान सार :

१. ईश्वर

ब्रह्म (परमात्मा, परमेश्वर) एउटै छ, जसलाई कसैले सगुण (साकार) त कसैले निर्गुण (निराकार) मान्छन् । जबकि ऊ अजन्मा एवं अप्रकट छ । उसको न कोही पितामाता छन्, न त कुनै पुत्र छन् । ऊ कसैको भाग्य वा कर्मलाई नियन्त्रित गर्दैन । न त कसैलाई दण्ड वा पुरस्कार नै दिन्छ । उसको न कुनै प्रारम्भ छ न त कुनै अन्त । ऊ अनादि एवं अनन्त छ । उसको उपस्थिति मात्रले नै सम्पूर्ण ब्रह्माण्ड चलायमान छ । जे जति छ सम्पूर्ण उसैबाट उत्पन्न भएर उसैमा लीन हुन्छन् । अर्थात् ब्रह्मलीन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. ब्रह्माण्ड :

यो देखिने संसार फैलिँदै गइरहेको छ र अर्कोतर्फबाट यो खुम्चँदै पनि गइरहेको छ। खरबौं सूर्य, तारा एवं धर्तीको जन्म छ भने साथमा अन्त्य पनि। जो जन्मिन्छ त्यो मर्छ। सम्पूर्ण उही ब्रह्मबाट जन्मन्छन् भने उसैमा लीन पनि हुन्छन्। ब्रह्माण्ड परिवर्तनशील छ। यो ब्रह्माण्डको सञ्चालन उसकै शक्तिका कारण स्वतः भइरहन्छ। जसरी सूर्यको आकर्षण शक्तिका कारण पृथ्वी आफ्नो कक्षमा अडिएर चलायमान छ। त्यसै गरी लाखौं सूर्य एवं तारा एउटा महासूर्यको आकर्षणका कारण अडिएर सञ्चालित भइरहन्छन्। त्यसरी नै लाखौं महासूर्य पनि एउटा ब्रह्माको शक्तिका कारण ब्रह्माण्डमा विद्यमान छन्।

३. आत्मा

आत्माको स्वरूप ब्रह्म (परमात्मा) कै जस्तो छ। जसरी सूर्य र बत्तीमा फरक छ त्यही फरक आत्मा र परमात्माका बीच रहेको छ। आत्मा शरीरमा रहेकै कारण शरीर सञ्चालन भइरहेको छ। जसरी सम्पूर्ण ब्रह्माण्ड, सूर्य, ग्रह, नक्षत्र आदि परमात्माको उपस्थितिका कारण सञ्चालित भइरहेका छन्।

आत्मा न जन्मन्छ न त मर्छ। आत्माले एउटा शरीर छाडेर अर्को शरीर धारण गर्छ। आत्मा अजर एवं अमर छ। आत्मालाई प्रकृतिप्रदत्त तीन शरीर प्राप्त हुन्छन्- स्थूल, सूक्ष्म र कारण। हामीले देख्ने शरीर स्थूल शरीर हो। सूक्ष्म शरीर ध्यानमा पारङ्गत भइसकेका योगीहरूले मात्र देख्न सक्छन्। कारण शरीरलाई भने देख्न अत्यन्त मुस्किल छ। उक्त शरीरलाई त्यही आत्माले मात्र महसूस गर्न सक्छ, जो उक्त शरीरमा रहेको हुन्छ। सम्पूर्ण प्राणी बाहिरी रूपमा वा स्थूल शरीरका कारण, नामभेदका कारण फरक देखा परे पनि आत्माका रूपमा एउटै हुन्। भित्री स्वरूप सबैको एउटै हुन्छ।

४. स्वर्ग तथा नर्क :

वेदका अनुसार पुराणमा वर्णित स्वर्ग वा नर्कलाई गतिका नामले बुझ्न सकिन्छ। स्वर्ग र नर्क दुई फरक गति हुन्। आत्माले जब शरीर त्याग गर्छ, मुख्य रूपमा उसको दुई गति हुन्छ - गति र अगति।

क) गति :

गतिमा जीवलाई कुनै अन्य लोकमा जानुपर्छ वा उसलाई आफ्नो कर्मका कारण मोक्ष पनि प्राप्त गर्नसक्छ। गति ४ प्रकारका छन् अर्थात् यसमा ४ वटा लोक पर्छन्ः अ) ब्रह्मलोक आ) देवलोक इ) पितृलोक र ई) नर्कलोक।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीव आफूले गरेको कर्मअनुसार यी ४ लोकमध्ये कुनै एकमा पुग्छ ।

ख) अगति :

अगतिमा व्यक्तिलाई मोक्ष मिल्दैन अर्थात् उसले फेरि जन्म लिनुपर्ने हुन्छ । अगति पनि ४ प्रकारका छन् : अ) क्षिणोदर्क आ) भूमोदर्क इ) अगति, र ई) दुर्गति । क्षिणोदर्कमा जीव पुनः पुण्यात्माका रूपमा मर्त्यलोकमा जन्म लिन्छ । उसको जीवन सन्तजस्तो हुन्छ । भूमोदर्कमा उसले सुखी एवं सम्पन्नशाली जीवन प्राप्त गर्दछ । अगतिमा नीच अर्थात् पशु योनिमा जन्मन्छ भने दुर्गतिमा परेको जीव कीरा, फट्याङ्गाको जुनीमा पुग्छ ।

यात्राका तीन मार्ग :

जब कुनै मानिस मर्छ वा आत्माले शरीर त्यागेर यात्रा प्रारम्भ गर्छ, त्यतिबेला उसलाई तीनवटा बाटो फेला पर्छन् । आत्मा कुन मार्गमा अघि बढ्छ भन्ने कुरा उसको कर्ममाथि निर्भर हुन्छ । यी तीन मार्ग हुन्- अर्चिमार्ग, धूममार्ग एवं उत्पत्ति र विनाश मार्ग । अर्चिमार्ग भएर ब्रह्मलोक तथा देवलोक पुगिन्छ । धूममार्गको यात्रामा पितृलोक पुगिन्छ भने उत्पत्ति र विनाशको मार्गबाट नर्क पुगिन्छ ।

५. धर्म एवं मोक्ष :

यम एवं नियमको अर्थ बुझेर त्यसलाई पालन गर्नु नै धर्म हो । नियम नै धर्म हो । धर्म, अर्थ, काम एवं मोक्षमध्ये मानिसको अन्तिम लक्ष्य हो - मोक्ष । हिन्दु धर्मले मानिसलाई मोक्ष मार्गमा लाग्न निर्देश गरेको छ । मोक्ष के हो त ? स्थितप्रज्ञ आत्मालाई मोक्ष प्राप्त हुन्छ । आत्मा शरीर होइन भन्ने सत्यलाई अनुभव गरेर अशरीरी भइसकेपछि स्वयंको अस्तित्त्वबोध हुनुलाई मोक्षमार्गको प्रथम सिँढी मानिन्छ ।

६. व्रत तथा पर्व

हिन्दु धर्मका सबै व्रत तथा पर्व वा तीर्थ मोक्ष प्राप्तिकै उद्देश्यले निर्माण भएका हुन् । मोक्ष तब मात्र मिल्छ जब कुनै व्यक्तिले स्वस्थ एवं प्रसन्न भएर सुखपूर्ण जीवन व्यतीत गर्छ । व्रतले शरीर तथा मन स्वस्थ राख्छ । पर्वले मन प्रसन्न पार्छ भने तीर्थले मनमस्तिष्कमा वैराग्य तथा अध्यात्मको जन्म हुन्छ ।

मौसम तथा ग्रहनक्षत्रका गतिलाई ध्यानमा राखेर बनाइएका व्रत तथा पर्वको महत्व पनि बढी नै हुन्छ । चतुर्थी, एकादशी, प्रदोष, औंसी, पूर्णिमा, साउन महिना तथा कात्तिक महिनाको व्रत बस्नु उत्तम मानिन्छ । यी सबै व्रत नसके पूरै साउन महिनाको व्रत गर्दा पनि हुन्छ । पर्वहरूमा माघे सङ्क्रान्ति, महाशिवरात्रि,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवरात्रि, रामनवमी, कृष्णजन्माष्टमी एवं हनुमान जन्मोत्सव मनाउनु उत्तम मानिन्छ। पर्वमा श्राद्ध तथा कुम्भ मेला मनाउनु श्रेष्ठ मानिन्छ।

व्रत गर्नाले शरीर निरोगी हुन्छ र जीवनमा शान्ति मिल्छ। एक वर्षमा सूर्यको १२ र चन्द्रमाको १२ वटा सङ्क्रान्ति हुन्छन्। सूर्य सङ्क्रान्तिमा उत्सव तथा चन्द्र सङ्क्रान्तिमा व्रतको महत्व बढी छ। साउन महिनाको व्रत उत्तम हुन्छ भने हरेक महिनाको एकादशी, चतुर्दशी, चतुर्थी, पूर्णिमा तथा औंसीका साथै अधिकमासका व्रतको फरक महत्व छ। सौरमास तथा चन्द्रमासका बीच बढेका दिनलाई अधिकमास वा मलमास भनिन्छ। यसै गरी चतुर्मास अर्थात् साउन, भदौ, असोज र कार्तिकको व्रत पनि अत्युत्तम मानिन्छ।

उत्सव, पर्व तथा चाडबाड सबैको अलग-अलग महत्त्व छ। प्रत्येक ऋतु एक उत्सव हो। स्थानीय परम्परा वा संस्कृतिका कारण सिर्जित चाडपर्व तथा मेलाभन्दा वैदिक धर्मग्रन्थ, धर्मसूत्र, स्मृति एवं आचार संहिताका आधारमा निर्मित चाडपर्व तथा मेलालाई उत्तम मानिन्छ। सूर्यका १२ सङ्क्रान्तिमध्ये मकर, मेष, तुला तथा कर्कट सङ्क्रान्ति अर्थात् माघ, वैशाख, कात्तिक तथा साउन महिनाका सङ्क्रान्ति महत्वपूर्ण मानिन्छन्। सूर्यको उपासनाका लागि प्रसिद्ध पर्व हुन्छन्- छठ, सङ्क्रान्ति एवं कुम्भ मेला। सबै पर्वमध्ये माघे सङ्क्रान्ति तथा कुम्भ मेलालाई उत्तम मानिएको छ।

७. तीर्थ :

तीर्थको यात्रा गर्नु सबैभन्दा ठूलो पुण्यकर्म हो। सनातन धर्मसँग सम्बन्धित तीर्थयात्राले मात्र पुण्य प्राप्त हुन्छ। मनोमानी हिसाबका तीर्थयात्राले हुँदैन। तीर्थहरूमा चार धाम, बाह्र ज्योतिर्लिङ्ग, अमरनाथ, शक्तिपीठ एवं सप्तपुरीको यात्रा शुभ मानिन्छ। अयोध्या, मथुरा, काशी र प्रयागलाई तीर्थहरूको प्रमुख केन्द्र मानिन्छ जबकि हिमालय क्षेत्र एवं कैलाश मानसरोवरलाई सर्वोच्च तीर्थ मानिएको छ। बद्रीनाथ, द्वारका, रामेश्वरम् एवं जगन्नाथपुरी चार धाम हुन्। सोमनाथ, द्वारका, महाकालेश्वर, श्रीशैल, भीमाशङ्कर, ॐकारेश्वर, केदारनाथ, विश्वनाथ, रामेश्वरम्, घृष्णेश्वर एवं बैजनाथ द्वादश ज्योतिर्लिङ्ग हुन्। काशी, मथुरा, अयोध्या, द्वारका, माया, कांची एवं अवन्ति सप्तपुरी हुन्। यी तीर्थको यात्रा गर्नुलाई धर्मसम्मत मानिएको छ।

८. संस्कार

संस्कारहरू सोह्रवटा छन्, जसको पालना गर्नु प्रत्येक हिन्दुको कर्तव्य हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी संस्कार हुन्- गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडा, कर्णवेध, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह एवं अन्त्येष्टि। प्रत्येक हिन्दुले यी संस्कारको यथोक्त नियमपूर्वक पालना गर्नुपर्छ। यी संस्कारहरूलाई वैदिक नियमद्वारा सम्पन्न गर्नु नै हिन्दुको पहिचान हो।

९. पाठ :

वेद, उपनिषद् वा गीता पाठ गर्नु, नसके सुन्नु प्रत्येक हिन्दुको कर्तव्य हो। उपनिषद् एवं गीताको स्वाध्ययन गरेर त्यसका विषयमा जिज्ञासुसमक्ष चर्चा गर्नु पुण्यकार्य मानिन्छ तर कुनै बहसकर्ता वा भ्रमित व्यक्तिका अगाडि वेद वचन सुनाउनु निषेध छ। प्रत्येक दिन धर्मग्रन्थको पाठ गर्नाले दैवीशक्तिको कृपा प्राप्त हुन्छ। हिजोआज विभिन्न पुराण तथा त्यसैका कथाको चलन सुरू गरिएको भए पनि वेद तथा गीता पाठ गर्नुजस्तो पुण्यकार्य अरू कुनै छैन।

१०. धर्म, कर्म एवं सेवा

धर्म, कर्म एवं सेवा गर्नुको उद्देश्य हो- मनमस्तिष्कको शान्ति तथा मोक्षप्राप्ति। यसबाट समाज तथा राज्यको हितसमेत हुन्छ। धर्म, कर्म एवं सेवा यस्ता कार्य हुन्, जसबाट परिवार, समाज, राज्य एवं स्वयंलाई लाभ मिल्छ। धर्मकर्मलाई व्रत, सेवा, दान, यज्ञ, प्रायश्चित्त आदि विभिन्न तरिकाले साधना गर्न सकिन्छ।

आमाबाबु, छोरी तथा दिदीबहिनी, दाजुभाइ आदिलाई कुनै पनि प्रकारले सहयोग गर्नु सेवा हो। यसका साथै गुरु, अपाङ्ग, विद्यार्थी, सन्यासी, चिकित्सक एवं धर्मको रक्षा गर्ने कार्यमा लागेका व्यक्तिको सेवा गर्नुलाई पुण्यको काम मानिएको छ। यसबाहेक सबै प्राणी, पशुपक्षी आदिलाई अन्नजल दिनु, उनीहरूको जीवन रक्षाको प्रयास गर्नुलाई पनि यज्ञ अर्थात् पुण्यकर्म मानिएको छ।

११. दान :

दान गर्नाले इन्द्रियहरूको भोगप्रतिको आशक्ति छुट्छ। मनका गाँठो फुक्छन् र मर्न सजिलो हुन्छ। परमात्माको सेवा गर्ने सबैभन्दा उत्तम उपाय दान नै हो। वेदमा तीन प्रकारका दाताको उल्लेख पाइन्छ- उत्तम, मध्यम एवं निकृष्ट। धर्मको उन्नतिस्वरूप सत्यविद्याका लागि दिइने दान उत्तम दान हो। कीर्ति वा स्वार्थ प्रेरित भएर दिइने दान मध्यम हो भने वेश्यागमनका लागि, अनावश्यक एवं अयोग्य प्रशंसा गर्ने व्यक्तिलाई दिइने दान तथा पण्डालाई दिइने दान निकृष्ट मानिएको छ। पुराणमा अन्नदान, वस्त्रदान, विद्यादान, अभयदान एवं धनदानलाई श्रेष्ठ मानिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ जुन पुण्यकर्म पनि हो ।

१२. यज्ञ :

यज्ञ पाँच प्रकारका छन्- ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, भूतयज्ञ एवं अतिथि यज्ञ । यी यज्ञ गर्नाले ऋषिऋण, देवऋण, पितृऋण, धर्मऋण, प्रकृतिऋण एवं मातृऋण समाप्त हुन्छन् । नित्य सन्ध्यावन्दन, स्वाध्याय तथा वेदपाठ गर्नु ब्रह्मयज्ञ हो । सत्संग तथा अग्निहोत्र गर्नाले देवयज्ञ सम्पन्न हुन्छ । श्राद्धकर्म पनि पितृयज्ञ हो । पिण्डदान, तर्पण एवं सन्तानोत्पत्ति गर्नाले यो यज्ञ सम्पन्न हुन्छ । सम्पूर्ण प्राणी तथा वनस्पतिप्रति करूणा एवं कर्तव्य बुझेर उनीहरू अन्न एवं जलदान दिनु भूतयज्ञ हो । यसलाई वैश्वदेव यज्ञ पनि भनिन्छ । पाहुनाको सेवा गर्नु अतिथि यज्ञ हो । साथै गुरु, अपाङ्ग, विद्यार्थी, सन्यासी, चिकित्सक एवं धर्मको रक्षा गर्ने कार्यमा लागेका व्यक्तिको सेवा गर्नु पनि अतिथि यज्ञ हो । यी बाहेक यजुर्वेदमा अग्निहोत्र, अंश्वमेध, वाजपेय, सोमयज्ञ, राजसूय एवं अग्निचयनको वर्णन पाइन्छ ।

१३. मन्दिर दर्शन :

प्रत्येक विहिवार मन्दिर जानुपर्छ । **मन्दिर घरमा बनाउनु हुँदैन** । मन्दिर गएर परिक्रमा गर्नुपर्छ । मन्दिर, तीर्थ एवं यज्ञको परिक्रमा गर्ने प्रचलन प्राचीन कालदेखि नै चलिरहेको पाइन्छ । प्रदक्षिणा गर्नु षोडशोपचार पूजाको एक अङ्ग पनि हो । मन्दिरमा ७ पटक परिक्रमा गर्नु पर्छ भन्ने भनाइ छ । मन्दिर जानुअघि शुद्ध हुनु आवश्यक छ ।

१४. सन्ध्यावन्दन :

सन्धूयावन्दनलाई सन्ध्योपासना पनि भनिन्छ । मन्दिर तथा नदीमा गएर सन्धिकालमा सन्ध्यावन्दन गरिन्छ । एक दिनमा आठ सन्धि मानिएको छ । त्यसमा पनि पाँचवटा महत्वपूर्ण मानिन्छ । पाँचमध्ये पनि सूर्योदय एवं सूर्यास्त समयको सन्धि महत्वपूर्ण मानिन्छन् । यो बेलामा मन्दिर एवं एकान्तमा शौच, आचमन, प्राणायाम आदि गरेपश्चात गायत्री मन्त्रद्वारा निराकार ईश्वरको प्रार्थना गरिन्छ । सन्ध्यावन्दनका चार प्रकार छन्- प्रार्थना, ध्यान, कीर्तन एवं पूजा आरती । यी चार मध्ये जसलाई जेमाथि श्रद्धा छ उसले त्यसैअनुसार गर्नसक्छ ।

१५. धर्मको सेवा :

धर्मको प्रशंसा गर्नु र धर्मको बारेमा सही जानकारी फैलाउनु प्रत्येक हिन्दुको कर्तव्य हो । धर्मप्रचारका क्रममा वेद, उपनिषद् एवं गीताको प्रचार गर्नु उत्तम मानिन्छ । धर्म प्रचार गर्नुअघि हिन्दु धर्मका विषयमा पढ्नु र बुझ्नु आवश्यक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । प्रत्येक हिन्दुले धर्म प्रचारकका रूपमा धर्मको वास्तविक ज्ञान बाँड्नु जरुरी हुन्छ । यसका लागि गेरु बस्त्र धारण गर्न वा सन्यास ग्रहण गर्नैपर्छ भन्ने पनि छैन । धर्मको प्रशंसा गर्नु र खराब वा नीच कुराहरूलाई नसुन्नु नै धर्मको साँचो सेवा हो ।

१६. मन्त्र

वेदमा धेरैथरि मन्त्रहरूको उल्लेख पाइन्छ तर जप गर्नका लागि केवल प्रणव (ॐ) एवं गायत्री मन्त्र बताइएको छ । बाँकी मन्त्र कुनै विशेष अनुष्ठान एवं धार्मिक कार्यका लागि हुन् । वेदमा गायत्री नामको छन्द छ, जसमा हजारौं मन्त्र छन् तर प्रथम मन्त्रलाई मात्र गायत्री मन्त्र मानिन्छ । उक्त मन्त्र बाहेक कुनै अन्य मन्त्रको जप गर्नु समय एवं ऊर्जाको बर्बादी मात्र हो । गायत्री मन्त्रको महिमा सर्वविदित नै छ । अर्को मन्त्र हो-महामृत्युञ्जय मन्त्र । तर उक्त मन्त्रको जप तथा नियम कठिन भएकाले कुनै जानकारसँग सोधेर मात्र जप गर्नुपर्ने हुन्छ ।

१७. प्रायश्चित्त :

प्राचीन कालदेखि नै हिन्दुहरूले मन्दिरमा गएर आफूबाट भएगरेका पापको प्रायश्चित्त गर्ने चलन थियो । प्रायश्चितका विषयमा स्मृति एवं पुराणहरूमा विस्तार पूर्वक बताइएको छ । गुरु शिष्य परम्परामा गुरुले शिष्यलाई प्रायश्चितका थुप्रै तरिका बताएका छन् । दुष्कर्मका लागि प्रायश्चित्त गर्नु तपस्याकै दोस्रो रूप हो । मूलतः हिन्दु धर्ममा आफूले गरेको पापको क्षमा भगवान् शिव एवं वरुणदेवसँग मागिन्छ किनभने क्षमा दिने अधिकार उनीहरूलाई मात्र छ ।

१८. दीक्षा :

दीक्षाको प्रचलन वैदिक ऋषिहरूले सुरु गरेका थिए । प्राचीन कालमा पहिले शिष्य एवं ब्राह्मण बनाउनका लागि दीक्षा दिइन्थ्यो । आमाबाबुले बालकलाई शिक्षाका लागि गुरुकहाँ पठाएपछि गुरुले उसलाई दीक्षा दिन्थे । हिन्दु धर्मका अनुसार दिशाहीन जीवनलाई दिशा दिनु नै दीक्षा हो । दीक्षा एक प्रकारको प्रतिज्ञा, अनुबन्ध एवं सङ्कल्प हो । दीक्षा प्राप्त गरिसकेपछि मानिस द्विज बन्दछ । द्विजको अर्थ हो दोस्रो जन्म । दोस्रो व्यक्तित्व । यसैलाई पछि अन्य विभिन्न धर्मसम्प्रदायले पनि अँगाले र पछि-पछि त दीक्षालाई धर्म परिवर्तनका लागि समेत प्रयोग गराउन थालियो । यो क्रम अहिलेसम्म चलिरहेको पाइन्छ ।

प्रस्तुतिः दीपक दर्शन

✲✲✲✲

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक सनातन धर्ममा आद्यगुरु शङ्कराचार्य र उहाँको योगदान

✍ **कुलप्रसाद भण्डारी**

शङ्कराचार्यको जन्म भारतमा, परशुराम क्षेत्र भनिने केरल प्रान्तको पूर्णानदीको तटवर्ती कालटी गाऊँमा ब्राह्मण शिवगुरुकी धर्म पत्नी आर्या अम्बिकाको कोखबाट इसाको ७८८ मा भएको भन्ने आधुनिक मत छ । तर यो मतमा सबै लेखकहरू सहमत देखिदैनन् । उहाँको यथार्थ जन्मतिथिका बारेमा इतिहासविद् र लेखकहरूबीच एक रूपता पाइँदैन । अधिकांश धार्मिक ग्रन्थहरूमा भने इसापूर्वको छैटौं शताब्दीतिर जन्म भएको भनी मानिएको छ । विभिन्न धर्मशास्त्र र उहाँको जीवनीका बारेमा लेखिएका अधिकांश पुस्तकहरूसमेतलाई आधार लिंदा उहाँको यथार्थ जन्मतिथि कलिगत २५९३ (५०९ वि. सी .) नन्दन सम्वत्सरको बैशाख शुक्ल पञ्चमी पुनर्वसु नक्षत्र योगमा भएको थियो भनिन्छ । जुन भनाइ बढी नै भरपर्दो र तथ्यमा आधारित पनि देखिन आउँछ । अतःहामीले यसैलाई प्रमाणिक जन्मतिथि मान्नुमा नै उपयुक्त छ ।

बालककालदेखि नै असाधारण प्रतिभा सम्पन्न विशिष्ट वौद्धिक गुण र क्षमताले युक्त यी बालक यथार्थमा भगवान् शङ्करकै अवतार हुन् भन्न हामीलाई करै लाग्दछ । भारत वर्षमा यिनले जन्म लिनुभन्दा पहिले भएको एक रोचक प्रसङ्ग यस्तो छ-उहिले कैलाशमा पार्वती पति श्री महादेव समक्ष ब्रह्मादि देवताहरूले विनीत भावसँग हातजोरी विन्ती गर्दै प्रार्थना गरे-" हे लोकनाथ, कलिको वाधाले गर्दा धेरै वैदिक धर्महरू धमाधम लुप्त हुँदै गइरहेका छन् र पाखण्ड मतहरूको उन्नति हुन लागि रहेछ । यसकारण हजुरले अनुग्रह गरेर पृथ्वीमा अवतार लिई मानिसहरूमा ज्ञानको उदय गराएर धर्म रक्षा गरिबक्सनु पऱ्यो" । देवताहरूको यो अनुनय विनय सुनेपछि कैलाशपति महादेवले पनि "लोक कल्याणकै लागि हुन्छ त्यसै गरुँला" भनेर देवताहरू माथिअनुग्रह गर्नु भयो । अनि वहाँकै आशयानुसार ब्रह्माजी कर्म मार्गको प्रचार

✍ लेखक गण्डकी प्रज्ञासभा, कास्कीका सचिव हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को लागि मण्डन मिश्रको रूपमा, स्वामी कार्तिकेय कुमारिल भट्टको रूपमा र भगवान् विष्णु पद्मपादाचार्यको रूपमा भारत वर्षमा अवतार लिन आए।

यता कैलाशपति भगवान् शङ्करले पनि आफूलाई पुत्र रूपमा सकार्न सक्ने कुन दम्पत्ति होलान् भनी चारैतर्फ हेर्न लाग्नु भयो। त्यसै बेला यिनै शिवगुरु नामक सज्जन ब्राह्मण दम्पत्ति जो भगवान् शङ्करका ठूला भक्त थिए, सबै कुराबाट सम्पन्न भएर पनि सन्तानविना अति नै व्याकुल रहन्थे र बृद्धावस्थातिर लम्किरहेका पनि थिए, यो देखेर तिनीहरूको हृदय कत्तिको परिपक्क रहेछ भन्ने बिचारले भगवानूले एक रात सपनामा तिनीहरूलाई सोध्नु भयो-'ए भक्त ! तिम्रो तपस्याले म प्रसन्न छु। तिमीहरू बुद्धि नभएका सय छोरा चाहान्छौ कि बुद्धिमान सर्वज्ञ तर आठ वर्षमात्र बाँच्ने एउटै छोरा चाहान्छौ' ? निद्राबाट बिउँझेर शिव गुरुले सपनाको सारा कुरा पत्नीलाई बताए। पतिव्रता पत्नीले भनिन्-मूर्ख सय छोराभन्दा बुद्धिमान एउटै छोरा हुन असल हो। आयुको बारेमा यतिसम्म हामीमाथि दया गर्ने माहाकाल भगवान् शङ्करले चाहनु भयो भने आफ्नो इच्छा परिवर्तन पनि गरिदिन सक्नु हुनेछ भन्ने पत्नीको सल्लाहमा दुबै दम्पत्ति वृषाचलेश्वर पर्वतमा गएर प्रभु समक्ष आफ्नो मनशाय विन्ती गरे। तिनीहरूको मनशाय अनुरूप नै भगवान् शङ्करले तिनै दम्पत्तिलाई पिता माताको रूपमा स्वीकार गरी जन्म लिनु भएको हो भन्ने कुरोको पुष्टि लिङ्ग पुराण, शिव रहस्य तथा कूर्मपुराण समेतले गरेका छन्। [१]

घरमा पुत्र रत्न जन्मेपछि बृद्ध दम्पत्ति औधि नै खुसी भए। बालकको नाम ज्योतिष शास्त्रानुसार 'शङ्कर'राखियो। छोटो आयु लिई भगवान् शङ्करकै अंशले जन्मनु भएको हुँदा सानै उमेरदेखि नै उहाँले आफ्नो प्रतिभालाई बाहिर ल्याउनु भयो। एक वर्षकै उमेरमा मातृभाषामा आफ्ना भाव प्रकट, दुई वर्षमा आमाबाट सुनिएका पुराणादिका कथाहरू मुखाग्रजस्ता आश्चर्यजनित कर्महरू उहाँमा देखिन थाले। तीन वर्षको अवस्थामा चुडाकर्म सम्पन्नपछि यही वर्ष

---

१ चतुर्भिः सहशिष्यस्तु शङ्करोऽवतरिष्यति।
कलौरुद्रो महादेवःशङ्करो नीललोहितः।
प्रकाशते प्रतिष्ठार्थ धर्मस्याविकृताकृतिः ॥ -लिङ्ग पुराण।
केरले शशलग्रामे विप्रपत्न्यां मदशतः।
भविष्यति महादेवी शङ्करारख्यो दिजोत्तम्: -शिवरहस्य
करिष्यत्यवतारं स्वं शङकरो नीललोहित :। -कुर्मपुराण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पिताको देहावसान भयो। पाँच वर्षमा यज्ञोपवीत संस्कार सम्पन्न गरी उहाँलाई गुरुकुलमा पढ्न पठाइयो। केवल दुई वर्ष मै अर्थात् सात वर्षको उमेर मै वेद, वेदाङ्ग तथा धर्मशास्त्र लगायतका अन्य समस्त विधामा पारङ्गत भएर गुरुकुलबाट घर आउनु भयो। बालक शङ्करको असाधारण प्रतिभा देखेर उहाँका गुरुहरू बहुतै आश्चर्यचकित थिए। विद्याध्ययनको समाप्तिपछि आठै वर्षको उमेरमा शङ्करले सन्यास लिन चाहनु भयो। तर आमाबाट अनुमति मिल्न सकेन। मातृभक्त शङ्रले आमाको अनुमतिवेगर सन्यास लिन चाहेनन्। यसैले एक दिन आमासँग पूर्णानदीमा स्नान गर्न लाग्दा "एक ग्राहले शङ्कराचार्यको खुट्टा समात्यो," नदीको उर्लदो प्रवाहमा आफ्नो छोरालाई त्यसरी ग्राहले जकडे को देख्दा आमाको होस् उड्यो। यही समयमा शङकरले आमालाई भन्नुभयो -"आमा ! पहिले नै मेरो आयु आठ वर्षको मात्र हुन्छ भन्ने निर्धारण भएको हो। त्यसैले ग्राहले मलाई पक्ड्यो। आमा यदि अहिले नै म यहीं सन्यासी बनीहाले भने मेरो यो मरण पनि सके टरिहाल्ला र केही आयु पनि बढ्न जाला ! बरु हजुरले मलाई सन्यास ग्रहण गर्ने आज्ञा दिनु होस्।" छोराको त्यो अवस्थाबाट पार पाउन आमाले पनि "बाबू ! हुन्छ त लौ सन्यास लेऊ" भनेर आज्ञा दिनु भयो। अनि शङ्करले उत्तिनैखेरी त्यही पानी मै सन्यास ग्रहण गर्दा प्रयोग गरिने 'प्रैष मन्त्र' जप्नु भयो र सन्यासी बन्नु भयो अनि ग्राहले पनि छोड्यो ! त्यसपछि उहाँले आमासँग विनम्र स्वरमा भन्नुभयो-"सन्यासीका लागि अन्न भिक्षादिने जति सबै आमा, ज्ञानको उपदेश दिने सबै बाबु, शिष्यजति सबै छोरा र एकान्त विहारमा चाहिने शान्ति चाहि उसकी प्रेयसी हुन्छे। [२]

यी बाहेक उसका कुनै बन्धु वर्ग हुदैनन्। आमा अब म गुरु खोज्न जान्छु भनेपछि आमाले गहभरि आँसुपारी "के यसैको लागि मैले तिमीलाई कति कष्ट सहेर जन्माएको हो त ?" पुत्र शङ्राचार्यले-आमा ! खेद नलिनु-होस्। तपाईले सम्झने वित्तिकै म जहाँभएपनि आइपुग्ने छु। विधिपूर्वक जो गर्नु पर्ने सबै कर्म गर्ने छु भन्नु भयो। सन्यास लिए पनि म छोराले गर्नु पर्ने आफ्नो कर्तव्यको अवश्य पालन गर्ने छु भनी आमाको परिक्रमा गरी ढोगी त्यहाँबाट उत्तर दिशातिर लाग्नु भयो। उत्तर दिशाका विभिन्न तीर्थक्षेत्रको दर्शन गर्दै नर्मदा तटमा पुगी स्वामी गोविन्द भगवत्पाद (जो शेषका अवतार

२. भिक्षाप्रदा जनन्यःपितरो गुरवः कुमारकाःशिष्याः।
एकान्तरमणहेतुःशान्तिर्दयिता विरक्तस्य॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिन्छन्) सँगबाट दीक्षा लिनु भयो र छोटै अवधिमा ठूला योगी र सिद्ध महात्मा बन्नु भयो। उहाँको सिद्धि देख्दा गुरु प्रसन्न भै उहाँलाई काशीमा गै वेदान्तसूत्रमा भाष्य लेख्ने र धर्मको प्रचार गर्ने आज्ञा दिनु भयो। शङ्करले गुरुको आज्ञालाई शिरोधार्य गर्दै काशीमा पुगी वेदव्यासद्वारा लिखित वेदान्तसूत्रमा भाष्य लेख्नु भयो।

हालसम्मका उपलब्ध ब्रह्मसूत्रमा जति पनि भाष्य पाइन्छन् तिनमा सबैभन्दा प्राचीन यिनै शङ्करद्वारा लिखित शाङकरभाष्य नै हो। जसको स्थान वैदिक सनातन धर्ममा अत्यन्तै उच्च रहेको छ। यो दर्शनले पूर्वीय दार्शनिक क्षीतिजमा जीवन र जगत् सम्बन्धी विशिष्ट चिन्तन प्रस्तुत गरेको छ। यो त्यही चिन्तन हो जस्लाई 'अद्वैतवाद' पनि भनिन्छ। अतः शङ्कराचार्य अद्वैत वादका प्रवर्त्तक हुन्। उपनिषद्का सम्पूर्ण सिद्धान्तहरूलाई एउटै मालामा उनेर भगवान् वेदव्यासले ब्रह्मसूत्रको रचना गरेका हुन्, त्यस ग्रन्थमा ५५६ वटा सूत्रमा ब्रह्म, जीव र जगत् सम्बन्धी सम्पूर्ण अवधारणाहरूको सूत्रवद्ध गरिएको छ। आद्यगुरु शङ्कराचार्यले यसै ग्रन्थमा गहन टीका लेख्नु भयो। यो ग्रन्थ हाल शाङ्करभाष्यका नामले प्रख्यात छ। जुन प्रमाणिक ग्रन्थको रूपमा वैदिक सनातन धर्ममा मान्यता प्राप्त छ। शङ्करको अद्वैतवाद भनेकै एक वाक्यमा भन्नुपर्दा ब्रह्म एक मात्र सत्य वस्तु हो, जगत् मिथ्या हो, जीव र ब्रह्म एकै हुन्। (ब्रह्म सत्यं जगत् मिथ्या जीवो ब्रह्मैव नापारः) यही सिद्धान्त नै शङ्करको अद्वैतवाद हो। शङ्करको विद्वता र व्यक्तित्वले काशीमा ख्याति निकै बढ्यो। यिनीप्रति आकर्षित भै अधिकांशले यिनको शिष्यत्व ग्रहण गर्न पुगे। काशीमा रहँदा यिनले विभिन्न मतको खण्डन गर्दै वैदिक सनातन धर्मको व्याख्यान दिने र विभिन्न ठाउँमा मठहरू स्थापना गर्ने कामहरू गरे। यसपछि कुरुक्षेत्र, वदरिकाश्रम लगायतका विभिन्न तीर्थक्षेत्रहरूको यात्रा गर्दै शास्त्रार्थद्वारा विभिन्न क्षेत्रका मतवादीहरूलाई परास्त गर्नु भयो।

प्रयागमा गएर कुमारिल भट्टसँग उहाँले अन्तिम समयमा भेट गरेर उनैको सल्लाहमा माहिस्मतीमा मण्डन मिश्र कहाँ गई शास्त्रार्थ गर्नु भयो। शास्त्रार्थमा मण्डनकी पत्नी उभया भारती मध्यस्था थिइन्। अन्तमा मण्डनले शङ्कराचार्यको शिष्यत्व ग्रहण गरे। यिनै मण्डन मिश्र र उनकी पत्नी उभया भारतीसँग गरेको शास्त्रार्थ ऐतिहासिक रूपमा चर्चित छ। यही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समयमा आफ्नी आमाको अन्तिम घडी आइपुगेको बुझेर शङ्कराचार्य आमा भेट्न तुरुन्त कालटी गाऊँ पुग्नु भयो । आमाको अन्तिम धोको पुत्रको मुख हेर्ने पूर्ण भयो । यसपछि उहाँ (आमा) ले परमधामको यात्रा गर्नुभयो । छोरा शङ्कराचार्यले पुत्रको कर्तव्यले गर्नु पर्ने काजक्रिया समेतका सम्पूर्ण कर्महरू सम्पन्न गर्नु भयो । शङ्करको यो कर्मले चाहे जो कोही सन्यासी होस् उसले मातापिताको अन्तिम संस्कारका कर्महरू गर्नै पर्दछ भन्ने सनातन शिक्षा दिनु भएको छ । यसपछि उहाँ पुनः आफ्नो कर्म थलोतर्फ फर्कनु भयो ।

त्यस समय नेपाल लगायत सारा भारतवर्षमा वैदिक सनातन धर्मको आडमा विभिन्न विकृतिहरू मौलाइ रहेका थिए । धर्मकै आडमा अनावश्यक पशुहिंसाले प्रश्रय पाइरहेको थियो । वैदिक धर्मभित्रै पनि विभिन्न साम्प्रदायिक संङ्किर्णताले आ-आफ्ना देव, देवी ठूला हुन् भनी होडवाजीसमेत चलिरहे को थियो । अर्कोतर्फ विभिन्न क्षेत्रका मतवादीका कारण दिनप्रतिदिन धुमिल र शिथिल हुँदै गएको वैदिक धर्मको संरक्षण, सम्वर्द्धन र पुनर्उत्थान गर्न निकै जरुरी भै सकेको स्थिति थियो । यस्तो अवस्थामा गुरु शङ्कराचार्यले सारा आर्यावर्त क्षेत्रको भ्रमण गर्दै विभिन्न क्षेत्रका मतवादी र विरोधीहरूसँग शास्त्रार्थद्वारा सबैमाथि धार्मिक दिग्विजय गरी वैदिक सनातन धर्मको संरक्षण र सम्वर्द्धन गर्नु भयो । पशु हिंसालाई निस्तेज गर्न ज्ञानको ज्योति छर्नु भयो । आफ्नै धर्म भित्रका विभिन्न सम्प्रदायबीच समन्वय ल्याई घर-घरमा पञ्चाङगदेव (शैव, वैष्णव, शाक्त, गणपर्त्य, सौर्य) लाई प्रमुख देव देवीको रूपमा पूज्ने चलनको व्यवस्था मिलाउनु भयो । जस्ले गर्दा आज पनि अधिकांश हिन्दुहरूका घर-घरमा बिहान-बेलुका सबै देवी देवताको प्रतिनिधित्वको रूपमा पञ्चाङ्ग देवको पूजा अर्चना गर्ने चलन रही आएको छ । गुरु शङ्कराचार्य नेपालमा पनि आएर विद्धतापूर्ण उपदेशद्वारा वैदिक धर्मको प्रचार र श्री पशुपतिनाथमा वैदिक पद्धति अनुसारको पूजा विधि चलाउनु भयो । जुन पूजा विधि यद्यपि चालू छ । आद्य गुरुले भारतवर्षमा अनेकौ मन्दिर बनाउनु भयो,कैयौ ग्रन्थ रत्नहरू लेख्नु भयो । तीमध्ये मुख्य गरी ब्रह्मसूत्र, उपनिषद्हरू (ईश, केन, कठ, प्रश्न, मण्डुक, माण्डूक्य, ऐतरेय, तैत्तिरीय, श्वेताश्वतर, छान्दोग्य, बृहदारण्यक आदि) गीता, विष्णुसहस्त्रनाम, सनत्सुजातीय यी सबै ग्रन्थमा भाष्य लेख्नु भयो । यसका अतिरिक्त विवेक चूडामणि लगायतका अरू पनि कैयौं पुस्तकहरू लेखिएका छन् । प्रस्थानत्रयी (ब्रह्मसूत्र, श्रीमद्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भागवदगीता र उपनिषद्हरू)का भाष्यहरू अति नै महत्वपूर्ण र प्रमाणिक ग्रन्थ राशी मानिन्छन् ।

सारा आर्यावर्त क्षेत्रमा धार्मिक दिग्विजय गरी भारतका चारै कुनामा विभिन्न मठहरूको स्थापना गर्नु भयो । पूर्व जगन्नाथपुरीमा विमलापीठ, पश्चिम द्वारकामा कालिकापीठ, उत्तर वद्रिनाथमा ज्योतिष्मतिपीठ, दक्षिण तुङग भद्रानदी किनारा श्रृङ्गेरीमा शारदापीठ स्थापना गरी प्रमुख शिष्यहरूलाई पीठाधीशमा नियुक्त गर्नु भयो । यी बाहेक पाँचौ पीठको रूपमा काञ्चीमा कामाकोटी पीठसमेत स्थापना गर्नु भयो । यी सबै पीठाधीशलाई शङ्करा चार्यको उपाधिले सम्बोधन गरिन्छ । वैदिक सनातन धर्मको संरक्षणमा यी पीठाधीशहरूले पहरेदारीको भूमिका निर्वाह गर्दै पीठको निरन्तरताको व्यवस्था मिलाइ अगाडि बढिरहेका छन् । अन्तमा प्रकाण्ड पाण्डित्य, गम्भीर विचारशैली, प्रचण्ड कर्मशीलता, अगाध भगवद्भक्ति,सर्वोत्तम त्याग, अद्भूत योगैश्वर्य आदि अनेको गुणहरूका धनी गुरु शङ्कराचार्यले सबैलाई सत्मार्गको बाटो देखाउँदै कुमार्गको खण्डन गर्दै भगवान्को वास्तविक स्वरूपको पहिचान गराउने उहाँको योगदान बहुतै स्तुत्य र अतुलनीय छ । उहाँको वाणीमा साक्षात् सरस्वतीको वास थियो । उहाँले यस धर्तीमा पदार्पण गर्दाको लक्ष्यपूरा गरी कर्मठ व्यक्तिद्वारा सय वर्षमा पनि गर्न नसकिने कर्महरू केवल ३२ वर्ष मै सम्पन्न गरी परमधामको यात्रामा लाग्नु भयो । उहाँको योगदानलाई वैदिक सनातन धर्मानुयायीहरूले एक उज्वल नक्षत्रको रूपमा युगयुगसम्म सम्झिरहने छन् ।

<u>सन्दर्भ ग्रन्थसूचि</u>

१) जगद्गुरु श्री शङ्कराचार्यको जीवन चरित्र -ले. श्री सी.आर. स्वामिनाथन्
२) गीता प्रेसबाट प्रकाशित विभिन्न कल्याण अङ्कहरू
३) लिङ्ग पुराण- गीताप्रेस गोरखपुर
४) कूर्म पुराण - गीताप्रेस गोरखपुर
५) ब्रह्मसूत्र - गीताप्रेस गोरखपुर
६) जनक दर्शन - स्वामी रामानन्द गिरि ।
७) आर्य जगत्का महाविभूतिहरू - श्री मङ्गलकुमार नेपाल
८) लेखकका पूर्व प्रकाशित सम्बन्ध लेखहरू ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सहअस्तित्व आजको अपरिहार्यता

✍ रबीन्द्र माकाजू

बिदेशीसमेत बोकेर केही मित्र मेरो घरमा सुसमाचार सुनाउने भन्दै आए। मैले अतिथि सत्कार गर्दै आफ्नो भनाइ राख्न आग्रह गरें। उनीहरूमध्ये एकले भने - यशु प्रभुलाई ग्रहण गर्नुहोस् मुक्ति पाउनु हुन्छ। मैले थप जिज्ञासा व्यक्त गर्दै भनें-- यशु प्रभुलाई विश्वास गर्नेहरूमध्ये हालसम्म कति जनाले मुक्ति पाए ? यस्को कुनै तथ्याङ्क छ कि ? अनि के यहाँहरूले मुक्ति पाउनुभएको छ ?

मेरो प्रश्न सुनेर उनीहरूले मुखामुख गरे। कुनै उत्तर दिन सकेनन्। केही बेरपछि एकजनाले भने - तपाई हाम्रो चर्चमा आउनुहोस्, यसको उत्तर त्यहाँ पाउनुहुनेछ।

मैले थप जिज्ञासा राखें - कुन चर्च ? उनीहरूको उत्तर थियो- सियोन चर्च !

मैले अर्को जिज्ञासा थपें - पोखरामा थुप्रै चर्च छन् ? किन सियोन चर्च नै ? चर्च सबै एकै होइनन् र ?

उनीहरूले भने - चर्च एउटै हुँदैनन्। हाम्रो चर्चले मात्र सही शिक्षा ज्ञान दिने गर्दछ। अरू चर्चले झुठो शिक्षा दिने गर्दछन्।

त्यस्ता झुठो शिक्षा दिने चर्चहरू कुन कुन हुन् ? जब यहाँहरूले अरू चर्चलाई असत्य र झुटो भन्नुहुन्छ भने अरू चर्चले पनि तपाईंहरूलाई पक्कै असत्य र झुटो भन्दा हुन् नि।

मेरो प्रश्न सुनेर एकजनाले उत्तर दिए- त्यसैले त पवित्र धर्मग्रन्थ बाइबल पढ्नुस् भन्न आएका हामीहरू। मैले पुनः जिज्ञासा राखें-उनीहरूले पढ्ने बाइबलमा के अन्तर छ त ? मैले सुनेको छु १०० भन्दा बढी पटक संशोधन भएको छ। पहिला बाइबलमा पृथ्वी चेप्टो छ भनेर लेखिएको थियो। वाइबल सत्य भएको भए किन सम्शोधन गर्नुपरेको ? जवकि श्रीमद्भागवत गीता एक पटक पनि संशोधन गर्नु परेको छैन। मैले अर्को पनि जिज्ञासा राखें के बाइबल मात्र

✍ लेखक सनातन धर्मका अभियन्ता हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पवित्र ग्रन्थ हो ? यस बाहेकका संसारमा अरू धर्म ग्रन्थहरू छन् । तिनीहरू सम्मानित छन् कि छैनन् त ? यदि यशुख्रिष्ट मात्रै मुक्तिदाता भएको भए संसार मा एउटै मात्र बाटो हुनुपर्ने । अन्य धर्म, संस्कृतिको नामोनिसाना नहुनुपर्ने ।

आज संसारमा इसाईहरूको सङ्ख्या ३२ प्रतिशत छ । २४ प्रतिशत मुसलमान छन् । हिन्दुहरू १८ प्रतिशत छन् भने बौद्ध १६ प्रतिशत । किन संसार इसाई भएन ? एउटै ईश्वर मान्ने, एउटै धर्मग्रन्थ मान्ने इसाई समुदायहरू आपसमा एक हुन सक्दैनन् भने तपाईहरूले कसरी भन्न सक्नुहुन्छ छिमेकीलाई प्रेम गर्छौं भनेर ?

मैले सोधें- मलाई यो बताइ दिनुहोस्- तपाईहरूको अरू धर्मका देवताहरूप्रति के धारणा छ ?

उनीहरूले जवाफ दिए- हामी बाइबललाई मात्रै साँचो ठान्ने गर्छौं, बाइबलमा लेखिएको छ भने मात्रै साँचो ठान्छौं । बाइबलमा ईश्वर समक्ष पुग्ने बाटो मै हुँ भनेर यशुले भनेकाले अरू देवता पनि होइनन् र अरू धर्मग्रन्थ पनि होइनन् । तिनीहरूप्रति हाम्रो कुनै श्रद्धा छैन । वाइवलमा कतै पनि गीता, धम्मपद, कुरानका बारे उल्लेख गरिएको छैन । तसर्थ हामी ती धर्मशास्त्रलाई मान्न सक्दैनौ ।

मैले भनें-यो त कसरी सुसमाचार भयो ? यो एक प्रकारले सङ्कीर्णता फैलाउने कार्य भयो । भनिन्छ- बाइबलको रचना आजभन्दा दुई हजार वर्ष पहिले भएको थियो । किनभने यशु क्राइष्टको जन्म करिब २ हजार वर्ष पहिले भएको थियो । त्यसअघि कुनै इसाई थिएनन् । आजभन्दा १५०० बर्ष अगाडि कुनै मुस्लिम थिएनन् ।

मेरो थप जिज्ञासा थियो- वाइबलमा हवाइजहाज छैन । मोवाइल छैन । रेल छैन । के त्यसो भए ती देखिएको वस्तु झुठो हो त ?

इसाईहरूले समाजमा प्रेम फैलाइरहेका छैनन् । बरू सत्य यो हो समाजमा घृणा, द्वेष फैलाउँदै छन् । किनभने उनीहरू धर्मका देवतालाई देवता मान्दैनन्, सैतान मान्दछन् । अरूका धार्मिक पुस्तकलाई अनादर गर्न सिकाउँछन् । गैर इसाईलाई मान्छे ठान्नुहुन्न । सवत्र सैतान देख्नुहुन्छ र घृणा गर्ने गर्नुहुन्छ । उठ्नुस् वाइबल भन्दामाथि । देख्नुस् गीताले भनेझैं सर्वत्र आत्मदर्शन । मलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
लाग्छ यही नै मानवता हो र शान्तिको सरल र सहज राजमार्ग पनि ।

जहाँ जहाँ इसाईहरू पुगेका छन् त्यो ठाउँमा धर्म र धार्मिकताभन्दा अधार्मिकता बढेको पाइन्छ । इतिहास साक्षी छ इसाईहरूले विभिन्न जाल झेल गर्दै धर्मपरिवर्तन गर्ने गरेका छन् । दया, प्रेम, करुणाको आडमा सामुहिक हत्यासमेत गर्ने गरेको देखिन्छ। इसाई धर्म सम्प्रदायभित्र क्याथोलिक र प्रोस्टेस्टेन्ट भिडन्तलाई धर्मयुद्धको नामाकरण गरिएको छ । जहाँ लाखौं मानिसको हत्या भएको थियो । पृथ्वी गोलो छ भन्ने ग्यालिलियोलाई बाइबल बिरूद्ध बोलेको भनेर शुली चढाइयो । इसाईहरू जहाँ जहाँ गए त्यहाँ त्यहाँको मौलिक, संस्कृति, सभ्यता, भाषा, साहित्य, कला, परम्परा नष्ट गरेका छन् । इसाईहरूले अन्य सम्प्रदायलाई देखी सहँदैनन् । यसकारण यस धर्म, मत सम्प्रदायको प्रचारलाई म कसरी सुसमाचार भनुँ ?

मेरो निजी विचारमा संसारमा अनेकौं पेशा, बाद, मत, सिद्धान्त छन् । तिनका आफ्नै महत्व र विशेषता छन् । एकले अर्कोलाई सम्मान गर्दै सहअस्तित्वको भावना विकसित गरी अघि बढ्नुपर्ने आजको आवश्यकता हो । संसारमा अनेकौ महापुरुषको जन्म भएको छ । कुनै ठाउँमा कसैको बढी महत्व होला । भगवान् बुद्धलाई एशियाको ज्योति मानिन्छ । भगवान् महावीरको साम्राज्य भारतमा सीमित छ भने ताओ, लाओत्सेजस्ता महापुरुषहरूको प्रभाव चीन र जापानमा बढी देखिन्छ । कतिपय मुस्लिम राष्ट्रहरूमा इसाई, हिन्दु मतहरू प्रचार गर्न पाँइन्न । कानूनी अपराध मानिन्छ । कतिपय इसाई राष्ट्रमा मुस्लिम धर्मको प्रचार गर्न पाईंदैन । नेपालमा सनातन परम्परामा खलल हुने गरी इस्लाम, इसाई मत प्रचार गर्ने कार्यलाई कानूनी अपराध मानिन्छ । किनभने यसले समाजमा विखण्डन ल्याउँछ । मिलेर बसेको समाजमा फुट सिर्जना हुन्छ। अहिले हरेक गाउँ बस्तीहरू यस्तै समूहहरूका कारण विखण्डनको शिकार बनेका छन् । घर घरमा धार्मिक युद्धको बीउ रोपिएको छ ।

एकथरि सच्चाई नामक इसाईहरूले भन्ने गरेको पाएँ- हामी सवै धर्मलाई मान्ने गर्छौं, सम्मान दिने गर्छौं ।

मैले उनीहरूलाई प्रश्न गर्ने गर्छु- यदि तिमीले सबै धर्मलाई सम्मान गर्ने हो भने किन बाइबल मात्र बोक्छौं, गीता बोक्दैनौ, कुरान बोक्दैनौ, धम्मपद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोक्दैनौं ? किन यशुको मात्र कुरा गर्छौं ? किन बुद्धका कुरा गर्दैनौ ? किन राम कृष्णका चर्चा गर्दैनौ ? निधारमा टीका लगाएर सर्वसाधारण जनतालाई झुक्याउने काम किन गरिराखेका छौ ?

इसाई धर्म प्रचारको पछाडि विभिन्न राष्ट्रहरू जोडिएको, संलग्न भएको तथ्य सार्वजनिक भएका छन् । एन.जी.ओ. को नाउँमा अर्वौं डलर भित्रिएको छ । जसको प्रमुख उद्देश्य धर्म परिवर्तन गर्नु हो । कुनै पनि मत स्वयंमा नराम्रो हुँदैन । महापुरुषहरू सबैका साझा हुन् । तिनका शिक्षा र सिद्धान्त राम्रा मानिन्छन् र सवैका लागि ग्रहणयोग्य हुन्छन् । आज मानवीय शिक्षालाई ग्रहण गर्दै समाजमा सहअस्तित्वको विकास गर्नु आजको आवश्यकता हो । अहिले जसरी धर्मका नाउँमा घृणा र द्वेष फैलाउने कार्य भैरहेको छ, त्यसलाई सत्कार्य मान्न सकिन्न । यसतर्फ सबैको ध्यान जान जरुरी छ ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म र संस्कृतिको संरक्षण

✍ वेदनिधि शर्मा अधिकारी

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया : ।

सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग्जनः ।।

हाम्रो यस महान आदर्श बोकेको वैदिक सनातनीय हिन्दु धर्म दर्शनका बारेमा धेरै व्याख्या गरिरहनु पर्दैन । वेद पुराण आदि धर्म ग्रन्थहरूले व्याख्या गरिरहेकै छन् । हामीले पढेका छौं, सुनेका छौं । सबैले विश्वास गर्न लायक सर्वश्रेष्ठ चारित्रिक विज्ञान नै हो यो । हाम्रा अग्रज पुर्खा ऋषिमहर्षिहरूले यसैको आधारमा जीवन र जगत् बुझेर आदर्श पुरूष बन्नुभएको थियो । यिनै आदर्श पुरुषहरूद्वारा नै मानव सभ्यतामा आधारित नैतिक शिक्षा, ज्योतिष विज्ञान, खगोल-भूगोल, ग्रह, नक्षत्र, तारा आदि र व्याकरण, औषधिहरूको पहिचान गर्नुभएको थियो । यही हिमवत् खण्डमा बसेर मानिसहरूले के-के काम गर्न हुन्छ, कुन कुन काम गर्न हुँदैन भन्ने नियम बनाइ दिनभएको थियो ।

उहाँहरूले बनाइ दिनुभएको नियमको पूर्ण पालना भएसम्म कहीं कतै अन्याय, अत्याचार, चोरी, डकैती हुने गरेको थिएन । सबै शान्त र सुखी थिए मानिसहरू । यस्तो आदर्श बोकेको नियम विस्तारै छोड्दै आउँदा हत्या, हिंसा, चोरी डकैती बढ्दै आएको हो । अहिले यो समाजमा अराजकता, उच्छृङ्खलता, गुण्डागर्दी, बलात्कार, काटमार, बेइमानी आदि जघन्य अपराधहरू यही आदर्श नियम नमान्दा भएको हो । हाम्रो देश नेपालको उत्तरतर्फ हिमालय पर्वतमा अन्नपूर्णा पार्वती माता र देवाधिदेव महादेवको निवास छ । त्यस्तै गोसाइँकुण्ड, मुक्तिनाथ, गलेश्वरधाम, पशुपतिनाथ, चतराधाम, रामजानकी मन्दिर, लुम्बिनी, बौद्ध गुम्बा आदि असङ्ख्य देवीदेवताहरूको वासस्थान भएको मन्दिरैमन्दिरको देश हो- नेपाल । विदेशी पर्यटकहरूले नेपाललाई पुण्य भुमि, देवभुमि भनेर सम्मानजनक रूपमा हेर्ने गर्छन् । यो मुलुक सानो भए पनि गौरव गर्न लायक छ । यो देशमा जन्मेका हामी नेपालीलाई विदेशीहरूले

✍लेखक विश्वहिन्दु महासङ्घ केन्द्रिय कार्यकारीणी समितिका सल्लाहकार हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्मानजनक दृष्टिले हेर्छन् । यो देश नेपालको सम्मान र हामी नेपालीहरूले पाएको सम्मान यही संस्कार, संस्कृति र वैदिक धर्म-दर्शनको मूल्य मान्यताले पाएको हो । यो देशको माटो नै सनातन धर्मसंस्कृतिले भिजेको छ । यो देवभूमि नेपालमा अरू कसैले अधिकार जमाउन खोजे भने हामीलाई सह्य हुँदैन । त्यस्तै हाम्रो धर्म संस्कारमाथि अरू कसैको हस्तक्षेप गर्न खोजे भने सहन सक्दैनौं ।

यो धर्म मात्र होइन, हामी सबै नेपालीहरूको पहिचान पनि हो । सुगन्धित फुल फूलेको ठाउँमा आफै बास्ना आउँछ । त्यस्तै फूलजस्तै राम्रो धर्मदर्शन छ । यसलाई विनाश गर्न म्लेच्छ (धर्मछाडा) हरू लागेका छन् । हाम्रा देशका केही नेताहरू र उहाँका आसेपासेहरूमा डलरमोह रोग लागेको छ । डलरमोह रोग क्यान्सर रोगजस्तै हुँदो रहेछ । मानिसका शरीर मा लागेको क्यान्सर रोगलाई डाक्टरहरूले उपचार गरिदिन्छन् । उपचार हुन नसक्ने अवस्थामा रोगी एक्लै मर्छ । तर विदेशीहरूले दिएको जुठो खाना खाएकाहरूले धर्म, संस्कार, संस्कृतिमात्र होइन, देशवासी सबैलाई खत्तम पार्ने रहेछ । राम्रो सोच विचार भएका, भ्रस्टाचार विरूद्ध बोल्ने, देशमा शान्ति कायम होस् भनेर आवाज उठाउनेहरूलाई षड्यन्त्र गरेर फसाउन र मार्नसम्म पनि खोज्दा रहेछन् । पश्चिमा मुलुकका पादरीले दिएको डलर मोहमा फस्नुभएका व्यक्तिहरूले वैदिक सनातन हिन्दु धर्मदर्शनलाई मासेर देशभरिका मठमन्दिर भत्काउने, देवीदेवताको पूजाआजा हुने ठाउँहरू, शक्तिपीठ, गुम्बा, चैत्य आदि नेपाली जनताले परम्परादेखि श्रद्धा, भक्तिका साथ आराधना गर्दै आएका ठाउँहरू ध्वस्त पार्ने काम गर्न थालेका छन् । युगौंदेखि मान्दै आएका दशैं, तिहार, छठ आदि चाडपर्व मनाउन पर्दैन भनिदिने, हाम्रा मूल्य मान्यताका सोह्र संस्कार आदि कर्मकाण्डलाई यो पुरानो रूढीवादी हो गर्न आवश्यक छैन भनेर सिधासादा अर्काको कुरामा विश्वास गर्ने जनतालाई विथोल्ने काम भएको छ । यो क्रम दिनानुदिन बढ्दै छ । पहाडका कुनाकाप्चा, विकटका बस्तीहरूमा त झनै खुलेआम धर्म परिवर्तन भएको छ । सीमित व्यक्तिहरूले डलरको स्वाद पाएका छन् । गाउँबस्तीका सिधासादा जनता सित्तैमा फक्किएर आफ्नो परम्परा छाड्दै छन् । सीमित डलरभोगीबाहेक हाम्रा जनप्रतिनिधि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुहुन्छ, सांसदहरू हुनुहुन्छ । देशभरि यस्तो जघन्य अपराध भएको देखेर पनि किन मौन ? यिनै भ्रष्ट धर्मछाडासँग डराउनु भएको हो कि ? ढाँटछल गरेर केही दिन शक्तिशाली कुर्सीमा बस्नेहरूभन्दा त जनता नै सर्वोपरि होइन र ?

धर्म परिवर्तनका बारेमा विश्वका केही विद्वान्हरूको राय यस्तो छ :

जब इसाई मिसनरी अफ्रिकामा आयो त्यस बेला हामीसँग जमिन र मिसनरीसँग बाइबल थियो । उसले हामीलाई आँखा बन्द गराइ प्रार्थना गर्न लगायो । जब हामीले आँखा खोल्यौं तब थाहा भयो कि हाम्रो जमिन उनीहरूसँग थियो भने हाम्रो हातमा बाइबल ।

- जोभो कन्यटा केन्याका पूर्व राष्ट्रपति

जसको शिक्षाको आधार बाइबल छ ती मानिस पुर्णत कुसूचित छन् र सबै प्रकारले अयोग्य छन् ।

- जर्ज बर्नाड शा, प्रसिद्ध साहित्यकार

क्याथोलिक चर्चद्वारा प्राचीन सत्य धर्मलाई भ्रष्ट गरिएको छ । यी पादरीहरू नग्न महिलालाई हेरेर किन तिनलाई प्रताडित गर्दछन् ?

- आइज्याक न्युटन, महान वैज्ञानिक

क्रिश्चियन धर्मले सुरुआतदेखि नै सबैलाई क्रिश्चियन बनाउन लाखौं निर्दोष मानिसलाई अमानवीय यातना दियो । कतिलाई जेलनेल ठोकियो । कैयौंलाई जिउँदै आगोमा होमियो । कैयौंलाई मानसिक प्रताडना दिइयो तर पनि संसारभरिका मानिसलाई क्रिश्चियन बनाउने कुरामा एक इन्च प्रगति भएन । यस्तो विनाअर्थको जोरजबर्जस्ती र हिंसाको के प्रयोजन ? संसारभरिका मानिसलाई क्रिश्चियन बनाउन खोज्दा क्रिश्चियन धर्मले विश्वको आधा जनसङ्ख्यालाई ढाँटेर, छलेर, दिग्भ्रमित पारेर मूर्ख बनाउने दुष्प्रयास गऱ्यो भने आधा जनसङ्ख्यालाई पाखण्डी बनायो ।

- थोमस जेफर्सन, अमेरिकी पुर्वराष्ट्रपति

शाश्वत दर्शनको प्रस्ट एवं सर्वस्व सार गीता हो । यस दर्शनको निरन्तर महत्व सम्पूर्ण मानव जातिका निम्ति अमूल्य छ ।

- अलडस हक्सेल, अङ्ग्रेज साहित्यकार

किराँतीहरूले वंश सोधे सूर्यवंशी भन्नु । मार्गी सोधे शिवमार्गी भन्नु,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्काको नक्कल गर्दा आफ्नो सक्कली पहिचान हराउने भएकाले आफ्नो इतिहास, धर्म, संस्कृति, संस्कार, भाषा, लिपि र कर्ममा अडिग रहिरहनु ।

- राष्ट्रिय विभुति महागुरू फाल्गुनन्द

जब हाम्रो समाजको एउटा सदस्य धर्मान्तरित हुन्छ, तब समाजको एक सङ्ख्या कममात्र हुँदैन, किन्तु त्यस समाजमा एउटा शत्रु बढ्दछ ।

- स्वामी विवेकानन्द

धर्म परिवर्तनका लागि कसैसँग पनि बल प्रयोग तथा प्रलोभनको के औचित्य छ ? जब कि जुन धर्ममा कुनै व्यक्तिलाई धर्मान्तरण गरिँदै छ स्वयंमा पूर्णताको दावा गर्न सक्दैनन् । यसकारण धर्मान्तरणको निन्दा गरिनुपर्छ यसलाई अवैध घोषित गर्नुपर्छ ।

- डा. राधाकृष्णण, पूर्व राष्ट्रपति, भारत

धर्म आत्मिक उन्नतिको विषय हो । गाँस, बास र कपासका लागि त्यसलाई बेच्नु हुँदैन र धर्म परिर्वनले उचनीचको भावना कदापि मेट्न सक्दैन ।

- महात्मा गान्धी

एसियामा इसाईका लागि कुनै स्थान छैन । स्वधर्म माथि जसले खतरा पैदा गर्छ ऊ आफै समाप्त हुन्छ ।

- जगत गुरु शङ्कराचार्य, जयन्द्र सरस्वती

जब नेपाल, भारतजस्तो बहुसङ्ख्यक हिन्दु देशमा नैतिक शिक्षा, योग शिक्षा कुनै शुभाशुभ कार्य गर्दा दीप प्रज्वलन गर्नु या सरस्वती वन्दना गर्नु आदि रहेको यहाँको छवि कुन प्रकारसँग भ्रष्ट हुन जाला सोचनीय छ ।

- डा. जालमन, अमेरिकी लेखक

नेपालमा भएको गरिबी, अशिक्षा र बेरोजगारको फाइदा उठाएर इसाईहरूले व्यापार गर्ने, शिक्षा र स्वास्थ्यको क्षेत्रमा सहयोग गर्नेजस्ता माध्यमद्वारा इसाई धर्मको प्रचार-प्रसार गरेको छ ।

- भीमलाल लामिछाने, लेखक

एक धर्ममाथि अर्कोले हस्तक्षप गर्न हुन्न, यदि कसैले गऱ्यो भने त्यो असहय हुन्छ ।

- केशव अधिकारी

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

“धर्मको लक्षण”

✍ बोधप्रसाद अधिकारी

हाम्रा प्राचीन आचार्यहरूले भिन्नभिन्न रूपमा धर्मशब्दको अनेक अर्थ लगाएतका छन् । को ही भन्दछन् – “वस्तु स्वभावो धर्म” अर्थात् संसारका प्रत्येक पदार्थमा रहने जो स्वभाव अथवा शक्ति छ, त्यसैको नाम धर्म हो । जस्तैः अग्निको पोल्नु, पानीको चिसो रहनु, हावाको वहनु, सूर्यको चम्कनु इत्यादी । सबै ती ती पदार्थका धर्म हुन् । कसैले “धारयति लोकान् इति धर्म” अर्थात् जसले सकल लोकलाई अधःपतन देखि बचाएर उन्नतिको मार्गमा हिँडाउँदै अन्त्यमा आनन्दस्वरूप परमात्मामा लीन गराउँछ, त्यसैलाई धर्म भन्नु पर्दछ भनेका छन् । महर्षि कणाद् भन्दछन् - “यतोअभ्युदयनिः श्रेयससिद्धिः सधर्मः” अर्थात् जसद्धारा हरेक प्रकारको उन्नति र अन्त्यमा मोक्ष प्राप्तिसम्म हुन्छ, त्यही नै धर्म हो । यही कुरालाई अनुशरण गरेर वेद व्यास भन्नु हुन्छ :-

“उन्नतिं निखिला जीवाः धर्मेणैब क्रमादिह
बिदधानाः सावधाना लभन्तेःअन्ते परं पदम्”

अर्थात् धर्मकै सहायताले जीवहरू क्रमशः इहलोकमा उन्नति गर्दै अन्त्यमा परमूपद (लाभ) प्राप्त गर्दछन् । जीवहरूलाई हरेक प्रकारबाट उन्नतिको मार्गमा लगाउने शक्तिको नाम नै धर्म हो । यस्तै अरू कोही विद्वान्हरू अनुशासित कर्तब्य पालन नै धर्म हो भन्दछन् ।

यसलाई बिचार गर्दा यी माथि लेखिएका लक्षणहरूको भनाइ भिन्न भिन्न भए तापनि सबैको तात्पर्य एउटै हो । किनभने धर्म शब्दको धारणा गर्ने अर्थात् हरेक प्रकारबाट आपत्तिदेखि बचाइ निरापदको मार्गमा थामेर राख्ने भन्ने यही अर्थमा नै उपर्युक्त सबै लक्षणहरूको तात्पर्य हुन सक्दछ । अझ प्रष्ट रूपमा भन्ने हो भने जुन कुरा परापूर्व कालदेखि आर्य जातिहरूमा प्रचलित हुँदै आएको छ, जस्को स्वरूप ऋषिमुनिहरूले श्रुति, स्मृति, पुराण, उपनिषद् आदिद्वारा हामीलाई

✍ लेखक गोरखा न.पा.-६ निवासी धार्मिक अभियन्ता हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छर्लङ्ग गरी देखाइ दिएका छन्, जसले हामीलाई पाप वा अकृत्यदेखि बचाएर राख्न सक्दछ, इहलोक परलोक दुबैतिर उन्नतिको साथसाथै अन्त्यमा परमपिता भगवान्को चरणमा पुऱ्याउँदछ, जस्को पालन गर्नाले हामीलाई कुनै पनि अवस्थामा दुःख आपत आई पर्दैन, कर्तब्यबाट च्युत हुन पर्दैन, मानवलाई सत् बाटोमा हिंडाउने जुन कानून छ, त्यो नै धर्म हो । त्यो अनादि कालदेखी लिएर संसारमा प्रचलित भइरहेको छ । त्यसको नाश कदापि हुन सक्दैन, जो नित्य अजर अमर छ । त्यसैको नाम सनातन धर्म हो ।

संसारमा समय, काल, परिवर्तनले गर्दा बिभिन्न धर्महरू उत्पन्न भए र हुँदैछन् । तिनीहरू एकनाशसँग प्रचलित भएर कदापि पनि चिरकालसम्म रहँदैनन् । तर हाम्रो सनातन धर्म त्यस्तो छैन । किनकि यो सनातन धर्म अनादि कालदेखी चली आएकोले यस्को नाश कदापि हुनै सक्दैन । यो ईश्वरको एक अविनाशी प्रधान शक्ति हो । जसरी ईश्वर नित्य छन्, त्यस्तै उनको यो शक्ति (सनातन धर्म) पनि नित्य छ । जसको उत्पत्तिकाल नियतकाल (तोकिएको) छ, त्यसको नाशकाल पनि तोकिएकै हुन्छ । यो सार्वभौमिक सिद्धान्त हो ।

धर्मद्वारा हाम्रो शरीर, मन, बुद्धि निर्मल रहन्छ । धर्म गर्नेलाई संसार मा कुनै कुराको अभाव रहँदैन, उसको सारा जीवन उज्यालोतर्फ अग्रसर रहन्छ, आनन्दपूर्वक बित्दछ, मनमा खराब बिचारहरू आउँदैनन् । धर्मको लक्षण बिचित्र प्रकारको हुन्छ । धर्मद्वारा हामीलाई अकल्पनीय सुखका अवसरहरू प्राप्त हुन्छन् ।

उपर्युक्त यिनै सबै कुराबाट जीवलाई अन्धकारबाट उज्यालोतर्फ, मृत्युबाट अमरतातर्फ, असत्यबाट सत्यतर्फ लैजाने र सबैमा विश्वबन्धुत्वको भावना जागृत गराउने कुरा नै धर्म हो ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दु धर्मको खोज अनुसन्धान

✍ इन्द्रबहादुर गुरुङ

ॐ शब्दलाई प्राकृतिक मानिन्छ । प्रकृतिलाई बुद्धको पालि भाषामा धम्म भन्दछन् । प्रकृतिमा रहेका आकाश, सूर्य, जल, हावा, स्वरसमेतमा आवाजको मूर्तिरूप हुँदैन । यसलाई निराकार भन्दछन् । जैन, बौद्ध, आर्य समाज, सन्यास, रामानुज, वैष्णव, प्रणामीहरूको ॐ शब्द साझा शब्द हो । वि.सं.२०३६ मा वीरेन्द्र सरकारले जैन, बौद्ध, आर्य समाज, सन्यास, रामानुज वैष्णवको साझा विश्व हिन्दु बौद्ध महासम्मेलनको उद्घाटन गरेका थिए । ॐकार ध्वनि आज पनि दक्षिण अफ्रिकाका राष्ट्रिय प्रकृति सङ्घका संस्थापक अध्यक्ष साँगे पामलोभिकका अनुसार दक्षिण अफ्रिकाकै हिन्दमहासागरको पेन्जियाको तटमा अफ्रिकी महिला पुरुषहरू निर्वस्त्र (नाङ्गै) भएर समुद्रमा नुहाइ जपतप् गरिरहन्छन् । कसैले कसैप्रति वास्ता गर्दैनन् । इरान र टर्कीमा शिव मूर्ति भेटिएको छ । ककेसियामा पनि जर्जियनहरूले शिव मूर्ति भेटाएका थिए । कम्बोडियास्थित विशाल शिव मन्दिर पहिले बुद्धको मन्दिर थियो । मिश्रको सभ्यतामा शियाको अपभ्रंश शिव भए । रोममा शिवलाई प्रियस भन्दछन् । चीनमा हुवे भन्दछन् । नेपालका कपिलवस्तुका राजा सुद्धोधन सूर्यबंशी शाक्य गोत्रका क्षत्री हुन् । इ.सन् १९६२ मा नेपाल र भारतको संयुक्त कार्यदलले पुरातत्वविद् देवल मिश्रको नेतृत्वमा कपिलवस्तुको उत्खनन् भएको थियो । त्यसपछि सन् १९६५ मा नेपालको पुरातत्व विभाग र १९६६ मा जापानको रिसो विश्वविद्यालय (Risso-univercity) को संयुक्त आयोजनामा यहाँ उत्खनन भएको थियो । सन् १९७०/७१ मा यस नगरको अवशेष फेला परेको थियो । वाणगङ्गाको किनाराको क्षेत्रमा भगवान् क्रकुच्छन्द बुद्ध, कनक बुद्ध जन्मेको जन्मभूमिको स्मरणमा राजा अशोकले स्तम्भ खडा गरे । राजा भगीरथले यस संसारमा ल्याएको भागीरथी गङ्गा नदी भनिएको छ । नेपाल हिन्दु तथा बौद्ध धर्मको जन्मथलो मानिएको छ । बुद्ध जन्मिएर तिलौराकोटमा आइपुग्दा महादेवलाई दर्शन गर्न लागेका थिए । भगवान् शिवले भगवान् बुद्धलाई स्वयम् आर्शीवाद दिएको भनी चौथो बुद्ध सम्मेलनमा

✍ लेखक लमजुङ गिलुङ ९, निवासी धार्मिक अभियन्ता हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकबहादुर लामाले लुम्बिनी परिचयमा भनेका थिए । बुद्धलाई महादेवको आर्शीवाद लागेको मानिएको छ । भारतको रामेश्वर महादेव नेपालका राजाले मात्र छोएर पूजा गर्न पाउँथे । नेपालीहरूको हिन्दु बौद्धका कैयौं देवीदेवताहरूलाई एकै रूपमा मानिरहेका छन् । बूढानीलकण्ठको शिरमा अछ्योम्य बुद्धको मूर्ति राखेको छ । सेतो मछेन्द्रनाथलाई बौद्धहरूले लोकेश्वर भन्दछन् । डोल्पाको धुम्सगुम्बामा महाकालको मूर्ति राखिएको छ । न्हिसा गुम्बामा बज्रकिल्ला महाकालको मूर्ति राखिएको छ । बौद्धहरूको नामथर भन्ने किताबमा कार्यको थालनीमा ॐनमःशिवाय भन्यो भने भूत प्रेत हट्छ भनिएको छ । जिग्मेसिंगे वाङचूकले हामी दशैं मान्दछौ भने का थिए । मुक्तिनाथका पुजारी हिन्दु र बौद्धका भिक्षुहरू छन् । नेपालको कतिपय वंशावलीअनुसार पशुपतिका पुजारी बौद्धलाई जिम्मा दिएका थिए तर राम्रोसँग सञ्चालन गर्न नसकेकोले सन्यासीलाई दिएका थिए । सन्यासी पश्चात् राजा रत्न मल्लले भारतका पुजारी ल्याएका हुन् । पृथ्वी माताको नाम थरिथरिका पाइन्छन् । धरती मातालाई धर्ती माता, धरणी माता, महामाता, बसुन्धरा माताको नामले पुकारिन्छ । देवीको रूपमा मानिन्छ । बसुको अर्थ अन्न, फलफूल, रत्नमणि लिने र धराको अर्थ धारणा गर्ने बुझिन्छ ।

१) साइवेरियामा एउटा सहरको नाम ॐ छ ।
२) बेविलोनमा १२ घनफुटको शिवलिङ छ ।
३) ओसेनियामा ३०० फुट अग्लो शिवलिङ्ग छ ।
४) नेपालमा मनमती र विष्णुमतीको सङ्गममा बुद्ध भगवान्ले स्थापना गरेको करूणेश्वर महादेवको मन्दिर छ ।
५) यहुदीहरू वेल्फम शिव लिङ्ग अगाडि सपथ खान्छन् ।

हिन्दुधर्मप्रति विभिन्न विद्वान्हरूको भनाइ :

हिन्दु धर्मबारे अङ्ग्रेजका चार्ल्स विलियमले सन् १७८५ मा गीताको पहिलो भाग अनुवाद गरेका थिए भनेर वारेन हेस्टिङले लेखेका थिए । भारतमा अङ्ग्रेजको गभर्नर भएर बसेका अवस्थामा सर आर नरेन्द्रद्वारा अनुवादित द सङ्ग सेलेस्टोरी नामक पुस्तकमा सबभन्दा आध्यात्मिक प्रवृतिका मानिसले जीवनमा एक पटक गीता पाठ गर्नुपर्छ भनेका थिए भनेर एड्सन हकले लेखेका थिए । जोन आवर्डले पनि ध्यान बारे लेखिएको बहुत चर्चित पुस्तक मेरी अफ साइन्स अफ इन्डपिरिड जीवनमा उपयोगी भएको पाइएको भनिएको छ । यो पढ्नाले मानिसको सारा शारीरिक, मानसिक, तनाव चिन्ता कम हुन्छ भनिएको छ ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारी शक्ति

✍ जगन्नाथ तिवारी

यहाँ सत्य छिपेको छ औंसी रात सरी
अन्यायमा न्याय लिन आऊ न कृष्ण हरि ॥
अनादि बेलादेखिन् सनातनी हिन्दु धर्म
मेटाउनलाई गर्दैछन् डलर खाने कर्म ॥
१

तीन करोड जनता बाहेक नेताहरू मिली
विदेशी सकुनिहरूको तरवार खुकुरी भिरी ॥
धर्म मास्नेहरूले रकम खाएकै भरमा
हिन्दुहरूलाई पार्न हुन्न यस्तो सकस मर्म ॥
२

जसले धर्म मास्न खोज्छ तिनै मासिने छन्
यमराजको ढोकामा आफै टाँसिने छन् ॥
पाण्डवलाई मास्न खोजे कौरव बाठा भई
लाहाको भवनमा आगोसमेत लगाइ ॥
३

द्रौपदीको चीरहरण गरे सभामा राखी
कत्ति डर मानेनन् मजा लिने पापी ॥
कृष्णको पुकार गरिन् द्रौपदी रोई
प्रभु पनि आइ पुगे कृष्ण अवतार लिई ॥
४

अनेकथरी सारी निकाले जादु गरेसरी
भक्तहरूले मात्र देखे अन्तरयामी हरि ॥
भीष्मपिता द्रोणचार्य अरू गुरु थिए
कृष्णको कृपा भनी सवले स्यावास दिए ॥
५

✍ लेखक पोखरा-११ फूलवारी निवासी धार्मिक अभियन्ता हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विराटको राज्यमा किचक मन्त्री थियो
सैरन्ध्री दाशीसँग प्रेम जोड्दो भयो
पत्नी थिइन् पाँच पाण्डवकी द्रौपदी रानी
किचकले भोग्छु ठान्यो तुच्छ दाशी ठानी

६

आफ्ना दुःख सबै भनिन् पाण्डवसँग गई
भीमले किचक मारे नाचघरमा ल्याई
पापीहरूलाई मार्नै पर्छ किचक मारे सरी
धर्म रक्षा गर्न आउलान् एकदिन पक्कै हरि

७

बैनीलाई काट्न आँट्यो कंस अघि सरी
बसुदेवले रोकीहाले तत्काल सामन्ने परी
देवकीका सबै सन्तान् म जेठानलाई दिन्छु
नारीलाई नमार यति विन्ती गर्छु

८

देवकीका छैटौं गर्भ कंसले मारे
सातौं गर्भ लगेर रोहिणीलाई पारे
आठौं गर्भमा कृष्ण आए तीनलोकका हरि
प्रभुनाम जसले भज्छन् उनै जान्छन् तरी

९

भगवान्को अवतार भयो कारागारमा आई
दुष्ट अधम राक्षसको नाश गर्नलाई
योगमाया प्रकट भइन् नन्दघरमा पुगी
बसुदेवले साटी ल्याए रात्मा गई लुकी

१०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरी रहिछिन् नमार कंस दाजु राजा
एउटी सन्तान साथमा राख्छु म पनि आज
त्यसो भन्दा कंस आयो मुठी वटारेर
सबै सन्तान मार्छु बैनी भैंमा पछारेर

११

योगमायालाई मार्न आट्यो मुठीभित्र राखी
भगवती फुत्की गइन् आकाशतिर माथी
माथिबाट भन्नुभयो भगवतीजीले
कंस तँता छिट्टै मर्नेछस् दुर्गतीले

१२

पुतना र अकासुर श्रीकृष्णले मारे
राक्षसहरू जति आए सवलाई भस्म पारे
दुष्टको नाश गर्न हरि जन्म भयो
कंससमेत कुकर्मी सवको प्राण गयो

१३

नारी शक्ति जुट्नु पर्छ देशैभरि अव
धर्मको रक्षा गर्न दुर्गा भई सव
महाकाली महालक्ष्मी सरस्वती अरू
हिन्दु धर्म जोगाउन सबै जागुन् बरु

१४

अध्यात्म ज्ञान भने सवमा हुनु पर्छ
आफ्नो धर्म नजाने सवलाई धोकापर्छ
रामायण गीता महाभारत हामी सवले पढौं
आचरण र शुद्धतामा सवले होस गरौं

१५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दु धर्ममा गङ्गाको महत्त्व

भीमलाल लामिछाने

हिन्दु धर्मावलम्बीहरूले पालन गरिआएका गुरु, गायत्री, गीता, गङ्गा र गाई गरी पाँचवटा गकार मध्ये गङ्गाको बारेमा प्रस्तुत लेखमा केही चर्चा गरिन्छ । सामान्यतया गङ्गा भन्ने वित्तिकै नेपालको सम्वन्धमा हिमालयबाट उत्पत्ति भई दक्षिण पूर्वी दिशातर्फ बग्दै बङ्गालको खाडी अर्थात् गङ्गपोसागरमा मिल्न पुगेको १६८० माइल लामो भागीरथी नदीलाई बुझिन्छ । यस नदीलाई हिन्दुहरूको पवित्र जलासय र पितृमुक्तिको प्रतीक मानिन्छ । भागवत पुराणमा उल्लेख भएअनुसार आफ्ना पूर्वज सगर राजाका छोराहरूको मुक्तिमा निम्ति भगीरथ राजाले तपश्याद्वारा पृथ्वीमा ल्याइएको नदी हो र यिनै भगीरथ राजाको नामसँग जोडेर यस नदीको नाम भागीरथी राखिएको मानिन्छ । यो गङ्गा अर्थात् भागीरथी नदीलाई स्वर्गमा अलकनन्दा वा मन्दाकिनी, पातालमा भोगवती, पितृलोकमा वैतरणी र मर्त्यलोकमा गङ्गाको नामले सम्वोधन गरिन्छ । अर्को मतानुसार भगवान् शिवको जटाबाट उत्पत्ति भएको भनेर पनि भनिन्छ ।

महाभारतको आदि पर्वको १६७/१९-२० अनुसार यो गङ्गाका गङ्गा, जमुना, सरस्वती, रथस्था, सरयु, गोमती र गण्डकी गरी ७ नाम रहेका छन् । त्यस्तै महाभारतकै भीष्मपर्वको ६/४८ अनुसार वस्वोकधारा, नलिनी, सरस्वती, जम्वुनदी, सीता, गङ्गा र सिन्धु गरी ७ नाम रहेका छन् । अर्को मतानुसार भारतको गडवाल क्षेत्रमा पर्ने १२,९६० फिट उचाइमा रहेको हिउँको गुफाबाट निस्केको गङ्गोत्तरी हिमनदीलाई पनि भागीरथी नदी भनिन्छ र यसैलाई गङ्गा नदी पनि भनिन्छ । यो नदी नारायण पर्वतको छेउबाट ऋषिकेश, हरिद्वार, कान्यकुब्ज, कानपुर, प्रयाग, विन्ध्याचल, बनारस, बक्सर, पटना, मुद्रगिरी, मन्दरगिरी, भागलपुर र बङ्गाल हुँदै गङ्गासागरमा मिसिन्छ ।

आदित्य पुराणमा उल्लेख भएअनुसार हिमालयबाट उत्पत्ति भई पृथ्वीमा गङ्गा नदी आएको जेष्ठ शुक्ल दशमी तिथिमा हो । यो तिथिलाई गङ्गा

✍लेखक नेपाल सरकारका पूर्व उपसचिव र ऊँकार सन्देशका प्रमुख सम्पादक हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशहराको नामले पनि पुकारिन्छ । यो गङ्गा दशहराको नामले चिनिने जेष्ठ शुक्ल दशमी तिथिमा अर्थात् गङ्गादशहरामा गङ्गा स्नान गर्नाले दशप्रकार का पापबाट मुक्ति पाइने हुनाले दशहरा नाम राखिएको हो । भारतका हरिद्वार, गढमुक्तेश्वर, सोरों, प्रयाग, काशी आदि प्रमुख तीर्थ स्थान यही गङ्गा नदीको किनारमा रहेका छन् । ऋग्वेदको नदीसुक्तको १०.७५.५-६ अनुसार गङ्गानदी भारतको प्रमुख प्रसिद्ध तीर्थस्थल हो । स्कन्द पुराणको काशी खण्डमा यस गङ्गा नदीलाई हजार (सहस्र) नामले पुकारिन्छ । यो गङ्गा नदीको किनारा मा रहेका जुनसुकै तीर्थस्थलमा स्नान गरेपनि पुण्य प्राप्त हुन्छ । कसैले कैयौं पाप गरेको भए पनि गङ्गा तटका धार्मिक तीर्थस्थलमा स्नान गरेपछि सबै पाप नष्ट भई मुक्ति प्राप्त हुने कुरा हिन्दु समाजमा प्रचलित छ । त्यत्तिमात्र होइन, ती तीर्थस्थलको पानी पिउनाले आफ्ना सात पुस्तासम्ममा पवित्रता प्राप्त हुन्छ भनिएको छ । श्रीमद्‌भगवद्‌गीताको १०.३१ मा भगवान् श्रीकृष्णले नदीहरूमा म भागीरथी गङ्गा हुँ भन्नु भएको छ भने मनुस्मृतिको ८.९२ मा मनुले मानव शरीरमै यम, वैवस्वत र देवको निवास भएकाले आफ्नै शरीरमा गङ्गा छ, अन्यत्र धाइरहनु पर्दैन भनेका छन् । यसको अर्थ गङ्गाको भौतिक रूपमा मात्र होइन, आध्यात्मिक रूपमा पनि हामीले उपभोग गरिरहेका छौ भन्ने हो ।

विष्णुपुराणको २.८.१२०-१२१ अनुसार गङ्गाको नाम लिएर, सुनेर, देखेर, जल पिएर, छोएर, स्नान गरेर तथा गङ्गाको नाम उच्चारण गर्नाले पनि मनुष्यको तीन जन्म तकको पाप नाश हुनेकुरा वताइएको छ । यस्तै भविष्य पुराण, मत्स्यपुराण, गरुड पुराण तथा पद्म पुराणमा उल्लेख भएअनुसार गङ्गाका तटमा रहेका तीर्थस्थलहरूमा स्नान गर्नाले मृत्युपश्चात स्वर्ग प्राप्ति हुन्छ, मुक्ति प्राप्त हुन्छ, पुनर्जन्म हुँदैन भनिएको छ । यदि कुनै मनुष्यको गङ्गाको समीपमा मृत्यु भयो भने उक्त मनुष्य आत्मा स्वत : स्वर्गवास जान्छ भनिएको छ । यसै ले मानिसको अन्तिम अवस्था आएपछि अलि सम्पन्न वर्गले भारतको काशी बनारसमा र आर्थिक अवस्था कमजोर हुनेहरूले स्थानीय नदीको किनारमा बनाइएका पाटी पौवामा लगेर, कुरेर बस्ने गरिन्थ्यो । यसरी नदी किनारामा राखिएका विरामी कहिले सञ्चो आराम भएर फर्काएर घर ल्याउने पनि गरिन्थ्यो । यसरी विरामी बस्ने व्यवस्थाको लागि हरेक नदी किनारामा पाटी पौवाको निर्माण गरिएको हुन्थ्यो । तर आजकल अस्पतालको विकास भएपछि नदी किनाराका पाटी पौवाको काम अस्पतालले लिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पद्म पुराणको सृष्टि खण्डको ६०.३५अनुसार गङ्गा स्नान गर्नाले हरेक व्यक्तिको उद्धार हुन्छ । इसाई र मुसलमानको मृत्यु भएपछि निश्चित स्थानमा खाल्टो खनेर गाड्ने प्रचलन छ । यसरी गाडिएको मृत शरीर कहिलेकाँही स्याल, कुकुर वा अन्य जङ्गली जनावरले खोस्रेर, झिकेर, खाएको, बाहिर जमिनमा गन्हाउने अवस्था रहेको पनि देखिन्छ । तर वैदिक सनातनी हिन्दुहरूले जमिनमा नगाडेर नदीको किनारमा लगेर सर्वप्रथम गङ्गाको पानीले मृत व्यक्तिको मुखमा श्रद्धाञ्जली दिएर त्यसपछि श्रीखण्ड आदि शुद्ध काठको चिता बनाएर मुखमा दागबत्ति दिई आगो लगाएर भष्म पारिन्छ र अन्त्यमा त्यहाँ भएको खरानी समेत नदीको पानीद्वारा बगाएर सफा गरिन्छ । यसबाट मृत शरीरलाई स्याल, कुकुर, गिद्धले खाने सम्भावना पनि रहेन र जमीनमा रहेर गन्हाउने तथा समाजमा मृत व्यक्ति देखेर हुन जाने अस्वभाविक स्थिति पनि नहुने अत्यन्तै बैज्ञानिक नीति रहेको छ । इसाई र मुसलमानहरूले चिहान डाँडामा मृत शरीर गाड्दा गाड्दा ठाँउ नपुगेर पहिला गाडेको अर्काको मृत शरीरका हाडखोर झिकेर नयाँ मृत शरीर गाड्न पर्ने स्थिती आउँदा कस्तो सम्वेदनशील अवस्था आउदो होला ? तर हिन्दुहरूले नदीको किनारमा लगेर जलाएर मृत शरीरलाई खरानीमा परिणत गराइने हुनाले इसाई र मुसलवानको तुलनामा हिन्दु पद्धती बैज्ञानिक रहेको छ । हिन्दु धर्म अन्तर्गतका यी पद्धती अनादि कालदेखि हिमालयको काखमा तपोभूमि बनाएर बसेका ऋषिहरूले वर्षौं वर्षको तपश्या, साधना र योगद्वारा सिर्जना गरेका हुन् तर इसाई र मुसलमान धर्म मान्नेहरूले आज भन्दा १,५००-२,००० वर्षको बीचमा स्थापित भएकाले हिन्दुले भन्दा फरक ढङ्गले मृत शरीरको व्यवस्थापन गर्ने भनी नदी किनारामा नजलाएर डाँडा पाखामा खाल्टो खनेर गाड्ने अदूरदर्शी चलन चलाएका हुन् । मरेको शरीर लाई खाल्टो खनेर गाड्नुलाई बैज्ञानिक पद्धति भन्न सकिदैन ।

पद्मपुराणको काशी खण्डको २७.१२९-१३१ अनुसार मानिसले नियमित रूपमा हरेक शुक्ल प्रतिपदामा गङ्गास्नान गर्नाले १०० गुणा, हरेक सङ्क्रान्तिमा स्नान गर्नाले १,००० गुणा र हरेक चन्द्र, सूर्य ग्रहणमा स्नान गर्नाले लाख गुणा पुण्य प्राप्ती हुन्छ भनिएको छ । यदि चन्द्र ग्रहण सोमवार र सूर्य ग्रहण आइतवार परेको भए ती दिनमा गङ्गास्नान गर्नाले असङ्ख्य गुणा पुण्य प्राप्ति हुन्छ भनिएको छ ।

नदी, गण्डकी वा गङ्गा जे नाम भनेपनि तिनको उत्पत्ति स्थान हिमालय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
हो । अहिले भारतको गडवालमा उत्पत्ति भएको गङ्गोत्तरी नदी पनि पहिला नेपालकै भूभाग भएकाले सो समेत नेपालमै पर्दथ्यो । ती नदी नालाहरू नेपाल हुँदै भारतका विभिन्न प्रान्त भएर महासागरमा मिसिन पुगेका हुन् । ती नदीका मुहान नेपालमा अहिले पनि छन् । अनि नेपालीहरू गङ्गास्नान गरेर पुण्य प्राप्ति गर्नको लागि भारतीय पण्डाको वहकाउमा लागेर भारतका चारधाम भनिने वदरीनाथ, जगन्नाथ, रामेश्वर र द्वारकातर्फ जाने प्रवृत्ति बनेको छ, तर **नेपालकै बराह क्षेत्र, जनकपुर, मुक्तिनाथ र दामोदर कुण्डजस्ता चारधाममा जाने प्रवृत्ति वनेको देखिएको छैन । यतिमात्र होइन नेपालको पूर्वाञ्चलमा रहेका सुनकोसी, दूधकोसी, तामाकोसी, अरुण, तमोर, लिखु र इन्द्रावती समेतको सप्तकोसी, पश्चिमाञ्चलमा रहेका कालीगण्डकी, सेतीगण्डकी, बुढीगण्डकी, मादी, मर्स्याङ्दी, दरौंदी र त्रिशुली समेतको सप्तगण्डकी तथा सुदर पश्चिममा रहेका हुम्ला कर्णाली, मुगु कर्णाली, भेरी, बूढी गण्डकी र सेती गण्डकी गरी पञ्च कर्णाली** समेतका सहस्र नदीनालाहरू नेपालमा यत्रतत्र कलकल गर्दै वगेर भारततर्फ गइरहेका छन् । नेपालमा रहँदा भरखरै मुहानबाट वगेकाले शुद्ध र पवित्र छन् भने भारतमा पुग्दा मानवीय वातावरण, औद्योगिक वातावरण, विकास सम्वन्धी वातावरणजस्ता कारणले दूषित र फोहोर भइ सकेका हुन्छन् । तिनै दूषित र फोहोर भइसकेका नदीमा स्नान गर्न भारतमा जानुभन्दा नेपालमै पवित्र अवस्थामा रहेका नदीनालामा गएर स्नान गरी पुण्य प्राप्त गर्न सबै नेपाली जनमा सुझाव टक्र्याउँछु ।

यी माथी उल्लेखित नदी नाला बाहेक पुण्य प्राप्तिको लागि स्नान गर्ने र दर्शन गर्ने अन्य स्नानहरूमा कागवेनी, गलेश्वरधाम, बाग्लुङ कालीका, रिडी, लुम्बिनी, देवघाट, त्रिवेणी, गोसाइकुण्ड, दामोदर कुण्ड, धनुषाधाम, पाथिभरा, खप्तड आश्रमजस्ता सहस्र स्थानहरू नेपालमै छन् । आत्मा सुद्धिको लागि र पुण्य प्राप्तिको लागी गङ्गास्नान र देवदेवी दर्शनको लागि भारतमा होइन नेपालमा नै यथेष्ट स्थानहरू छन् ।

स्रोतग्रन्थ :

नेपाली बृहत् शब्दकोश, नेपाल प्रज्ञाप्रतिष्ठान, काठमाडौं ।
संस्कृत-नेपाली बृहत् शब्दकोश, महेन्द्र संस्कृत विश्वविद्यालय, दाङ ।
हिन्दु धर्म कोश-उत्तर प्रदेश हिन्दी संस्थान, लखनउ, भारत ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

विश्व हिन्दु महासङ्घ नेपाल केन्द्रीय कार्यसमितिका समकालिन गतिविधिहरू

गणेशप्रसाद नेउपाने
महासचिव

नेपाल सनातन कालदेखि विद्यमान हिन्दु राष्ट्रको भावनालाई सुदृढ तुल्याइ यस देशमा रहने वैदिक, वौद्ध, जैन, सिख र आफूलाई सनातन हिन्दु संस्कृतिको अनुयायी सम्झने अन्य समस्त सांस्कृतिक, धार्मिक एवं सामाजिक जागरण र उत्थान गराउने कार्यमा विश्व हिन्दु महासङ्घ नेपाल सदा प्रयत्नशील रहने छ र नेपालले विश्वको एक मात्र सनातन हिन्दु राष्ट्र भनेर पाएको मान, मर्यादा र गौरवलाई अक्षुण्ण राख्न विश्व हिन्दु महासङ्घ नेपाल सदा प्रतिवद्ध रहनेछ भन्ने प्रस्तावना वनाई अगाडि बढेको यो महासङ्घ तत्कालीन विश्व हिन्दु महासङ्घ नेपाल राष्ट्रिय समिति ३३८ जिल्ला प्रशासन कार्यालय काठमाडौंमा २०६० सालमा दर्ता भई स्थापना भएको वैधानिक धार्मिक संस्था हो। यो संस्थाका प्रणेता स्व. पं. नारायणप्रसाद पोखरेल हुनुहुन्छ। यो संस्था २०६० सालमा किन दर्ता गर्नु पर्‍यो ? बैधानिक संस्थाको पटक पटक सर्वसम्मतिवाट निर्वाचित ज्ञान, कला र गलाका कुवेर पं. नारायणप्रसाद पोखरेललाई किन हत्या गरियो ? यी अति नै गम्भीर विषयहरू छन्। यी विषयहरूको खोजी हुन आवश्यक छ। तर आज म त्यो विषयमा चर्चा गर्ने अवस्थामा छैन। यो लेखमा म २०७६ साल जेष्ठ ११ र १२ गते गण्डकी प्रदेशको राजधानी कास्की जिल्लाको सुन्दर नगरी पोखरामा सम्पन्न ऐतिहासिक र भव्य ७ औं राष्ट्रिय महासभा (अधिवेशन)बाट पारित निर्णयहरू र निर्देश भएअनुसारका गतिविधिहरूको विषयमा मात्र सीमित रहन चाहन्छु।

- प्रथमत यो महासभा (अधिवेशन) अति नै भव्य, सभ्य र गुणात्मक रह्यो। ६२ जिल्लाका राम्रो संख्या सहितका प्रतिनिधिहरू, कास्की, स्याङ्जा लगायतका छिमेकी जिल्लाहरूबाटसमेत हजारौं हजार मनिसहरू आ-आफ्ना ब्यानरहरू तथा झाँकीका साथमा गगनभेदी नाराहरू उद्घोष गर्दै रमे रमाएको विशाल जन समूह चिप्लेढुङ्गा देखि सभागृहसम्मको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सडक पूरै मानव सागरले खचाखच रहन गएको थियो । पोखरा सभा गृहको भित्र तल, माथि र बाहिर उस्तै अपार भीड रहेको थियो । मञ्चमा धार्मिक सन्त महन्तहरू, बिशिष्ट व्यक्तित्त्वहरू र विभिन्न धार्मिक सङ्घ संस्थाका प्रतिनिधिहरूको उत्साहजनक सहभागिता तथा उत्साहप्रद शुभकामना मन्तव्यहरूले अति राम्रो ऊर्जा थपेको थियो । यो अधिवेशनले एकता र सङ्गठन विस्तारको सन्देश दिएको छ । हामी ॐकार परिवार फुटेर होइन जुटेर अगाडि बढ्नु आजको आवश्यकता हो । त्यसवाट मात्र हाम्रो हिन्दु राष्ट्र कायम गर्ने मूल उद्देश्य पूरा हुन सक्दछ ।

- यो अधिवेशनले तत्कालीन अध्यक्षात्मक बिधानलाई संशोधन गरी पूर्ण लोकतान्त्रिक र सङ्घीय पद्वतिको विधानलाई सिफारिस गऱ्यो र जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट स्वीकृतिसमेत प्राप्त भएको छ । यो वर्ष हाम्रो सङ्गठन विस्तार गर्ने र महत्त्वपूर्ण कार्यहरू अगाडि बढाउने निर्णय भएको छ ।
- यो वर्ष नै सबै प्रदेशहरूमा सभा गर्ने र अधिवेशन सम्पन्न गर्ने कार्यमा संस्था लागिपरेको छ ।
- यही २०७६ मङ्सिर ६ गतेका दिन प्रदेश २ को प्रदेशसभा सम्पन्न भै सकेको छ र विविध कार्यक्रमहरू अगाडि बढेका छन् ।
- २०७६ मङ्सिर ७ गते प्रदेश नं. ५ को प्रदेशसभा बुटवल उपमहानगर पालिकाको विश्व हिन्दु महासङ्घ नेपालको सभाकक्षमा सम्पन्न भएको छ र १३ सदस्यीय कार्यसमिति गठन भएको छ ।
- आगामी २०७६ मङ्सीर १९ गते ७ नं. प्रदेशसभा कैलाली जिल्लाको धनगढी महानगरपालिकामा प्रदेशसभा बृहत रूपमा गर्ने तय भएको छ । साथीहरू जिल्ला जिल्लामा सक्रिय भएर लाग्नु भएको छ ।
- गण्डकी प्रदेशको कास्की, स्याङ्जा, लमजुङ्ग र नवलपुर जिल्लाहरूमा नगरपालिका र गाउँपालिकातहमा समेत सङ्गठनहरू निर्माण भै वडा वडामा पनि सङ्गठन निर्माण हुन प्रारम्भ भएको छ । मनाङ र मुस्ताङ जिल्लामा सङ्गठन निमांण हुने क्रममा छन् । अरू सबै जिल्लाका सङ्गठनहरू सक्रिय रहेका छन् । प्रदेशसभा अधिवेशन पौष महिना सम्म सम्पन्न गर्ने योजना छ ।
- प्रदेश नं. ३ मा पनि जिल्ला जिल्लामा कार्यकमहरू प्रभावकारी रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पन्न गर्ने काम प्रारम्भ भएको छ । अव छिट्टै प्रदेशसभा गर्ने योजना छ ।

- प्रदेश नं. १ र ६ मा पनि सङ्गठन विस्तारका कामहरू अगाडि बढेका छन् ।
- माघ मसान्तसम्ममा सबै प्रदेशहरूमा प्रदेशसभा सम्पन्न गर्ने योजना बनाइएको छ ।
- यो वर्ष सङ्गठन विस्तारको कार्यक्रम सम्पन्न गरी ७ प्रदेश ७७ जिल्ला सवै नगरपालिका, गाउँपालिका तथा सबै वडासम्म पुऱ्याउने हाम्रो लक्ष्य छ ।

कार्यालय व्यवस्थापन

कार्यालय व्यवस्थापन सङ्गठनको महत्त्वपूर्ण विषय हो । हाम्रो संस्थाले काठमाडौंको चकपथको वगलमा रहेको ढुङ्गेधारा नजिक एउटा राम्रो घरको एउटा ल्फ्याट लिएको छ । कार्यालय कक्षहरू व्यवस्थित भएका छन्, आफ्ना बैठक र सानातिना गोष्ठीहरू सञ्चालन हुन मिल्ने कक्षसमेतको व्यवस्था भएको छ ।

- कार्यालयमा एउटा योग्य computer राम्रो चलाउने र लेखा व्यवस्थित रूपमा राख्न सक्ने कर्मचारीको प्रवन्ध गरिएको छ । अब कार्यालय समयमा नियमित कार्यालय खुला रहने र कार्यक्रमहरु भै रहने प्रवन्ध भएको छ ।

अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपत्यका र ३ नं. प्रदेशका उपाध्यक्षहरू, महासचिव, कोषाध्यक्ष र सह-कोषाध्यक्षहरू प्रायः कार्यालय समयमा जुट्ने, कार्यहरू अगाडि बढाउन आवश्यक परामर्श दिने कार्यहरू र वैठकवाट निर्णय भएका कामहरू कार्यान्वयन गर्ने कामहरू भएका छन् ।

आर्थिक पक्ष

जवसम्म आर्थिक पक्ष सवल हुदैन, तवसम्म सङ्गठन प्रभावकारी रूपमा अगाडि बढ्न सक्दैन । आर्थिक पक्ष सवल हुन आम्दानीको स्रोतहरू स्पष्ट हुन पर्छ र सङ्गठनमा आर्थिक पारदर्शिता र अभिलेख व्यवस्थित हुनु पर्दछ ।

१) हाम्रो संस्थाको आम्दानीको मूल स्रोत सदस्यता शुल्क नै हो ।

क) साधारण सदस्यता, ख) आजीवन सदस्यता ग) दानवीर सदस्यता यी सदस्यतालाई व्यापक गराउने । यो वर्ष प्रत्येक केन्द्रीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सदस्यले कम्तीमा २५ जना सक्षम र योग्य व्यक्तिलाई सदस्य वनाउने र यो एक मुष्ट रकम अक्षयकोषमा राख्ने । यसै गरी दानबीर सदस्य यो वर्ष १०० जना बनाउने र यो पनि अक्षयकोषमा राख्ने र प्राप्त व्याजवाट संस्थाका क्रियाकलापहरूमा खर्च गर्ने निर्णय भएको छ ।

- प्रत्येक सदस्यले आँफू निर्वाचित हुँदा निम्न बमोजिमको शुल्क बुझाउन पर्ने नियम बनाइयो र कार्यान्वयनमा आएको छ ।

  क) अध्यक्ष रु १०,०००/-

  ख) बरिष्ठ उपाध्यक्ष रु ९,०००/-

  ग) उपाध्यक्षहरू, महासचिव र कोषाध्यक्षहरूले रु ७,०००/-

  घ) सचिवहरू, सहकोषाध्यक्षहरू रु ५०००/-

  ङ) सदस्यहरू रु ३,०००/-

  यसको साथै कार्यसम्पादन समितिका सदस्यहरूले मासिक रु १,०००/- कार्यकारिणी समितिका सदस्यहरूले मासिक रु ५००/- सल्लाहकार, र अन्य शुभेच्छुकहरूले आफ्नो स्वेच्छाले सहयोग गर्ने ।

  यसै गरी दान दाताहरू मुष्ठीदान, द्रव्यदान, भूदान दिने दानदाताहरू खोजी गर्ने र वहाँहरूलाई के कसरी सम्मान गर्ने र अभिलेख कसरी राख्ने भन्ने विषयमा नियमावली बनाउने कार्यक्रम रहे को छ ।

- हाम्रा बैठकहरू नियमित हिसावमा ठीक समयमा सञ्चालन भएका छन् । अब काठमाडौंमा हुने कार्यसम्पादन समितिको बैठकको भोलि पल्ट अर्थात् पहिलो हप्ताको शनिवारपछिको आइतवार दिनको १ वजे हिन्दु राष्ट्र नेपालमा वैदिक सनातन धर्मको सान्दर्भीकताको शीर्षकमा नियमित रूपमा बिचार गोष्ठी सञ्चालन गर्ने निर्णय भएको छ । यो कम प्रदेश र जिल्लामा पनि कार्यान्वयनमा आउने छ ।
- विश्व हिन्दु महासङ्घ नेपाल अव नेपालमा मात्र सीमित छैन, अन्य राष्ट्रहरूमा पनि प्रभावकारी रूपमा कार्यकमहरू अगाडि बढेका छन् यस महासङ्घका अध्यक्ष डा.रामचन्द्र अधिकारीज्यूको अष्ट्रेलिया भ्रमणको सिलसिलामा त्यहाँ कार्यरत **"नेपालीज हिन्दु सोसाइटी अष्ट्रेलिया"** संस्थाबाट विश्व हिन्दु महासङ्घ नेपालको अष्ट्रेलिया शाखाको रूपमा इच्छुक भएको सहमति पत्र प्राप्त भएको छ ।
- कम्बोडियामा रहेको ऐतिहासिक **"नारायण मन्दिर व्यवस्थापन**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समितिको" निमन्त्रणामा यस महासङ्घका केन्द्रीय सदस्य पं. नेत्रप्रसाद पराजुलीको नेतृत्वमा केन्द्रीय सदस्य बिष्णुप्रसाद वस्याल र स्याङ्गजा जिल्लाका अध्यक्ष हरिहर पाण्डेसहितको प्रतिनिधिमण्डल उक्त नारायण मन्दिरको कार्यक्रममा सहभागी भएर नेपाल आइपुगेको छ ।

- यो राष्ट्रमा राज्यले हाम्रो भाषा, वेषभुषा, संस्कार, संस्कृतिका विरुद्ध चरणवद्ध अवरोध सृजना गर्दै आएको छ । यो हाम्रो राष्ट्र, राष्ट्रियता, अस्तित्व र सार्वभौमिकतामा नै दखल पार्ने दुष्प्रयास हो । तसर्थ हामी बैदिक सनातन हिन्दु धर्मावलम्वीहरू साना तिना मत भेदमा बिभक्त नभई सवै ऐक्यवद्ध भएर यो विश्वको एकमात्र **"हिन्दु राष्ट्र नेपाल"** कायम गर्न मन, वचन र कर्मले प्रतिवद्ध रहनुपर्दछ भन्ने भावहरू अभिव्यक्त गदै कलम वन्द गर्ने अनुमति चाहन्छु ।

हरि ॐ तत्सत्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व हिन्दु महासङ्घ कास्कीमा २०७६ साल भाद्र महिनादेखि हालसम्म भएका गतिविधिहरू

१) कास्की जिल्लाद्वारा परपम्परादेखि सञ्चालन गर्दै आइरहेको श्रीकृष्ण जन्माष्टमी पर्व यस वर्ष पनि २०७६ भाद्र ६ गते पोखरा सभागृहचोकबाट बाजागाजा, भजनकीर्तन, नाचगानसहित आ-आफ्ना व्यानर र पोशाकमा सजिएर विभिन्न भजनकीर्तन टोली, नाचगान टोली, आमासमूह, बाजा समूहसमेत लामबद्ध भएर केदारेश्वर महादेवमणि सेवा आश्रम, बैदाममा पुगी धार्मिक सभामा परिणत भएको थियो । उक्त समारोहमा सन्त समाज नेपालका अध्यक्ष तथा हरिहर आश्रम, देवघाटका पीठाधीश परमपुज्य स्वामी श्री १००८ ज्ञानानन्द सरस्वती महाराज, नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. श्री जगमान गुरुङ, कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानका संस्थापक अध्यक्ष, प्रखरवक्ता श्री चैतन्यकृष्ण महाराज, मायाघर नेपालकी संस्थापिका भागवत मञ्जरी श्री राधिका दासीसहितलाई पोखरा सभागृहचोकदेखि केदारेश्वर महादेवमणिसम्म रथारोहण गरी सम्मान गरिएको थियो । सो समारोहमा केदारेश्वर महादेवमणि सेवा आश्रमका पीठाधीश डा. श्री लेखनाथ आचार्य, ब्राह्मण समाज नेपालका अध्यक्ष डा.श्री नारायणप्रसाद अधिकारी, विश्वहिन्दु महासङ्घ नेपालका उपाध्यक्ष श्री शङ्कर खरालसहित हजारौंको सङ्ख्यामा धार्मिक अभियन्ताहरूको उपस्थिति रहेको थियो । सोही कार्यक्रममा विश्वहिन्दु महासङ्घद्वारा प्रकाशित ग्रन्थ ॐकार सन्देश- तेस्रो अङ्क"को विमोचन गरिएको थियो ।

२) २०७६ सालको नारीपर्व-तिजको पावन अवसरमा नारीहरूको सम्मान, इज्जत र प्रतिष्ठालाई मनोवल पुऱ्याउने चाहनाले २०७६ भाद्र ९ गते केदारेश्वर महादेवमणि सेवा आश्रम पोखरामा विश्व हिन्दु महासङ्घ कास्की महिला नगर समितिका अध्यक्ष मेनुका बरालको संयोजकत्त्वमा विश्व हिन्दु महासङ्घमा आबद्ध कास्कीका सम्पूर्ण महिलाहरूलाई खीर ख्वाएर दरखाने कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रमबाट मौलिक संस्कृतिको जगेर्ना हुनाको साथै नारीहरूमा आफूमा भएको नाचगानको प्रतिभाको प्रष्फुटन भएको महसुस भएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३) २०७६ भाद्र २२ गते पोखराकै केदारेश्वर महादेवमणि सेवा आश्रममा बैदिक सनातन धर्मका प्रवक्ता विद्वान् डा.श्री चिन्तामणि योगी, डा. श्री लेखनाथ आचार्य, विश्व हिन्दु महासङ्घ केन्द्रीय वरिष्ठ उपाध्यक्ष श्री भरत राज पौडेल एवं उपाध्यक्ष शङकर खरालसमेतको उपस्थितिमा संस्थाको बृहत्तर विकासका लागि आर्थिक, भौतिक एवं नैतिकरूपमा सहयोग गर्ने महानुभावहरूलाई प्रशिक्षण तथा सम्मान गरिएको थियो ।

४) विश्व हिन्दु महासङ्घ कास्कीको आयोजनामा २०७६ असोज ९ गते देखि विश्व हिन्दु महासङ्घमा आबद्ध धार्मिक अभियन्ताहरूलाई संस्कृत शिक्षाको आवश्यक ज्ञान दिने उद्देश्यले केदारेश्वर महादेवमणि सेवा आश्रममा सो आश्रमका पीठाधीश डा. श्री लेखनाथ आचार्यबाट संस्कृत शिक्षाको पठनपाठन सुरु गरिएको छ ।

५) २०७६ को विजया दशमीको घटस्थापनको पावन अवसरमा विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको आयोजनामा २०७६ असोज १२ मा ऐतिहासिकरूपमा निकालिएको शोभा यात्रामा विश्व हिन्दु महासङ्घ कास्कीबाट उत्साहबर्द्धकरूपमा सहभागिता जनाइएको थियो ।

६) २०७६ सालको बिजया दशमीको पावन अवसरमा २०७६ असोज १५ मा त्रिशक्ति पार्टी प्यालेस, पोखरामा शुभकामना आदान प्रदान कार्यक्रम समूपन्न भयो । उक्त कार्यक्रममा प्रमुख अतिथिकोरूपमा प्रतिनिधि सभाका मा. सदस्य श्री सूर्यबहादुर के.सी.ज्यूको सहभागिता रहेको थियो ।

७) २०७६ कार्तिक १४ गतेका दिन विश्व हिन्दु महासङ्घ नेपाल कास्कीका सम्पूर्ण पदाधिकारी तथा महानगर र महिला नगर समितिको सामुहिक भेला गरी नेपाली समाजमा हिन्दु संस्कृति र सनातन धर्मको महत्त्व विषयक माध्यमिक विद्यालयस्तरीय बक्तृत्वकला प्रतियोगिता कार्यक्रम वार्षिकरूपमा हुँदै आएकोले यस वर्ष पनि उक्त कार्यक्रम सम्पन्न गर्न उपसमिति चयन गरियो । उक्त उपसमितिमा संयोजक गीता आचार्य सदस्य सचिव शिव कोइराला र सदस्यहरूमा कृष्णकुमारी थापा, रूद्रमणी पराजुली र युराज श्रेष्ठ, रहनु भएको छ ।

८) २०७६ कार्तिक १६ गते शनिवारका दिन तनहुँको दमौलीस्थित बेद व्यास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुफा परिसरमा सञ्चालित १०८ श्रीमद्भागवद् महायज्ञमा संयोजक विश्व हिन्दु महासङ्घ नेपाल केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेश संयोजक श्री शङ्कर खरालको संयोजकत्वमा संस्थाका महासचिव श्यामबहादुर श्रेष्ठ लगायत ३५ जनाको सक्रिय सहभागिता रहेको थियो । उक्त कार्यक्रम सम्पन गर्नका लागि कार्यक्रममा सहभागिताबाट नगद रू. १०,५००।- सहयोग स्वरूप प्रदान गरिएको थियो ।

९) २०७६ कार्तिक २२ गते राम मन्दिर व्यवस्थापन समिति पोखरा - ९ को आयोजना तथा विश्व हिन्दु महासङ्घ कास्कीको सहकार्यमा हरिवोधनी एकादशीको पावन अवसरमा एकादशी मेला तथा तुलसी विवाह कार्यक्रम नौमति बाजा, भजन, प्रस्तुत गरी ऐतिहासिकरूपमा सम्पन्न गरिएको थियो ।

१०) संस्कृति भाषा विश्वभाषा बनाउने उद्देश्यले क्याम्ब्रिज युनिभर्सिटिद्वारा संस्कृत पाठ्यक्रम तयार पारी एले वलको परीक्षा विश्वव्यापी बनाउन आएको संस्कृत विद्वान् मि. हेलन ह्यापरसहितको ग्रुप र डा.श्री चिन्तामणि योगीज्यूको सहकार्यमा पोखराका गुरुकुल र निजी विद्यालयहरूमा प्रशिक्षण यही मंसिर २, ३ र ४ गते सञ्चालन गरियो । यो प्रशिक्षणले कास्कीका ५,००० भन्दा बढी विद्यार्थी लाभान्वित भएका छन् ।

११) २०७६ कार्तिक ९ गते विश्व हिन्दु महासङ्घ नेपाल कास्कीको आयो जनामा शुभदीपावली २०७६ को पावन अवसरमा शुभकामना आदान प्रदान तथा देउसी भैलो कार्यक्रम सफलरूपमा सम्पन्न गरिएको थियो । उक्त कार्यक्रम ५ दिवसीय रूपमा विभिन्न वडामा पुगी सम्बन्धित जनसमुदायबीच शुभकामना आदान प्रदान गर्दा अत्यन्तै फलदायी भएको महसुस गरिएको थियो । कार्यक्रममा नेपाल मालिका परोपकार सङ्घका सांस्कृतिक टिमको मुख्य भूमिका रहेको थियो ।

✿✿✿✿

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०७६/२/२१ गते निर्वाचित जिल्ला कार्यसमितिको विवरण :

क्र.सं.	नाम, थर	पद	ठेगाना	फोन नं.
१	पार्वती पौडेल	अध्यक्ष	पोखरा-८	९८५६०५८०७४
२	शङ्कर खराल	निवर्तमानअध्यक्ष	पोखरा-८	९८५६०५९१७७
३	मुक्तिप्रसाद ढकाल	वरिष्ट उपाध्यक्ष	पोखरा-१७	९८४६५८८१६७
४	डिल्लीराम बाँस्तोला	उपाध्यक्ष	पोखरा-११	९८५६०३६४५३
५	भीमबहादुर बराल	उपाध्यक्ष	पोखरा-१३	९८४६०३३८६८
६	सावित्री घिमिरे	उपाध्यक्ष	पोखरा-८	९८४६०८०६१२
७	श्यामबहादुर श्रेष्ठ	महासचिव	पोखरा-८	९८४६०२२२७५
८	सरिता घिमिरे	कोषाध्यक्ष	पोखरा-१७	९८५६०३३०६३
९	कमल पौडेल	सचिव	पोखरा-२	९८५६०६२६३२
१०	भरतराज अधिकारी	सचिव	पोखरा-२५	९८५६०७२५५३
११	धनीप्रसाद ढकाल	सचिव	पोखरा-१७	९८४६७७३०३९
१२	गीता आचार्य	सचिव	पोखरा-७	९८४६१६०३३३
१३	विद्या रेग्मी	सहकोषाध्यक्ष	पोखरा-१२	९८४६१६९९२४
१४	दुर्गाकुमारी के.सी	सहकोषाध्यक्ष	पोखरा-१७	९८४६०६९६८९
१५	भानु भण्डारी	सदस्य	पोखरा-१७	९८५६०३२८०७
१६	मिलनप्रसाद तिवारी	सदस्य	पोखरा-३१	९८५६०२७१२०
१७	कृष्णप्रसाद ज्ञवाली	सदस्य	पोखरा-१९	९८०२०८०१२६
१८	रनबहादुर विश्वकर्मा	सदस्य	पोखरा-१५	९८५६०२२२९१
१९	उषा माता	सदस्य	पोखरा-९	९८०६६५२५५१
२०	तारा थापा	सदस्य	पोखरा-१७	९८४६०७३१०९
२१	उषा गोशली	सदस्य	पोखरा-१७	९८४६०६८१९५
२२	रामजित बानिया	सदस्य	पोखरा-३	९८०५८८३९०२
२३	रुद्रमणि पराजुली	सदस्य	पोखरा-१	९८४६१०६३८४
२४	डा.कृष्णप्रसाद पराजुली	सदस्य	पोखरा-११	९८४६०२४५९८
२५	ऋषिराम त्रिपाठी	सदस्य	पोखरा-२६	९८६०८३२१५४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२६	अम्बरबहादुर पुन	सदस्य	पोखरा-११	९८४६२६०३९६
२७	नारायणप्रसाद सुवेदी	सदस्य	पोखरा-३२	९८५६०२४६९२
२८	श्रीकृष्ण सिग्देल	सदस्य	पोखरा-१	९८४१९१०७४०
२९	लक्ष्मी दाहाल	सदस्य	पोखरा-३०	९८०६६७७३१२
३०	गोविन्दप्रसाद बाँस्तोला	सदस्य	पोखरा-११	९८१५१४९९४६
३१	पीताम्बर पौडेल	सदस्य	पोखरा-१९	९८४६१४९७१३
३२	गोविन्दराज पौडेल	सदस्य	पोखरा-३	९८४७७२०४९८
३३	डुनाराम न्यौपाने	सदस्य	पोखरा-५	९८४६०४८३१६
३४	सुजा बाँस्तोला	सदस्य	पोखरा-९	९८४६७४८७७०
३५	भीमलाल लामिछाने	सदस्य	पोखरा-११	९८४६१०९८९९
३६	दीपक आचार्य	सदस्य	पोखरा-१७	९८५६०२८०३०
३७	मायादेवी तज्झ्या	सदस्य	पोखरा-१२	९८४६०७९९६६
३८	हुमनाथ पौडेल	सदस्य	पोखरा-५	९८१४१९७९३४
३९	गौरी पौडेल	सदस्य	पोखरा-८	९८४६०५१८७७
४०	शोभा महत	सदस्य	पोखरा-८	९८४६०७३२४०
४१	सविना अधिकारी क्षत्री	पदेन सदस्य	पोखरा-१४	९८०६५३६२१८
४२	मेनुका बराल	पदेन सदस्य	पोखरा-८	९८५६०१४६११
४३	युवक लामिछाले	पदेन सदस्य	पोखरा-१७	९८५६०२२५४४

विश्व हिन्दु महासङ्घ नेपाल

विश्व हिन्दु महासङ्घ कास्की अन्तर्गत मिति ०७६ साउन ३२ गते निर्वाचित पोखरा महानरनगर समितिको नामावली :

सि.नं.	नाम थर	पद	ठेगाना	सम्पर्क नं.
१	सविना अधिकारी क्षत्री	अध्यक्ष	पोखरा १४	९८५६०३२८२३
२	युराज श्रेष्ठ	ब.उपाध्यक्ष	पोखरा १२	९८१७११७८९७
३	मनोज शर्मा दुवे	उपाध्याक्ष	पोखरा ४	९८४६७०५०३६
४	मनहरि बराल	उपाध्यक्ष	पोखरा ८	९८५६०३५८५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५	गोपालबहादुर थापा	उपाध्यक्ष	पोखरा ५	९८१४१६९८८३
६	शिवप्रसाद कोइराला	महासचिव	पोखरा १२	९८४६०३५४५६
७	हरिराज कोइराला	कोषाध्यक्ष	पोखरा ४	९८०४१८१७०७
८	पार्वती पनेरू	सचिव	पोखरा ७	९८४६२४०२२२
९	सालिक गौतम	सचिव	पोखरा ३०	९८४६१४६०३८
१०	महेन्द्रकुमार थापा	सहकोषाध्यक्ष	पोखरा ५	९८४६३९२७८८
११	शारदा कार्की	सदस्य	पोखरा १२	९८४६४६९२४४
१२	सरस्वती आचार्य	सदस्य	पोखरा १७	९८४६३६२१७०
१३	मैया सापकोटा	सदस्य	पोखरा २५	९८४६०५४१५५
१४	धनमाया सापकोटा	सदस्य	पोखरा २५	९८१६१०९२०२
१५	देवकी बराल	सदस्य	पोखरा २२	९८५६०००६०८
१६	तेजबहादुर वस्नेत	सदस्य	पोखरा २०	९८४६५८४५२५
१७	इन्द्रलाल सुवेदी	सदस्य	पोखरा १०	९८४७६४२३९२
१८	घनश्याम शर्मा ढकाल	सदस्य	पोखरा १७	९८४६०७२५९१
१९	प्रतीक्षा शर्मा	सदस्य	पोखरा ८	९८४६१५०६७७
२०	मनबहादुर क्षत्री	सदस्य	पोखरा १७	९८४६६७४७०२
२१	सीता शर्मा	सदस्य	पोखरा १२	९८४६३८१२३४
२२	टुकाराम लामिछाने	सदस्य	पोखरा १०	९८५८०५००८६

विश्व हिन्दु महासङ्घ कास्की अन्तरगत मिति २०७६/४/२८ गते निर्वाचित पोखरा महानगर महिला समितिको नामावली:

सि.नं.	नाम थर	पद	ठेगाना	सम्पर्क नं.
१	मेनुका बराल	अध्यक्ष	पोखरा	९८५६०१४६११
२	पार्वती पौडेल	निवर्तमान अध्यक्ष	पोखरा	९८५६०५८०७४
३	मञ्जु विश्वकर्मा	उपाध्यक्ष	पोखरा	९८४६१३३००२
४	गङ्गा त्रिपाठी	महासचिव	पोखरा	९८४६२८२५९६
५	माया के.सी.	सचिव	पोखरा	९८४६०५०५०२
६	खड्गदेवी वसौला	सचिव	पोखरा	९८४६१५०३४७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७	लक्ष्मी पौडेल	सचिव	पोखरा	९८४६२८४१२९
८	कृष्णकुमारी थापा	कोषाध्यक्ष	पोखरा	९८०६६४७८३
९	शोभा लामिछाने	सह कोषाध्यक्ष	पोखरा	९८५६०७०१७१
१०	पुष्पा गिरि	सदस्य	पोखरा	९८२४१५५३०६
११	सरस्वती खत्री	सदस्य	पोखरा	९८४६०६४६६४
१२	हरिकला गिरि	सदस्य	पोखरा	९८४६२२१००५
१३	लक्ष्मी देवकोटा	सदस्य	पोखरा	९८४६४४२७३५
१४	गीता बश्याल	सदस्य	पोखरा	९८४६१०७७२४
१५	समीक्षा कुँवर	सदस्य	पोखरा	९८४६२३१२९६
१६	श्रीमाया कुँवर	सदस्य	पोखरा	९८२४१४१४४७
१७	गङ्गा भण्डारी तिवारी	सदस्य	पोखरा	९८४६१४२४३६
१८	मैयाँ भुर्तेल	सदस्य	पोखरा	९८६६००९१७२
१९	शुभ थापा	सदस्य	पोखरा	९८४६०८४९९४
२०	सावित्री विश्वकर्मा	सदस्य	पोखरा	९८१६१४६४३५
२१	लक्ष्मी अधिकारी	सदस्य	पोखरा	९८४६०२३८५३
२२	नारायणी रेग्मी	सदस्य	पोखरा	९८४६१०३६५५
२३	विमला आचार्य	सदस्य	पोखरा	९८४६७७७१६७
२४	राधा क्षेत्री	सदस्य	पोखरा	९८४६०२४८१८
२५	निर्मला आचार्य	सदस्य	पोखरा	९८४६७७१३०१
२६	शारदा वराल	सदस्य	पोखरा	९८४६०५८८०६
२७	गीता वराल	सदस्य	पोखरा	९८०६७३११६७
२८	मैयाँदेवी श्रेष्ठ	सदस्य	पोखरा	९८५६०२३१९२
२९	कमला गिरि	सदस्य	पोखरा	९८५६०४९९२३
३०	दुर्गादेवी बाँस्तोला	सल्लाहकार	पोखरा	९८४६०२२९०३
३१	सरस्वती गुरूङ	सल्लाहकार	पोखरा	९८५६०२६९७६
३२	दुर्गा अधिकारी	सल्लाहकार	पोखरा	९८५६०३१५६१

विश्व हिन्दु महासङ्घ कास्कीको जिल्ला युवा समिति नामावली

१. अध्यक्ष युवकराज लामिछाने ९८५६०२२५४४

२. उपाध्यक्ष विद्यादेवी रेग्मी ९८४६१९६९२४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.	उपाध्यक्ष	गिरिधारी शर्मा	९८४६६०४९६८
४.	उपाध्यक्ष	रञ्जित तिमिल्सिना	९८५६०१३८०७
५.	उपाध्यक्ष	मधु अधिकारी	९८४६०००८५१
६.	सचिव	दीपक खराल	९८४६१३८२८५
७.	सह-सचिव	गौरब बराल	९८१७१९८३०३
८.	सह-सचिव	जो.पं.कमल पौडेल	९८५६०६२६३२
९.	सह-सचिव	विष्णुप्रसाद भण्डारी	९८४७१७३४५८
१०.	सह-सचिव	आशिषू तिमिल्सिना	९८४६२०७९२८
११.	कोषध्यक्ष	नानु रेग्मी	९८४६२६४५४८
१२.	सहकोषध्यक्ष	हरि घिमिरे	९८५६००९९६६
१३.	सदस्य	रोशन अधिकारी	९८१६१६०५०९
१४.	सदस्य	सन्दीप काफ्ले	
१५.	सदस्य	राजन ढकाल	९८४६७७३०३९
१६.	सदस्य	नवीन भट्टराई	९८४६५८४६७१
१७.	सदस्य	सङ्कल्प बसेल	९८५६०००२५०
१८.	सदस्य	भानुभक्त उपाध्याय	९८४७७५८६०२
१९.	सदस्य	रमेश रोकाहा	९८५६०६८४९९
२०.	सदस्य	कृष्णप्रसाद पाण्डे	९८५६०३०९८९
२१.	सदस्य	खिमराज आचार्य	९८४६०३००६९
२२.	सदस्य	रेजमा थापा	९८१६१४६३८९
२३.	सदस्य	सरस्वती पौडेल	९८२७१६२१४०
२४.	सदस्य	अर्जुनकुमार लामिछाने	९८५६०३६७४८
२५.	सदस्य	भरत पोखरेल	९८४६५२३३२०
२६.	सदस्य	कृपा क्षेत्री	९८०८५१७१५२
२७.	सदस्य	सुरिना श्रेष्ठ	९८४६९७९४८५
२८.	सदस्य	खड्कादेवी बसौला	९८४६१५०३४७
२९.	सदस्य	शङ्कर दवाडी	९८४६७०६२७१
३०.	सदस्य	रमेश बराल	९८४६५९००५७
३१.	सदस्य	योगेन्द्र कुँवर	९८८०१५४७६६
३२.	सदस्य	कृष्ण पौडेल	९८०५८३३२३३
३३.	सदस्य	रश्मी भट्टराई	९८४६६४७९७०
३४.	सदस्य	राजेशकुमार पौडेल	९८१९१५९११४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३५. सदस्य	राजु बराल	९८५६०८०८५८
३६. सदस्य	नवीन अधिकारी	९८५६०५८६७२
३७. सदस्य	दीपक सुवेदी	९८४६२२३७५६
३८. सदस्य	विनायक पौडेल	९८५६०३८५०८
३९. सदस्य	आश्विन कार्की	९८४६०२२३५५
४०. सदस्य	सागर अधिकारी	९८५६०६४०२८
४१. सदस्य	शम्भुबहादुर बराल	९८४६१०५८४६
४२. सदस्य	विवेक पराजुली	९८१७१०७७०७
४३. सदस्य	सफल थापा	९८४६४४६४२०
४४. सदस्य	सोनिका बराल	९८५६०१४६११
४५. सदस्य	दिवस आचार्य	९८१७१२४९४०
४६. सदस्य	सिवेस वज्राचार्य	९८६००२७६१९
४७. सदस्य	अन्जान शाही	९८४६७५६३६७
४८. सदस्य	विगेम शाही	९८४६२३१६५०
४९. सदस्य	जीवन शाही	९८५६०२५०३२
५०. सदस्य	दीपेश पराजुली	९८४६७२९७४१
५१. सदस्य	प्रकाश आचार्य	९८४६२०७९७९
५२. सदस्य	विमला त्रिपाठी	
५३. सदस्य	पूर्णकला ढकाल	९८१७१६६०७१
५४. सदस्य	अर्जुन सापकोटा	९८५६०१८७२५
५५. सदस्य	पवित्रा शर्मा	९८२५१५७५०८
५६. सदस्य	अनिलकुमार विश्वकर्मा	९८०४१०८७२३
५७. सदस्य	विवेक गोर्खाली	९८५६०३५२९७
५८. सदस्य	वेदराज ढकाल	९८४६१४१७६२
५९. सदस्य	दीपक आचार्य	९८५६०२८०३०
६०. सदस्य	नारायण पौडेल	९८५६०३०१५१
६१. सदस्य	मोहन भण्डारी	९८५६००१६०५
६२. सदस्य	सन्दीप अधिकारी	९८५६०१००१०
६३. सदस्य	शोभामोहन पौडेल	९८५६०२०७४२
६४. सदस्य	महेश्वर ढकाल	९८५६०१५९१०
६५. सदस्य	राज भारती	९८०४११०७८९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३५. सदस्य	राजु बराल	९८५६०८०८५८
३६. सदस्य	नवीन अधिकारी	९८५६०५८६७२
३७. सदस्य	दीपक सुवेदी	९८४६२२३७५६
३८. सदस्य	विनायक पौडेल	९८५६०३८५०८
३९. सदस्य	आश्विन कार्की	९८४६०२२३५५
४०. सदस्य	सागर अधिकारी	९८५६०६४०२८
४१. सदस्य	शम्भुबहादुर बराल	९८४६१०५८४६
४२. सदस्य	विवेक पराजुली	९८१७१०७७०७
४३. सदस्य	सफल थापा	९८४६४४६४२०
४४. सदस्य	सोनिका बराल	९८५६०१४६११
४५. सदस्य	दिवस आचार्य	९८१७१२४९४०
४६. सदस्य	सिवेस वज्राचार्य	९८६००२७६१९
४७. सदस्य	अन्जान शाही	९८४६७५६३६७
४८. सदस्य	विगेम शाही	९८४६२३१६५०
४९. सदस्य	जीवन शाही	९८५६०२५०३२
५०. सदस्य	दीपेश पराजुली	९८४६७२९७४१
५१. सदस्य	प्रकाश आचार्य	९८४६२०७९७९
५२. सदस्य	विमला त्रिपाठी	
५३. सदस्य	पूर्णकला ढकाल	९८१७१६६०७१
५४. सदस्य	अर्जुन सापकोटा	९८५६०१८७२५
५५. सदस्य	पवित्रा शर्मा	९८२५१५७५०८
५६. सदस्य	अनिलकुमार विश्वकर्मा	९८०४१०८७२३
५७. सदस्य	विवेक गोर्खाली	९८५६०३५२९७
५८. सदस्य	वेदराज ढकाल	९८४६१४१७६२
५९. सदस्य	दीपक आचार्य	९८५६०२८०३०
६०. सदस्य	नारायण पौडेल	९८५६०३०१५१
६१. सदस्य	मोहन भण्डारी	९८५६००१६०५
६२. सदस्य	सन्दीप अधिकारी	९८५६०१००१०
६३. सदस्य	शोभामोहन पौडेल	९८५६०२०७४२
६४. सदस्य	महेश्वर ढकाल	९८५६०१५९१०
६५. सदस्य	राज भारती	९८०४११०७८९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोहत्याको विरूद्धमा जिल्ला प्रशासन कार्यालय कास्कीमा ज्ञापनपत्र बुझाए पछि

978-9937-0-5523-9

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal